Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख

ABHILEKHA

वर्ष ३६ २०७५ पूर्णाङ्क ३६



राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३६ ❁ २०७५ ❁ पूर्णाङ्क ३६

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
निरण कुमार राजवंशी
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

राष्ट्रिय अभिलेखालय नेपालको अभिलेखिक इतिहास प्राप्त गर्ने महत्त्वपूर्ण र आधिकारिक संस्था हो । अभिलेख हाम्रा पुर्खाहरूको श्रम, सीप, सभ्यता र बौद्धिक इतिहासका साक्षी हुन् । यहाँ अमूल्य र अद्वितीय हस्तलिखित ग्रन्थहरू रहेका छन् । पुर्खाहरूले सिर्जिएका र सङ्कलन गरेर राखेका सिर्जनाहरू यहाँ राखिएका छन् । लिच्छवीकालदेखि जम्मा हुँदै आएका यी ग्रन्थहरू दरबारको लाइब्रेरी हुँदै हनुमानढोका दरबार, थापाथली दरबार, वीर पुस्तकालय हुँदै राष्ट्रिय अभिलेखालयको संरक्षणमा अद्यापि रहेको छ । वास्तवमा अभिलेखालयको समग्र सङ्कलन सूचनाको स्रोत नै हो । हिजोका दिनदेखिको सङ्कलनलाई राष्ट्रिय अभिलेखालयले आज पनि जारी राखेको छ । हिजोका बौद्धिक सम्पदालाई आजका अध्येतासम्म पुऱ्याउने उद्देश्यमा अभिलेखालय निरन्तर क्रियाशील रहेको छ । देश सङ्घीयतामा गइसकेपछि प्रशासनिक पुनःसंरचनाको क्रममा साविक दरबन्दीको कटैती र हाल कायम दरबन्दीमा पनि पूर्ण रूपमा कर्मचारीको पदपूर्ति नहुनाले दैनिक कार्य सञ्चालनमा कठिनाइ भइरहेको छ ।

देशका विभिन्न भागमा छरिएर रहेका हस्तलिखित ग्रन्थहरूलगायत विभिन्न किसिमका कागजातहरू जुन व्यक्तिको घरघरमा पनि छरिएर रहेका छन् । तिनलाई संरक्षण गर्ने दायित्व बोकेको राष्ट्रिय अभिलेखालयले अभिलेख सङ्कलन तथा व्यवस्थापनलाई तीव्र रूपमा अगाडि बढाउने मनसायका साथ विभिन्न प्रदेशमा अभिलेख सङ्कलन तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । जसको प्रभावले राष्ट्रिय अभिलेखालयको सङ्कलनमा वृद्धि हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

नेपालका लिखित सम्पदाहरू भोलिका पुस्तालाई सुरक्षित रूपमा हस्तानतरण गर्ने उद्देश्यका साथ व्यक्तिको निजी सङ्कलनमा रहेका महत्त्वपूर्ण कागजातहरू विभिन्न संस्था तथा सरकारी निकायमा दैनिक कार्यसञ्चालनको क्रममा सिर्जना भएका राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातहरूको सङ्कलन तथा संरक्षण गर्ने कार्यलाई विशेष महत्त्वका साथ अगाडि बढाएको छ । यस महान् कार्यमा सरोकारवाला सबैले सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

देश संविधानतः संघीय संरचनामा समाविष्ट भइसकेको छ । संघीयतामा राजतैतिक अधिकारको बाँडफाँडसँगै प्रशासनिक निकायहरूको स्वरूप र संरचनामा पनि हेरफेर भएसकेको छ । यसै सन्दर्भमा ऐतिहासिक ज्ञानको अनुभव र ऐतिहासिक अभिलेखको भण्डारण गर्नका लागि राष्ट्रिय अभिलेखालयको संरचनामा परिवर्तन भएको छ । सोअनुसार नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७५।०२।०६ गतेको निर्णयअनुसार राष्ट्रिय अभिलेखालय नेपाल सरकार, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहन गएको छ । यसै सन्दर्भमा अभिलेखालयको स्थायित्व कायम गर्ने कार्यमा साथ दिनु हुने श्रद्धेय महानुभावहरूलाई एकैसाथ स्मरण गर्न चाहन्छु । स्थापनाको ५१औं वर्षपछि भएको यो परिवर्तनले अभिलेखात्मक सम्पदाको सुरक्षा र संरक्षणमा अझ बढी हौसला प्राप्त भएको छ ।

विगतदेखि नै निरन्तर अभिलेखका विविध विषयवस्तुलाई समेटेर अनुसन्धानात्मक लेखहरूलाई अभिलेख पत्रिकाका माध्यमबाट प्रकाशित गर्दै आइएको अभिलेख पत्रिकाको ३६औं अङ्क प्रकाशन गर्न पाउँदा राष्ट्रिय अभिलेखालय खुसी प्रकट गर्दछ । अन्त्यमा, अभिलेख पत्रिकाको ३६औं अङ्क प्रकाशनमा आफ्ना अनुसन्धानात्मक लेखहरू प्रदान गरी महत्वपूर्ण सहयोग गर्नुहुने समस्त लेखक, यस कार्यमा सहभागी यस कार्यालयका सम्पूर्ण साथीलाई समेत धन्यवाद व्यक्त गर्दछु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ४२००८५६ **Website : narchives.gov.np**
प्रकाशन मिति	:	वि. सं. २०७५
प्रकाशित प्रति	:	५००
मूल्य रु.	:	१००/-
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या

चारुमती विहार र धन्दोचैत्यका द्विखण्डीय एक अभिलेख प्रकाश
- *श्यामसुन्दर राजवंशी*.....१

मान्धाता सिंहको गीतकेशव
- *डा. महेशराज पन्त*.....१३

शिवधर्म पुराण सङ्क्षिप्त परिचय
- *प्रा. डा. भागवतप्रसाद शर्मा*.....४९

ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा बुटवल किल्लाको हिसाब-कागज : एक संक्षिप्त चर्चा
- *प्रा.डा. टेकबहादुर श्रेष्ठ*.....५६

भक्तपुर सुजमाह्ही, वाकुपति चाँगुनारायणमन्दिरको फले (पाटी)का शिलालेखहरू
- *प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ*.....६१

ताम्बूलकल्पको सम्पादन र त्यसको छत्रप्रभा नेपाली टीका
- *ड़ा. छत्रपति दाहाल*.....६९

शिवधर्मोत्तरमा अनुपम उपमाप्रयोग
- *डा. रीता ज्ञवाली*.....७६

छाउनी सीलखानाबाट जाहेर भएका ऐतिहासिक कागजपत्र वारेमा
- *प्रकाश दर्नाल*.....८२

प्राचीनतम दशभूमिकसूत्रको पहिचान
- *काशीनाथ तमोट*.....९१

दक्षिण एशियाली अन्तरराष्ट्रिय सम्वन्धको परिप्रेक्ष्यमा नेपाल र भुटानको सन्दर्भ
- *देविचन्द्र श्रेष्ठ*.....१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखमा दासप्रथा

- सौभाग्य प्रधानाङ्ग.....१०६

अभिलेख सन्दर्भ एक अध्ययन

- निरणकुमार राजवंशी १२०

नाटक प्रदर्शनमा इनाम

- रमेशजङ्ग सिजापति.....१२५

"वित्तलस् किराले असर गरेका तिब्बतीयन ग्रन्थहरूको मर्मत संरक्षण"

- गृहमान सिंह १२८

नेवार, पाल्पामा नेवारहरूको आगमन र पञ्च सना:गुठी

- निर्मल श्रेष्ठ.....१३३

ऐतिहासिक ४ अप्रकाशित न्यायपत्र

- प्रकाश खड्का.....१४०

काठमाडौं उपत्यकाका मृण्मय-लेखहरू

- अमृता महर्जन १४५

तिब्बती भाषामा अनुदित दोहाको चर्चा

- कल्पना पराजुली.....१५१

Medieval Books, Knowledge and Scholarship
in the Making of Nepal-Britain Relations in Modern Times

- Shanker Thapa, Ph. D. १५५

The Records and Archives Management and its Relation to
Right to Information and Public Service Delivery

- Raju Rimal.....१६४

कौसी तोषाखानाबाट प्राप्त लालमोहर १७१

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक गतिविधि १८४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चारूमती विहार र धन्दोचैत्यका द्विखण्डीय एक अभिलेख प्रकाश

- श्यामसुन्दर राजवंशी*

चारुमती विहार र धन्दो चैत्यको नामले दुई अलग अलग आ आफ्नै अस्तित्वमा प्रशिद्ध रही आएको यी दुई प्राचीन सम्पदा एक अर्कोको पूरक सम्पदा हुन् भन्ने तथ्य नाम बाटै प्रष्ट खुलासा हुन्छ । जसरी चारुवती विहारको सट्टा चारुमती विहार कहलिए सरह चारुवती थूपबाट चारुमती स्तूप कहलिएको प्रमाण यथेष्ट भइसकेका छन् । कालान्तरमा आएर चारुमती विहार माथिल्लो विहार भन्ने अर्थमा थथुवही भनेर पनि मानियो र पछि गएर अनेक अनेक किंवदन्ती विकास भए पछि चावही नामले पनि प्रशिद्ध रहँदै आए । यस चारुमती विहारको सांस्कृतिक नाम अंशुवर्म महाविहार पनि थियो भन्ने तथ्य धेरैलाई थाहा नभएको पनि होला । यो तथ्य वहालका थाकुलीहरूको सुरक्षामा रहेको ने.सं ५६४ को सुवर्णपत्रमा सो नाम उल्लेख छ । यो सुवर्णपत्र अभिलेख रोलम्ब भो.१७ अंक २ अप्रिल जून १९९७ मा प्रकाशित भैसकेको पनि छ ।

यसतै गरी धन्दो चैत्यको नाम पनि कालान्तरमा प्रचलित किंवदन्ती कै परिणाम हुन् भन्न सकिन्छ । किनभने धन्दोचैत्यको जीर्णोद्धारको क्रममा त्यहां गर्भगृह भित्र पाइएको इटामा चारुवती थूप अंकित इष्टिका अभिलेख पाइएको छ । ती अभिलेखहरू चारुमती बुद्धिष्ट मिशन नेपालद्धारा प्रकाशित **चारुमती स्तूप** विश्लेषनात्मक अध्ययन नामक स्मारिकामा पनि प्रकाशित छन् । यसरी कालान्तरमा जे नाम प्रचलित रहेतापनि शुरुको नाम चाहीं विहारमा चारुमती विहार र स्तूपमा चारुमती स्तूप नै प्रामाणिक ठहर्दछ ।

*अनुसन्धानकर्ता एवं लिपिविद्

हालै आएर चारुमती विहार र चारुमती स्तूप एक अर्को बीच पूरक र अभिन्न अंग हुन् भन्ने तथ्यलाई एउटै अभिलेखको आधा हिस्सा चारुमती स्तुपको परिशरमा र अर्को हिस्सा चारुमती विहारको परिशरमा पाइएबाट पनि थप प्रमाण बनेको छ । यो कुरा मिति २०७५ पौष २५ गते बिहीवारको गोरखापत्र दैनिकको भित्री पृष्ठ २ मा **धन्दो चैत्यको शिलालेख भेटियो** शीर्षकको समाचारमा प्रकाशित भयो तर सो अभिलेखको पाठ र अनुवाद भने छापिएन । अतः अभिलेखको पाठ र पाठको अनुवाद सहित थप विस्तृत विवरण राखी सोही बखत राष्ट्रिय अभिलेखालयको मुखपत्र अभिलेख जर्नलमा प्रकाशनार्थ प्रस्तुत गरियो ।

अघि चारुमती स्तूप (धन्दोचैत्य)को परिशरको अभिलेखलाई मात्र नियाली अध्ययन गर्ने क्रममा अनेक किसिमका अनुमानहरू बुन्न पुगे । जुन अनुमानहरू अहिले असत्य सावित हुन आए । यसलाई लिच्छवि राजा मानदेव प्रथम भन्दा धेरै अगाडिका हुनसक्ने भनी अनुमानहरू धेरैले गरे । प्रशिद्ध इतिहासकार धनवज्र वज्राचार्यले त्यस अभिलेखलाई सर्वप्राचीन मानी पहिलो नम्वरमा राखेको मात्र नभइ मानदेव प्रथमका जिजु वाजे वृषदेवको पालाको हो कि भन्ने समेत अनुमान गरि पहिलो कोटीमा राखेको कुरा आफ्नो कृति लिच्छविकालका अभिलेख नामक ग्रन्थमा चर्चा गर्नु भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यही अभिलेखलाई हरिराम जोशीको नेपालको प्राचीन अभिलेख नामक पुस्तकमा मानदेव प्रथम को हुन सक्ने अनुमान लगाउनु भएको छ । त्यसतै गरी पुरातत्व विभागको मुखपत्र प्राचीन नेपाल अंक ३०–३९ संयुक्ताङ्क मा शंकरमान राजवंशी को "आज सम्म प्राप्त नेपालका लिच्छवी अभिलेखमा सर्वप्रथम कुन?"शीर्षकको लेखमा उहाले मानदेव प्रथम भन्दा पछिको नै हुनसक्ने अनुमान लगाउनु भएको छ । टि.पी. वर्मा र अरविन्द कुमार सिंह को अ कोर्पुस अफ दि लिच्छवि इन्सक्रिप्शन्स अफ नेपाल नामक ग्रन्थमा संवत् ४२७ को सूर्यघाटको अभिलेख भन्दा पछिको अनुमान गर्नु भएको छ । यसको मतलव मानदेव प्रथम भन्दा पछिको मान्नेहरू पनि कमी छैन भनेर बुझिन्छ । प्रशिद्ध इतिहासकार एवं राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मीको इन्सक्रीप्शन्स अफ एन्शीयण्ट नेपाल नामक ३ भोलमको ग्रन्थमा यस चावहिलको अभिलेखलाई मानदेवको संवत ४१३ को पशुपतिको अभिलेख भन्दा पछि र लाजिम्पाटको गुणवतीको संवत ४१९ भन्दा अघिको हुन सक्ने अनुमान गर्नु भएको छ । यसबाट रेग्मीको अनुमान र हरिराम जोशीको अनुमान नजिक रहेको देखियो । किनभने चावहिलको यो अभिलेख संवत् ४२१ को मानदेव प्रथम कै अभिलेख सिद्ध भएको पाइयो ।

यही धन्दो चैत्यको परिशरमा रहेको शिलाको जुन आकार प्रकार र स्वरूपको हो ठीक त्यही आकार प्रकार र स्वरूपको शिला चारुमती विहारमा पनि भेटिएको छ । त्यतिमात्र नभइ त्यसमा अंकित अभिलेखका अक्षरहरू समेत ठीक दुरुस्त रहेको भेटिए पछि सालसंवत् नियाल्दा मानदेव प्रथमको राज्यकालको उत्तरार्ध तिरको संवत् ४२१ अंकित रहेको पाइयो । प्राप्त भएका अभिलेखहरूका अनुसार मानदेव प्रथमको राज्यकाल संवत् ३८१ देखि ४२७ बीच रहेको देखिन्छ ।

पूर्ण पाठ

धन्दो चैत्य परिशरको अभिलेखको नाप १५से.मि चौ.४७ से.मी ल छ भने चारुमती विहार भित्र रहेको अभिलेखको नाप १६ से.मी चौ ४९से.मी ल छ ।

दुर्द्धरैरिन्द्रियै:कृत्स्ना वाह्यते यैरियम्प्रजा दासवत्तानि सन्धाय्र्य कृपया परिपीद्यत्ता दानशील ... ...**ध्यानवीय्र्या प्रज्ञादिभिस्तने षद्भि सम्परिपूर्ण्णाभिः पारमिद्भिर्म्महर्षिन ...महर्षिणा**

सम्प्राप्यानुत्तरं ज्ञानं प्रजा दुखात्प्रमोचिता प्रमोच्य सर्व्वदु:खेभ्यो योसौ शान्तम्पदङ्गत: ...**नोधरे(मनोधरेह) सन्धाय्र्य चित्तन्दुर्द्धरमादितेः दुष्करैर्ब्बहुभिर्व्विमौप्न (घ्नै) स्तै स्तैः सम्मोहनैर्भृसम्**

सङ्खिद्य सुचिरङ्कालम्भवनम्भव विच्छिद: किन्नरी जातका कीर्ण्णान्नानाचित्र विराजितम् ... **द्धया भक्ति तस्वैव नित्याम्प्राम्ना(नित्यम्प्रम्ना) च गौरवात् क्षेत्रे सो साहसाम्पन्नङ्कारयामास सौगतम् (क्षेत्रेण सह सम्पन्नङ्कारयामास सौगतम्)**

चत्वारि शत्सपञ्चेह यत्र धान्यस्य मानिका: वर्षे वर्षेथ जायन्ते क्षेत्रन्तत्ता दृशन्ददौ ...**न्धमाल्यो पहारार्त्थन्तैल धूपार्त्थ मेव च सम्माज्र्जनो पलेपार्त्थे सदाज्ञेयं मुमुक्षुभिः**

भूय: सङ्घस्य भक्तार्त्थे पूजार्त्थञ्च महामुने: क्षेत्रन्दत्तन्तया यत्र ह्यष्ट्य विंशति मानिका: **माता पित्रो हितार्त्थाय जगतोर्त्थाय सर्व्वदा कारितं विग्रहं शैलम्महर्षेर्व्वीग्रहर्त्थि (तम्)**

विचित्रं देय धर्म्मम्मे कारयित्वेह यच्छुभम् स्त्री भावं हि विराग्याहं पुरुषत्वमवाप्य च शोक काम मया... ... ... **त्सर्व्व दु:ख महार्ण्णवात् बुद्धत्वम्प्राप्य तेनाहन्तार येषाम्प्रजामिमाम् ।। संवत् ४२१ महा**

... ... माघवर्षे काले आषाढ शुदिव १०३ अस्यान्दिवस पूर्व्वायाम्भट्टारक महाराज श्री **(मान) देवस्य साग्रं वर्ष शतं समाज्ञा (पयति विदितमस्तु)**

भावार्थ –

इन्द्रियहरू वशमा नभइ दिंदा सारा दुनियालाई दु:खतिर धकेलिरहने भएकोले ती इन्द्रियहरू लाई आफ्नो दासजस्तो बनाइ कज्याएर राख्नु नै मानव कर्तव्य हो जसको लागि मानिस दानशील भइ बल बुद्धि वीरता ज्ञान पारमिता हर्ष यी ६ गुणले परिपूर्ण भएमा मात्र संभव छ ।

षड्गुणद्वारा नै जसले अनुत्तर ज्ञान हासिल गर्न सक्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उसले दुनियालाई दु:खबाट छुटकारा दिलाउन सक्छ । सवै दुखबाट जसले छुटकारा पाउछ उसले नै शान्तपदमा पुग्न सक्छ । यसको लागि चित्तलाई विचलित हुन नदिइ बहुत धैर्यधारण गर्दै अनेकौं माया मोहको बन्धनबाट मुक्त हुने मार्गमा लागौ ।

किन्नरी जातकमा दिइएको विभिन्न कथाका चित्रहरूबाट आफ्नो मनमस्तिष्कमा त्यसको भावग्रहण गरी विराजमान गराए पछि श्रद्धाभक्ति पूर्वक त्यसमा निरन्तर प्रयासरत रहन सकोस् भनी चित्र विचित्रले सजाइएको सुन्दर चैत्य बडो कष्ट पूर्वक निर्माण गरी धेरै लामो कालसम्म स्थीर रहोस् भनी कामना गरौं ।

निर्मित चैत्यको जिउनीको लागि ४५ मानिका कूत आउने खेत गुठी राखी त्यसको आयस्ताले नित्य नैमित्तिक पूजा आजा धूपदीप फूलमाला सराजामहरू जुटाइ मोक्षाको चाहना गर्ने सकलले यसलाई निरन्तरता देओस् ।

फेरि संघलाई भोजन गराउने र बुद्धको नियमित पूजा अर्चना गर्न अर्को अठ्ठाइस मानिका कूत आउने खेत थप दान दिइयो । दाताले यसको लागि आफ्ना माता पिताको हित होस् जगत कल्याण होस् यसबाट इहलोक र परलोकमा मोक्ष एवं निर्वाण प्राप्तिको कामना गरियो ।

यी अपूर्व दान धर्मको प्रतापले अवश्यमेव मलाई पुण्य प्राप्त भएको होला त्यस पुण्यको प्रभावले मैले स्त्रीत्व परित्याग गरी पुरुषत्व प्राप्त गरेको भाव लिएर दु:ख रूपी संसारबाट छुटकारा दिलाइ बुद्धत्वको पदवी प्राप्तगर्न सकौं र सारा दुनियाको कल्याण होस् ।

संवत् ४२१ आषाढशुक्ल त्रयोदशीको यस महापर्व दिनमा सूर्य उत्तरायण भइरहेको समयमा भट्टारक महाराज श्री मानदेवको विजय राज्य एवं लामो समय सम्म शासन गरीरहेको बेलामा राजाको आज्ञा बमोजिम कीर्तिदिग् स्थीररहोस् भनी बोध भइरहोस् ।

व्याख्या र टिप्पणी :-

भट्टारक महाराज श्री

संवत् ४२५ को पलाञ्चोकको अभिलेखमा **अस्यान्दिवस पूर्व्वायां भट्टारक महाराज श्री** प्रशस्तिको उल्लेख छ र त्यो प्रशस्ति मानदेवलाई दिइएको पाइन्छ । ठीक त्यसतै हरफ यस चावहिल धन्दोचैत्यको अभिलेखमा पनि छ ।लिपिको स्वरूप पनि मानदेवकै पालाको देखिने भएतापनि स्पष्ट आधार नभेटियुञ्जेल भन्न गाह्रो नै थियो । अहिले चावहिलको अभिलेखको अर्को भाग पाइएको र त्यसमा मानदेवको नामको **मा** र **न** यी दुई अक्षर फुटेर चोइटिसकेको छ ।त्यसपछि देव मात्र प्रष्ट छ । देवको अगाडि केवल दुई ओटा अक्षर अट्ने भाग मात्र चोइटिएको देखिन्छ ।अब अभिलेखमाा अंकित संवत् ४२१ प्रष्ट उल्लेख देखिएबाट भट्टारक महाराज श्री पछिको राजाको नाम मानदेवस्य नै थियो भनेर किटानका साथ भनन सकिने अवस्था बनेको छ ।

मानदेव प्रथम

नेपालको प्रामाणिक इतिहासका एक प्रतापी राजा को साथै इतिहासमाा मानदेवले अति विशिष्ठ स्थान पाइ आएको छ । संवत् १०७ को जयवर्माको अभिलेख नपाइए सम्म यिनी नै प्रामाणिक इतिहासका थालनी कर्ता माान्दै आएका थिए ।

यिनका पालाका जेजति अभिलेखहरू भेटिएका छन् सोको आधारमा भन्नु पर्दा संवत् ३८१ देखि ४२७ सम्म ४६ वर्षसम्म यिनको अटूटरूपले शासन चलेको देखिन्छ । हुनत इतिहासकारहरूले मानदेवको शासनकाल ५० वर्ष मान्नेहरू पनि छन् ।यो आधारले भन्ने हो भने संवत् ४२७ को ५० वर्ष अघि भनेको संवत् ३७७ मै राज्यारोहण भएको हुन सक्ने अनुमान गर्नु पर्ने हुन्छ । तर ती इतिहासकार एकातिर मानदेवको राज्यकाल ५० वर्ष को अनुमान गर्न पुग्छ भने अर्को तिर संवत् ३८१ को अभिलेख नै धर्मदेवको पालाको हुनु पर्ने पनि अनुमान गरिरहेको देखिन्छ ।

प्राप्त अभिलेखको आधारमा यिनका तीन वटी रानीहरू रहेको देखिन्छ । ती रानीहरू भोगिनी, गुणवती र क्षेमसुन्दरी हुन् । ती मध्ये भोगिनी वडामहारानी र अरु दुई रानी थिए भन्ने इतिहास अध्येताहरूको अड्कल पाइन्छ ।

संवत् ३९० को लाजिमपाट क्षेमसुन्दरीको अभिलेखबाट मानदेवको स्वभाव कान्त भएकालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कान्तिले देवताहरूलाई पूजाले पण्डितहरूलाई विद्धताले शूराहरूलाई शूरयाईंले माग्नेहरूलाई धनले राजाहरूलाई सफा कीर्तिले व्यवहार गर्ने रहेको वयान पाइन्छ ।

केलटेलको अभिलेखबाट मानदेव आफ्ना प्रजाहरूलाई बावुले आफ्ना सन्तानहरूलाई माया गरे जस्तै गर्थे भनी बयान गरेको छ । चांगुको संवत् ३८६को अभिलेखबाट पूर्व तथा पश्चिमका सामन्तहरूलाई कज्याइ राज्यको सीमालाई संरक्षाण गरेको स्पष्ट उल्लेख पाइनु को साथै मानदेवका अनेक गुणहरूको बयानहरू पाइन्छ । उनका ती बयानहरू अतिशयोक्ति भएको भए स्वयं मानदेव बैष्णव अनुयायी भइकन पनि धेरै ठाउँहरूमा शिवलिंगको स्थापना गर्नु र मानविहार धन्दोचैत्य चावहिल आदि बौद्ध धार्मिक स्थलको समेत विकास गर्नु गराउनुमा उनको देन हुने थिएन ।

तापनि त्यतिवेलाको समाजमा स्त्रीजाति र पुरुषजाति बीचमा भेदभाव रहेको आशंका कसरी भयो यो बडो कौतुहलको विषय छ। हुनत गुणवती क्षेमसुन्दरी रानीहरू शिक्षित थिए । मानदेवको छोरी विजयवती पनि शिक्षित थिए ।स्वयं धन्दोचैत्यमा अभिलेख राख्ने भक्तिनी पनि शिक्षित नै बुझिन्छ तर तिनीले किन आफ्नो दानधर्मको पुण्य प्रतापले यो जुनीमा स्त्री भएकोमा अभागी मानेर अर्को जुनीमा पुरुषत्व प्राप्तीको कामना किन गर्न पुगिन् होला यो बडो चासोको विषय छ ।

साग्रं वर्ष शत समाज्ञा पयति

यही हरफ पलांचोकको संवत् ४२५ समयको अभिलेखमा उल्लेख देखापरेको थियो भने यो भन्दा अघिको संवत् ४२१ को यो धन्दोचैत्यको अभिलेखमा पनि दृष्यान्त देखापरेको छ । अभिलेखको अर्को खण्ड फेलापरेको र यसको तल्लो भागमा यो हरफ पठनीय देखिन्छ । यो हरफको अर्थ गर्नु पर्दा मानदेवले सय वर्ष भन्दा बढी वर्ष सम्म -लामो काल सम्म) आज्ञा गरीरहनु भएको वेलामा भनेर अर्थ गर्ने गरिन्छ ।

माघ वर्ष काल

चावहिल धन्दोचैत्यको यस अभिलेखमा सबभन्दा भ्रम उव्जाएको विषय नै माघ वर्ष काल थियो । यो शव्दावली तिथिमिति आषाढ शुदिव १३ को अघिल्तिर उल्लेख आएको छ । यस माघवर्षले संवत्को अंकलाई परिभाषित गर्न खोजेको पो होकि भनेर भ्रम पनि धेरैलाई परेको थियो । अव चावहिल धन्दो चैत्यको यस अभिलेखको बाकि अर्को खण्ड भेटिएबाट त्यसमा संवत्को अंक ४२१ अलगै प्रष्ट उल्लेख आएकोले माघवर्ष काल यस शव्दावलीले संवत्को अंकलाई जनाएको विल्कुलै होइन भनेर बुझियो । माघवर्षलाई वृहस्पति ग्रहको उदय भएको वर्ष मान्ने पनि एउटा सिद्धान्त छ । जेहोस् यसरी तिथिमिति प्रकरणमा अहिले पनि सूर्य उत्तरायण र सूर्य दक्षिणयणको उल्लेख गर्ने चलन छ । सूर्य उत्तरायण भन्नाले माघ देखि र सूर्य दक्षिणायण भन्नाले श्रावण देखि हुने गर्छ । अभिलेखको मिति पनि आषाढ भएकोले सूर्य उत्तरायण भएको बेलामा भनेर जनाउनका लागि माघ वर्ष काल भनेर उल्लेख गरेको हुनुपर्छ ।

संवत् मितिको गणना

संवत् ४२१ महा.....माघवर्षे काले आषाढ शुदिव १३ अस्यान्दिवस ।

(चावहिल धन्दोचैत्य + चारुमती विहारको अभिलेख)

संवत् ४२१ आषाढ शुदि १३

चावहिल धन्दो चैत्यको यस अभिलेखमा उल्लेखित संवत् ४२१ लाई चाहे प्राचीन नेपाल संवत् मानुन् ,चाहे लिच्छवि संवत् मानुन् वा शाके संवत् नै मानुन् केही फरक पर्दैन । किनकि ती सवै कार्तिक शुक्ल प्रतिपदा बाट प्रारम्भ हुने संवत् हुन् । अत यी संवत्को उठान हिसाव कार्तिकबाट नै गरिन्छ । तर शक संवत्को हिसाव भने चैत्रबाट नै गर्नु पर्दछ । फेरि शक संवत् र लिच्छवि अभिलेखमा आउने संवत् बीच कार्तिक र चैत्र बीचको महिना अन्तर मात्र फरक पनि होइन । अभिलेखमा आउने संवत् शक संवत् भन्दा २ वर्षले जेठो भएकोले अभिलेखको संवत् ४२१ भनेको शक ४१९ को कार्तिक देखि शक ४२० को आश्वीन सम्म रहन्छ । तसर्थ अभिलेखको संवत् शक संवत्को रूपमा मान्न मिल्दैन ।

अभिलेखमा दिइएको संवत् ४२१ को तिथिमिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आषाढ शुदि १३ भएकोले यसको तदनुसार शक ४२० आषाढ शुदि १३ हुन्छ । तव गणनाको क्रम शुरु गर्न सकिन्छ ।

तिथि मिति गणनाको सिद्धान्त सौरार्य ब्राम्हपक्षीय तिथि गणितमा दिइएको छ । यसमा सूर्य सिद्धान्त , आर्य सिद्धान्त र ब्रम्हसिद्धान्त छन् । यी तीनै थरिको सिद्धान्तबाट तिथिमिति गणना गर्न मिल्छ भन्ने हो । तथापि सूर्य सिद्धान्त र आर्य सिद्धान्त बाट गर्दा भन्दा ब्रम्ह सिद्धान्तबाट गरेको गणना बढी प्रभावकारी देखिएकोले यही सिद्धान्त अवलम्वन गरिएको छ । ध्यानाकर्षण यो छ कि सूर्य सिद्धान्त र आर्य सिद्धान्त पनि जायज नै छ ।

यताबाट अभिलेखको संवत् ४२१ मा आषाढ शुदि १३ छ र तिथिको अघि माघवर्षेकाले उल्लेख छ ।

अब गणितद्धारा शक संवत्मा परिणत गर्दा

कार्तिकबाट शुरु भएको अभिलेखको संवत् शकपूर्व २ को संवत् भएकोले

संवत् ४२१ = (४२१ – २) =४१९

शक ४१९ को कार्तिक देखि शक ४२० को आश्वीन सम्म रहन्छ । यो सिद्धान्त लिच्छविकालीन संवत्को निश्चयमा दिइएको छ ।

तदनुसार शक ४२० आषाढ शुदि १३ हुन आउछ ।

अभिलेखको संवत् ४२१ र शक ४२० को वर्षमा अधिमास परेको देखिदैन ।

यसकारण चैत्र १ वैशाख २ जेठ ३

तिथिगण = चैत्र शुक्ल प्रतिपदा देखि इष्टदिन सम्मका तिथि=चैत्रादि चान्द्रमास गुणन ३० + वर्तमान चान्द्रमासका शुक्लादि वर्तमान तिथि

= ३×३०+ १३

=९०+१३

= १०३

सौरार्य ब्राम्हपक्षीय तिथिगणितमा शक संवत् १८०० देखि वर्ष गण उठाइएको छ । यसकारण

वर्षगण = इष्ट शक संवत् – १८००

= ४२० – १८००

= – १३८०

ब्रम्हसिद्धान्तानुसारी

कोष्ठ १ बाट

वर्ष	तिथि	बारादि			चन्द्र केन्द्र		सूर्य केन्द्र		नक्षत्र	
		बार	घडी	पला	राशी	अंश	राशी	अंश	नक्षत्र	कला
१०००	२४	५	०	५६	९	१८.०	११	२७.९	२१	४४०.४
३००	१८	५	१३	२४	८	११.०	११	२८.२	१६	७८.३
८०	१५	२	३१	२३	५	१५.५	११	२९.८	१३	३८९.८
–१३८०	५७	१२	४४	१०३	२२	४४.५	३३	८५.९	५०	९०८.५
–१३८०	२७	५	४५	४३	११	१४.५	११	२५.९	२४	१०८.५
+१८००	१२	१	१७	३१	५	२५.३	९	१२.२	१०	६५९.०
४२०	१५	२	३१	४८	६	१०.८	९	१६.३	१३	५५०.५

तिथिगण	१०३
ध्रुव तिथि	१५
१०३ – १५	८८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसकारण कोष्ठ २ को उपकरण ८८ हुने भयो ।

ति	बारादि			चन्द्र केन्द्र		सूर्य केन्द्र			
	बा	घ	प	रा	अं	रा	अं	न	क
१५	२	३१	४८	६	१०.८	९	१६.३	१३	५५०.५
८०	१	४४	५४	१०	८.८	२	१७.६	२३	६५६.९
८	०	५२	२८	३	१२.९	०	७.८	७	६२५.७
१०३	५	१२७	१३०	२०	३२.५	१२	४१.७	४५	१८३३.१
१०३	५	९	१०	८	२.५	०	११.७	१८	२३३.१

मध्यम गणना सकियो ।

चन्द्रमन्द फल तथा चन्द्रगति ल्याएको

उपकरण चन्द्रमन्द केन्द्र ८।२.५

कोष्ठ ३ बाट

चन्द्रमन्द केन्द्र		चन्द्रमन्द फल
८।२		−२६६.०
८।३		−२६८.४
	अन्तर	२.४
अन्तर+२.४		−२६६.०
शेष × ०.५		+१.२
१.२		−२६४.८
	चन्द्रमन्द फल कला	−२६४.८

कोष्ठ ५ बाट

चन्द्रगति कला	८२२

सूर्यमन्दफल तथा सूर्यगति ल्याएको

उपकरण सूर्यमन्द केन्द	०।११.७

कोष्ठ ४ बाट

सूर्यमन्द केन्द्र		सूर्यमन्द फल कला
०।११		−२५.३
०।१२		−२७.५
	अन्तर	२.२
अन्तर +२.२		−२५.३
शेष × .७		+१.५४
+१.५४		−२३.७६
	सूर्यमन्द फल कला	−२३.७६

कोष्ठ ५ बाट

सूर्यगति कला	५७

मध्यम तिथ्यन्त काल तथा स्पष्ट तिथ्यन्तकालको अन्तर (तिथि पराख्य)

चन्द्रमन्द फल कला	−२६४.८
सूर्यमन्द फल कला	−२३.७६
चन्द्र सूर्य मन्दफल योग कला	−२८८.५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चन्द्रगति कला	८२२
सूर्यगति कला	५७
चन्द्र सूर्यको गत्यन्तर कला	७६५

तिथि पराख्य = चन्द्र सूर्य मन्दफल योग कला × ६० / चन्द्र सूर्य गत्यन्तर कला

= −२८८.५६ × ६० / ७६५

= −१७३१३.६/७६५

= −१७३१३६/ ७६५०

७६५०	)१७३१३६(२२।३७
	१५३००
	२०१३६
	१५३००
	४८३६× ६०
	२९०१६०
	२२९५०
	६०६६०
	५३५५०
	७११०

तिथि पराख्य = − २२ घडी ३७ पला

स्पष्ट तिथ्यन्त काल

	बा	घ	प
मध्यम तिथ्यन्त काल	५	९	१०
तिथि पराख्य		−२२	३७
स्पष्ट तिथ्यन्त काल	४	४६	३३

यताबाट आषाढ शुक्ल त्रयोदशीको समाप्तीबार बुधबार ४६ घडी ३३ पला विते पछि हुने देखियो । यो लङ्काको मध्यम सूयोदय कालदेखि बितेको समय हो ।

	नक्षत्र	कला
नक्षत्र साधन	१८	२३३.१

यसको अठारौं नक्षत्र ज्येष्ठा गत नक्षत्र हो उन्नाइसौं नक्षत्र मूल नक्षत्र हो ।

मूलको भुक्त कला २३३.१ भन्ने हुन्छ ।

मध्यम तिथ्यन्तकालमा मूलको भुक्त काल नक्षत्र पराख्य ल्याएको

मूलको भुक्त कला = −२३३.१

चन्द्रमन्द फल कला = −२६४.८

मूलको स्पष्ट भुक्त कला = −४९७.९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नक्षत्र पराख्य = मूलको स्पष्ट भुक्त कला × ६० / चन्द्रगति कला

= –४९७.९ X६० / ८२२

= –२९८७४ / ८२२

८२२	)२९८७४(	२९।५२
	२४६६	
	५२१४	
	४९३२	
	२८२ X ६०	
	१६९२०	
	१६४४	
	४८०	
नक्षत्र पराख्य		–३६घडी २१पला

	बा	घ	प
मध्यम तिथ्यन्त काल	५	९	१०
नक्षत्र पराख्य		–३६	२१
स्पष्ट तिथ्यन्त काल	४	३२	४९

	बार	घडी	पला
ज्येष्ठा नक्षत्रको समाप्ती काल	४	३२	४९

यताबाट ज्येष्ठा नक्षत्रको समाप्तीकाल बुधवार ३२ घडी ४९ पला मा हुने भयो । लङ्काको मध्यम सूर्योदयकाल देखि बितेको समय यो हो । अव काठमाडौंको समय ल्याइन्छ

रेखान्तर संस्कार ल्याएको

रेखादेशबाट काठमाडौं ९२ योजन पूर्वमा छ । यसकारण

काठमाडौंको रेखान्तर = ९२ – १/४

= ९२– ९२/४

= ९२– २३

= ६९ पला

= १ घडी ९ पला

रेखादेशबाट काठमाडौं पूर्वमा भएको हुनाले काठमाडौंमा रेखान्तर समय धनात्मक हुन्छ ।

भुजान्तर संस्कार ल्याएको

	रा	अं
उपकरण सूर्य मन्द केन्द्र	०	११.७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कोष्ठ ६ बाट

सूर्यमन्द केन्द्र		भुजान्तर संस्कार
० । ११		३.७
० । १२		४.०
	अन्तर	०.३
अन्तर +०.३		३.७
शेष × .७		०.२१
+०.२१		३.९१
	यसकारण भुजान्तर संस्कार पला	३.९१

अयनांश ल्याएको

शक संवत्	४२०
	–४४४
	–२४०/६०
	०।४
अयनांश	–०.४

सूर्यमन्द फल कला = –२३.७६

अंशात्मक सूर्य मन्द फल = –२३.७६/६०

अंशात्मक सूर्य मन्द फल= –०.३९

सायन स्पष्ट सूर्य ल्याएको

	रा	अं
सूर्य मन्द केन्द्र	०	११.७
सूर्य मन्दोच्च	२	१८.०
अंशात्मक सूर्य मन्द फल		०.३९
अयनांश		०.४
सायन स्पष्ट सूर्य	२	३०.४९
	३	०.४९

एक अंगुल पलभा भएको देशको चर ल्याएको

उपकरण सायन स्पष्ट सूर्य रा अं

३ ०.४९

कोष्ठ ६ बाट

सायन स्पष्ट सूर्य		चरपला
३ रा ०अं		२१.३
३ रा १ अं		२१.२
	अन्तर	०.१
अन्तर +०.१		२१.३
शेष × .४		०.०४
+०.०४		२१.३४
	१ अंगुल पलभा भएको देशको चरपला	२१.३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काठमाडौंको चर ल्याएको

एक अंगुल पलभा भएको देशको चरपला २१.३४

काठमाडौंको अंगुलात्मक पलभा X६.२

१३२.३०८

काठमाडौंको चरपला + १३२.३०८ अर्थात् + २ घडी २० पला

रेखान्तर	१ .९
भुजान्तर	३.९१
चर	२ .२०
जम्मा	७.०
काठमाडौं रेखान्तर	+१ . ९
त्रिफल संस्कार	८ .९

लङ्काको मध्यम सूर्योदय काल र काठमाडौंको स्पष्ट सूर्योदय कालको अन्तर त्रिफल संस्कार धन ८ घडी ९ पला हुन्छ ।

	आषाढ शुदि १३ को समाप्तीकाल	ज्येष्ठा नक्षत्रको समाप्तीकाल
	बार घडी पला	बार घडी पला
लङ्काको मध्यम सूर्योदयकाल देखि बितेको समय	४ ४६ ३३	४ ३२ ४९
त्रिफल संस्कार	+८ ९	+८ ९
जम्मा	४ ५४ ४२	४ ४० ५८
काठमाडौंको स्पष्ट सूर्योदय देखि बितेको समय	बार ४ घडी ५४पला ४२	बार ४घडी ४०पला ५८

यति गणनाबाट

अभिलेखको संवत् ४२१ (प्रा ने सं) विक्रम संवत् ५५५ शक ४२० आषाढ शुदि १३ तिथि को

बार बुधबार ५४ घडी ४२ पला नक्षत्र ज्येष्ठा ४० घडी ५८ पला

यसरी चावहिल धन्दो चैत्यको अभिलेखमा देखिएको तिथि बार नक्षत्र गणनाबाट सिद्ध हुन आएको छ ।

तारिख गणना

अभिलेखको संवत् ४२१ तदनुसार शक ४२० आषाढ शुदि १३ को तारिख ल्याउने

तिथिगण चैत्र१, वैशाख२, ज्येष्ठ३ + आषाढ शुक्ल १३

३ × ३० + १३ = १०३ । १०३ – १४ = ८९

विवरण	शक	ति.शु	बार	इ सं	ता	र क	च क
ध्रुव १ को	–७८	२४.६०	५.६९	०	१८.९४	१०५.७	२८१.५
गति कोष्ठ १	४००	१४.९७	५.५५	४००	२.५५	३५८.७	२८९.१
गति कोष्ठ २	९६	१२.००	१.६१	९६	०.६१	३५९.७	५५.०
गति कोष्ठ २	२	२२.१२	२.५१	२	०.५१	०.०	२७८.६
क्षेपक					५९.००		

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

	४२०	७३.६९	१५.३६	४९८	८१.६१	८२४.१	९०४.२
		−६०.००	−१४			−७२०	−७२०
मेषादौ		१३.६९	१.३६		८१.६१	१०४.१	१८४.२
तिथि भोग्य कालान्तर		+०.३१	+०.३१ −०.०५		+ ०.३१ −०.०५	+ ०.३ −०.०३	+ ०.३ +०.२५
	४२०	१४.००	१.६२		८१.८७	१०४.३७	१८४.७५
तिथिगति कोष्ठ ३		८०.००	१.७५		७८.७५	७७.६	६८.८
		९.००	१.८६		८.८६	८.७	७.७
	४२०	१०३.००	५.२३		१६९.४८	१९०.६७	२६१.२५
रवि पराख्य कोष्ठ ३ बाट चन्द्र पराख्य कोष्ठ ४ बाट			−.३३		−.३३	−.०३	−.३०
			४.९		१६९.१५	−.३३	
			−०.९		−०.९		
					१६८.२५ −१५१.००		
			४.० बुधबार		जून १७.२५		

अभिलेखको संवत् ४२१ छ तद्नुसार यसको शक संवत् ४२० इ.सं ४९८ तिथि आषाढ शुदि १३ को जून १७ तारिख बुधबार पर्दछ । माथि व्रम्हसिद्धान्त अनुसार तिथिमिति गणना गर्दा पनि आषाढ शुदि १३ को बुधबार नै आएको र तारिख गणना गर्दा पनि जून १७ तारिख बुधबार नै आएको हुनाले गणना मिलेको प्रमाणित हुन्छ ।

सहयोगी ग्रन्थहरू

१ धनवज्र वज्राचार्य लिच्छविकालका अभिलेख २०३० नेपाल एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर ।

२ हरिराम जोशी नेपालको प्राचीन अभिलेख २०३० नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौ ।

३ पुष्पराज आचार्य नेपालको पुरानो इतिहास र सभ्यता २०४८ रत्न पुस्तक भण्डार काठमाडौ ।

४ नयराज पन्त लिच्छवि संवत्को निर्णय २०४३ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौ ।

५ जगदीश चन्द्र रेग्मी प्राचीन नेपालको राजनीतिक इतिहास २०५३ साझा प्रकाशन पुलचोक ।

६ किरण पन्थी (पाण्डेय) लिच्छविहरूको नालिबेली २०७४ वि.एन पुस्तक संसार प्रा लि काठमाडौ ।

७ श्रीराम गोयल प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास सन् १९७३ भारतीय विद्या प्रकाशन वाराणसी भारत ।

८. श्यामसुन्दर राजवंशी लिच्छविकालीन संवत्को निश्चय २०५२ गिरीन्द्रमान राजवंशी चन्द्रकिरण राजवंशी काठमाडौं ।

९ प्राचीन नेपाल अंक ३० −३९ पुरातत्व विभाग रामशाह पथ २०३४ काठमाडौं ।

10 D . R. Regmi Inscriptions of Ancient Nepal 1983 Abhinav Publications, New Delhi .

11 T.P.Verma and Arvind Kumar Singh A Corpus of The Lichchhavi Inscriptions of Nepal 1994 Ramanand Vidya Bhawan New Delhi.

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



चावहिल धन्दो चैत्यको परिशरमा रहेको अभिलेख (क)



चावहिल चारुमति विहारको परिशरमा रहेको अभिलेख (ख)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मान्धाता सिंहको गीतकेशव

– डा. महेशराज पन्त*

उदाहार

१. एघाह्रौँ शताब्दीका जयदेवले रचेको **गीतगोविन्द** ज्यादै प्रसिद्ध छ । राधा र कृष्णको प्रेमलाई विषयवस्तु बनाई काव्यमा राग र तालसमेत मिसाएर लेखिएको यस गेय काव्यलाई कसैकसैले रागकाव्य पनि भन्ने गरेका छन् । पूर्वी भारतमा रचिएको[१] भए पनि एक अर्थमा भन्दा भारतवर्षभर यो काव्य व्यापक छ । गुजरातको एउटा मन्दिरमा राखिएको, वि.सं. १२४९ को शिलालेखमा **गीतगोविन्द**को दशावतारविषयक पद्य कुँदिएका छन् ।[२] उडिसा, बङ्गाल र केरलका मन्दिरमा अहिलेसम्म पनि **गीतगोविन्द**का कुनै कुनै अंश गाइँदैछन् । पुरीको जगन्नाथदेवलमा रातिको पूजामा **गीतगोविन्द**का पद्य गाउने चलन अझसम्म चलेको छ । नेपालखाल्डोका मन्दिरमा गाइने दाफा भजनमा **गीतगोविन्द**का पद्य पनि समाविष्ट छन् ।[३]

२. **गीतगोविन्द** हामी जस्ता संसारी मानिसले हेर्दा शृङ्गारबहुल काव्य भए पनि दृष्टि खुलेका मानिसहरू यसको शब्दार्थमा नगई ईश्वरमा मनुष्यको भक्तिको अन्योक्तिपरक रूपकको रूपमा यस काव्यलाई लिन्छन् । **गीतगोविन्द**को टीकासम्पत्ति पनि विस्तीर्ण छ ।[४] नेपालका महाकवि सुकृतिदत्त पन्त (वि.सं. १८८०-१९३२)ले पनि **गीतगोविन्द**को दशम सर्गको अष्टपदीमा टीका लेखेका छन् ।[५] हरि देवता भएकाले सामान्य मानिसहरूको शृङ्गारको बयान गरेको शैलीमा उनको रतिरागको बयान गर्नु ठीक होइन भनी **गीतगोविन्द**मा शृङ्गार छरपट्ट भएको कुरामा पण्डितराज जगन्नाथ (वि.सं. १६४७-१६९८)ले आफ्नो **रसगङ्गाधर**मा गरेको निन्दालाई अपवादको रूपमा संस्कृतसाहित्यका विश्लेषकहरू व्याख्या गर्छन् ।[६]

३. **गीतगोविन्द**कै अनुकृतिमा राधा र कृष्णको मात्र होइन, सीता र रामको तथा पार्वती र शिवको प्रेमलाई पनि विषयवस्तु बनाई गेय काव्य लेख्ने चलन भारतवर्षमा चलेको देखिन्छ ।[७] नेपालमा पनि त्यही परम्परामा लेखिएका

---

१. कसैले उडिसा, कसैले बङ्गाल र कसैले मिथिलालाई जयदेवको जन्मभूमि मान्दै आएका छन्, निर्णय भने अझ भएको छैन । यसैले पूर्वी भारत भनी मैले भनेको हुँ ।
२. बार्बरा स्टोलर मिलर २०४१: ix, आशुतोष भट्टाचार्य्य २०५६:२६ ।
३. रिचर्ड विदेस (२०७५)ले भक्तपुरमा गाइने दाफा भजनको विषयमा लेख्दा यस विषयको पनि विवेचना गरेका छन् ।
४. एम. कृष्णमाचार्य २०३१:§§§२९७, ८५९, ९९८ ।
५. प्रपन्नाचार्य २०४९ ।
६. उदाहरणको लागि, बार्बरा स्टोलर मिलर २०४१: ix, यान्टनि केनेडि वार्डर २०६१:४१२ ।
७. भी. डबूल्यू. करम्बेल्कर २००६, ज़ीगफ्रीद लीन्हार्त २०४१:२०९, नीलमणि मिश्र २०५६ । बनमाली*① रथ २०५६ ।

---

①. यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

*संशोधन मण्डलमा आबद्ध हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केही काव्य भेटिएका छन् ।[८]

३.१. काठमाडौँका राजा प्रताप मल्ल (वि.सं. १६८०-१७३१, राज्यकाल वि.सं. १६९८-१७३१)ले रचेको **सङ्गीतदामोदर**नाउँको एउटा लेखोट काव्य राष्ट्रिय अभिलेखालयमा पहिलो लगतको १६९६ नं. मा दर्ता छ । नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाले यसको माइक्रोफिल्म ई.सं. १९७२ जून २ तारीख तदनुसार वि.सं. २०२९ जेठ २० गते बी २८९/७ नं. मा गरेको छ । ठ्यासफूमा लेखिएको यस पुस्तकको दुर्भाग्यवश ४ पत्र मात्र बाँकी छन् । सबै पत्र नपाइएकाले यो पुस्तक कत्रो थियो भनी भन्न नसकिए पनि कमसेकम पाँच सर्गको यो हुनुपर्छ भन्ने कुरा उपलब्ध भाग पाँच सर्ग पूरा नहुँदै टुँगिएकोले भन्न सकिन्छ । तर **गीतगोविन्द** १२ सर्गमा बाँडिएको र त्यसैको अनुकृतिमा लेखिएको, यस लेखको मूल विषयवस्तु भएको **गीतकेशव**मा पनि १२ सर्गै भएकोले यो पनि त्यति नै सर्गमा टुङ्गिएको हुनुपर्छ । **सङ्गीतदामोदर**को चारौँ सर्गको पुष्पिकावाक्य यस प्रकारको छ–

इति श्रीनेपालभूमण्डलाखण्डलशस्त्रशास्त्रसंगीतादिसकलविद्यापारगमहाराजाधिराजविदग्धचूडामणिश्रीश्रीराज-राजेन्द्रकवीन्द्रजयप्रतापमल्लदेवविरचिते संगीतदामोदरे चतुर्थः सर्ग्गः ।। ।।

४. राष्ट्रिय अभिलेखालयमा तेस्रो लगतको ९८ नं. मा मान्धाता सिंहले रचेको **गीतकेशव** दर्ता छ । नेपाल-जर्मनहस्तलिखित-ग्रन्थसंरक्षणपरियोजनाले यसको माइक्रोफिल्म ई.सं. १९७२ जुलाई ४ तारीख तदनुसार वि.सं. २०२९ असार २१ गते बी ३०९/३० नं. मा गरेको छ ।

४.१. दुवैपट्टि हरिताल लाएको, नेपाली पाको कागतमा पाको कालो मसीले नेवारी लिपिमा **गीतकेशव**को यो पुस्तक लेखिएको छ । सबभन्दा उठानको गद्यवाक्य, राग र तालका शीर्षक तथा सर्गैपीछेका र ग्रन्थसमाप्तिपछिको पुष्पिकावाक्य जति रातो रङले रङ्ग्याइएको छ । यस पुस्तकको नापो सेन्टिमिटरमा २१×६ छ र लेख भएको भागको चाहिँ १६.५×३.५ छ । सुन्दर हस्ताक्षरमा नेवारी लिपिमा ठूला अक्षरमा यो पुस्तक लेखिएको छ । डिको दिँदा दायाँपट्टि गाँठो पारिएकोले कहीँ कहीँ त्यस गाँठोले एकारको भ्रम पार्न सक्छ । यहाँ जहाँ जहाँ २ वटा दण्ड हालिएको छ, त्यहाँ त्यहाँ दोस्रो दण्ड साधारण र पहिलोचाहिँ अलि मोटो र त्यसको बायाँपट्टि अलिकति चोसो निकालिएको छ । एउटा मात्र दण्ड दिँदा त्यो दण्ड मसिनो भए पनि बायाँपट्टि ज्यादै सानो चोसो निकालिएको छ । यो पुस्तक रचयिताको हस्ताक्षरको नभई पछि सारिएको हो भन्ने कुरा सार्दा हुने गल्ती यस पुस्तकमा ठाउँठाउँमा रहेकाले स्पष्ट हुन्छ । यसको अन्तिम पत्रसङ्ख्या ५९ भए पनि ३ देखि १९ र बीचको ५६ पत्र नभएकाले खालि ४२ पत्र मात्र भेट्टिँदा यो पुस्तक अपूरो हुन गएको छ ।

हरेक पृष्ठमा एकनासले ५ पङ्क्ति छन् । सबभन्दा पछिल्लो पृष्ठमा चाहिँ तेस्रो पङ्क्तिमै लेख्नुपर्ने कुरा टुङ्गिएको छ । पुस्तकसमाप्तिको पुष्पिका दिइसकेपछि ग्रन्थरचना सिद्धिएको दिनको पूरा तिथिमिति श्लोकमा दिइएको छ । त्यसपछि छोटा छोटा ३ वाक्य दिइएका छन् । तिथिमिति भएको श्लोकदेखि ती वाक्यसम्म त्यही हस्ताक्षरमा भए पनि टाँका भने अलि मसिनो छ (५८ख:५-५९क:३) ।[९]

५. १२ सर्गमा बाँडिएको यस पुस्तकको पहिलो सर्गमा ७ श्लोकको दोस्रो पाउसम्म पूरै छ र तेस्रो पाउको उठानका ७ अक्षरपछिको भाग नभएकोले त्यो सर्ग अपूरो छ । दोस्रो सर्ग पूरै छैन । तेस्रो सर्गको अघिल्लो खण्ड छैन र

---

८. रिचर्ड विदेस (२०७५:४५)ले मल्लकालमा लेखिएका सङ्गीतसम्बन्धी ९ वटा पुस्तकका नाम लिएका छन् । ती सबै पुस्तक त मैले पल्टाएर हेरेको छैन, प्रताप मल्लको नाउँमा दरिएको **सङ्गीतदामोदर**चाहिँ **गीतगोविन्द**कै अनुकृतिमा लेखिएको हो । ती ९ वटा पुस्तकमा **गीतकेशव**चाहिँ परेको छैन । रिचर्ड विदेसले नाउँ लिएका पुस्तकमध्ये पहिलो **सङ्गीतचन्द्र** भने **गीतगोविन्द**को अनुकृतिमा लेखिएको होइन भन्ने कुरा त्यसका केही अंश प्रकाशमा आएकाले (तुलसीलाल सिंह २०७४) थाहा हुन्छ ।

९. यहाँ अङ्कले पुस्तकको पत्रसङ्ख्या, त्यसपछि **क** भए पत्रको पहिलो पृष्ठ, **ख** भए दोस्रो पृष्ठ र यस्तो : चिह्नपछि आएको अङ्कले पङ्क्तिसङ्ख्या जनाउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पछिल्लो खण्ड मात्र छ । त्यसको पुष्पिका यस्तो छ–

इति श्रीसकलशास्त्रसंगीतशस्त्रादिनिखिलविद्यापारगवैदग्धसागरमहाराजकुमारश्रीमन्मान्धातासिंह विरचिते गीतकेशवे सुवेशकेशवो नाम तृतीयस्सर्ग्गः ।।

त्यसपछि ४ देखि ११ सर्ग पूरा छन् । तल एउटा पत्र अर्थात् ५६ पत्र हराएकोले १२ सर्ग अपूरो छ ।

६. **गीतकेशव**का रचयिता मान्धाता सिंहको परिचय दिँदा हरेक सर्गको अन्त्यमा **श्रीसकलशास्त्रसंगीतशस्त्रादिनिखिलविद्या-पारगवैदग्धसागरमहाराजकुमारश्रीमन्मान्धातासिंह** भनी लेखिएको छ । यसै गरी, **गीतकेशव** टुङ्गिन टुङ्गिन लाग्दा यस्तो लेखिएको छ–

नेपालाधिपतेष्प्रतापनृपतेः श्रीमत्कवीन्द्रस्य च
सूनोः शस्त्रसमूहशास्त्रविविधालंकारनम्रस्य च ।
मान्धाता कविकेशरीति भुवनख्यातस्य काव्यं मुदा
श्रीकृष्णार्प्पितहृद्गतस्य सुधियां कण्ठेऽस्तु हाराय च ।।

(नेपालका राजा, श्रीमान् कवीन्द्र प्रताप [मल्ल]का छोरा; हातहतियारले शास्त्रले र थरीथरीका अलङ्कारले नुहेका, श्रीकृष्णमा चित्त अर्पण गरेका, कविकेशरी भनी संसारमा प्रख्यात मान्धाताको काव्य विद्वान्हरूको गलाको हार खुशीले होओस् ।)

यताबाट उनी प्रताप मल्लका छोरा रहेछन् भन्ने थाहा हुन्छ र उनको प्रशस्ति पनि उनकै बाबुको प्रशस्तिको छायामा रचिएको देखिन्छ ।

६.१. **गीतकेशव**को अन्त्यमा यस्तो

नेपाले सम्मतेस्मिन् गगनग्रहमुनावङ्कित ज्यैष्ठकृष्णे ।
ज्येष्ठाभे भद्रयोगे प्रतिपदि सबुधे श्रीगीतयुक्केशवं ।
मान्धातासिंहनाम्ना सुजनमनविनोदार्थमेवं विरच्य ।
ग्रन्थं चारक्षदेतन्मधुरसुललितं राधिकाकृष्णसौख्यं ।। ।।

(७९० ले अङ्कित यस नेपालसंवत्मा, ज्येष्ठकृष्णमा ज्येष्ठानक्षत्र, भद्रयोगमा बुधवारसहितको प्रतिपदामा मान्धातासिंह नाउँ भएकाले सज्जनको मनोविनोदको लागि मधुर र ललित, राधिका र कृष्णको आनन्दको कुरा भएको, यो ग्रन्थ श्रीगीतकेशव यसरी रचेर ग्रन्थको रक्षा गर्नुभयो ।)

लेखिएकोले **गीतकेशव**को रचना वि.सं. १७२७ मा भएको ठहर्छ । यस कारण वि.सं. १६८० मा जन्मी वि.सं. १७३१ मा प्रताप मल्ल परलोक भएकाले[१०] उनको उमेर ४७ वर्षको हुँदा उनका छोरा मान्धाता सिंहले यो काव्य रचेको देखिन्छ ।

७. प्रताप मल्लको ने.सं. ७७२ तदनुसार वि.सं. १७०८ को एउटा उत्कीर्ण लेखमा सुन्दरनारायण र सुरतसाहि नाउँ भएका दुइ छोराको उल्लेख आएको छ ।[११] उनकै ने.सं. ७९० तदनुसार वि.सं. १७२७ को शिलास्तम्भलेखमा भूपेन्द्र मल्ल, चक्रवर्तेन्द्र मल्ल, महीपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्ल गरी ५ जना छोराको नाउँ आएको छ ।[१२] उनका मनमोहननाउँका छोरा पनि रहेछन् भन्ने कुरा मनमोहनकी आमा रछमणिको वि.सं. १७२९ को उत्कीर्ण लेखबाट थाहा हुन्छ ।[१३] प्रताप मल्लका भाकुतु भन्ने मठ्याहा छोरा रहेछन् भन्ने कुरा वि.सं. १७३६ मा उनी बित्दाको तात्कालिक टिपोटबाट थाहा पाइन्छ ।[१४]

---

१०. रामजी तेवारी आदि २०२१:२७, २८ ।
११. धनवज्र वज्राचार्य २०१९:५९ ।
१२. उही:६० ।
१३. महेशराज पन्त २०६९:८ ।
१४. धनवज्र वज्राचार्य २०१९:६० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७.१. यो **गीतकेशव** छोडेर अन्त कतै पनि मान्धाता सिंहलाई प्रताप मल्लका छोरा भनी लेखिएको देखिएको छैन । त्यसमाथि, मान्धाताको नाउँमा **मल्ल** नजोडिई **सिंह** जोडिएकोले यिनी असवर्ण सम्बन्धबाट जन्मिएका हुन् कि जस्तो लाग्छ । यिनकी आमा को हुन् भन्ने पनि थाहा छैन ।

७.२. पाटनका राजा योगनरेन्द्र मल्ल (वि.सं. १७२४-१७६२, राज्यकाल वि.सं. १७४१-१७६२), काठमाडौँका राजा भूपालेन्द्र मल्ल (वि.सं. ?-१७५७, राज्यकाल वि.सं. १७४४-१७५७) र भक्तपुरका राजा भूपतीन्द्र मल्ल (वि.सं. १७३१-१७७९, राज्यकाल वि.सं. १७५३-१७७९)ले संयुक्त रूपमा पाटनदरबारको मूलचोकमा राखेको ताम्रपत्रबाट प्रताप मल्लपछिको काठमाडौँ राज्यमा मान्धाताको निकै शक्ति भएको र पछि शक्तिशाली मन्त्रीले उनलाई मारेको कुरा थाहा हुन्छ–

> **महादेव ओझाको छोरो कन्तु ओझा पहिले बदल ओझाको सेवा गरी (जागीर खाई) बस्यो । अनि बदल ओझा र जयकृष्ण दुवैले (कन्तुलाई) मान्धाताकहाँ जागिरे गराइदिए । मान्धाताले अर्कै कुरा संझी जयकृष्णका दुवै बाबु छोरालाई मारिदिए ध्वजराजलाई पनि मारिदिए, बदल ओझालाई निकालिदिए । त्यसपछि त्यो ओझाले (कन्तुले) फकाई आफू अघि सरी मान्धातालाई मार्न खोज्यो । त्यो कुरा थाहा पाएर मान्धाताले कन्तुलाई निकालिदिए । यसपछि चिकुटिलाई मिलाएर (कन्तुले) मान्धातालाई मार्‍यो ।**[१५]

७.३. प्रताप मल्लका सवर्ण विवाहबाट जन्मेका छोराहरू बालकै भएकाले असवर्ण विवाहबाट जन्मेका मान्धाता बाबुको पालामा प्रभावशाली भएका र बाबु जस्तै कवि भई बाबुले **सङ्गीतदामोदर** लेखे जस्तै उनले पनि **गीतकेशव** लेखेको स्पष्ट हुन्छ ।

८. अब केही कुरा, **गीतकेशव**को यो लेखोट पुस्तक सार्दा प्रयोग गरिएका चिह्नको विषयमा ।

८.१. पङ्क्तिको छेउसम्म लेख्दा पनि कुनै शब्द पूरै त्यहाँ नअटाएपछि त्यस पङ्क्तिको छेउमा उल्टो काकपद जस्तो ३ ˅˅ वा ४ ˅˅ चिह्न ठाडो गरेर हाली त्यस शब्दको बाँकी अक्षर अर्को पङ्क्तिमा यहाँ लेखिएको देखिएको छ ।[१६] तर त्यहाँ यो नियम सर्वत्र लागू भएको छैन । पूरै शब्द त्यही पङ्क्तिमा अटाउँदा अटाउँदै पनि यस्तो चिह्न पङ्क्तिको अन्त्यमा कहीँ कहीँ हालिएको छ ।[१७] समस्तपदमा पूर्वपद माथिल्लो पङ्क्तिमा अटाए पनि उत्तरपद तल्लो पङ्क्तिमा लेख्दा[१८] र सन्धि हुँदा उत्तरपद तल्लो पङ्क्तिमा जाँदा[१९] पनि माथिल्लो पङ्क्तिको अन्त्यमा कहीँ कहीँ यही चिह्न हालिएको छ । अज्झीन वर्ण अर्को शब्दसँग जोडिई त्यो शब्द तल्लो पङ्क्तिमा लेखिँदा पनि सुल्टो काकपद जस्तो ३ वटा चिह्न ^ ^ माथिल्लो पङ्क्तिको पुछारमा ठाडो गरी राखिएको छ ।[२०]

८.२. यस्तो चिह्नको सट्टा ४ वा ५ थोपा भएको यस्तो ⁝ वा यस्तो ⁞ चिह्न पनि कहीँ कहीँ ठाडो गरी हालिएको छ ।

---

१५. रामजी तेवारी आदि २०२१:२४-२५ मा मूलको उल्था ।

१६. २ख:३, २ख:५, २०ख:२, २२क:४, २२ख:२, २३क:१, २३ख:२, २५क:२, २५क:५, २५ख:४, २६क:४, २६ख:५, २७ख:३, २७ख:४, २८क:२, २८ख:२, २९ख:४, २९ख:५, ३०क:४, ३०ख:३, ३०ख:४, ३१क:१, ३१क:४, ३२क:३, ३२ख:४, ३३ख:४, ३३ख:५, ३४क:४, ३४क:५, ३४ख:१, ३५ख:१, ३५ख:५, ३६क:२, ३६क:५, ३६ख:२, ३७क:४, ३७ख:२, ३८क:५, ३८ख:२, ३९क:५, ३९ख:४,४०क:२, ४०ख:२, ४१क:३, ४१क:४, ४१क:५, ४२क:३, ४२ख:२, ४२ख:३, ४३क:३, ४३क:५, ४५क:२, ४५क:४, ४५क:५, ४५ख:२, ४५ख:४, ४८क:३, ४८क:४, ४८ख:४, ४९क:३, ४९ख:४, ५०क:४, ५०क:५, ५०ख:३, ५२क:२, ५२क:४, ५४क:२, ५४क:३, ५४ख:४, ५५क:३, ५५क:५, ५६क:१, ५७ख:३, ५८क ३, ५८क:४, ५८ख:३ ।

१७. २०ख:४, २४ख:५, २८ख:३, ३६ख:३, ३९ख:२, ४०क:४, ४१क:१, ४९ख:३, ५१क:३, ५२ख:३, ५२ख:४ ।

१८. २२ख:५, २३क:२, २३ख:४, २४क:४, २६क:३, ३४क:३, ४४ख:१, ४६क:२, ५०ख:४, ५१क:२, ५३ख:२, ५४ख:३, ५५ख:३, ५५ख:४ ।

१९. ४१ख:५ ।

२०. ५६क:२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एउटा शब्द पङ्क्तिको छेउमा पुग्दा पनि नअटाउँदा,[२१] पूरै शब्द त्यही पङ्क्तिमा अटाउँदा अटाउँदै पनि[२२] तथा समस्तपदमा पूर्वपद माथिल्लो पङ्क्तिमा अटाए पनि उत्तरपद तल्लो पङ्क्तिमा लेख्दा[२३] राखिएको छ । ठाडो गरी राखिएको, उल्टो काकपद जस्तो चिह्न राखिसकेपछि फेरि ३ वटा थोपा भएको चिह्न ⁘ पनि एक ठाउँमा अपवादको रूपमा आएको छ (३४ख:३) ।

८.३. ताडपत्रका पुस्तकमा जस्तै, कागतमा लेखिएको यस पुस्तकमा पनि पत्रको बीचमा केही ठाउँ खाली छोडी एकैनासको सानो प्वाल पारिएको छ । यसको मतलब त्यहाँ धागो पसाई धागोले पत्रपत्र बाँध्न यस्तो प्वाल पारेको हुनुपर्छ । यसरी बीचमा ठाउँ खाली छोडिएकोले दोस्रोदेखि चौथो पङ्क्तिसम्म २ फ्याँकमा लेखाइ छ । त्यहाँ दायाँपट्टि सबै ठाउँमा त होइन, कहीँ कहीँ लेखाइ टुङ्गिएपछि माथि चर्चा गरिएको, उल्टो काकपद जस्तो चिह्न हालिएको छ ।[२४] माथि चर्चा गरिएका, ठाडा ४ वा ५ थोपा भएको चिह्न पनि त्यस्तो खाली ठाउँमा कहीँ कहीँ राखिएको छ ।[२५] कुनै कुनै पङ्क्तिमा यस्ता २ वटा ⁞ (२६ख:४, २६ख:५, ३९ख:३), ३ वटा ⁞⁞ (२७क:२) र ७ वटा (२७क:२) ⁞⁞⁞⁞⁞⁞⁞ चिह्न हालिएको देखिन्छ । यस चिह्नले के बुझाउन खोजेको हो, मैले अझ बुझ्न सकेको छैन ।

८.४. लेख्दा अक्षर टुटेको खण्डमा जहाँनिर टुटेको हो, त्यहाँ काकपद हाली थपिने अक्षर लेखी जुन पङ्क्तिमा थपिने हो त्यस पङ्क्तिको सङ्ख्या पनि हाली थपिने पङ्क्तिको नजीक पर्ने गरी किनारामा[२६] वा काकपदको उल्टो चिह्न हाली त्यसै गरी किनारामा थपिएको छ । त्यस्ता चिह्न कुनै साधा ˇ[२७] र कुनैमा माथि बिन्दु पनि हालिएको ˇ[२८] देखिन्छ । सार्दा कुनै पदमा वर्णविपर्यय हुँदा अघिबाट आउनुपर्ने अक्षरको शिरमा १ र त्यसपछि आउने अक्षरमा २ लेखिएको छ ।[२९] सार्दा अशुद्ध भएको ठाउँमा सच्याउनुपर्दा त्यस अशुद्ध अक्षरको टाउकोमा तेर्सो घुम्रिएको यस्तो ~ चिह्न हाली छोडिएको छ । यसको अर्थ बिग्रेको अक्षर सच्याउनू भन्ने मात्र हो, के सच्याउनुपर्ने भन्नेचाहिँ खुलाइएको हुँदैन ।[३०]

९. विषम पादको अन्त्यमा **मकार** आएमा हलन्त **म्** लेख्नुपर्ने भए पनि यहाँ आम तर अशुद्ध चलनअनुसार सर्वत्र अन्तिम वर्णमा अनुस्वार हालिएको छ । नित्य परसवर्ण गर्नैपर्नेमा यहाँ आम तर अशुद्ध चलनअनुसार धेरै ठाउँमा अनुस्वार हालिएको छ । परसवर्ण गर्नैपर्ने अवस्थामा पनि आम तर अशुद्ध चलनअनुसार यहाँ ठाउँठाउँमा

---

२१. १ख:३, १ख:५, २१ख:३, ३६ख:४, ३७क:३, ४६ख:४, ४६ख:५, ५२ख:५ ।

२२. २क:२ ।

२३. ४४क:२ ।

२४. १ख:४, २०ख:४, २१क:४, २१ख:३, २२क:४, २२ख:४, २३क:३, २३ख:३, २४ख:४, २५क:४, २५ख:४, २६क:४, २६ख:४, २७क:४, २७ख:३, २८ख:४, २९क:२, २९क:३, २९क:४, २९ख:३, ३०क:२, ३०ख:३, ३१क:२, ३१क:४, ३१ख:३, ३१ख:४, ३२क:३, ३२ख:३, ३३क:३, ३३क: ४, ३३ख:३, ३४क:३, ३४ख:४, ३५क:३, ३५ख:४, ३६क:३, ३६ख:३, ३६ख:४, ३७ख:३, ३८ख:३, ३९ख:४, ४९ख:४, ४१क:२, ४१क:४, ४१ख:४, ४२ख:२, ४२ख:४, ४३क:४, ४३ख:४, ४४क:४, ४५क:३, ४५ख:३, ४५ख:४, ४६ख:२, ४७क:२, ४७ख:४, ४८ख:३, ५०क:४, ५०ख:३, ५०ख:४, ५१क:३, ५२ख:४, ५३क:४, ५४ख:३, ५४ख:४, ५५ख:४, ५७क:४, ५८क:३, ५८ख:३ ।

२५. २क:३, २ख:३, २ख:४, २२क:३, ३०ख:४, ३१क:३, ४६ख:३, ४७क:४, ५१ख:४, ५३ख:३, ५४क:४, ५५क:३, ५५क:४ ।

२६. २७क:५, ३९क:५, ४४क:४, ५५क:५ ।

२७. ३०ख:३, ४१ख:१, ४४क:२, ४४ख:२ ।

२८. २६ख:३, ३५ख:२, ४४क:३, ५५क:३, ५५ख:२, ५८क:२ ।

२९. २१क:३, २९क:१, ३७ख:४, ४७क:१ ।

३०. **शिषाको षामाथि** (२०क:४), **म कलयामिको ममाथि** (२०ख:२-३), **°मनोरमनायको नामाथि** (२७क:५), **रतिमनुरमनगुनेनको नेमाथि** (३८क:२), **°करुषीकृत°को रुमाथि** (३९ख:१), **रमनको नमाथि** (४१क:१), **प्रतिमथतालेको थमाथि** (४३ख:२), **व्रनशूरंको नमाथि** (४४क:४), **प्रीनयित्वाको नमाथि** (४६क:५), **°सुन्दरकेस°को समाथि** (५७ख:१) ।

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनुस्वार हालिएको छ । नित्य परसवर्ण गर्नुपर्नेमा एउटै शब्द पनि कहीँ परसवर्ण गरेर कहीँ अनुस्वार हालेर लेखिएको छ ।[३१] दुइटा भिन्नाभिन्नै पदमा परसवर्ण विकल्पले गरिने भए पनि यहाँ कहीँ कहीँ परसवर्ण गरिएको छ ।[३२] कहीँ वलाई **ब** पढी परसवर्ण गरेको पनि देखिएको छ ।[३३] तर उपसर्ग वा मूल शब्दभन्दा अगाडि अर्को शब्द आएको खण्डमा धेरैजसो ठाउँमा परसवर्ण गरिएको छैन ।[३४]

१०. **क्** पर भएमा विसर्ग– साँच्चै भन्ने हो भने, जिह्वामूलीय–को ठाउँमा विकल्पले **ष्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ सर्वत्र जस्तै **ष्** लेखिएको छ।[३५] **प्** पर भएमा पनि विसर्ग– साँच्चै भन्ने हो भने, उपध्मानीय–को ठाउँमा विकल्पले **ष्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ धेरै ठाउँमा **ष्** लेखिएको छ, कहीँ कहीँ भने विसर्ग पनि कायम गरिएको छ ।[३६] **स्** पर भएमा विसर्गको ठाउँमा विकल्पले **स्** हुने वा विसर्ग नै कायम हुने नियम भए पनि यहाँ धेरैजसो ठाउँमा **स्** नै गरिएको छ,[३७] तर **श्** पर भएमा चाहिँ कहीँ पनि **श्** नलेखी सर्वत्र विसर्ग नै कायम गरिएको छ[३८] ।

रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको द्वित्व विकल्पले हुने भए पनि केही ठाउँमा बाहेक सर्वत्र यहाँ द्वित्व गरिएको छ,[३९] सन्धिको कारणले महाप्राणको ठाउँमा अल्पप्राण हुँदा भने द्वित्व गरिएको छैन । थोरै ठाउँमा मात्र यहाँ अवग्रहको प्रयोग भएको छ ।[४०]

---

३१. **पङ्कज** शब्द यस पुस्तकमा ५ चोटि आएको छ । ४ पटक **पंकज** (२३ख:२, ३२क:१, ५०ख:३, ५७ख:२) र १ पटक मात्र शुद्ध **पङ्कज** (३८क:१) लेखिएको छ । **कुञ्ज** शब्द पनि यहाँ ५ पटक आएको छ । ३ पटक शुद्ध **कुञ्ज** (२८ख:४, ३३ख:१, ४७ख:५) र २ पटक **कुंज** (२७ख:४, ३१क:४) लेखिएको छ । **शृङ्गार** शब्द यहाँ ३ पटक आएको छ । १ चोटि **शृंगार** (२८क:३) र २ चोटि शुद्ध **शृङ्गार** (४८क:४, ५८क:२) लेखिएको छ । **चङ्क्रिम** शब्द यहाँ २ पटक आएको छ । एकएकचोटि **चंगिम** (२३क:४) **चङ्क्रिम** (२४क:१) शब्द लेखिएको छ ।

३२. **वासञ्चकार** (१ख:५), **°तरूणामयञ्जनानां°** (२क:१), **परन्तीक्नया** (२ख:१), **°योजनञ्च** (२१ख:२), **पौरुषन्ते** (२१ख:३), **°तद्गुणञ्च** (२१ख: ४), **नितरान्नेत्रां°** (२२क:२-३), **किञ्च** (२३ख:५, ५३क:५), **°पूर्व्वङ्क्लिञ्वि°** (२६क:३), **गुणगणणन्तव** (२८क:१-२), **त्वाञ्चिरं** (३०क:५), **चरितन्तस्या** (३०ख:३), **°चरणैरदीपन्दिश°** (३२ख:३-४), **°मञ्जनञ्चकार** (३२ख:५), **°दीक्षान्दयितस्य** (३३क:१), **°मण्डनञ्च** (३३क:१), **किञ्चागत°** (३४क:४), **श्रीपतिर्गन्तुन्नैव** (३४क:५), **°शरीरमिदन्तव** (४०क:२-३), **°तलाघातैर्भंपकन्ताल°** (४१ख:५-४२क:१), **°जनम्प्रभु°** (४२ख:३), **चित्तञ्च** (४६क:१), **°शतशन्तव** (४६ख:४), **सुजनम्प्रति°** (५१क:५), **°फलोत्तमन्दिशतु** (५१ख:४), **जयन्दधानः** (५२क:३-४), **माम्परिरम्भय** (५३क:१), **स्तनञ्च** (५४क:५), **प्रियञ्च** (५८क:१) ।

३३. **पीतम्वसाना** (२०क:१), **°तरोरुरगम्वहन्ती** (२२ख:३), **स्वयम्वाक्य°** (२६ख:४), **किञ्चागतष्किम्वा** (३४क:४), **दूतीमागताम्वीक्ष्य** (३४ख:१) । एक ठाउँमा अनुस्वार र मकार दुवै लेखिएको छ– **किंम्वने** (२०ख:१-२) ।

३४. अपवाद- **सन्तापाम्बुधि°** (३२ख:५), **सन्ततं** (४४क:५), **सन्तर्ज्जिता°** (४५ख:४), **सम्प्रति** (४७क:३, ५०क:४, ५१क:३), **सञ्चित°** (५५क:३), **सकलमलङ्करणं** (५५ख:४) ।

३५. अपवाद- **प्रायशः क्षोणी°** (२क:५), **°व्याधिः कथ्यते** (२२ख:५), **लक्षणमेतयोः कथितमेव** (३७ख:३), **खर्व्वः कवोत°** (४३ख:१), **वः क्लेशं** (४६क:३), **जयन्दधानः कृतभूतिशुभ्रः कषायवासः कृशं°** (५२क:३-४), **सयोगपट्टः कृत°** (५२क:४), **°रागः कथित°** (५२क:५) ।

३६. अपवाद- **मूर्त्तिः प्रदिष्य** (२०क:२), **ललितः प्रदिष्टः** (२८ख:१), **नागतः प्रियतमे** (३७क:३-४), **इतस्ततः प्रेरित°** (५४ख:३) ।

३७. अपवाद- **°मणिभिः संसेवते** (२क:५-२ख:१), **°मल्लः सुविशुद्ध°** (२ख:३), **°तानः सुदृढा°** (२ख:४), **°सहस्रैः सुव्याकुला** (२०क:४), **विविक्तिः सुखहेतूनां** (२२ख:५), **विनिःसरन्** (२८क:५), **संस्तूयमानः सुर°** (३०ख:४), **राधायाः स्मर°** (३२क:३), **°मुखान्निःसृतं** (३२क:४), **देवाः सुरेन्द्रा°** (४२ख:५), **टङ्करागः समुद्दिष्टे हेमगौरः सुलोचनः** (५०क:२), **°जैः सुधा°** (५३ख:५-५४क:१), **घनकचाः स्रस्तस्रजः साकुलाः** (५४क:३) ।

३८. **नः शर्म्म°** (१ख:२), **रमनः श्रीयक्ष°** (२क:४), **°निलयः श्रीरत्नमल्लो** (२ख:२), **श्रीकामः शमनायते** (२४ख:२), **प्रसूतः शारंगको** (२४ख:४-५), **°वचः शृण्वन्ननङ्गोचित°** (२६क:४), **°रागः शिखि°** (३०ख:५), **वः श्रेयांसि** (३२क:५), **चितः श्रीपति°** (३४क:५), **सरोरुहैः शंकर°** (३९क:४), **सूनोः शस्त्र°** (५८क:५) ।

३९. **पितुर्जलनिधे°** (२ख:२), **कर्तुमहो** (२०ख:५) ।
स्वाधीनभर्तृका शब्द यस पुस्तकमा ५ चोटि आएको छ । तिनमा ४ पटक **भर्तृका**को **त** को द्वित्व गरिएको छैन (३४ख:५-३५क:१, ३६क:१, ५२क:५, ५४ख:४), १ पटक मात्र द्वित्व गरिएको छ (३४ख:४) ।

४०. **सर्वाभिरामोऽरमल्ल°** (२ख:५), **सन्तप्यतेऽनुनय°** (२०क:४), **गौरोऽलस°** (२८क:५), **देहगतेऽधिगत°** (२८ख:५), **ह्रद्गतेऽन्धतमसि** (३० क:१), **गमनेऽशक्तां** (३०ख:२), **श्रीधरेऽनुमतिं** (४२ख:४), **कण्ठेऽस्तु** (५८ख:१-२) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११. प्रशस्त ठाउँमा **ण**को ठाउँमा **न** लेखिएको छ ।[४१] एकाध ठाउँमा **न**को ठाउँमा **ण**,[४२] **ख**को ठाउँमा **ष**,[४३] **य**को ठाउँमा **ज**[४४] र **ष**को ठाउँमा **ख**[४५] पनि लेखिएको छ । **श, स, ष** पनि ठाउँठाउँमा छ्यासमिस भएको छ ।[४६]

१२. मान्धाता सिंहको **गीतकेशव** कुनै हालतमा पनि उत्कृष्ट काव्यमा पर्दैन । छोटकरीमा भन्नुपर्दा, यस काव्यमा व्याकरणविरुद्ध पद छेलोखेलो पाइन्छ । उदाहरणको लागि, छन्द मिलाउन तोडताड गरिएका **तस्मादाविरसीद्** (२ख:१), **कान्तिपूर्व्व च पुरीं** (२ख:३), **तस्मादजायन्निजवंशपूषा** (२ख:४), **चिन्तति** (२४क:१, ३९ख:५, ४०क:१, ४८क:१), **कम्पति** (२५ख:५), **ह्येतावतावस्थगतो** (२९क:४-५) र **सदाकर्ण्णति** (५७ख:३) जस्ता पद र व्याकरणको अज्ञानले हुन गएका **या चाटुकारमपरीक्ष्य विकुप्यते** (२०क:३-४) जस्ता वाक्य र **जघनं छाद्य** (५४क:५), **विरच्य** (५९क:१) र **त्यज्य** (३७क:५) जस्ता पदतर्फ आँल्याउन सकिन्छ । खास गरी गेय छन्दमा त अक्षरमा निकै परिवर्तन गरिएको छ । त्यसका दृष्टान्त **विदधामि**को ठाउँमा **विधेमि** (२०ख:१), **भवति**को ठाउँमा **भावति** (२०ख:५), अनुप्रास मिलाउन **सद्म**को ठाउँमा **°सद्मं** (२५ख:१), **सुनाम**को ठाउँमा **सुनामं** (२५ख:३) जस्ता पदमा पाइन्छन् । छन्दकै लागि **हरी रचयतु**को ठाउँमा **हरि रचयतु** (२८क:३), **देहोऽपि**को ठाउँमा **देह अपि** (३४क:१) गरेको पनि देखिएको छ । कविकै नाउँ सुद्धा प्रशस्त ठाउँमा **मान्धाता** नगरी छन्द मिलाउन **मानधाता** लेखिएको छ । साँच्चै भन्ने हो भने, यो शब्द ऋकारान्त भएकोले प्रत्येक सर्गको पुष्पिकामा **श्रीमन्मान्धातासिंहविरचिते** र पद्यमा **मान्धातासुकवेस्तथैव** (५८क:३), **मान्धाताकविकेशरीति** (५८ख:१), **मान्धातासिंहनाम्ना** (५९क:१) लेखिएको पनि अशुद्ध हो । छन्दको कुरा गर्ने हो भने पनि, पहिलो पाउ स्रग्धरामा बाँकी ३ पाउ शार्दूलविक्रीडितमा लेखिएको देखिएको छ (३१ख-३२क:३) ।[४७] यो देख्दा मान्धाता सिंहका बाबु प्रताप मल्लको एउटा पद्यमा २ पाउ शार्दूलविक्रीडितमा र २ पाउ स्रग्धरामा भएको सम्झना हुन्छ ।[४८] काव्यको दृष्टिबाट तल्लो श्रेणीमा पर्ने **गीतकेशव**लाई खालि नेपालमा गीतगोविन्दको परम्परा बुझ्न र नेपालको अठाह्रौँ शताब्दीको संस्कृतवाङ्मयको एउटा कडीको रूपमा मात्र हामीले हेर्नुपर्छ । यसको पहिलो सर्ग खण्डित नभएको भए तात्कालिक इतिहासमा केही प्रकाश पर्दो हो । तर ग्रन्थकारका बराजुका पनि बराजु अर्थात् अमर मल्लको नाउँ लिइसकेपछि यस सर्गका पत्र हराएकाले इतिहासमा यसको खास उपयोग गर्न पनि सकिएन ।

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिवधर्म पुराण सङ्क्षिप्त परिचय

- प्रा.डा. भागवतप्रसाद शर्मा*

१. विषयप्रवेश

वैदिकवाङ्मय विश्वकै सबभन्दा प्राचीन ज्ञान र विज्ञानको अपार भण्डार हो भने पुराणवाङ्मयमा पनि त्यत्तिकै महत्त्वपूर्ण ज्ञानविज्ञानको समुच्चय सञ्चित रहेको छ । यद्यपि पुराणवाङ्मय देवताविशेषको प्रभावातिशयको व्याख्यानमा बढी केन्द्रीभूत रहेको देखिन्छ तापनि यसमा मानवजीवनोपयोगी ज्ञानविज्ञान र व्यवहारसँग सम्बद्ध सामग्रीहरू छरिएर रहेका छन् । समग्रमा भन्नु पर्दा धर्म, संस्कृति र इतिहासका साथै सृष्टिको उषाकालदेखिकै व्यावहारिक अध्ययन पुराणहरूमा समेटिएको पाइन्छ । तर अझै सम्म पनि पुराणवाङ्मय व्यवस्थितरूपमा समग्रतया प्रकाशित भइसकेको छैन । प्राचीनकालदेखि नै अठार महापुराणहरू, अठार उपपुराणहरू र अठार नै औपपुराणहरू रहेको उल्लेख र प्रसिद्धि रहे पनि समुपलब्ध सबै नामहरूलाई समाविष्ट गर्दा यिनको सङ्ख्या समग्रतामा सयौँ भन्दा बढी देखिन्छ (संस्कृत वाङ्मयका इतिहास, तेह्रौ खण्ड, भूमिका भाग, पृ.२५) भने यी मध्ये कतिपयको स्थान र ग्रन्थगत स्वरूपका विषयमा पर्याप्त मतभेदहरू रहेका छन् । समुपलब्ध पुराणहरूमा शिवधर्म उपपुराणको पनि स्थिति त्यति स्पष्ट हुन सकेको छैन ।

राष्ट्रिय अभिलेखालयमा रहेका अहिले सम्म केलाइएका तीनवटा पाण्डुलिपि मध्ये लगत सङ्ख्या ४-१५६७ विषयसङ्ख्या पुराण ३०८ तथा माइक्रो फिल्म रिल सङ्ख्या B २१९/८ रहेको नेवारी अक्षारको पाण्डुलिपिमा शिवधर्म शास्त्र, शिवधर्मोत्तर, शिवधर्म संग्रह, उमामहेश्वर संवाद, शिवोपनिषद् र उत्तरोत्तर महासंवाद गरी छवटा मात्र ग्रन्थ रहेका छन् । भारतको कोलकाता स्थित एशियाटिक सोसाइटीमा संरक्षित दुईवटा शिवधर्मपुराणका पाण्डुलिपिहरूमा पनि उपर्युक्त छवटै ग्रन्थहरू रहेको उल्लेख (त्यहीं पृ.२६) पाइन्छ भने लगत सङ्ख्या ५-५३७०, विषय सङ्ख्या ३०७ माइक्रोफिल्म रिल सङ्ख्या A १३६३/७, B २१९/२ मा पञ्जीकृत नेवारी अक्षारको पाण्डुलिपि र लगत सङ्ख्या ४-२५३७ विषय सङ्ख्या ३१० र माइक्रोफिल्म रिल सङ्ख्या B २१९/३ मा रहेको मैथिली अक्षारको पाण्डुलिपिमा उपर्युक्त छ ग्रन्थहरूका साथै वृषसारसंग्रह र धर्मपुत्रिका गरी थप दुई ग्रन्थहरू पनि समाविष्ट छन् । सम्बद्ध लेखक लगायतहरूद्वारा नै शिवधर्मोत्तरको भूमिका भागमा र बाह्य उल्लेखहरूका आधारमा शिवधर्म पुराणमा उपर्युक्त वृषसार संग्रह र धर्मपुत्रिका सहित आठै ग्रन्थहरू रहेको उल्लेख गरिएको छ (शिवधर्मोत्तर भूमिका भाग, पृ. ५) भने पशुपतिमत नामक ग्रन्थमा उपर्युक्त आठै ग्रन्थहरूलाई शिवधर्म कै अभिन्न अङ्गका रूपमा प्रस्तुत गरी प्रकाशित गरिएको छ तर माथि उल्लेख गरिएका राष्ट्रिय अभिलेखालयका तीनवटै पाण्डुलिपिहरूको विषयवस्तुलाई गहिरिएर केलाउँदा त्यसभन्दा भिन्न स्थिति देखिन्छ । अतः शिवधर्म पुराणसँग शिवधर्म शास्त्र, शिवधर्मोत्तर, शिवधर्म संग्रह, उमामहेश्वर संवाद, शिवोपनिषद्, उत्तरोत्तर महासंवाद, वृषसारसंग्रह र धर्मपुत्रिका गरी यी आठैवटा ग्रन्थहरू सम्बद्ध छन् वा वृषसारसंग्रह र धर्मपुत्रिकालाई छोडेर उल्लिखित छ ग्रन्थमात्र हुन् त्यसको निर्क्योल हुन सकेको छैन । वास्तविक वस्तुस्थिति के हो भन्ने विषयमा राष्ट्रिय अभिलेखालयका उपर्युक्त तीन पाण्डुलिपिका आधारमा

*प्राध्यापक, सहित्य विभाग, विश्वविद्यालय विद्यापीठ, दाङ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यी आठै ग्रन्थहरूको विषयगत विवरण प्रस्तुत गरी वास्तविकता दर्शाउने उद्देश्यले यो लेख प्रस्तुत गरिएको छ ।

२. शिवधर्मको पुराणता

पुराणवाङ्मय संस्कृत भाषामा रहेको वैदिक वाङ्मय पछिको महत्त्वपूर्ण ज्ञाननिधि हो । पुराणहरू धार्मिक, सांस्कृतिक, दार्शनिक, आध्यात्मिक, ऐतिहासिक दृष्टिका साथै मानवजीवनोपयोगी व्यावहारिक ज्ञानका दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छन् । त्यसैले नै पुराणहरूलाई पाचौं वेदको प्रतिष्ठा प्राप्त छ-

इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः ।
सर्वेभ्य एव वक्त्रेभ्यः ससृजे सर्वदर्शनः ।।
(भागवतपुराण ३।१२।३९)

पुराणहरूका तीन कोटिहरू महापुराण उपपुराण र औपपुराणहरूमध्ये शिवधर्मको प्राचीन कालदेखि पुराणहरूमै उपपुराणका रूपमा गणना भएको देखिन्छ -

आद्यं सनत्कुमारोक्तं नारसिंहमतः परम् ।
तृतीयं स्कान्दमुद्दिष्टं कुमारेण च भाषितम् ।।
चतुर्थं शिवधर्माख्यं साक्षान्नन्दीश भाषितम् ।
दुर्वाससोक्तमाश्चर्यं नारदीयमतः परम् ।।
कपिलं वामनं चैव तथैवोशनसेरितम् ।
ब्रह्माण्डं वारुणं चाथ कालिकाह्वयमेव च ।।
माहेश्वरं तथा साम्बं सौरं सर्वार्थ सञ्चयम् ।
पराशरोक्तमपरं मारीचं भास्कराह्वयम् ।।
(कूर्मपुराण पूर्वार्द्ध १।१७-२०)

उपर्युक्त उल्लेखमा शिवधर्मको स्पष्ट रूपमा अठार उपपुराणहरूमा उल्लेख भएको देखिन्छ । अतः शिवधर्मको पुराणता पुराणहरूबाट नै प्रमाणित छ भन्ने कुरामा कुनै सन्देह रहँदैन । तर यसको रचनागतस्वरूप यद्वा समग्रतामा यसको ग्रन्थगत रूप के हो ? अथवा यस भित्रका भनी चर्चित सबै आठ अंशहरू यस भित्रकै हुन् वा होइनन् भन्ने विषयमा भने अन्यौल रहेको छ । यी खण्डहरूमा वर्णित विषयवस्तुका आधारमा यथार्थ निर्धारण गर्न सजिलो होस् भनी यस भित्र रहेका भनी चर्चित र कतिपय पाण्डुलिपिमा एकत्र संगृहीत आठवटै ग्रन्थहरू १. शिवधर्मशास्त्र, २.शिवधर्मोत्तर, ३.शिवधर्मसंग्रह, ४.उमामहेश्वरसंवाद, ५.शिवोपनिषद्, ६.उत्तरोत्तर महासंवाद, ७.वृषसारसंग्रह ८.धर्मपुत्रिकामा वर्णित विषयवस्तु र प्रवक्ताहरूको सङ्क्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ ।

२.१. शिवधर्मशास्त्र

शिवधर्मशास्त्र शिवधर्मपुराणमा रहेको पहिलो खण्ड हो । यसमा कुल १२ अध्याय रहेका छन् । भगवान् शिवको स्तुतिबाट ग्रन्थ प्रारम्भ भएको छ -

नमस्तुङ्गशिरश्चुम्बि चन्द्रचामरचारवे ।
त्रैलोक्यनगरारम्भे मूलस्तम्भाय शम्भवे ।।
(शिवधर्मशास्त्र प्रथम अध्याय)

यसमा शिवलाई सृष्टिको मूल आधारस्तम्भ मानिएको छ । यस शिवधर्मशास्त्रका सनत्कुमार सहित ऋषिगण श्रोता र शिवगण नन्दिकेश्वर प्रवक्ता रहेका छन् । तर नन्दिकेश्वर यसका अनुवादक मात्र हुन् । मूलतः यसका प्रवक्ता भगवान् शिव र शिवपरिवार श्रोता रहेका छन् -

श्रूयतामभिधास्यामि सुखोपायं महत्फलम् ।
परमः सर्वधर्माणां शिवधर्म शिवात्मकम् ।।
शिवेन कथितं पूर्वं पार्वत्याः षण्मुखस्य च ।
गणानां देवमुख्यानामस्माकञ्च विशेषतः ।। (त्यहीं)

यसको पहिलो अध्यायमा शिवभक्तिको महिमाको वर्णन छ भने द्वितीय अध्यायमा सनत्कुमारका शिवधर्मसम्बन्धी जिज्ञासाहरू प्रस्तुत गरिएका छन् । तृतीय अध्यायमा लिङ्गोत्पत्तिको वर्णन, चतुर्थ अध्यायमा शिवालय निर्माणविधि, पञ्चम अध्यायमा शिवार्चन विधि तथा पूजाको लागि आवश्यक द्रव्यहरूको विधान गरिएको छ । छैठौं शान्त्याधिकार नामक अध्यायमा शिवयोगद्वारा शान्ति स्थापनाको विधि निर्दिष्ट छ भने सातौं अध्यायमा शिवपूजाको माहात्म्य र दानको फल निर्दिष्ट छ । आठौं अध्यायमा शिवको नामबाट गरिने दानहरूको फलवर्णन, नवौं अध्यायमा शिवलिङ्गको पूजाका लागि व्रतविधान वर्णित छ । यसैगरी शिवधर्म शास्त्रको दशौं अध्यायमा उपवास र गोदान विधि, एघारौं अध्यायमा शिवाश्रमको महत्त्व र शिवधर्मका शाखाहरूको वयान छ भने अन्तिम बाह्रौं अध्यायमा पनि शिवभक्तहरूका शाखा, उपशाखाहरू र शिवका महादेव, ईशान, उग्र, रुद्र, भव, शर्व, पशुपति र भीमका क्रमश चन्द्र, सूर्य, वायु, अग्नि, जल, पृथ्वी, आकाश र यजमानरूप आठमूर्तिहरूको पूजाविधि निर्दिष्ट छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी शिवनमनबाट प्रारम्भ भएको शिवधर्म पुराणको शिवधर्मशास्त्रखण्ड शिवका अष्टमूर्तिको पूजाविधानसँगै बाह्रौं अध्यायमा समाप्त भएको छ-

मूर्तयोऽष्टौ शिवस्योक्ताः पूर्वादिक्रमयोगतः ।
आग्नेयान्तः प्रयोक्तव्यास्तेभ्यः शिवाङ्गपूजनम् ।।(त्यहीं)

२.२ शिवधर्मोत्तर

शिवधर्मको यो शिवधर्मोत्तर खण्ड यसै वर्ष राष्ट्रिय अभिलेखालयबाट नेपालीमा अनुवाद सहित प्रकाशित भइसकेको छ । यसमा पनि १२ अध्याय छन् । यसका प्रवक्ता स्कन्द र श्रोता अगस्ति छन् । अगस्ति कै जिज्ञासामा स्कन्दले भगवान् शिवद्वारा उपदिष्ट यस शिवधर्मोत्तर शास्त्रको व्याख्या गरेका हुन् -

इति सञ्चोदितः स्कन्दः सर्वप्रश्नार्थभाषकः ।
प्रत्युवाचमहासेनो नमस्कृत्य महेश्वरम् ।।

स्वर्गापवर्गफलदं नरकार्णवतारकम् ।
शिवधर्मोत्तरन्नाम शास्त्रमीश्वर भाषितम् ।।

(शिवधर्मोत्तर १।१५-१६)

शिवधर्मोत्तर ग्रन्थ मूलतः बाह्रहजार श्लोकको थियो तर स्कन्दले अगस्तिलाई सारसंक्षेप गरी सुनाएका थिए-

उक्तं द्वादशसाहस्रं शिवधर्मोत्तरं महत् ।
अगस्तये मुनीन्द्राय कुमारेण महात्मना ।।
इतीह कर्मयोगस्य ज्ञानयोगस्य तत्त्वतः ।
धर्माधर्मगतीनाञ्च स्वरूपमुपवर्णितम् ।।
(त्यहीं १२।२६३-२६४)

यस ग्रन्थको पहिलो अध्यायमा शिर्वाचनका छ अङ्गहरू, दोस्रोमा विद्यादानको महिमा, तेस्रोमा ज्ञानयोगको र चौथोमा सत्पात्रदानको महत्त्व प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा शिवलोकमा धर्मगतिको वर्णन गरिएको छ भने छैठौंमा पापहरूको निरूपण र सातौंमा विभिन्न पापहरूका फलहरू निरूपित छन् । आठौं अध्यायमा संसारगति, नवौंमा स्वर्ग र नरकका चिह्नहरू र दशौं अध्यायमा ज्ञानयोगको निरूपण गरिएको छ । यसै गरी एघारौं अध्यायमा प्रायश्चित्तविधि र अन्तिम बाह्रौं अध्यायमा गोलोक र शिवलोकको स्वरूप र महिमा प्रस्तुत गरिएको छ । यस खण्डको समस्त वर्णन शिवधर्मकै परिधिमा प्रस्तुत गरिएको छ ।

नमोऽस्तु तस्मै शकलेन्दुधारिणे फणीन्द्ररत्नाद्युतिकण्ठरागिणे ।
हराय शुभ्राभ्रकपालमालिने विभिन्नदैत्यस्फुरितैकशूलिने ।।
(त्यहीं १।१)

यस शिवस्तुतिरूप मङ्गलाचरणबाट शुरु भएको यो ग्रन्थ निम्नलिखित शिवधर्मको महिमागानमा समाप्त भएको छ -

शृणोति यत्र सततं शिवधर्मं नराधिपः ।
तत्र देशे भवेन्नित्यं सर्वेषां देहिनां शिवम् ।।
(त्यहीं १२।२९९)

२.३. शिवधर्मसंग्रह

शिवधर्मसंग्रह शिवधर्म पुराणभित्र संगृहीत तृतीय ग्रन्थ हो । शिवधर्मसंग्रहमा पनि बाह्र अध्याय नै रहेका छन् । यस खण्डमा अलग अलग अंशमा बेग्लाबेग्लै श्रोता र वक्ता रहेका छन् । पहिलेका तीन अध्यायमा मयूरवाहन स्कन्द जिज्ञासु श्रोता छन् भने देवाधिदेव महादेव स्वयं प्रवक्ता छन् । चौथो अध्यायदेखि एघारौं अध्यायसम्म उमा श्रोता र महादेव प्रवक्ता छन् भने अन्तिम बाह्रौं अध्यायमा ऋषिहरू श्रोता तथा वायु प्रवक्ताको रूपमा रहेका छन् । शिवधर्मसंग्रहका प्रथम तीन अध्यायहरूमा मानवीय सृष्टिको सन्दर्भ, गर्भपीडा, मानवजीवनका अज्ञानजन्य विसङ्गति र तिनबाट मुक्तिका उपायहरूको वर्णन गरिएको छ । चतुर्थ अध्यायमा उमाको जिज्ञासामा महादेवद्वारा कर्मविपाकहरूको वर्णन गरिएको छ । पञ्चम अध्यायमा पापमुक्तिका उपायहरू र शिवलिङ्गको महिमा उपदिष्ट छ । छैठौं अध्यायमा शिवलिङ्गको स्थापना र पूजनको फल, दरिद्रताका कारण र त्यसबाट मुक्तिका उपायहरू, सातौं अध्यायमा तीर्थहरूको महिमा, आठौं अध्यायमा उपवासको फल र महत्त्व, नवौं अध्यायमा वैदिक धर्मविधान, दशौं अध्यायमा लोकहरू र द्वीपहरूको वर्णन छ भने एघारौं अध्यायमा द्वीप र वर्षहरूका अधिपतिको वर्णनका साथै गङ्गाको उत्पत्ति, महिमा र लोकहरूको वर्णन छ । अन्तिम बाह्रौं अध्यायमा शिवलोकको महिमा रहेको छ ।

नमः परमदेवाय त्रैगुण्यविजितात्मने ।
सर्वतो योगरूपाय संसाराभावहेतवे ।। (शिवधर्मसंग्रह प्रथम अध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिवस्तुतिपरक यस पद्यबाट प्रारम्भ भएको शिवधर्मसंग्रह पृथ्वीलोकमा शिवपूजाबाट स्वाभिलषित वर प्राप्त हुन्छ भन्ने वाक्यवेत्ता वायुको अधोनिर्दिष्ट पद्यवाक्यसँगै समाप्त भएको छ –

सोऽर्च्यमानो महीपृष्ठे मर्त्यानां वरदो भवेत् ।
इति होवाच भगवान् वायुर्वाक्यविशारदः ।। (त्यहीं द्वादश अध्याय)

२.४. उमामहेश्वर संवाद

शिवधर्ममा संगृहीत चौथो ग्रन्थ उमामहेश्वर संवाद हो । यसमा २२ अध्याय रहेका छन् । प्रस्तुत ग्रन्थको नामबाटनै उमा जिज्ञासु श्रोता र महादेव प्रवक्ता रहेको कुरा स्पष्ट छ । यस ग्रन्थको पहिलो अध्यायमा चारै वर्णहरूका कर्महरूको विवेचन, द्वितीय अध्यायमा पापाचरणका फलहरू, तृतीयमा सदाचारको फल र चतुर्थ अध्यायमा अहिंसा, सत्य, तप, व्रत तथा उपवास आदिको महिमा र ध्यानयोगबाट शिवलोक प्राप्तिको उपाय बताइएको छ । पञ्चम अध्यायमा ध्यान तथा स्नानविधिहरू, छैठौं अध्यायमा गृहस्थाश्रमको वर्णन, सातौं अध्यायमा गृहस्थाश्रमीका कर्तव्यहरू, आठौं अध्यायमा कलियुग, धर्मवर्णन र गृहस्थाश्रमधर्मको अतिक्रमणको स्थिति, नवौं अध्यायमा युगदोष, दशौं अध्यायमा युगान्त लक्षणको वर्णन छ । एघारौं अध्यायमा कर्मफलको भोग, बाह्रौं अध्यायमा कालमहिमा, तेह्रौं अध्यायमा आयुका कारण, चौधौं अध्यायमा विभिन्न योनिमा जन्मको कारण, पन्द्रौं अध्यायमा नरकविशेषमा वासका कारण, सोह्रौं तथा सत्रौं अध्यायमा नरक र स्वर्गप्राप्तिका कारणहरू, अठारौं अध्यायमा भारतवर्षको महत्त्व, उन्नाइसौं अध्यायमा विष्णु आदि देवताहरूका तुष्टिका उपायहरूको वर्णन प्रस्तुत गरिएका छन् । बीसौं अध्यायमा पितृयज्ञको महिमा, एक्काइसौं अध्यायमा स्वरवर्ण शब्द र समयमान तथा अन्तिम बाइसौं अध्यायमा विष्णुको पृथिवीमा अवतरण रहस्यको उल्लेख गरिएको छ ।

पर्वते स शुभे रम्ये हिमवन्ते महीधरे ।
औषध्यादिभिराच्छन्ने नानाद्रुमलताकुले ।।
(उमामहेश्वर संवाद प्रथम अध्याय)

यस हिमालयको वर्णनबाट प्रारम्भ भएको यो ग्रन्थ निम्नलिखित पद्यमा समाप्त भएको छ -

ज्ञानमूलाः क्रियाः सर्वाः फलमूलाभियोजिताः ।
एतत्ते कथितं देवि ! किमन्यच्छ्रोतुमिच्छसि ।।
(त्यहीं द्वाविंश अध्याय)

२.५. उत्तरोत्तर महासंवाद

उत्तरोत्तर महासंवाद पनि उमामहेश्वर संवाद नै हो । यस ग्रन्थमा कुल नौ अध्याय रहेका छन् । यसमा समग्रमा मानवकल्याणका लागि उमाका जिज्ञासामा महेश्वरद्वारा धर्म र अधर्मका फलहरूको निरूपण गरिएको छ । यसको प्रथम अध्यायमा धनवान् र निर्धन हुने कर्महरूको विवेचनाका साथ पापकर्मका फलहरूको निरूपण छ । द्वितीय अध्यायमा सत् तथा असत् कर्महरूको फलका साथै शिवलिङ्गको स्थापना र अर्चनाका फलहरूको निरूपण छ । तृतीय अध्यायमा शिवार्चनका लागि विशेष पुष्पहरूको विशेष फल, धर्मका लक्षण, गुण र धर्मविशेष वा देवविशेषका भक्तहरूको महिमा वर्णित छ । चतुर्थ अध्यायमा अङ्गहीनता रूप विपाकका कर्महरूको उल्लेख छ भने पञ्चममा यमलोकका विषय र प्रयाग आदि तीर्थहरूको महिमा र गोदानको महिमा, छैठौं अध्यायमा वृषदानको महिमा एवं अग्निहोत्रको आवसथ्य विधि र महत्त्व, सातौं अध्यायमा अग्निहोत्रमा संभावित दोषहरू र वेदको परिचय, आठौंमा सन्मार्गको अतिक्रमणको फल र अन्तिम नवौं अध्यायमा युगगत गुणदोषका साथ गृहस्थका लागि सदाचार उपदिष्ट छ । यो ग्रन्थको प्रारम्भमा निम्नलिखित पद्य रहेको छ -

कैलासशिखरासीनं देवदेवं जगद्गुरुम् ।
पृच्छते शङ्करं देवी धर्माधर्मं कथं हि मे ।।
(उत्तरोत्तर महासंवाद प्रथम अध्याय)

अन्त्यमा निम्नलिखित पद्य रहेको छ -

सत्यवादीचयो नित्यं स मुनिस्तु प्रकीर्तितः ।
गृहाश्रमपरस्थस्य आश्रमो नैव विद्यते ।। (त्यहीं, नवौं अध्याय)

२.६. शिवोपनिषद्

शिवोपनिषद् शिवधर्म पुराणभित्रकै पाण्डुलिपिहरूमा संग्रहीत रहेको छ । यो ग्रन्थ भारतीय प्रकाशनसंस्था मोतीलाल बनारसीदासद्वारा उपनिषत्संग्रहभित्र प्रकाशित भइसकेको छ । यसमा कुल ७ अध्यायहरू छन् । यसका जिज्ञासु श्रोता ऋषि आत्रेय र प्रवक्ता महादेव हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसको प्रथमाध्यायमा मुक्तियोग, द्वितीयमा शिवलिङ्गको स्थापना र अर्चनाको विधि, तृतीयमा शिवशान्तिगृह विधान र चतुर्थमा शान्तिगृह र अग्निकार्य निर्देश गरिएको छ । यसै गरी पञ्चमाध्यायमा भस्मस्नानविधि, षष्ठमा दानफल निरूपण र अन्तिम सप्तम अध्यायमा शिवाचार निरूपण गरिएको छ ।

सामान्यतया शास्त्रान्तरमा ज्ञानयोगबाट मुक्तिको उपाय बताइएको छ तर शिवोपनिषद्को उपदेश भने- जुन मानिसहरूले ज्ञानयोग प्राप्त गर्न सक्दैनन् तिनका लागि समेत शिवभक्ति मोक्षको सहज मार्ग भएको बताइएको छ-

ज्ञानयोगं न विन्दन्ति ये नरा मन्दबुद्धयः ।
ते मुच्यन्ते कथं घोराद् भगवन् भवसागरात् ।।
(शिवोपनिषद् प्रथमअध्याय ३)

शिवोपनिषद्मा सार रूपमा सांसारिक बन्धन र मुक्तिका दुई कारण मानिएका छन् –ममत्व र निर्ममत्व । ममता बन्धनको कारण हो भने निर्ममत्व मोक्षको कारण हो -

द्वे पदे बन्धमोक्षाभ्यां ममेति न ममेति च ।
ममेति बध्यते जन्तुर्न ममेति विमुच्यते ।।
(त्यहीं सप्तम अध्याय ११४)

यसमा शिवको महिमाको वर्णन गर्दै भनिएको छ– 'शिव' यो दुई अक्षार र 'ओम्' यो एक अक्षरको मन्त्रको निरन्तर अभ्यासबाट परम पद मोक्ष प्राप्त गर्न सकिन्छ –

यः शिवं शिवमित्येवं द्व्यक्षरं मन्त्रमभ्यसेत् ।
एकाक्षरं वा सततं स याति परमं पदम् ।।
(त्यहीं प्रथम अध्याय २१)

२.७. वृषसारसंग्रह

वृषसारसंग्रह नामक ग्रन्थ कतिपय पाण्डुलिपिहरूमा शिवधर्मपुराणकै संग्रहमा विद्यमान छ । यसको भाषा अत्यन्त अपरिष्कृत छ र अशुद्धिको बहुलताले गर्दा अझैं दुर्बोध बन्न गएको छ । यसमा २४ अध्याय र अनेक जिज्ञासु र प्रवक्ताहरू देखिन्छन् । प्रथमतः जनमेजयको जिज्ञासामा वैशम्पायनले प्रवचन गर्दछन् । दोस्रोमा वीतरागका जिज्ञासामा अनर्थयज्ञले उपदेश गर्दछन् । त्यसभित्र पनि कतिपय अध्यायहरूमा महादेवीको जिज्ञासामा शिवद्वारा गरिएको प्रवचनलाई नन्दिकेश्वरले उद्धृत गर्दछन् । विपुलोपाख्यानमा विष्णु, इन्द्र आदि देवताहरू पनि संवादमा देखिन्छन् । यसरी ग्रन्थभित्र भित्रभित्रै धेरै संवादहरू रहेका छन् । यसको पहिलो अध्यायमा ब्रह्माण्ड सङ्ख्या, दोस्रोमा शिवाण्डसङ्ख्या, तेस्रोमा अहिंसामहिमा, चौथोमा यमविभाग, पाँचौंमा शौचाचारविधि, छैठौंमा यज्ञविधि, सातौंमा दानमहिमा, आठौंमा नियमनिरूण, नवौंमा गुणक्रियाविवेचन, दशौंमा कायतीर्थमहिमा, एघारौंमा आश्रमधर्मनिरूपण, बाह्रौंमा विपुलोपाख्यान, तेह्रौंमा गर्भोत्पत्ति, चौधौंमा शरीरोत्पत्तिप्रक्रिया, पन्ध्रौंमा जीवनिर्णय, सोह्रौंमा अध्यात्मविद्या विवेचन, सत्रौंमा दानमहिमा, अठारौंमा कर्मफलनिरूपण, उन्नाइसौंमा दानयज्ञविधि, बीसौंमा साङ्ख्यतत्त्व दिग्दर्शन, एक्काइसौंमा विष्णुस्तुति तथा कल्पनिर्णय, बाइसौंमा दश यज्ञादि निरूपण, तेइसौं अध्यायमा निद्रोत्पत्ति कथन र अन्तिम चौबीसौं अध्यायमा तीनै लोकको परिधिको वर्णन गरिएको छ ।

यो एक लाख पद्य, एकहजार अध्याय र एक सय पर्व भएको नारद संहिताको श्रवण पछिका जिज्ञासाहरूमा आधारित भएकाले नारदसंहिताकै पृष्ठभूमिमा प्रस्तुत प्रवचन ग्रन्थ हुन सक्दछ–

शतसाहस्रिकं ग्रन्थं सहस्राध्यायरुत्तमम् ।
पर्वमस्य शतं पूर्णं श्रुत्वा नारदसंहिताम् ।।
अतृप्तः पुनः पप्रच्छ वैशम्पायनमेव हि ।
जनमेजयस्तु (जनमेजयेन) यत्पूर्वं तच्छृणु
त्वमतन्द्रितः ।। (वृषसारसंग्रह प्रथम अध्याय)

यसको मङ्गल पद्यमा हरि, इन्द्र, ब्रह्मा आदि देखि लिएर समग्र अखण्ड तत्त्वलाई नमन गरिएको छ-

अनादिमध्यान्तमनन्तपारं सुसूक्ष्ममव्यक्त जगत्सुसारम् ।
हरीन्द्रब्रह्मादिभिरासमग्रं प्रणम्य वक्ष्ये वृषसारसंग्रहम् ।।
(वृषसारसंग्रह प्रथम अध्याय)

ग्रन्थका अन्त्यमा यसको अध्ययनबाट शिवपद प्राप्त हुने बताइएको छ –

नित्यं योऽधीतपूर्वं प्रतिदिनशतश ठद्धियन्ते च सर्व-
आत्मानं निर्विकल्पं शिवपदमसमं प्राप्नुवन्तीह सर्वे ।
(वृषसारसंग्रह चतुविंश अध्याय)

२.८.धर्मपुत्रिका

धर्मपुत्रिका नामक ग्रन्थ पनि शिवधर्मपुराणका कतिपय पाण्डुलिपिहरूमा संगृहीत भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो ग्रन्थ धर्मसँग भन्दा बढी योगविज्ञानसँग सम्बद्ध रहेको छ । यस ग्रन्थको मङ्गलाचरणमा ग्रन्थकर्ताले योगशास्त्रका आदि प्रणेता सनकमुनिलाई प्रणाम गर्दै उनकै ग्रन्थका आधारमा धर्मपुत्रिका संहिताको प्रणयन गरेको बताएका छन्-

शास्त्रस्यादि प्रणेतारं सनकं मुनिपुङ्गवम् ।
नमस्कृत्य प्रवक्ष्यामि संहितां धर्मपुत्रिकाम् ।।
(धर्मपुत्रिका प्रथम पटल)

ग्रन्थकर्ताले ग्रन्थमा कहीँ पनि आफ्नो नाम उल्लेख गरेका छैनन् । ग्रन्थका अन्त्यमा उनले ग्रन्थको विषय प्रयोजन र आफ्ना पिताको नाम भने उल्लेख गरेका छन् -

आलोक्यात्यन्तगुह्यार्थं शास्त्रं सनक्कीर्तितम् ।
वस्तुमात्रं समादाय धर्मशीलस्य सूनुना ।।
सुखावबोधाय बालानां ग्रथिता संहिता मया ।
निरूप्यादातुमर्हन्ति दोषांस्त्यक्त्वा मनीषिणः ।।
(धर्मपुत्रिका षोडश पटल)

धर्मशीलका पुत्रले सनकसंहिताको सारसमाहरण गरेर बालक वा कम अध्ययन गरेका मानिसहरूले समेत सजिलैसँग बुझ्ने गरी यस धर्मपुत्रिकासंहिताको प्रणयन गरेका हुन् । उनले यसमा विद्वान्हरूसँग ग्रन्थमा रहन गएका त्रुटिको परिहार गरी ग्रन्थतत्त्वलाई ग्रहण गर्न अनुरोध समेत गरेका छन् । उनले यो ग्रन्थ कहिले रचे र उनी कहाँका थिए स्पष्ट छैन । यसको अनुवाद समेत गरी बृहद्अध्यात्म परिषद्बाट प्रकाशित गराउने योगी नरहरिनाथले यसलाई पशुपतिमत वा शिवधर्मकै रूपमा उल्लेख गर्नुका साथै ग्रन्थकर्ताका पिता धर्मशीललाई पाशुपतक्षेत्रको वासिन्दाको रूपमा उल्लेख गरेका छन् । (पशुपतिमत पृ.६८०)

यस ग्रन्थमा १६ पटलहरू रहेका छन् । यसको पहिलो पटलमा योग साधनाका उपायहरूको उल्लेख, दोस्रोमा आसनहरू, तेस्रोमा धारणा, चौथोमा ध्यानविधि, पाँचौमा योगका सूक्ष्म विघ्नहरू, छैठौंमा अत्यन्त सूक्ष्म विघ्नहरू, सातौंमा प्रभावजन्य सम्भावित विघ्नहरू तथा आठौं पटलमा योगसिद्धि पछि आइपर्ने प्रातिभ आदि विघ्नहरूको विवेचन गरिएको छ । यसैगरी नवौं पटलमा विघ्नहरू पार गरी योगको निरन्तरता रूप जयको, दशौंमा योगचिकित्साको, एघार हौंमा योगसिद्धिका चल चिह्नहरूको तथा बाह्रौं पटलमा योगका स्थिर चिह्नहरूको निरूपण गरिएको छ । तेह्रौंमा योगबृद्धिका उपायहरू, चौधौं पटलमा योगह्रासका सम्भावित कारणहरू र पन्ध्रौंमा योगसिद्धिका हेतुहरूको निरूपण गरिएको छ । यस योगशास्त्रको सबभन्दा ठूलो विशेषता के हो भने मानवमात्र योगसिद्धिका अधिकारी हुन् । यसमा कुनै धर्म, वर्ण, आश्रम, लिङ्ग वा जाति बाधक छैन-

स्त्रीभिः शूद्रैर्गृहस्थैर्वा म्लेच्छैर्वर्णाधमैरपि ।
लभ्यन्ते कर्मयोगज्ञैर्न जातिस्तत्र कारणम् ।। (त्यहीं)

३. निष्कर्ष र उपसंहार

उपर्युक्त आठै ग्रन्थहरूको विषयवस्तुको विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने प्रारम्भका छग्रन्थहरू शिवधर्मशास्त्र, शिवधर्मोत्तर, शिवधर्मसंग्रह, उमामहेश्वरसंवाद, उत्तरोत्तरमहासंवाद र शिवोपनिषद् नितान्त शिवधर्मसँग प्रत्यक्षतया सम्बद्ध छन् र शिवधर्मकै प्रतिपादक ग्रन्थहरूका रूपमा रहेका छन् । अतः यी छवटै ग्रन्थहरू शिवधर्म पुराणकै अभिन्न अङ्गका रूपमा रहेका देखिन्छन् । भारतको एशियाटिक सोसाइटीमा सुरक्षित दुई पाण्डुलिपिहरूमा उपर्युक्त छवटा मात्र ग्रन्थ रहेकाले अभिलेखालयमा संरक्षित कतिपय पाण्डुलिपिमा समेत उपर्युक्त छवटा ग्रन्थहरू नै रहेकाले पनि यस कुराको पुष्टि हुन्छ ।

पुराणहरूको नामकरण त्यसमा प्रतिपादित विषयवस्तु वा त्यसका प्रवक्ताको नामबाट भएको देखिन्छ । प्रकृतमा शिवधर्मशास्त्र, शिवधर्मोत्तर, शिवधर्मसंग्रह र शिवोपनिषद् यी चार ग्रन्थहरूमा शिवभक्ति नै केन्द्रबिन्दुमा रहेको छ । शिवधर्मशास्त्रमा भनिए अनुसार –

शिवधर्मस्य सारोयं शिवभक्तिः सुनिश्चला ।
सा चाष्टाङ्गी शिवेनोक्ता कार्या नित्यं प्रयत्नतः ।।
(शिवधर्मशास्त्र १।२५)

चारवटैमा शिवभक्तिमार्ग प्रतिपादित भएको छ भने-

शिवमादौ शिवं मध्ये शिवमन्ते च सर्वदा ।
सर्वेषां शिवभक्तानां मनुजानाञ्च नः शिवम् ।।
(शिवधर्मशास्त्र १।४)

यस उक्ति अनुसार आदि, मध्य र अन्त सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भाग शिवमय छ र यिनका मूल प्रवक्ता पनि शिव नै हुन् । उमामहेश्वर संवाद र उत्तरोत्तर महासंवाद दुबैमा उमा जिज्ञासु श्रोता र सर्वथा महेश्वर प्रवक्ता रहेकाले यिनको पनि शिवमयता र शिवधर्मपरकतामा कुनै सन्देह रहँदैन ।

तर वृषसारसंग्रह र धर्मपुत्रिका संहिताको स्थिति उपर्युक्त छ ग्रन्थहरू भन्दा केही फरक देखिन्छ । यद्यपि वृषसार संग्रह र धर्मपुत्रिकाको विषयवस्तु यद्यपि शिवधर्मबाट अस्पृष्ट भने निश्चित छैन वृषसारसंग्रहमा केही अंशमा शिवको प्रवक्तृत्व र शिवाण्डसंख्याको विरणकासाथै परम शिवपद प्राप्तिका उपायहरू निर्दिष्ट छन् भने धर्मपुत्रिकामा शिवलाई योगको ध्येय मानिएकोछ - 'ध्येयः शिवो ध्यातृ मनो ध्यानमेकाग्रचित्तता' । (धर्मपुत्रिका प्रथम पटल) तथापि यी दुबै ग्रन्थहरूमा अघिल्ला छ ग्रन्थहरूको जस्तो 'सा चाष्टाङ्गी शिवेनोक्ता कार्या नित्यं प्रयत्नतः तथा शिवमादौ शिवं मध्ये शिवमन्ते च सर्वदा ।' पूर्णतया शिववक्तृता सर्वत्र शिवमयता र समग्रतया शिवकेन्द्रीयताको अवस्था पनि छैन । पहिलो वृषसारसंग्रह धार्मिक ग्रन्थ भए पनि सामान्य धर्मसँग सम्बद्ध देखिन्छ भने धर्मपुत्रिकाको विशुद्ध योगशास्त्र विषय हो । वृषसारसंग्रहको शैली पौराणिक एवं भाषा अपाणिनीय प्रयोगबहुल, अत्यन्त अपरिष्कृत अशुद्ध हुनुका साथै प्राचीन जस्तो लाग्दछ भने धर्मपुत्रिकाको भाषा अत्यन्त परिष्कृत र पाणिनीय व्याकरण अनुरूप शुद्ध छ । अतः यो ग्रन्थ पौराणिक काल भन्दा पछिको हुनु पर्दछ । सामान्यतया सोह्रौं शताब्दीमा सारिएको ग्रन्थसंग्रहमा यसको समेत पाण्डुलिपि रहेकाले यो ग्रन्थ त्यसभन्दा पहिलेकै सिद्ध हुन्छ ।

यसरी कतिपय ग्रन्थहरूमा विषयवस्तु, भाषा, शैली तथा कालको दृष्टिले समेत केही अन्तर रहेको अवस्थामा कतिपय पुस्तकहरूमा एकत्र संगृहीत र कतै एकात्मतया प्रकाशित यी सबै ग्रन्थहरूको सर्वात्मना गहिरिएर अध्ययन गरी शुद्ध, यथार्थ र पूर्णरूप प्रकाशन गर्न सके पौराणिकवाङ्मयको क्षेत्रमा महत्त्वपूर्ण काम हुने थियो ।

अन्त्यमा शिवधर्म उपपुराणका एशियाटिक सोसाइटी कोलकाता भारतमा रहेका दुबै, राष्ट्रिय अभिलेखालयमा रहेका सबै र प्राप्त हुनसके अन्यत्रका समेत पाण्डुलिपिहरूको समायोजन गरी शिवधर्म उपपुराण ग्रन्थको आकार प्रकार र स्वरूप निश्चित गर्न तर्फ सम्बद्ध संस्था तथा वैयक्तिक शोधकर्ताहरूको ध्यान आकृष्ट होस् र यस शिवधर्मग्रन्थले समग्रतामा प्रकाशनको अवसर प्राप्त गर्न सकोस् । यसै शिवसङ्कल्पका साथ शिवधर्मका नाममा चर्चित ग्रन्थहरूको संक्षिप्त परिचय प्रस्तुत गरियो ।

सन्दर्भ ग्रन्थहरू

उपाध्याय, बलदेव आदि (सं.), संस्कृतवाङ्मय का बृहद्इतिहास (तेह्रौं खण्ड), लखनउ : उत्तर प्रदेश संस्कृत संस्थान, २०६३ वि.सं.। खेमराज, श्रीकृष्णदास (सं), कूर्मपुराण दिल्ली : नाग पब्लिशर्स्, २००२ ई.। पाण्डेय, पं.रामतेज, भागवतपुराण (द्वि.सं.), दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, १९९६ ई.।

योगी नरहरिनाथ, पशुपतिमत काष्ठमण्डपः बृहदाध्यात्मिकपरिषद्, २०५५ वि.सं. ।

शर्मा, भागवातप्रसाद, झवाली, रीता(सं.), शिवधर्मोत्तर काठमाडौ : राष्ट्रिय अभिलेखालय, २०७५ वि.सं.।

शास्त्री जगदीशचन्द्र, उपनिषत्संग्रह दिल्ली : मोतीलाल बनारसीदास २०११ ई. ।

शिवधर्म पाण्डुलिपि, राष्ट्रिय अभिलेखालय, लं सं. ५-५३७०, वि. सं. ३०७, माइक्रोफिल्म रिल नं. A १३६३/७ , B २१९/२ ।

– शिवधर्मोत्तर पाण्डुलिपि, राष्ट्रिय अभिलेखालय, ल.सं. ४-२५३७, वि. सं. ३१०, माइक्रोफिल्म रिल नं. B २१९/३

– शिवधर्म पाण्डुलिपि, राष्ट्रिय अभिलेखालय, ल.सं. ४-१५६७, वि.सं. ३०८, माइक्रोफिल्म रिल नं. B २१९/८ ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा बुटवल किल्लाको हिसाब-कागज : एक संक्षिप्त चर्चा

– प्रा.डा. टेकबहादुर श्रेष्ठ*

परिचय

यो लेख पाल्पा/बुटवल (विनायकपुर) को ऐतिहासिक, पुरातात्त्विक तथा सामरिक दृष्टिले महत्त्वपूर्ण बुटवल किल्ला अर्थात् जितगढीको संक्षिप्त नाप-विवरण British Library, London मा प्राप्त भएको हुँदा यसलाई प्रकाशमा ल्याउने उद्देश्यले प्रस्तुत गरिएको छ । Brain Haughton Hodgson ले ई. १८३३-१८४३ मा British Resident को पदमा नेपालमा रहँदा नेपालका सामाजिक, आर्थिक, राजनैतिक आदि विविध विषयको अभिलेख, हस्तलिखितग्रन्थहरू सङ्कलन गरेका थिए । यो टिपोट "बुटवल किल्लाको हिसावको कागज" Hodgson Collection को शीर्षकमा त्यस पुस्तकालयको एउटा ठूलो कागजको ढड्डाको २०८ पृष्ठमा दिइएको छ । यो महत्त्वपूर्ण जानकारीका लागि सङ्कलनकर्ता प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

यो विवरण मैले Senior Visiting Fellow को हैसियतले International Institute for Asian Studies (IIAS), Leiden, Netherlands मा ई. १९९९ मई-जुलाई समयावधिमा "Prithvinarayan Shah's Conquest of the Nepal Valley : Strategy, Diplomacy and Consolidation of Power" शीर्षकमा अनुसन्धान गर्दा यसका लागि सामग्री सङ्कलन गर्ने क्रममा यो विवरण प्राप्त गरेको हुँ । यसर्थ पनि यो महत्त्वपूर्ण सामग्री अध्ययन गर्ने अवसर दिने साथै यो पुस्तकालयप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै यो संग्रहमा नेपाल सम्बन्धित धेरै ऐतिहासिक सामग्रीहरू भएकाले यसबारे अध्ययन - अनुसन्धान गरी प्रकाशमा ल्याउन आवश्यक देखिन्छ ।

पाल्पा/बुटवल (विनायकपुर) राज्यहरूका संक्षिप्त रूपरेखा

यो ऐतिहासिक, पुरातात्त्विक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण सम्पदा बुटवलमा रहेको हुँदा यसबारे बुझ्न सजिलो होस् भन्ने उद्देश्यले यहाँ पाल्पा/बुटवलका राजाहरूका परिचयात्मक रूपरेखा छोटकरीमा प्रस्तुत गरिएको छ ।

नेपालको उत्तर-मध्यकालिन गण्डकी प्रदेशका चौबीसी राज्यहरूमा पाल्पा पहाड र मदेशमा फैलिएको हुँदा भू-क्षेत्रको हिसाबले अरू राज्यहरूको तुलनामा निकै ठूलो थियो । भारतबाट नेपाल भई तिब्बत जाने प्रमुख पाँच मार्गहरूमध्ये बुटवल, नुवाकोट, सिस्नेरी, तानसेन, रिडी, कुश्माचौर, बागलुङ, बेणी, थाकखोला, लोमाङथाङहुँदै तिब्बत जाने बाटो निकै चल्तीको थियो (कर्कप्याट्रिक्, ई. १९६९ : ३७८) । त्यसबेला पनि बुटवल त एउटा व्यापारिक केन्द्र नै बनेको थियो । कृषियोग्य जमीन बढी हुनु, व्यापार मार्गमा पर्नु जस्ता विविध कारणले पाल्पा राज्य आर्थिक दृष्टिले निकै समृद्ध रहेको थियो ।

मध्यकालको उत्तरार्द्धमा नेपालमा ५२ भन्दा बढी स्वतन्त्र राज्यहरू थिए । त्यसताका घरधुरीको हिसावले राज्यको नाम दिइने चलन थियो । यसअनुसार कर्णाली प्रदेशका बाइसी राज्यहरूमध्येमा जुम्ला '२२

* स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हजार जुम्ला', नेपाल उपत्यकाका राज्यहरूमा ललितपुर '२४ हजार ललितपुर', (लंसाल, वि.सं. २०२३ : भाग २ : २३), पाल्पा '२६ हजार पाल्पा' (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३५ : ७३-७४) कहलाएका थिए । यी कुराहरूलाई दृष्टिगत गर्दा पाल्पा जनसंख्याको हिसाबले पनि सबैभन्दा अगाडि देखा परेको र यो राज्य शक्तिशाली रहेको थियो भन्ने देखिन्छ ।

पाल्पाको एकसरो प्रामाणिक इतिहास लेख्न ऐतिहासिक सामग्रीको अभाव छ । यस क्रममा रुद्र सेनदेखिका प्रामाणिक सामग्री प्रकाशमा आउन थाले पनि शुरूका राजाहरूको बारेमा प्रकाश पार्ने सामग्री न्यून रहेको छ । यसरी राजा रुद्र सेनको वि.सं. १५७१ को स्याहामोहर पहिलो देखिन्छ (आचार्य वि.सं. १९९७ : ६५) । यिनीपछि मुकुन्द सेन प्रथम पाल्पाका राजा भए । यिनको राज्यकाल वि.सं. १५७५ देखि १६१० सम्म मानिएको छ । यिनले आर्थिक तथा सैनिक दृष्टिले पाल्पालाई मजबुत बनाई पूर्वी र उत्तरी प्रदेशमा राज्य विस्तार गरेका थिए । यिनले नेपाल उपत्यकाका राज्यहरूमा वि.सं. १५८० देखि पटकपटक आक्रमण गरेका थिए (पन्त तथा पन्त, वि.सं. २०३६ : १०१-१०२) । यिनले राज्य विस्तार गरे पनि ती प्रदेशमा आवश्यक व्यवस्था बाँध्न सकेका थिएनन् भनिन्छ । एक थरी वंशावलीमा "जुम्लाका सेंजापति राजाले मुलुक त धेरै मार्‍या छन्, स्थिति केहि बाधेन् छन् श्रीमुकुन्द सेन राजाले पनि मुलुक त धेरै मार्‍या छन् त केही बाधेन छन् मार्‍या मात्रै" भनिएकोबाट मुकुन्द सेनले राज्य विस्तार गरेका कुरामा सन्देह रहेन (योगी, वि.सं. २०२२ -६८५) ।

राजा मुकुन्द सेन प्रथमले विजय अभियानलाई योजनाबद्ध रूपले अगाडि बढाएका भए श्री ५ पृथ्वीनारायण शाहभन्दा दुई शताब्दी जति पहिले नै नेपालको एकीकरण सम्पन्न हुने थियो भन्ने बाबुराम आचार्यको भनाई निकै मिल्दो देखिन्छ (आचार्य : ई. १९९७:७१) ।

यो विशाल राज्य पाल्पा धेरै समयसम्म एक डल्लो रहन सकेन र राजा मुकुन्द सेनपछि विभाजन भई विभिन्न राज्यहरूमा परिणत भयो । यसअनुसार माणिक सेन, विनायक सेन, भृङ्गी सेन र लोहाङ्ग सेनले क्रमशः पाल्पा, बुटवल, तनहुँ र मकवानपुरमा शासन चलाए । यसरी पाल्पाका राजा माणिक सेन, पिरोज सेन, जगदीश सेन, पृथ्वी सेन र त्रिलोक सेनहरूपछि वंश टुटेको हुँदा बुटवल राज्यका राजा अम्बर सेनको वि.सं. १७५१ को स्याहामोहरमा 'मुकाम पालपा' दिइएको हुँदा यसैताका पाल्पा राज्य बुटवल राज्यमा एकीकरण भएको भन्ने देखिएको छ (राजवंशी, वि.सं. २०२० : २६ ; ह्यामिल्टन, ई. १९८६ : १७०; खनाल, वि.सं. २०६१ : ५२) । भूपति सेनको पालामा पाल्पा बुटवलमा गाभिएको हो कि भन्ने ढुङ्गेलको भनाई तर्कसंगत देखिन्छ (ढुङ्गेल, वि.सं. २०४१ : ३५) । वि.सं. १७११ र १७१५ का पत्रहरूमा राजा भूपति सेनको नामोल्लेख परेको छ तर यी भूपति सेनको नाम पाल्पा तथा बुटवल राज्यहरूका कुनै पनि राजवंशवृक्षाका देखिएको छैन । वि.सं. १७११ को पत्रमा 'मुकाम पाल्पा' दिइएको हुँदा यिनी पाल्पाका राजा थिए भन्ने देखिन्छ । यिनीपछि मात्र पाल्पा बुटवल राज्यमा समाहित भएको बुझिन्छ ।

स्वतन्त्र बुटवल राज्यका पहिलो राजा विनायक सेनले आफ्नो राज्यलाई विस्तार र विकास गरी आफ्नो नाममा राज्यको नाम 'विनायकपुर' राख्न सफल भएका थिए । वि.सं. १८६३ सम्म पनि बुटवललाई 'विनायकपुर' नामले पुकारिँदै आएको थियो । यस किसिमको उदाहरण पर्वत राज्यमा पनि पाइएको छ । चौबीसी राज्यहरूमध्यको एक शक्तिशाली राज्य पर्वतका प्रसिद्ध राजा मलेबम मल्लले राज्यलाई आर्थिक तथा सामरिक दृष्टिले शक्तिशाली पारेपछि पर्वतको नाम ' मलेबम' राख्न सफल भएका थिए (श्रेष्ठ, वि.सं. २०५९ :३७)।

राजा अम्बर सेनपछि गन्धर्व सेन, मुकुन्द सेन द्वितीय, महादत्त सेन क्रमशः राजा भएका थिए । यिनमा राजा महादत्त सेनले "छब्बिस हजार पञ्चको मेहनत" ले तानसेन बजार माथिको डाँडामा वि.सं. १८४४ मा 'श्रीनगर शहर' बसाएर उल्लेखनीय कार्य गरेका थिए (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३५ : ७३-७४) । यिनीपछि पृथ्वीपाल सेन राजा भए र यिनैका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शासनकालमा पाल्पाराज्य गोरखा अधिराज्यमा सदाका लागि गाभिएको तथा वि.सं. १८६३ मा पृथ्वीपाल सेनको हत्या गरिएको थियो (नेपाली, वि.सं. २०२० : २३-२४) । यसरी पाल्पाले तीन शताब्दीजति स्वतन्त्र राज्यको हैसियतले चौबीसी राज्यको राजनैतिक इतिहासमा महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ ।

जितगढी

यहाँ जितगढी विषयमा केन्द्रीत हुनुपूर्व यससँग सोझै सम्बद्ध 'रंगमहल' विषयमा छोटो चर्चा गर्नु आवश्यक देखिन्छ ।

प्रत्येक राज्यको आफ्नो छुट्टै राजधानी हुन्थ्यो र यहींबाट राज्यको शासन संचालन गर्ने व्यवस्था रहेको थियो । राजधानीको राजदरबार प्रशासनिक केन्द्र हुन्थ्यो । लिच्छविकालमा मानगृह, कैलाशकूट भवन, भद्राधिवास तथा पूर्व-मध्यकालमा आएर भक्तपुरमा त्रिपुर, युथिनिमम प्रसिद्ध दरबार मानिएका थिए । यस्ता दरबार सुरक्षाको दृष्टिले प्राथमिकताका साथ महत्त्वपूर्ण स्थानमा निर्माण गरिन्थे । मध्यकालमा आएर ग्रीष्मकालिक र शीतकालिक राजधानीमा दरबारको निर्माण गरी प्रत्येक वर्षको ६/६ महिनाजति अर्थात् चैत्रदेखि भाद्र महिनासम्म शीतकालिन राजधानीमा र अशोजदेखि फागुण महिनासम्म ग्रीष्मकालिन राजधानीबाट राजाले शासन संचालन गर्ने गरेको देखिएको छ । शुरूमा पाल्पामा ग्रीष्मकालिक र बुटवलमा शीतकालिक राजधानी रहेका थिए । यो क्रम कुन राजाको शासनकालदेखि आरम्भ भयो भन्ने कुरा कतैबाट खुल्न सकेको देखिँदैन । यसैगरी बुटवलराज्यमा भने नुवाकोटमा ग्रीष्मकालिक तथा बुटवलमा शीतकालिन राजधानी रहेका थिए भन्ने बुझिन्छ ।

प्रकाशित ऐतिहासिक सामग्रीमा 'मुकाम' गरी उल्लेख भएका विभिन्न नामहरू देखापरेका छन् । वि.सं. १७६९ मा 'बुटवली', वि.सं. १७७५ मा 'बुटवली राजधानी', वि.सं. १८३९ मा 'बुटवली', वि.सं. १८४३ मा 'बुटवली ललितपुर' आदिबाट स्याहामोहर जारीगरिएका छन् । यसबाट बुटवललाई मुकाम बनाई जारी गरिएका पत्रको संख्या निकै प्रकाशित छन् ।

यी पत्रहरूबाट बुटवललाई 'राजधानी' मानिएको छ भने यसलाई 'ललितपुर' अर्थात् 'सुन्दर' शहर पनि मानिएको छ । यसका साथै यहाँ 'रङ्गमहल' अर्थात् दरबार रहेको थियो भन्ने कुरा पनि स्पष्टै भएको छ । तर कुन राजाको शासनकालमा राजधानी भएको तथा रङ्गमहल कसको पालामा निर्माण भएको हो भन्ने कुरा भने खुलस्त भएको पाइँदैन । साथै बुटवललाई ' ललितपुर' अर्थात् 'सुन्दर शहर' कसले बनाए भन्ने कुराको आधिकारिक प्रमाण प्रकाशमा आएको देखिएको छैन ।

गढी किल्ला भनेको राज्यको आयु हो । प्रत्येक राज्यले आत्मरक्षाको लागि सैनिक शक्ति मजबुत पार्न अत्यावश्यक हुन्थ्यो । यसका लागि राज्यका सीमावर्ती क्षेत्रका नाका-नाकामा सांग्रामिक स्थानको रूपमा गढीकिल्लाहरूको निर्माण गराई आवश्यक सैनिक तैनाथ गर्ने व्यवस्था हुँदथ्यो । मध्यकालको उत्तरार्द्धमा नेपालमा ५२ भन्दा बढी राज्यहरू देखापरेकाले यसको अनुपातमा किल्लाहरूको संख्या पनि बढी हुन्थ्यो । तात्कालिक राजनीतिमा एकले अर्कोको विरुद्ध आक्रमण-प्रत्याक्रमण गर्नु, 'मत्स्यन्याय' को नीतिबाट बच्न स-साना राज्यहरू बीच मेलमिलाप हुनु, संगठित रूपमा प्रतिकार गर्नु तथा शक्तिशाली छिमेकी राज्यसँग मिली आफ्नो राज्यको रक्षा गर्नु अत्यावश्यक हुन्थ्यो ।

यो 'जितगढी' शब्दको उल्लेख तात्कालिक ऐतिहासिक सामग्रीमा पाइएको छैन । यो टिपोटमा 'बुटवलको किल्ला', यससँग सम्बद्ध 'बटौलीका दरबार', 'पटांगिनी' शब्दहरूको उल्लेख परेका छन् । तर ' जितगढी' को नाम यसमा परेको छैन । यसबाट वि.सं. १८७१-१८७२ को अंग्रेजसँगको युद्धमा १९ वर्षीय कर्णेल उजिरसिंह थापाको नेतृत्वको नेपाली सेनाले विजय प्राप्त गरेपछि मात्र यो गढीले 'जितगढी' नामले प्रसिद्धी पाएको बुझिन्छ ।

यो जितगढीदेखि उत्तर-पश्चिममा अवस्थित पहाडको शिखरमा विनायकपुर राज्यको ग्रीष्मकालिक राजधानी नुवाकोट एउटा गिरिदुर्गको रूपमा रहेको थियो भने यसै स्थानको पश्चिमतर्फ 'काठेगढी' वनदुर्गका रूपमा रहेको थियो (शर्मा वि.सं. २०५५ :६८) । यी दुबैको अध्ययन-अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निष्कर्ष

यो जित गढीको निर्माण कहिले र कसले गराएका थिए भन्ने कुरा अद्यापि अनिर्णित छ । मुकुन्द सेन प्रथम, विनायक सेन तथा अम्बर सेनमध्ये कसले बनाएका हुन् भन्ने कुरा खुलेको छैन । यो किल्लाको निर्माण पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेनले गराएका हुन् भन्ने जनविश्वास छ । तर यसबारेमा पुष्टि गर्ने आधिकारिक प्रमाण फेला परेको छैन । यो गढीको पुनर्निर्माण तथा जीर्णोद्धार वि.सं.१८७१- १८७२ को युद्धपछि हुँदै गरेका प्रमाणहरू राष्ट्रिय अभिलेखालयमा पाइएका छन् । तर यसको निर्माणकर्ता तथा समयबारे खुलस्त भएको भने पाइएको छैन ।

अन्त्यमा यो महत्त्वपूर्ण 'बुटवल किल्लाको हिसाबको कागज' शीर्षकको विवरण, निर्माणकर्ता र कालबारे निर्णय गर्न सहायक सिद्ध हुने आशाले यहाँ जस्ताको तस्तै प्रस्तुत गरेको छु–

बटवलका किल्लाको हिसावको कागज

ज्मा हात	२०००
पूर्व पश्चिमका लमाइ हात्	११००
तेसमध्ये वनायाको हात्	६००
उत्तर दक्षिण लमाइ हात्	९००
तेसमध्ये बन्याको हात्	२००
जग मात्र षन्याको हात्	१००
वइरान नवन्याको बनाउन पर्न्या हात्	६००
किल्लाको जग्को गज हात्	१४
किल्लाको ठाडो उच्चा हात्	१२।।
मुर्चाको सोझो गज हात्	३७
फिकलको गज हात्	५
,, उच्च ठाडो हात्	३।।
,, पेटीको गज हात्	३।।
मुर्चाको गीर्दा हात्	९२।।
वाँही हात्	४७।।

षावाको गज काही १२ हात्का १५/१६ हात् किल्लाका ढोकादेषी वटौलीको दर्वार हात् १५३२

मैदान् हात् १२४७ उकालो हात् १८० पटांगिनी हात १०५

वि.सं. २०५२ मा पुरातत्त्व विभागद्वारा उत्खनन गर्दा जितगढीको उत्तरतर्फ सुरुङ्ग मार्ग भएको देखिएको हुँदा (कान्तिपुर, २०७० माघ १० गते) यो विवरणबाट धेरै कुरा स्पष्ट हुने देखिन्छ । यसर्थ यसअनुसार स्थलगत निरीक्षण गरी उत्खनन हुन सके सत्यतथ्य प्रकाशमा आउनुका साथै यस सुरुङ्ग मार्गमा पुरातात्त्विक वस्तुका रूपमा हातहतियार, बहुमूल्य सामग्री आदि पनि फेला पर्न सक्ने देखिन्छ । यसको अर्को महत्त्वपूर्ण पक्ष हो यस उत्खननबाट निर्माणकर्ता, काल, पुनर्निर्माण, जीर्णोद्धार आदि विषयमा पनि प्रामाणिक आधार फेला पर्न सक्ने सम्भावना देखिन्छ ।

यो मानव निर्मित सुरुङ्ग रूपको किल्ला नेपालको किल्लाको इतिहासमा पहिलो र उल्लेखनीय किल्ला प्रमाणित हुने छ भने यो किल्ला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकका लागि आकर्षक गन्तव्यस्थल हुनेछ ।

सन्दर्भग्रन्थ सूची

आचार्य, बाबुराम, ई. १९९७, **"तनहुँको सेन वंश"** भानुभक्त स्मारक ग्रन्थ, (सम्पा), सूर्यविक्रम ज्ञवाली, दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

कर्कपेट्रिक, कर्णेल, ई. १९७४, **यान एकाउन्ट अफ् द किङ्गडम अफ नेपाल**, पुनर्मुद्रण, न्यू दिल्ली : मञ्जुश्री पब्लिशिङ्ग हाउस् ।

खनाल, मोहनप्रसाद, वि.सं. २०६१, **सेन-राज्यको राजनैतिक इतिहास**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

घिमिरे, विष्णुप्रसाद, वि.सं. २०५६, **पाल्पा राज्यको इतिहास** भाग-२, चितवन : चितवन अध्ययन केन्द्र ।

जोशी, कुमारलाल, वि.सं. २०५२, "पाल्पाका सेनवंशी राजा र रंगमहल दरबार", **गोरखापत्र साप्ताहिक परिशिष्याङ्क**, कात्तिक २५ गते, पृ. 'ग' ।

ढुङ्गेल, रमेश, वि.सं. २०४१, "विनायकपुर क्षेत्रको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व" **मधुपर्क** १७।१०, फागुन, पृ. ३३-३९ ।

नेपाली, चित्तरञ्जन, वि.सं.२०२०, **श्री ५ रणबहादुर शाह,**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काठमाडौं : श्रीमती मेरी राजभण्डारी ।

पन्त, महेशराज र दिनेशराज पन्त, वि.सं. २०३६ नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमलाको प्रमाण वाक्य **पूर्णिमा** पूर्णाङ्क ४२ (संशोधन मण्डल, पृष्ठ १०१-१०२ ।

पुरातत्त्व विभाग, वि.सं. २०६०, **'गढीहरूको प्रतिवेदन'**, काठमाडौं : श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

योगी, नरहरिनाथ (सम्पा.), वि.सं. २०२०, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, भाग १, दाङ : आध्यात्मिक सम्मेलन ।

राजवंशी, शङ्करमान, (सम्पा), वि.सं. २०२०, **सेन वंशावली**, नेपाल : श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभाग ।

लंसाल, पंडित देवीप्रसाद (सम्पा), **भाषा वंशावली**, दोस्रो भाग, काठमाडौं : श्री ५ को सरकार, नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, वि.सं. २०३२, नुवाकोटको ऐतिहासिक रूपरेखा, कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, धनवज्र र टेकवहादुर श्रेष्ठ, वि.सं. २०३५, पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, डिल्लीराज, वि.सं. २०५५, नेपालको किल्ला वास्तुकला, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, टेकबहादुर, ई. १९८७ "पाल्पाका सेन राजाहरूका अठाह्र अप्रकाशित पत्रहरू", **कन्ट्रिब्यूशन्स टू नेपलिज् स्टडिज्** १४/३, पृ. २०७-२२७ ।

श्रेष्ठ, टेकबहादुर, ई. १९८२ "पाल्पाका सेन राजाहरूका केही अप्रकाशित पत्रहरू", **भ्वाइस अफ् हिस्ट्री**, ८।१, पृ. ७३- ८२ ।

श्रेष्ठ, टेकवहादुर, वि.सं. २०५९, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

सेन, सूर्यबहादुर, वि.सं. २०५९, **पाल्पाली सेन**, काठमाडौं : खड्ग सेन 'ओली' ।

ह्यामिल्टन, फ्रान्सिस् बुचनान, ई.१९७१, **यान् एकाउन्ट अफ् द किङ्गडम अफ् नेपाल**, पुनर्मुद्रण, न्यू दिल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस ।

पत्रिका

"बटौली बन्यो समृद्ध बुटवल", **कान्तिपुर**, वि.सं. २०६७ माघ २१ गते विहीबार ।

"दुर्दशा जितगढी किल्लाको", **गोरखापत्र**, वि.सं. २०६७ फागुन १३ गते शुक्रबार ।

"१८ वर्षपछि जितगढी किल्लाको उत्खनन् कार्य सुरु", **कान्तिपुर**, वि.सं. २०७०, माघ १० गते ।

"जितगढीको अवस्थाबारे चिन्ता", **कान्तिपुर**, वि.सं. २०७१ मङ्सिर २७ गते ।

(यो विवरण वि.सं. २०७५ वैशाख ६ गते बुटवल उप-महानगरपालिकाद्वारा वि.स. १८७१-१८७२ को ऐतिहासिक विजय उत्सवको अवसरमा आयोजित 'ऐतिहासिक जितगढी किल्ला र यसको महत्त्व' विषयक अन्तरक्रियात्मक गोष्ठीमा प्रस्तुत गरिएको हो ।)

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्तपुर सुजमाह्री, वाकुपति चाँगुनारायणमन्दिरको फले (पाटी)का शिलालेखहरू

– प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

पूर्वप्रसङ्ग

भक्तपुर शहरको पूर्वमा सुजमाह्री (सूर्यमढी) टोल छ । यो टोल तचपालटोलस्थित विश्वप्रसिद्ध दत्तात्रेयमन्दिरदेखि केही पाईला पूर्वतिर लागेपछि पुगिन्छ । यसै सुजमाह्री टोलमा पनि विश्वप्रसिद्ध चाँगुनारायणमन्दिर सदृश उस्तै नाम र उस्तै वास्तुतन्त्रविधि अनुरूप बनेको देखिने 'वाकुपति चाँगुनारायण' नामले विख्यात् नारायणमन्दिर छ । जसरी चाँगुनारायणमन्दिरको बायाँपट्टि पूर्वमा अष्टमातृकाका प्राचीन मूर्तिहरू प्रतिष्ठापित उत्तराभिमुख छिन्नमस्ता मन्दिर रहेको छ उसैगरी अष्टमातृका स्थापित मन्दिर यस वाकुपति-चाँगुनारायणमन्दिरको बायापट्टि रहेको छ । पश्चिमाभिमुख यस नारायणमन्दिरको सामुन्ने पूर्वमध्यकालका प्रसिद्ध राजा स्थितिमल्ल (वि.सं. १४३९-१४५२) का दुई पुत्रहरू धर्ममल्ल+ ज्योतिर्मल्लको ने.सं. ५२८ (वि.स.. १४६५)को गरुडस्तम्भ- अभिलेख छ । र त्यसैगरी नारायणमन्दिरको छेंडीमा ज्योतिर्मल्लको शिलाभिलेख छ । यस मन्दिरमा हालसम्म प्रकाशमा आएका ऐतिहासिक-पुरातात्त्विक स्रोतसामग्रीहरूमध्ये यी अभिलेखहरू सबभन्दा पुराना देखिन आएका छन् । यस आधारमा यो मन्दिर ती अभिलेखभन्दा पनि पूर्वकालतिरै वा भनौं तेह्रौं-चौधौं शताब्दीतिर निर्माण भइसकेको दृष्टिगोचर हुन्छ । नेपाल तथा भारतमा वैष्णव मतको प्रचार-प्रसार एवं लोकप्रियताका दृष्टिले तेह्रौं-चौधौं शताब्दीको युग उल्लेख्य रह्यो । यसै युगदेखि नेपाली धार्मिक-सांस्कृतिक जीवन र विशेषगरी तत्कालीन नेपालमण्डल (नेपाल-उपत्यका) को धार्मिक-सांस्कृतिक जीवन वैष्णववाद एवं वैष्णववादको कृष्णभक्तिधारामा चुर्ल्लुम्म डुब्नपुगेको थियो । भक्तपुरको प्रसङ्गमा तमाह्री (टौमढी) टोलस्थित तीलमाधव-नारायणमन्दिर (तेह्रौं शताब्दी), र सोही परिसरको विष्णुको वराह अवतार मूर्ति सहित चौबिस अवतारका चौबिस सूक्ष्म सुन्दर मूर्तिहरूले सजिएको छत्राकार भूगोलमन्दिर (पन्ध्रौं शताब्दी), हनुमानघाट (तेह्रौ शताब्दी), शहरका विभिन्न स्थानमा रहेका तेह्रौ शताब्दीदेखिका प्रस्तर, धातु, मृत्तिका एवं काष्ठनिर्मित वैष्णव मूर्तिहरू, पौभाचित्र, भित्तेचित्र, ग्रन्थचित्र लगायत आजसम्म पनि जीवन्त रहिआएका वैष्णवजात्रा, पर्व एवं संस्कारहरू र त्यसैगरी हाम्रो अभीष्ट रहेको यही वाकुपति चाँगुनारायणमन्दिर र यस परिसरमा अनेक कालका भक्त-भक्तिनीहरू वा भनौं हाम्रा पुर्खाले राखेर गएका कृतिहरू पनि उक्त कुराका उत्कृष्ट नमूनाहरू हुन् । यस नारायणमन्दिर परिसरमा रहेका यस्ता कृतिहरूमध्ये **फले** (पाटी) र **इति**/हिटी (ढुङ्गेधारा) पनि हुन् । यी कृति पनि हाम्रा राष्ट्रिय निधि हुन् । यस्ता निधिहरू र तिनले सिर्जेका संस्कृति अनन्तकालसम्म पनि रहिरहोस्, चलिरहोस् एवं सबैको भलो होस् भन्नाका लागि प्रशस्त खेत/जग्गा लगायत अन्य आयस्ता समेत राखी, पछिका पुस्ताहरूले समेत संरक्षण, संवर्द्धन गर्दै लैजाओस्, यस्ता सम्पदा जोगाउनेलाई पुण्य प्राप्त होस् र भत्काउने बिगार्ने, म्हास्नेलाई भने महापाप लागोस्, साठी हजार वर्षसम्म नरकमा परी गुहुको कीरा भएर रहनु परोस् भनी धार्मिक

*प्राध्यापक, भक्तपुर क्याम्पस, भक्तपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नियम र अनुशासनको बोध गराउँदै अभिलेख प्रमाणहरू पनि राखेर गएका छन् । संस्मरणात्मक यस्ता अभिलेख पनि हाम्रो इतिहास संस्कृतिका अकाट्य प्रमाण हुन् । वाकुपति चाँगुनारायणमन्दिर-परिसरको उत्तरपट्टिको वा भनौं मूलबाटेको दक्षिणपट्टिको उत्तराभिमुख पाटी र सो पाटीको भित्ताको खोपामा स्थापित अभिलेखयुक्त, शक्तिसहितको भैरवको ने.सं.७९९ (वि.सं.१७३६) को प्रस्तरमूर्ति, बौद्धधर्म विषयको शिलापत्र र त्यसैगरी वाकुपति चाँगुनारायणमन्दिरको दायाँपट्टिको दक्षिणाभिमुख पाटी, सो पाटीको भित्ताको ने.सं.८६५ को शिलालेख र सो पाटीको दायाँपट्टिको दक्षिणाभिमुख ढुङ्गेधारा लगायत नारायणमन्दिरको अगाडि पश्चिमतर्फको पूर्वाभिमुख पाटीको भित्ताको ने.सं.९८५ को शिलालेख माथिका कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन् । यस लेखको मूल अभीष्ट पनि यी कृति हुन् । यस बारेमा तल क्रमैले चर्चा गरिन्छ :

मूलबाटेको दक्षिणपट्टिको उत्तराभिमुख पाटी (चित्र संख्या १)



चित्र संख्या १ : मूलबाटेको दक्षिणपट्टिको उत्तराभिमुख फले (पाटी) ने.सं.७९९ ।

वाकुपति चाँगुनारायणमन्दिरको उत्तरपट्टि, मूलबाटेको दक्षिणपट्टि रहेको यो पाटी पूर्व-पश्चिम लाम्चो परेको छ । यो पाटी वर्तमानमा व्यापारिक दृष्टिले चारवटा कवलहरूमा विभक्त छन् र तिनमा स-साना किरानापसल र कपडापसल लागेका छन् । त्यसमध्ये दायाँबाट दोस्रो कवलको कपडापसलको भित्ताको खोपामा अभिलेखयुक्त, शक्तिसहितको भैरवको मूर्ति छ । (चित्र संख्या २)

चित्र संख्या २ : अभिलेखयुक्त, शक्तिसहितको भैरवमूर्ति, ने.सं.७९९ (वि.स..१७३६) । लम्बाइ : ५५ से.मि., चौडाइ : ३८ से.मि. ।

अभिलेखयुक्त, शक्तिसहितको भैरवमूर्ति (चित्र संख्या २)

शक्तिसहितको यो उत्तरमल्लकालीन भैरवमूर्ति उग्र तान्त्रिक स्वरूपको छ । यस मूर्तिका भैरव आलिढमुद्रामा, प्रेताशनमा, शक्तिलाई आलिङ्गनमा लिई उभिएका छन् । यिनको एक शिर र अनेक आयुध लिएका दश बाहु छन् । शक्तिको एक शिर छ र तिनी दुई बाहुले युक्त छिन् । यस मूर्तिले हामीलाई यसैको समकालीन भक्तपुरराजदरबार परिसरका जितामित्र मल्ल-भूपतीन्द्रमल्लकालीन शक्तिसहितका भैरवमूर्तिहरूको पनि स्मरण गराएको छ र खास अन्तर के मात्र लाग्छ भने राजदरबारका ती मूर्तिहरू यस मूर्तिका तुलनामा मूर्तिकलाका दृष्टिले केही गतिशिल एवं राजाले बनाउन लगाएका र यो मूर्ति चाहिँ जितामित्र मल्लको पालाका एक भारादार, लाषुचोटेलका सिंह भारो र उनकी पत्नी गंगा मय्जुले बनाउन लगाएका हुन् । यो कुरा सो मूर्तिको पादपीठमा उत्कीर्ण तल प्रस्तुत अभिलेखबाट जानिन्छ ।

शक्तिसहितको भैरवमूर्तिको पादपीठमा उत्कीर्ण ने.सं.७९९ को अभिलेख (चित्र संख्या ३)



चित्र संख्या ३ : शक्तिसहितको भैरवमूर्तिको पादपीठको अभिलेख । नेपालसंत् ७९९ । भाषा र लिपि : नेपालभाषा, नेवारी । लम्बाइ : ५१ से.मि., चौडाइ : १० से.मि.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मूलपाठ

१. १ संम्वत ७९९ वैशाष शुदि ५ लाषुचोतोल, सिंहभारो, गंगामइ नेम्ह तिरि

२. पुरुष, समधालन दयका, फले दयका, जाके फं २० वा फं २० थ्वतेया वरसानन,

३. दकोन हाने, विसक्यातन, वातादेव विज्याक वेलस, मताप्वात २ वजि फं १ रा दंम २

४. धलिपात २ थ्वो छधारा यत्र यातनं थ थं, नेपोलं, जुगी नेम्ह, थ्व फरे सुनानं स्य-

५. नकरसा पंचमाहापाप राकजुलो, शुभ ।। श्री२ फ (भ) इरव थापना (या)ङा सतिसहि(त)

भावार्थ

ने.सं. ७९९ मा लाषुचोटोलका सिंहभारो र गंगामई दुईजना स्त्री पुरुषले आपसी सल्लाहले शक्तिसहितको भैरवमूर्ति समेत स्थापना गरी यो पाटी बनाउन लगाएको हो । सो पाटीमा विस्केटजात्राताका वातादेव (ब्रम्हायणी जात्रा गरी ल्याउँदा) २० पाथी चामल, २० पाथी धानको आयस्ताले विस्केटजात्रा र इन्द्रजात्राका बेलामा गरी दुईपटकसम्मन् बत्ती दिने, दहीच्यूरा चढाउने, जात्राताका जाँडसहित सम्हेबजी २ जना जुगी (कुस्ले/दर्शनधारी) सहित भक्तजनहरूलाई वितरण गर्नुपर्ने भयो । यो पाटी कसैले बिगारे, भत्काएमा पंचमहापाप लाग्नेछ ।

व्याख्या

नेपालसंवत् ७९९ मा तत्कालीन स्वतन्त्र राज्य भक्तपुर, लाषुचोटोलका भारादार सिंहभारो र उनकी पत्नी गंगामइ दुईजना स्त्री पुरुष मिलेर आपसी सल्लाह गरी शक्तिसहितको भैरवमूर्ति समेत प्रतिष्ठा गरी सो पाटी बनाउन लगाएका थिए । यो कुरा उक्त अभिलेखबाट जानिन्छ ।

विस्केट जात्रा र इन्द्रजात्रासित जोडिएर आएको यो पाटी एवं मूर्तिसितको संस्कृति आज पनि जीवन्त छ । स्थानीय बासिन्दाहरूका अनुसार ब्रम्हायणी भजनमण्डलमार्फत वैशाख २ ब्रम्हायणी+माहेश्वरी जात्राताका तेल र बत्तीको व्यवस्था गरी, भैरवको पुजा गरी सम्हेबजी चढाउने र सो प्रसाद भक्तजनलाई वितरण गर्ने, भजनकीर्तन गर्ने परम्परा आजसम्म पनि चलेर आएको छ ।

शीर्षभागको बीचमा ध्यानीबुद्धको आकृति भएको शिलापत्र चित्र संख्या ४)



चित्र संख्या ४ : ध्यानी बुद्धको आकृति भएको शिलापत्र ।

उक्त पाटीको दायाँबाट तेस्रो कवलमा पनि कपडापसल छ । सो पसलको दक्षिण-पूर्वको कुनामा शीर्षभागको बीचमा ध्यानीबुद्धको आकृति कुँदिएको शिलापत्र छ । सर्वसाधारणले नेदेखिने गरी ढाकिएर राखिएको सो शिलापत्रको त्यसदेखि मुनिको अभिलेख रहेको भाग सामान राख्ने दराजले पुरै ढाकेर राखेको अवस्थामा रहेको छ। यो शिलापत्र पनि यस अन्वेषकलाई त्यहाँका स्थानीय बासिन्दाले देखाइदिएको हो । त्यस क्षणमा सामानले भरिएको सो दराज हटाएर शिलापत्र अध्ययन गर्न दुर्बोध भएकोले पछि आएर अध्ययन गर्ने निश्चय गरी सो कार्यलाई स्थगित गर्नुपर्ने भयो ।

शीर्षमा ध्यानीबुद्ध रहेको आधारमा यो शिलापत्र बौद्धधर्म एवं विषयसित सम्बद्ध रहेको जानिन्छ । सो पाटीसङ्गै पूर्वमा एक सेतो चैत्य छ । शायद यो शिलापत्रको सम्बन्ध सो चैत्यसित रहेको अनुमान हुन्छ । पछि सो शिलापत्रको अध्ययनले नयाँ एवं तथ्य कुरा प्रकाशमा आउने नै छ ।

वाकुपति-चाँगुनारायणमन्दिरको उत्तरतर्फको दक्षिणाभिमुख पाटी 'भजनफल्चा' (चित्र सख्या ५),

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चित्र संख्या ५ : नारायणमन्दिरको दायाँपट्टिको पाटी : 'भजनफल्चा'

वाकुपति-चाँगुनारायणमन्दिरको दायाँपट्टि एक भत्केको पाटी छ । ढल्नै लागेको र टेक्काको भरमा मात्र अडेको, पूर्ण रूपले क्षतिग्रस्त यस पाटीले हामीलाई वि.सं.२०७२ साल वैशाख १२ गते गएको महाभूकम्प र त्यसपछि गएका शक्तिशाली परकम्पनहरूले धनजनको अपार क्षति भएको, सर्वसाधारणका घरहरू मात्र नभएर विश्वश्रेणीका हाम्रा सम्पदाहरूलाई पनि ठूलो क्षति पुऱ्याएको, हाँसो गुमाएर आँसुमा डुब्न परेको राष्ट्रिय विपत्तिको दुःखद् वर्षलाई एकसाथ संझाएको छ ।

तर विनाशले विकास पनि लिएर आएको हुन्छ । सो विनाशकारी भूकम्प र परकम्पनहरूले हामीमाझ चुनौति र अवसरहरू पनि छाडेर गएका छन् । यसैले भूमिसात् भएका र ढल्नलागेका सम्पदाहरू फेरि उठ्ने क्रममा छन्, केही उठिसकेका पनि छन् । हाम्रो वाकुपति-चाँगुनारायणको यो भजनफल्चा पनि छिट्टै नै उठ्ने क्रममा छ ।

साह्रै सुन्दर कलात्मक बूट्टाहरू एवं आकृतिहरूले सजिएको यो भजनफल्चाका काठका झयाल, निदाल लगायतका थामहरूले मध्यकालीन नेवार काष्ठकलाको उत्कृष्ट नमुना प्रस्तुत गरेको छ । भजनफल्चाको यस्तो सुन्दरताले पनि सिङ्गो नारायणमन्दिर परिसरको शोभा बढाइरहेको छ । पाँच कवलमा विभक्त यस फल्चाको पहिलो तलामा रहेको बीचको झयालको बायाँपट्टि एउटा सानो भ्रामक झयाल छ । त्यहाँ एकजोडी स्त्री पुरुष रतासनमा लीन रहेको कामासक्त-आकृति पनि कुँदिएको छ । (चित्र संख्या ६) त्यसले पनि यस भजनफल्चालाई विशेष तुल्याएको छ । सो भजनफल्चाको भित्तामा ने.सं. ८६५ (वि.सं. १८०२) को एउटा शिलापत्र छ । (चित्र संख्या ७) त्यसमा कुँदिएको अभिलेख तल प्रस्तुत छ :

चित्र संख्या ६ : कामासक्त-आकृति कुँदिएको भ्रामक झ्याल, ने.सं.८६५ ।



चित्र संख्या ७ : भजनफल्चाको ने.सं.८६५ को शिलापत्र । भाषा र लिपि : संस्कृत+नेपालभाषा, नेवारी । लम्बाइ : ३९ से.मि. चौडाइ ३० से.मि. ।

भजनफल्चाको अभिलेख

मूलपाठ

१. १ स्वस्ति ॐ अद्य ब्रम्हणो द्वितीयपरार्द्धे
२. स्वेतवालाहकल्पे, वैवस्वत मनोरष्य, विंशति त-
३. मस्य, चतुर्युगस्य कले, प्रथमपादे, जम्बुद्वीपे, भरतख-
४. ण्डे, भारतवर्षे, आर्यावत्तदेशे, हिमवद्दक्षिणपादे, नेपाल-
५. मण्डले, वासुकीक्षेत्रे, श्री३ पशुपतिसन्निधाने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वाग्मत्या:पूर्व
६. कुले, कौशिकायां पश्चिमकुले, भक्तपत्तन, श्री३गरुडनाराय-
७. न स्थाने, इहैवपुण्यभूमौ ।। ।। १ॐअद्य, आषाढमासे शुक्लपक्ष
८. द्वादस्यान्तिथौ, ज्येष्ठनक्षेत्रे, व्रम्हयोगे, जथाकरण मुहुर्त्तके वु-
९. धवासरे कर्क्कटराशिस्थिते सूर्यविच्छरास्थिते चन्द्रमसि ।। ।।
१०. एवं युग्म वि.(?)नथं, श्री३विष्णुपुरीप्राप्त कामनार्थं यच्छेटोल
११. धनिधरनं दर्त्तकृत ।। ।। अथ नेपालभाषा ।। श्री३ विष्णुप्रीतिन
१२. यच्छेटोल, मूलया धनिधर भारोनं फरे, इति, श्री३ महावि-
१३. ष्णु दयकं, स्थापना याङा ।। थ्व दत्त यातं खुपा ङावु रो व न-
१४. स्य २ दूंता ।। थ्व वुया वरसानन हाने, आषाढशुक्ल द्वादशी
१५. कुन्हु वुसाधन याय, पुजा जु १ वाकुन भांतस्त जु १ इतिस देव-
१६. स्तं पंचामृत जोलं जु १ निस्राव इतिस देवपुजा याक पुजावालि
१७. स्तं के आख्यर त्य २ फन वियमाल ।। इन्द्रजात्रा च्यान्हु टो, फरे
१८. स मता वियमाल । वर्ष वर्षस सेल्हो विचार यामाल ।।
१९. थ्वतेया साक्षि सत्यधर्म ।। थ्व दत्त विचार याकम्हया
२०. श्रीविष्णुपुरी प्राप्त, ध्वंसना यातसा पंचमहापातक ।।
२१. १सम्वत ८६५ आषाढकृष्ण पंचमि ।। ।। शुभमस्तु
२२. रो व ३ कांल्हा वु दुता ।।

भावार्थ

ने.सं. ८६५ (वि.सं. १८०२) मा याछेंटेलका धनिधर मूलले श्री ३ गरुडनारायणलाई प्रीति गरी पाटी, धारा लगायत श्री३ महाविष्णुको मूर्ति बनाउन लगाई स्थापना गर्नुभयो । यसको उचित व्यवस्थापनका लागि कांल्हा-खेत ३ रोपनी, ङावुको खुपामा २ रोपनी गरी जम्मा पाँच रोपनी खेत दत्त राखी त्यसको आयस्ताबाट नित्य पुजा एवं वार्षिक पुजा लगायत इन्द्रजात्राताका आठ दिनसम्म पाटीमा बत्ती दिनुपर्ने भयो । आषाढशुक्ल द्वादशीका दिनमा वर्षबन्धन पुजा गर्नुपर्ने भयो । त्यसका निमित्त पुजा भाग, पंचामृत आदि पुजारीलाई दिनुपर्ने र प्रत्येक वर्ष धारा, पाटी र देवस्थलको हेरविचार गर्नुपर्ने भयो । हेरविचार गरेमा विष्णुपुरी प्राप्ति र वेवास्ता गरी ध्वंस गरेमा पंचमहापाप लाग्ने छ । यस कुराका साक्ष सत्य र धर्म हुन् ।

व्याख्या

वाकुपति चाँगुनारायण परिसरमा अनेक कालखण्डमा विभिन्न भक्तहरूले राखेका कृतिहरू छन् । तीमध्ये सो नारायणमन्दिरसंगै उत्तरमा रहेको यो भजनफल्चा र सो भजनफल्चासंगैको पश्चिमपट्टिको दक्षिणाभिमुख ढुङ्गेधारा एवं सो धारामाथि रहेको विष्णुमूर्ति पनि हुन् । (चित्र संख्या ८) र, यी सुन्दर कृतिहरू भक्तपुर याछेटोलका धनिधर मूलले ने.सं.८६५ मा बनाउन लगाई स्थापना गर्न लगाएका थिए । यो कुरा भजनफल्चाको उक्त शिलाभिलेखबाट ज्ञात हुन्छ । धनिधरले पाँच रोपनी खेत दत्त राखी त्यसको आयस्ताले आरम्भ गरेको संस्कृति आज पनि कुनै न कुनै रूपमा चलिरहेको आभास हुन्छ ।



चित्र संख्या ८ : महाविष्णुसहितको ढुङ्गेधारा, दक्षिणाभिमुख, ने.सं.८६५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वाकुपति चाँगुनारायणमन्दिरको पश्चिमतर्फको पाटी 'भजनफल्चा'को शिलालेख (चित्र संख्या ९)

चित्र संख्या ९ : ने.सं.९८५ वि.सं.१९२२) को शिलालेख । ४२x२९ से.मि., लिपि : नेवारी, भाषा : नेपालभाषा ।

वाकुपति चाँगुनारायणमन्दिरको अगाडि, पश्चिमपट्टि पनि एउटा भजनपाटी छ । यो पाटीको पश्चिमभित्तामा एउटा पूर्वाभिमुख शिलालेख छ । कैयनकालदेखि सो भित्ता छोपिइराखिएकोले त्यताबाट उत्पन्न हुने ओस र, वर्षातमा चुहिएर आउने पानीले समेत सो भित्ता रसाइरहने हुनाले पानी र ओसले सो शिलालेखको अक्षर कुँदिएको पाप्रो उप्किएर नष्टप्रायः स्थितिमा पुगिसकेको छ । सो शिलालेखको अध्ययनका क्रममा निकै सावधानी अपनाएर त्यसको उतार लिने काम भएको छ । लाग्छ यस उतारले सो शिलालेखका कुरालाई नष्ट हुनबाट जोगाउने काम भएको छ । यस शिलालेखको शिर्षमा, मध्यभागमा आभरणसहितको गदा र त्यसको दायाँ र बायाँ चन्द्र र सूर्य आकृति अंकित छन् । सो शिलालेखको तल एकजोडी स्त्रीपुरुषको सूक्ष्म मूर्ति समेत कुँदिएको छ । सो मूर्तिमा दुबै स्त्रीपुरुषले घुँडाले टेकी वाकुपति चाँगुनाराणणलाई विन्तीभाव प्रकट गरिरहेका छन् । शिलालेखको मूलपाठ यस प्रकार छ -

मूलपाठ

वान फान

१. पुजा श्री ३ नारायन जाकी २
२. थ्व अजुग विधानश, अतेवालाहाकल्पत्यादि ।। वेशाषमास्य
३. पूर्णमास्यातिथौ यातिनक्षेत्रे व्यतिपातजोग जथाकर्णमुहुतके बुधवासरे
४. मेषरासीगते सवितरे तुलारासिगते चन्द्रमसि ।। एवं विशखेन विसितराया पुण्य-
५. तिथौ ।। कास्यगोत्र रवंधाक प्रजापति मीगरि, थद्व परामनामस्या इहत्र आयुरा
६. (रोग्य)युत वेकुथंवास निमित्यार्थ श्री३ नारायन वाक धम्मसारा जीर्णउधार क
७. थ चपिध्वकाक्षेत्र दरातिचक२ प्रमति ।। पन नेपालभाखा कास्यपगोत्र
८. विकु प्रजापति भीमंति थकु नेम्ह स्त्रीपुरुषन श्रीनारायनया हवने फले दयका
९. लीसं जिर्णउधार यायनिमितिन चुंपीधाका वु रो २ नस्य दुता जुरो ।। थ्व वुया व
१०. चका याव वर्षवन्धन दाल्हाल्होङाव वैशाष शुक्रया पूर्णमासि खुनुं वसाधर
११. न यात फ १ पुजा याय जु १ पुजा पिगदव याक यायमाल कति पुनि सकि म
१२. नि थ्व नेगु (पू)र्णमास महातले ।। कचा...पा १ मात च्यायमाल थ्व नह दाप
१३. लक्ष भजन याय माल थ्वतेया गुथीजन थव कायया तवधीक प्रजापति
१४. रत्नमनि प्रजापति दाजु धनविर प्रजापती चक्रवेरसी थ्व याम्ह वाने माल थ्व
१५. म्ह(?)जीत द धाषासका पतालस मवननास दलपमदु जि संतान मदतसा प्यद

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१६. ति ज्यालपाल यायमाल ।। थ्वते अछिद्रन यातसा स्वर्गप्राप्ति मयातसा पंचमाहा

१७. पाप थ्वतेया साक्षी भाजु ...वनिराम तपुद्यो भूमि राप्र हपं वय मच इ-

१८. हंच राव्री इहं यावसुध्म स्वदत्त परदत्त वाजो हरति स्व वसुधरा षस्ती वर्ष स-

१९. हस्रानि विष्टाया जायन कृमी दृष्टसाक्षि कायचा तवधीक प्रजापति ल-

२०. त्लमनि प्रजापति छय कुवरसि प्रजापति स्वदालया जगनारा प्र-

२१. जापति देवी प्रजापति भेरसि नाम जस..क-

२२. जाल जमनाराव्रि पकाल लिषीत दैवज्ञ गया-

२३. (नारा?)न सम्वत ९८५ वैशाष शुदि १५ रो (७?) शुभं ।।

भावानुवाद एवं विश्लेषण

ने.सं.९८५ वैशाख शुदि १५ (वैशाख पूर्णिमा) रोज ७ का दिनमा रवधाक प्रजापति र मीगरि दुबै स्त्री पुरुषको वैकुष्ठवास कामनार्थ श्री३ वाकुपति नारायणमन्दिरको सामुन्नेमा धर्मशाला जीर्णोद्धार गरियो । विकु प्रजापति भीमंति थकु दुईजना स्त्रीपुरुषले श्री नारायणको अगाडि पाटी बनाएसंगै त्यसको जीर्णोद्धार गर्नका निमित्त चुपिंध्वाकाको २ रोपनी खेत चढाउनुभयो । सो खेतको बालीबाट वर्षबन्धन पुजा, मरम्मत संभार आदि गरी वैशाख पूर्णिमाका दिनमा वर्षवन्धन पुजा गर्नका लागि चामल पाथी १, 'वान फान' अर्थात् भैपरी आउने कामका निमित्त चामल २ पाथी खर्च गरी कति पुनि (आश्विन पूर्णिमा) र सकिमना पुनी (कार्त्तिक पूर्णिमा) का दिनमा बत्ती बाल्ने काम गर्नुपर्ने भयो, एक महिनासम्म भजन गर्नुपर्ने भयो । यसका गुठीयारहरू तवधीक प्रजापति लत्लमनि प्रजापति दाजु धनविर प्रजापती चक्रवेरसी आदिले नटुट्ने गरी काम गरेमा स्वर्गप्राप्ति र नगरेमा पंच महापाप लाग्नेछ ।

वाकुपति चाँगुनारायणस्थानमा पहिले नै धर्मशाला थियो । ने.सं.९८५ (वि.सं.१९२२) मा विकु प्रजापति भीमंति थकु दुई स्त्रीपुरुषले त्यसको जीर्णोद्धार गर्नुका साथै नारायणमन्दिर अगाडि एउटा नयाँ पाटी समेत बनाइदिएको कुरा यस शिलालेखबाट थाहा पाइन्छ । र, सो पाटीको जीर्णोद्धारका लागि गुठीजग्गा राखी गुठियारहरूलाई काम गर्ने थिति बाँधिदिएको कुरा पनि यस अभिलेखबाट स्पष्ट हुन्छ ।

यस शिलालेखमा चुपींधाका को उल्लेख आएको छ । चुपिंघाटमा पनि एउटा मध्यकालीन ध्वाका (प्रवेशद्वार) थियो भन्ने कुरा यस शिलालेखले देखाएको छ । त्यसैगरी 'स्वदाल'ले आजको सुडाललाई संभाएको छ । प्रजापतिहरूको बासस्थान तौलाछें र सुजमाह्री टोलमा बढ्ता छ । यसरी यो शिलालेख प्रजापतिहरूका पूर्वजले वाकुपति मन्दिरमा धर्मशाला जीर्णोद्धार गरी एउटा नयाँ पाटी समेत बनाएर राखिदिएको बारेको अकाट्य प्रमाण यो शिलालेख हो ।

निष्कर्ष

इतिहासको अकाट्य स्रोत अभिलेख हो । इतिहास जनमुखी हुन्छ । तत्कालीन जन-इतिहासको एक सानो झलक एवं सुन्दर नमुना सुजमाह्री, वाकुपति चाँगुनारायणमन्दिरका पाटी/ भजनफल्चाहरूका अभिलेखबाट पनि मिल्छ । यी अभिलेखहरूमा तात्कालिक राजाका नाम उल्लिखित छैनन् । ने.सं. ७९९ को सिंह भारो र गंगामइले राखेको अभिलेख तत्कालीन भक्तपुरका राजा जितामित्र मल्ल (ने.सं. ७९३-८१६)को पालाको र, ने.सं. ८६५ को धनिधरले राखेको अभिलेख मल्लकालीन भक्तपुरका अन्तिम राजा रणजित मल्ल (ने.सं.८४२-८८९)को पालाको हो । त्यसैगरी नारायणमन्दिरको अगाडिको भजनफल्चाको ने.स.९८५ को शिलालेख विकु प्रजापति भीमंति थकु दुईजना स्त्रीपुरुषहरूले राख्न लगाएका हुन् । शिलालेख रहेको सो भजनफल्चा उनीहरूले बनाउन लगाएका थिए । त्यसैगरी त्यहाँ रहेको धर्मशाला समेत उनीहरूले जीर्णोद्धार गर्न लगाएका थिए ।

सम्पत्ति थुपार्नु धर्म होइन । आर्जेको सम्पतिको केही भाग जनहीत वा लोककल्याणका लागि अर्पित गर्नु, परम-धर्म हो । देश र जनताभन्दा ठूलो कोही छैन । र, देश र जनहीतका लागि राखेर गएको कीर्ति वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कामले अमर भइन्छ । यही धर्म हो । नेपाली संस्कृतिको मूल वैशिष्ट्य एवं चिनारी पनि यही रहिआएको छ । पूर्वजहरूले राखिदिएका पाटीहरू, धाराहरू एवं मूर्तिहरू र संस्मरणात्मक अभिलेखहरू उक्त कुराका सुन्दर नमुना एवं अकाट्य साक्ष्य हुन् ।

मठ, मन्दिर, विहार होस् वा चैत्य,मूर्ति ! धारा, पाटी होस् वा पोखरी, सत्तल ! कुवा, जलद्रोणी होस् वा इनार! दरबार होस् वा दवु (डबली)/मण्डप ! यी यस्ता कुनै कृतिको निर्माणपश्चात् त्यसलाई धार्मिक - सांस्कृतिक - लोकजीवनसित अपरिहार्य रूपमा गाँसेर, सांस्कृतिकीकरण गर्दै चीरकालसम्म एक पुस्तापछि अर्को पुस्तासम्मले निरन्तर त्यसको हेरविचार गर्दै लैजान, भत्के बिग्रेमा मरम्मत संभार गर्न वा जीर्णोद्धार गर्न, अटूटरूपले नित्य पुजा र वार्षिक पुजा समेत गर्दै लैजान, स्थायी आयस्ताको रूपमा खेत/जग्गासमेत दत्त राखेर नयाँ सस्कृति/संस्कार/जात्रा पर्व थप्दै समृद्ध तुल्याउँदै लानु पनि नेवार-संस्कृतिको अभिन्न अङ्ग हो, र, अनुपम विशेषता हो । हाम्रा सिंहभारो+गंगामइ र धनिधर मूल लगायत विकु प्रजापति भीमंति थकुहरूले राखेर गएका कृतिहरू एवं दत्त पनि उक्त कुराका उत्कृष्ट-उदाहरण हुन् ।

नेवार-संस्कृति मूर्त एवं अमूर्त सम्पदाले समृद्ध छ । सिंहभारो+गंगामइ र धनिधर लगायत विकु प्रजापति भीमंति थकुहरूले बनाउन लगाएका पाटी, मूर्ति र धारा 'मूर्त सम्पदा' हुन् भने विस्केट एवं इन्द्रजात्राताका, वैशाख पूर्णिमा, आश्विन पूर्णिमा, कार्तिक पूर्णिमा जस्ता पवित्र दिनहरूमा ती पाटीमा बत्ती दिनु, भक्तजनलाई प्रसाद वितरण गर्नु, वर्षबन्धन पुजा गर्नु, धाराको पवित्र जलले मूर्तिपुजा गर्नु 'अमूर्त सम्पदा' हुन् । दत्तको रूपमा रहेको खेत वा जग्गा मूर्त एवं अमूर्त सम्पदाको जग हो । सम्पदा शरीर हो भने खेत/जग्गा त्यसको आत्मा हो । हाम्रा जात्रा चाडपर्वहरू एवं सांस्कृतिक जीवनसित गाँसिएर आएका संस्कारहरू शरीर हुन् भने तिनलाई जीवन्त रूपले जीवित-शरीरका रूपमा चलायमान तुल्याइराख्ने हाम्रा पुर्खाले मरिहत्ते गरी राखेर गएका अनगिन्ती खेत/जग्गाहरू आत्मा हुन् । आत्मा नै मर्‍यो भने त सबथोक मर्छ, संस्कृति मर्छ, पहिचान हराउँछ । मेरा आफ्नो अनुभूतिमा, गहिरो दु:खका साथ भन्नुपरेको छ : करीब पाँचदशक अघिसम्म पनि यो नेपालमण्डल/नेपालउपत्यका प्रकृति+संस्कृतिले साह्रै सुन्दर थियो, अहिले कुरूप भएको छ । उहिले यहींका मात्र मान्छे थिए, थोरै मान्छे, थोरै घर र असंख्य देवता र देवालय, धेरै उत्पादन, जता हेर्‍यो उतै धेरै फल्चा, सत्तल, मठ, मन्दिर, विहार, कहिले सुनजस्तै र कहिले चाँदी जस्तै रूपरङ्ग बदलिरहने खेतैखेत र बृहत् खुला स्थानहरू र गौचरणहरू/चौरहरू टाढा-टाढासम्म पनि देखिन्थे । अहिले मान्छे र कंक्रिट-संस्कृतिका घरहरूले यो नेपालमण्डल (काठमाण्डौ उपत्यका) धान्नै नसकिने गरी सीमाभन्दा बाहिर गएर ढाकिएका छन् । पाटी, पौवा, धारा र खेतका त कुरै छाडौं, यहींका रैथाने मान्छेहरूका अनुहार पनि देख्न गाह्रो हुनथालेको छ । जात्रा, चाडपर्व एवं संस्कारहरू लोपोन्मुख स्थितिमा पुगेका छन्, कति त लोप पनि भइसके । हिजो हाम्रा पुर्खाले संस्कृति बचाउन खेतजग्गा मरिहत्ते गरी राखेर गए । हामीले आज ती नै खेतजग्गा म्हास्न बेच्न मरिहत्ते गरिरहेका छौं । यस्ता खेत छन् भने हाम्रो संस्कृति पनि छ । खेत छैन भने किसान पनि त छैन । बेलैमा हाम्रो चेत खुलोस् । हाम्रो चिनारी हाम्रो संस्कृति हो । संस्कृति मर्‍यो भने हामी जीवित भएर पनि जीवित-मृत मात्र हुने छौं ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ताम्बूलकल्पको सम्पादन र त्यसको छत्रप्रभा नेपाली टीका

– डा. छत्रपति दाहाल*

पानको परम्परा प्राचीन नै हो । वात्स्यायनको कामसूत्रमा पानको महिमाको यथेष्ट वर्णन गरिएको छ । हाम्रा धार्मिक क्रियाकलाप अन्तर्गत विविध पूजा र उपचारमा तथा अतिथि सत्कार एवं सांस्कृतिक भोजभतेरमा समेत पानको प्रयोग भएको पाइन्छ । नामकरण, यज्ञोपवीत, विवाह, व्रतबन्ध, सप्ताह आदिमा विधिवत् पानको प्रयोग हुने गरेको कुरालाई हामी सबैले देखिआएको कुरा पनि हो । आयुर्वेदमा पानलाई तीक्ष्ण, उष्ण, हलुका, सर, तिक्त, क्षार, कटु, रुचिकारक, कामोद्दीपक, बलकारक, मुखदुर्गन्धिनाशक, मलविकारनाशक, वातविकारनाशक कफनाशक र श्रम वा थकाइ नाश गर्ने खालको तथा रक्तपित्तकारक आदि भनेर मानिएको छ।[1] संस्कृतभाषामा ताम्बूललाई पर्णम् पनि भनिन्छ । पर्णशब्दकै अपभ्रंश भएर नेपाली भाषामा 'पान' शब्द प्रचलनमा आएको हो । यसलाई नागवल्ली, उत्तमवल्ली, नागवल्लरी, ताम्बूलवल्लरी आदि पर्यायनामले पनि चिनिने गरिन्छ । भावप्रकाश निघण्टुमा पानलाई विशद (खस्रो, पिच्छिल वा चिप्लोपना नभएको), रुचिकारक, तीक्ष्ण, उष्ण, तुवर, सर(मलनिःसारक/दस्तावर), बलकारक, तितो, पिरो, क्षारीय, रक्तपित्तकारक, हलुका, कफरोगनाशक, मुखदुर्गन्धिनाशक, मलविकारनाशक, वातविकारनाशक, थकावटनाशक भनिएको छ –

ताम्बूलवल्ली, ताम्बूली, नागिनी, नागवल्लरी ।
ताम्बूलं विशदं रुच्यं तीक्ष्णोष्णं तुवरं सरम् ।।
बल्यं तिक्तं कटु क्षारं रक्तपित्तकरं लघु ।
वश्यं श्लेष्मास्यदौर्गन्ध्यमलवातश्रमापहम् ।।
–भावप्रकाशनिघण्टु गुडुच्यादिवर्गः १०-११ ।।

पान खाने क्रियालाई आयुर्वेदमा ताम्बूलचर्वण भनिन्छ । रतिकालमा, सुतेर उठेपछि, स्नान गरेपछि, खाना खाएपछि, वमनपछि, विद्वत्सभामा र राजसभामा ताम्बूलचर्वण गर्ने निर्देश आयुर्वेदले गरेको छ । तर विरेचनकर्म गरेको अवस्थामा, भोक लागेको अवस्थामा ज्यादा ताम्बूलचर्वण भएमा देह-नेत्र-केश-दन्त-अग्नि-श्रोत्र-बलको कमी हुने कुराको पनि आयुर्वेदमा यथोचित वर्णन गरिएको छ । त्यसैले दन्तदौर्बल्य, नेत्रदौर्बल्य, विषाक्तता, मूर्च्छा, मद, क्षय र रक्तपित्त रोग लागेको अवस्थामा पान खानुहुँदैन ।[2]आयुर्वेदका बृहत् त्रयी चरकसंहिता, सुश्रुतसंहिता र अष्टांगसंग्रहमा पनि पानको

---

१ ताम्बूलमुक्तं तीक्ष्णोष्णं रोचनं तु वरं परम् ।
तिक्तं क्षारोषणं कामरक्तपित्तकरं लघु ।।
वश्यं श्लेष्मास्यदौर्गन्ध्यमलवातश्रमापहम् ।
मुखवैशद्यसौगन्ध्यकान्ति सौष्ठवकारकम् ।।
हनुदन्तमलध्वंसि जिह्वेन्द्रियविशोधनम् ।
मुखप्रसेकशमनं गलामयविनाशनम् ।। –भावप्रकाशनिघण्टु ।

*स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

२ रतौ सुप्तोत्थिते स्नाते भुक्ते वान्ते च संगरे । सभायां विदुषां राज्ञां कुर्यात्ताम्बूलचर्वणम् ।। – भावप्रकाशनिघण्टु ।
पथ्यं सुप्तोत्थिते भुक्ते स्नाते वान्ते च मानवे ।
रक्तपित्तक्षतक्षीणतृष्णामूर्च्छापरीतिनाम् । रुक्षादुर्बलमर्त्यानां न हितं चास्यशोषिणाम इति सुश्रुतस्य वाग्भटस्य च पाठः समीक्षणीयः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वर्णन गरिएको छ ।[३] वेद, कर्मकाण्डपद्धति आदिमा पनि पानको वर्णन गरिएकोले हाम्रो संस्कृति र सामाजिक प्रचलनमा प्राचीनकालदेखि नै पानको प्रयोग भएको कुरा निर्विवाद छ । श्री राष्ट्रिय अभिलेखालय नेपालको रील नम्बर ए-२२५/१६ सुरक्षित रहेको लेखकको नाम र समयको उल्लेख नगरिएको ताम्बूलकल्पनामक पाँच पानाको पाँच ग्रन्थमा पानका बारेमा अनुष्टुप् छन्दका २० र शार्दूलविक्रीडित छन्दको १ गरी जम्मा २१ श्लोकमा पानको वर्णन गरिएको छ, जसमा पानको महिमा, गुण, पानका त्याज्य या निषिद्ध भाग, निषिद्ध पान सेवन गरेमा हुने असर, पानको त्रिदेवमय स्वरूप, ताम्बूलदानको अर्थात् पान खुवाउने कामको प्रशंसा, पानदानको प्रयोगविधि, पान खाने तरिका र पानका षडग लगायत अन्य कुराको बारेमा पनि संक्षिप्त वर्णन गरिएको छ । हिजोआज लुप्तप्रायः रहेको पानप्रदानको प्राचीन विधि आजका सन्दर्भमा व्यवहारोपयोगी भए पनि र नभएपनि तात्कालीन सत्कारव्यवस्थामा रहेको उक्त विधि र प्रयोगको बारेमा बोध हुनु राम्रै हुने भएकोले ताम्बूलकल्पको सम्पादन गरी हालको प्रचलित नेपाली भाषामा अनुवाद सहित प्रकाशन गर्न खोजिएको छ । देवनागरी लिपिको यस लघुग्रन्थमा संस्कृतभाषाका श्लोक र पुरानो नेपाली भाषामा अर्थ पनि गरिएको छ ।

३ धार्याण्यास्येन वैशद्यरुचिसौगन्ध्यमिच्छता ।
जातीकटुकपूगानां लवणस्य फलानि च ।
कंकोलकफलं पत्रं ताम्बूलस्य शुभं तथा ।
तथा कर्पूरनिर्यासः सूक्ष्मैलाया फलानि च ।।
–चरक,सूत्रस्थान मात्राशितीयाध्यायः ७३-७४ ।।
पथ्यं सुप्तोत्थिते भुक्ते स्नाते वान्ते च मानवे ।
रक्तपित्तक्षतक्षीणतृष्णामूर्च्छापरीतिनाम् ।
रुक्षदुर्बलमर्त्यानां न हितं चास्यशोषिणाम् ।।
–सुश्रुतसंहिता चिकित्सास्थान २४।२३-२४ ।।
रुचिवैशद्यसौगन्ध्यमिच्छन् वक्त्रेण धारयेत् ।
जातीलवंगकर्पूरकंकोलकटुकैः सह ।।
ताम्बूलानां किसलयं हृद्यं पूगफलान्वितम् ।
रक्तपित्तक्षतक्षीणरुक्षोत्कुपितचक्षुषाम् ।।
विषमूर्च्छामदात्यानामपथ्यं शोषिणाञ्च तत् ।। पथ्यं
सुप्तोत्थिते भुक्ते स्नाते वान्ते च मानवे ।
द्विपत्रमेकं पूगं च सचूर्णं खदिरं च तत् ।।–
अष्टांगसंग्रहःसूत्रस्थानम् ३।३६-३९।।

लेखनमा रहेका हिज्जे र पाणिनीय व्याकरण अनुसारका स्पष्ट त्रुटिहरूलाई सच्याउनेबाहेक अरू केही परिवर्तन नगरी यसलाई जस्ताको तस्तै प्रस्तुत गर्न खोजिएको छ । संस्कृतभाषाका पदक्रममा नेपाली भाषाको जस्तो नहुने भएकोले पद्यहरूको अन्वय र संक्षिप्त नेपाली भाषाको अर्थसहित प्रस्तुत गरिएकोले पानका पारखी, पानका व्यवसायी र पानका प्रयोगकर्ता सबैलाई यो ग्रन्थ उपयोगी र ज्ञानमूलक हुनेछ भन्ने कुराको यहाँ अपेक्षा राखिएको छ ।

श्रीगणेशाय नमः ।।

प्रसादभूतं देव्या यत्ताम्बूलं चास्यवासनम् ।।

ताम्बूलं चर्व्वयेन्मर्त्यः पवित्रं श्रीकरं परम् ।।१।।

श्रीगणेशाय नमः ।।

प्रसादभूतमिति ।। देवतालाई चढायाको मुखको षुस्वोइ हुन्यागर्न्या जो पान तस्पान श्रेष्ठ भयाको लक्ष्मी गरिन्या पवित्र हुन्या जौन मनुष्यले तस्पान चबाउला मंगल होला ।।

षुस्वोइ=खुशबू=सुगन्ध

छत्रप्रभा नेपाली टीका

श्रीगणेशलाई नमस्कार छ ।

अन्वयः ताम्बूलं यत् देव्याः प्रसादभूतं (तत्) आस्यवासनम् च । मर्त्यः परं पवित्रं श्रीकरं ताम्बूलम् चर्बयेत् ।।

अर्थः ताम्बूल अर्थात् पान देवीको प्रसादजस्तै हो र त्यो मुखका लागि सुवास (सुगन्ध) दिने पनि हो । मनुष्यले यस्तो परम पवित्र र लक्ष्मीप्रद पान चपाउने गर्नुपर्दछ ।

संकेतः यहाँ पान देवीको प्रसाद र मुखवासन (मुख सुगन्धित पार्ने) हुनुका साथै परम पवित्र एवं श्रीकर अर्थात् लक्ष्मीकारक भएको भनी पानको महिमा बताइएको छ ।

शुभदं सर्व्ववर्णानां मुखशुद्धिकरं परम् ।

ताम्बूलं दीपनं रुच्यं सर्व्ववातकफापहम् ।।२।।

चारै वर्णका मुखशुद्धि हुन्या ।। फेर पानले क्या गुण दिन्या भन्या ।। **ताम्बूलमिति** ।। अग्नि जगाउन्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पानैले हो अन्न रुचन्या पनि ज्यावद्वातनाम सवै औ कफकन नाशिदिन्या ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः ताम्बूलं सर्ववर्णानां शुभदं, परं मुखशुद्धिकरं, दीपनं, रुच्यम् सर्ववातकफापहम् (अस्ति) ।।

अर्थः पान सबै वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र)का लागि शुभदायक, उत्तम मुखशोधक, पेटको अग्निलाई जगाउने, खाने कुरामा रुचि बढाउने र सबै किसिमका वात र कफका विकारहरूलाई नाश गर्ने खालको हुन्छ ।

संकेतः यहाँ पानको मुख्य गुण मुखशुद्धिकारक, अग्निदीपन, रुचिकारक र सबै खालका वात र कफको विकारको नाश गर्ने भएकोले यो सबै वर्णका लागि शुभकारक भनी बताइएको छ ।।

त्याज्यं पित्तभ्रमे रक्ते नेत्रोत्कम्पे क्षायेऽपि च ।।

पर्णाग्रं पर्णपृष्ठं च चूर्णपर्ण विवर्ज्जयेत् ।।३।।

त्याज्य क्याक्यामा भन्या पित्तमा भ्रमरोगमा शरीरमा रक्त वढ्यामा नेत्ररोगमा कफजोरमा त्याज्य छ । **पर्णाग्रमिति** ।। पानमा दोष भिकि फालनुपर्न्या कुरो ।। पानको पातको टुप्पा पानको पातका पीठमा रहन्या नसा टुक्राटुक्रा पन्याको पानको पात एति पनि निषिद्ध छ ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः (ताम्बूलम्) पित्तभ्रमे रक्ते नेत्रोत्कम्पे क्षायेऽपि च त्याज्यम् । (ताम्बूलस्य) पर्णाग्रं पर्णपृष्ठम् चूर्णपर्णञ्च विवर्जयेत् ।।

अर्थः पित्तविकारमा, भ्रमरोग (चक्कर) मा, रक्तपित्तमा, नेत्रोत्कम्प (आँखा काँप्ने रोगमा) र क्षयरोगमा पान त्याज्य छ अर्थात् खानुहुँदैन ।। त्यसैगरी पातको अगाडिको भाग (टुप्पापट्टि) पछाडिको भाग र टुक्रिएको पानको पात पनि वर्जित गरिएकोले खानुहुँदैन ।

संकेतः यहाँ पान खान नहुने रोगहरूका साथै पान सेवन गर्दा फाल्नपर्ने भागहरूको वर्णन छ । अग्रभाग, पृष्ठभाग र चूर्णित पान गरी पानका तीन भागहरू निषिद्ध बताइएका छन् ।।

पर्णमूले भवेद् व्याधिः पर्णाग्रे पापबुद्धयः ।।
चूर्णपर्ण हरत्यायुः शिरा बुद्धिविनाशिनी ।।४।।

पानको डाँठ लाग्याको पनि निषिद्ध छ षाया व्याधि होला टुप्पा षाया पापवुद्धि भइजाला ।। **चूर्णपर्णमिति** ।। टुक्रा टुक्रा पन्याको पान षाया आयुहीन हुंछ ।। पानको चूचो[४] षाया वुद्धिको नास होला ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः पर्णमूले व्याधिर्भवेत्, पर्णाग्रे पापबुद्धयः, चूर्णपर्णं आयुर्हरति शिरा बुद्धिविनाशिनी ।।

अर्थः पानको पातको फेदपट्टिको भाग खाएमा रोग लाग्दछ । पर्णाग्र अर्थात् पानको अग्रभाग खाएमा पापबुद्धि (नराम्रो काम गर्ने विचार) हुन्छ । चूर्णित पानको पात खाएमा आयुको ह्रास हुन्छ, पानको शिरा(नसा) खाएमा बुद्धि विनाश हुन्छ ।।

संकेतः यहाँ वर्जित पान सेवन गरेमा हुने असर बताइएको छ ।[५]

तर्जन्या चूर्णमादाय ताम्बूलं न तु भक्षायेत् ।।

यदि खादति मूढात्मा रौरवं नरकं व्रजेत् ।।५।।

माहिलि अंगुलाले चून भिकि पानमा लाई नषानु कदाचित् मुर्खले षायो भन्या रौरव नाउको नरकमा पर्ला ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः न तु तर्जन्या चूर्णम् आदाय ताम्बूलम् भक्षायेत् । यदि मूढात्मा खादति (तर्हि) रौरवं नरकं व्रजेत् ।।

अर्थः तर्जनी अर्थात् चोरऔंलाले चून लिई लगाएको पान पनि खानुहुँदैन । कुनै मूर्ख व्यक्तिले त्यस्तो पान खायोभने त्यो रौरव नरकमा पर्दछ ।।

संकेतः यहाँ पानको अशुभ प्रयोगलाई बताइएको छ । कहिल्यै पनि चोरऔंलाले चून भिकेर पानमा लगाउनुहुँदैन ।।

पूगो ब्रह्मा दलं विष्णुश्चूर्ण देवो महेश्वरः ।।

---

४ पानको डाँठ, टुप्पो र टुक्राको निषेधपछि चूचो लेखेको संगत देखिन्न । श्लोकमा शिरा भनिएको हुँदा नसा भन्ने अर्थ संगत लाग्छ ।

५ आयुरग्रे यशो मूले लक्ष्मीर्मध्ये व्यवस्थिता । तस्मादग्रं तथा मूलं मध्यं पर्णस्य वर्जयेत् ।। पर्णमूले भवेद् व्याधिः पर्णाग्रे पापसम्भवः । पर्णमध्यं हरत्यायुः शिरा बुद्धिविनाशिनी ।। –भावप्रकाश ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कषायं तु भवेद् देवी ताम्बूलमतिदुर्लभम् ।।६।।

पूगमिति ।। सुपारि ब्रह्मा हुन् पान विश्नु चून महादेव खयर देवी हुन् तव ताम्वूल जो पान दुर्लभ भया ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः पूगो ब्रह्मा, दलं विष्णुः, चूर्णं महेश्वरो देवः, कषायं तु देवी भवेत्, (तेन) ताम्बूलम् अतिदुर्लभम् ।।

अर्थः पानमा प्रयोग हुने सुपारी ब्रह्माको स्वरूप हो । पानको दल विष्णुको स्वरूप हो । पानमा प्रयोग हुने चून महेश्वरको स्वरूप हो । पानमा प्रयोग हुने कत्था वा खयरको कषाय देवीको स्वरूप हो । यस्तो पान अति दुर्लभ कुरा हो ।

संकेतः यहाँ ब्रह्मा, विष्णु, शिव र शक्तिको स्वरूप भएकोले पानको अलौकिक गुणको बारेमा संकेत गरिएको छ ।।

एतेषां सम्प्रदानेन वर्द्धन्ते भाग्यसम्पदः ।।

ताम्बूलसमयं देवि तत्र श्रृणु यथाक्रमम् ।।७।।

एतेषामिति ।। इन पान दान गर्ण सक्या भाग्य र संपति वढन्या छ । महादेव पार्वतिकन भंछन् हे देवी पार्वति जस्लाइ दिनुछ इ पान तस्लाई पात योग्य एति भंन्या कुरो क्रमसित म भंछु सुन ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः एतेषां सम्प्रदानेन भाग्यसम्पदः बर्द्धन्ते देवि तत्र ताम्बूलसमयं यथाक्रमं श्रृणु ।।

अर्थः यस प्रकारको पान खान दिने गरेमा भाग्य र सम्पत्ति बढ्दछन् । महादेव पार्वतीलाई भन्दछन् हे देवि ! कसलाई कस्तो पान दिनुपर्दछ भन्ने बारेमा अब म बताउँछु क्रमैसित सुन ।।

संकेतः यहाँ महादेवले पार्वतीलाई पानदानको उपयोगबारे बताउँदै छन् ।

शतपर्णानि देवेशि चक्रवर्त्तिताय च ।।
गुरूभ्यः सम्प्रदातव्या द्वात्रिंशत्पर्णवीटिका ।।८।।
अष्यविंशति भूपेभ्यो बान्धवेभ्यो दशाष्टकम् ।।
जामात्रे पक्वपर्णानि वसुद्वादश वा प्रिये ।।९।।
पञ्चविंशति शक्तिभ्यः पुत्रेभ्यस्तत्वसंख्यकान् ।।
षट्पर्णानि च शत्रुभ्यस्तुरीयं दानमुत्तमम् ।।१० ।।
पर्णत्रयं शत्रुपक्षे दशपर्णानि वश्ययोः ।।
वीरेभ्यः षोडश शिवे दिव्यौधे वसुपीठयुक् ।।११।।
तदर्द्ध चैव सिद्धौधे मानवौधे तदर्द्धकम् ।
मान्येभ्यः सप्तपर्णानि कन्यायैः पञ्चविंशतिः ।।१२।।
चन्द्रयुक्तं महेशानि पौत्रेभ्यो दश पञ्च च ।।
स्नुषायै त्रिंशति शिवे दास्यै चैव चतुर्दश ।।१३।।
अन्येभ्यः परमेशानि विंशत्पर्णानि दापयेत् ।।
पलिपुत्री तथा दासी दासश्चैव चतुर्थकम् ।।१४।।

वात्साह भयाका राजालाई पान दिनुपर्‍या पानको पात १०० लाइ विडा वनाई दिनु ।। **गुरूभ्य इति ।।** गुरूहरूलाई दिनुपर्‍या पान वत्तीस ३२लाई विडा वनाई दिनु ।। अरू स्वदेशमात्रका राजालाई अठाइस २८ पातका विडा दिनु ।। वांधवजनलाई दश १० वा आठ ८ पातको विडा दिनु ।। **जामात्र इति ।।** जुवाईलाई पाक्याको पान आठ ८ वा वाह्र १२ पातको विडा लाई दिनु ।। आफ्नी स्वासनीहरूलाई पान पचीस २५ पातको विडा लाई दिनु छोराहरूलाई चौवीस २४

पात लाग्याको पान विडा दिनु भनि महादेव भंछन् हे प्रिये भनि ।। **षट्पर्णानीति ।।** छ पानको पातलाई विडा गरि शत्रुलाई दिनु चार पातको विडा दिनु पनि निको छ शत्रुका पट्टिका मांछलाई तिन पातको विडालाई दिनु दश १० पातको विडालाई वश्य गर्नुपर्न्या मांछलाई दिनु ।। **वीरेभ्य इति ।।** पहल्मान्हरूलाई सोह्र पात लाग्याको पान दिनु हे शिवे हे पार्व्वति सदा कल्याण हुन्या भयाकि तिमि भनि महादेव भंछन् दिव्यौद्यलाई चौतिस ३४ मानवैदलाई ४८ अठचालीस पानको विडा ।।११।। **मानेभ्य इति ।।** आफुले मान्नुपर्न्या मांछलाई सात ७ पातको विडा लाई पान दिनु ।। चेलिवेटिलाई पचीस २५ पातको विडा वनाई दिनु कपुर पनि हालि पंध्र १५ पातको पान नातिहरूलाई दिनु ।। वडी साहेवीनि भयाकि भनि पार्व्वतिलाई महादेव सुनाउँछन् ।। **स्नुषायामिति ।।** हे शिवे वुहारिहरूलाइलाई तीश ३० पानका पात विडालाई दिनु । कमारीलाई चौध १४ पातको पानविडा लाइदिनु ।। **पलिपुत्रीति ।।** पलिपुत्री कमारी कमारालाई चौर ४ पातको पान दिनु ।।१४ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छत्रप्रभा नेपाली टीका

अन्वयः देवेशि ! शतपर्णानि चक्रवर्त्तिताय च (अत्र चकारः पादपूरणार्थम्) सम्प्रदातव्या । गुरूभ्यः द्वात्रिंशत् पर्णवीटिका सम्प्रदातव्या । अष्टाविंशति भूपेभ्यः, दशाष्टकम् बान्धवेभ्यः प्रदातव्याः । प्रिये ! जामात्रिणे वसु वा द्वादश पक्वपर्णानि प्रदातव्यानि । पञ्चविंशतिः शक्तिभ्यः पुत्रेभ्यस्तत्वसंख्यकान् पर्णान् । षट्पर्णानि तुरीयं च दानम् उत्तमम् शत्रुभ्यः । शत्रुपक्षे पर्णत्रयम्, वश्ययोः दशपर्णानि । शिवे ! वीरेभ्यः षोडशः दिव्यौधे वसुपीठयुक् । सिद्धौधे चैव तदर्द्धम्, मानवौधे तदर्द्धकम् । मान्येभ्यः सप्तपर्णानि कन्यायैः पञ्चविंशतिः । महेशानि ! पौत्रेभ्यो चन्द्रयुक्तं दश पञ्च च । शिवे स्नुषायां त्रिंशतिः । दास्यै चैव चतुर्दश । परमेशानि ! अन्येभ्यः विंशत्पर्णानि दापयेत् । पलिपुत्री तथा दासी दासश्चैव चतुर्थकम् ।।

अर्थः हे पार्वती ! चक्रवर्ती भएका राजालाई दिनुपर्दा शय पात भएको पानको विडा बनाएर दिनुपर्दछ । गुरूहरूलाई बत्तीस पातको विडा बनाएर दिनुपर्दछ । राजाहरूलाई अठ्ठाइस पातको र बान्धवहरू(दाजुभाइ) लाई अठार पातको विडा बनाएर दिनुपर्दछ । हे प्रिये ! पाकेका पानका आठ वा बाह्र पातको विडा बनाई ज्वाइँलाई दिनुपर्दछ । शक्ति अर्थात् पत्नीहरूलाई पच्चीस पातको विडा र पुत्रहरूलाई तत्वसंख्यक वा चौवीस पातको विडा बनाई दिनुपर्दछ । शत्रुहरूका लागि छ वा चार पातको विडा बनाएर दिनु उत्तम हुन्छ । शत्रुपक्षका मान्छेलाई तीन पात र वशमा राख्नुपर्ने मान्छेलाई दश पातको विडा बनाएर दिनुपर्दछ । हे शिवे ! वीरहरूलाई सोह्र पात भएको पानको विडा बनाएर दिनुपर्दछ । दिव्यौध अर्थात् गुरूहरूको पंक्तिमा ४८ पातको विडा बनाई दिनुपर्दछभने सिद्धौध वा सिद्धहरूको पंक्तिलाई त्यसको आधा (२४) र मानवौध वा मानिसहरूको पंक्तिलाई त्यसको आधा संख्याको पात (१२) भएको विडा बनाई दिनुपर्दछ । मान्यजनहरूलाई सात पातको विडा बनाई दिनुपर्दछभने कन्या अर्थात् छोरीवेटीहरूलाई पच्चीस पातको विडा बनाएर दिनुपर्दछ । हे शिवानि ! नातिहरूलाई कपुर समेत मिलाएर पन्ध्र पातको विडा बनाएर दिनुपर्दछ । हे शिवे ! बुहारीहरूका लागि तीस पातको विडा बनाएर दिनुपर्दछ । दासीलाई चौध पातको विडा बनाएर दिनुपर्दछ । हे परमेश्वरी ! यी बाहेक अरूलाई दिनुपर्दा वीस पात भएको पानको विडा बनाउनुपर्दछ । आफूले छोरीजस्तै गरेर पालेकी पलिपुत्री, दास र दासीलाई चार पात भएको पानको विडा बनाई दिनुपर्दछ ।।

संकेतः यसमा पान खुवाउने व्यक्तिहरूका लागि पानको विडा बनाउँदा तयार पार्नुपर्ने पानको पातको योजनाबारे बताइएको छ । यसबाट पानको प्रयोगको प्राचीनता र व्यापकताको बारेमा पनि बुझनसकिन्छ ।

परिवेत्ता पारिवेत्ता षट्षट् ताम्बूलदायकाः ।।

अग्रदानं च शत्रुभ्यो वक्रदानं सुमित्रके ।।१६।।

तिर्यग्दानं सेवकादौ यथायोगेन योजयेत् ।।

परिवेत्ता र पारिवेत्तालाई ६।६ पातको बिडा लाई पान दिनु । **अग्रदानमिति** ।। टुप्पा अघितिर लाई शत्रुलाई टुप्पा आफूतिर लाई पान दिनु, मित्रलाई तेर्छो पातको पान दिनु ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः परिवेत्ता पारिवेत्ता षट् षट् ताम्बूलदायकाः । शत्रुभ्यो अग्रदानम् सुमित्रके च वक्रदानम् । सेवकादौ यथायोगेन तिर्यग्दानं योजयेत् ।

अर्थः जसको आफूभन्दा पहिले कान्छो भाइको विवाह भएको छ त्यो परिवेत्ता हो भने जसले आफूभन्दा जेठो दाइको विवाह नभै आफ्नो विवाह गर्दछ त्यो पारिवेत्ता हो । परिवेत्ता र पारिवेत्तालाई छ-छ पातको बीडा बनाएर दिनुपर्दछ ।। पानको पातलाई अगाडिपट्टि पारेर शत्रुलाई पान दिनुपर्दछ । मित्रलाई तेर्छो पारेको पान दिनुपर्दछ ।

संकेतः आफूभन्दा ठूलाको विवाह नगरी आफ्नो विवाह नगर्ने कुराको प्रेरणा यसबाट पनि मिल्दछ । साथै कस्ता व्यक्तिलाई कसरी पान दिने भन्ने कुराको बयान पनि यहाँ गरिएको छ ।

म्लेच्छहस्ताच्छत्रुहस्ताच्छंकितस्य तथेव च ।।१६।।

अथ वै दग्धहस्तस्य ताम्बूलं हि निषिद्ध्यते ।

चाकर आदिका मांछहरूलाई यथायोग्य २ बुझी पान दिनु ।जन२को हातको पान लिनुछइन सोहि२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को क्रमसँग भंछु **म्लेच्छहस्तादि** ।। म्लेच्छको हातको शत्रुको हातको संका मान्नुपर्ण्या मांछको हातको हात डढ्याको मांछको भन्नु दान लीन्या तस्को हातको पान लिनु पनि छइन लिई षानु पनि छइन ।।१७।।

छत्रप्रभा नेपाली टीका

अन्वयः म्लेच्छहस्तात् शत्रुहस्तात् तथैव वैदग्धहस्तस्य चाथ ताम्बूलम् हि निषिद्ध्यति ।

अर्थः सेवक आदिलाई पान दिनुपर्दा यथायोग्य किसिमले तिर्यग्दान अर्थात् छड्के पारेर पान दिनुपर्दछ । म्लेच्छका हातको, शत्रुका हातको, शंकित व्यक्तिको डढेका हात भएका मान्छेको पान निषिद्ध गरिएकोले ग्रहण गर्नुहुँदैन ।[६]

संकेतः पान दिने तरिका बताउँदै कसकसका हातको पान ग्रहण गर्नुहुँदैन भन्ने बारे यहाँ बताइएको छ ।

आद्यपीको भियो कुद्धो द्वितीयस्त्यज्यतां मनः ।।१७।।
तृतीयो गृह्यताम्बूलात्तृतयं त्रितयं क्रमात् ।।[७]

छत्रप्रभा नेपाली टीका

अन्वयः आद्यपीको भियो कुद्धो द्वितीयस्त्यज्यतां मतम् । तृतीयो गृह्यताम्बूलात्तृतयं तृतयं क्रमात् ।।

अर्थः पानको पहिलो पीक र दोस्रो पीकलाई फाल्नुपर्दछ भने तृतीय पीकदेखि पान ग्रहण गर्न योग्य हुन्छ । ।।[८]

संकेतः यहाँ पान खाने तरिका बताइएको छ ।

पत्रं फलं खादिरं च चूर्ण चैव चतुर्थकम् ।।१८।।
पञ्चमं तु सुखं प्रोक्तं रागः षष्ठ उदाहृतः ।।
षडंगतीति संप्रोक्तं षडैश्वर्यप्रदायकम् ।।१९।।
षडैश्वर्य यत्र वसेत् तत्र लक्ष्मीर्निरन्तरम् ।।

पत्रमिति ।। पात १ फल भनि सुपारि २ खयर ३ चून ४ खाई सुख हुन्या ५ रंग दिखेर भाहुन्या समेत जात ६ । छ संगका पान हुन् र तब छ प्रकारका पान हुनाले ६ प्रकारका नीतिमा लियाको जो ऐश्वर्य छन् उद्यम गरि पान खान्याले पाउँछ जहाँ ६ ऐश्वर्य छन् तहाँ महालक्ष्मी अरूलाई वाडनु नपर्न्या गरि घरमा आइवस्न्याछन् भनी महादेव भन्दछन् हे पार्व्वति यो पान षाई आफ्ना इछा पूर्ण गरि चलनुपाउन्याछ भनि महादेवले पार्व्वतिलाई सुनाया ।। इति तन्त्रान्तरे ताम्बूलकल्पः ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः पत्रं फलं खादिरं च चतुर्थकं चूर्णं चैव पञ्चमं तु सुखं प्रोक्तं षष्ठः राग उदाहृतः । षडंगतीति षडैश्वर्यप्रदायकं सम्प्रोक्तं । यत्र षडैश्वर्यं वसेत्तत्र निरन्तरम् लक्ष्मीर्वसेत् ।

अर्थः १-पानको पात २-फल अर्थात् सुपारी ३-खादिर अर्थात् कत्था ४-चूर्ण अर्थात् चून ५- सुख अर्थात् पान खाँदाको आनन्द[९] ६-राग अर्थात् पान खाने राग यसरी पानका छ प्रकारका गति मानिएको छ । यी गतिहरू षडैश्वर्य अर्थात् छ प्रकारका ऐश्वर्य प्रदान गर्ने खालका हुन्छन् । जहाँ यस्ता षडैश्वर्यहरू बस्तछन् त्यहाँ निरन्तर लक्ष्मीको वास हुन्छ ।

संकेतः यहाँ पानका छ प्रकारका गति र छ प्रकारका ऐश्वर्यको बीचमा साम्य स्थापित गर्न खोजिएको छ ।

अन्यच्च

ताम्बूलं कटुतिक्तमिष्टमधुरं क्षारं कषायान्वितम्
वातघ्नं कफनाशनं क्रिमिहरं दुर्गन्धदोषापहम्
वक्त्रस्याभरणं विशुद्धिकरणं कामाग्निसन्दीपनम्
ताम्बूलस्य सखे त्रयोदशगुणाः स्वर्गेप्यहो दुर्लभाः

अन्यच्च ।। अरू पनि भन्याको छ हे सखि पानको गुण जो छ तेह्र १३ प्रकारले युक्त भयाको छ स्वर्गमा पनि दुर्लभ भन्याको छ । क्या क्या गुण भन्या पहिले त पिरो तितो मिठो गुलियो नुनियो टर्रो वात फालन्या कफ नाश गरिदिन्या जुका षसाल्न्या मुखगन्ध छोडाउन्या मुखको आभरण हुन्या शुद्ध मुख तुल्याउन्या

---

६ **'जिह्वा दग्धा परान्नेन करौ दग्धौ प्रतिग्रहात् । मनो दग्धं परस्त्रीभिः कथं सिद्धिर्वरानने ।।** अर्थात् जिउरो अर्काको अन्न खाएर दग्ध हुन्छ, अर्काको वस्तु समाएर लिएमा हातहरू दग्ध हुन्छन् । परस्त्रीको चिन्तनले मन दग्ध हुन्छ' यस्तो शास्त्रीय वचन भएकोले दग्धहस्तस्य पदको अर्थ अर्काको वस्तु अनधिकृतरूपमा ग्रहण गर्ने आदानी र नादानी हात भएका मान्छे भनेर बुझनुपर्दछ ।

७ यो पद्य स्पष्ट छैन । शुद्ध पाठ अन्वेषण आवश्यक छ । साथै यस पद्यको अर्थ पुरानो भाषामा छुट्याइएको छ । ब्राह्मी लिपिका विज्ञ, ब्रह्मवेत्ताचार्य वैदिक विद्वान् अर्जुन विरक्ति स्तोत्रियले सार ब्राह्मी लिपिको आधारमा आद्यपीको भियो क्रूव्यो भन्ने पाठ सुझाउनु भएको छ ।

८ आद्यं विषोपमं पीतं द्वितीयं भेदि दुर्जरम् । तृतीयादनुपातव्यं सुधातुल्यं रसायनम् ।। –भावप्रकाश ।।

९ पत्र, फल, खयर, चून, मुखमा संयोग र रातोपन (राग) यी पानका ६ अंग हुन् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कामको आगो वलाउन्या पनि हो तव तेह्र गुण हुन्या पान हो हे सषि हौ तव पान जो छ स्वर्गमा पनि दुर्लभ भनि गया ।

छत्रप्रभा नेपाली टीका

अन्वयः ताम्बूलम् कटु-तिक्त-मिष्ट-मधुरं क्षारं कषायान्वितं वातघ्नं कफनाशनं क्रिमिहरं दुर्गन्धदोषापहं वक्त्रस्याभरणं विशुद्धिकरणमं कामाग्निसन्दीपनम् । सखे ताम्बूलस्य त्रयोदशगुणाः स्वर्गे अपि अहो दुर्लभाः (सन्ति) ।

अर्थः ताम्बूल अर्थात् पान १-कटु=पिरो, २-तिक्तम्=तितो ३-मिष्टम्=मिठो, ४- मधुरम्= गुलियो, ५-क्षारम्= क्षार गुणवाला अर्थात् खरो, ६-कषायान्वितम्= कषाय अर्थात् टर्रो रस भएको, ७-वातघ्नम्= वातविकारलाई नाश गर्ने, ८-कफनाशनम्= कफविकारलाई नाश गर्ने, ९-क्रिमिहरम्= क्रिमि अर्थात् पेटका किरालाई नाश गर्ने, १०-दुर्गन्धदोषापहम्=दुर्गन्धदोषलाई हटाउने, ११- वक्त्रस्याभरणम्= मुखको गहना या आभरण जस्तो, १२- विशुद्धिकरणम्=शुद्ध तुल्याउने, १३-कामाग्निसन्दीपनम= काम अर्थात् यौनचाहनारूपी अग्निलाई जगाउने, यौनशक्ति बढाउने खालको हुन्छ । यसरी पानका १३ प्रकारका गुण हुन्छन् । हे सखे, पानका यी १३ प्रकारका गुणहरू स्वर्गमा पनि दुर्लभ छन् ।

संकेतः यहाँ पानका १३ प्रकारका गुणको वर्णन गरिएको छ ।

वचनान्तरम्

तिलकेन विना विप्रस्ताम्बूलेन विना नृपः ।।
सिन्दूरेण विना नारी स्मशानतुल्यदर्शनम् ।।

चन्दन नलायाका ब्राह्मण पान मुषमा नहुन्या राजा निधारमा सिन्दूर नहुन्या स्वास्नी एति मशान हेर्नु वरोवर छ ।।

छत्रप्रभा नेपाली टीका

अन्वयः (यदि) विप्रः तिलकेन विना, नृपः ताम्बूलेन विना, नारी सिन्दूरेण विना (भवति) (एतद् दर्शनम्) स्मशानतुल्यदर्शनम् ।

अर्थः यदि तिलक विनाको ब्राह्मण, पान विनाको राजा र सिन्दूरविनाकी नारी देखापर्दछे भने यस्तो दृश्य स्मशानतुल्य नै हो ।

संकेतः यहाँ ब्राह्मणका लागि तिलक, नारीका लागि सिन्दूर जस्तै राजाका लागि पान पनि आवश्यक हो अन्यथा यी सबैको शोभा रहँदैन भनी पानको महत्त्व दर्शाउन खोजिएको छ ।

प्रस्तुत ताम्बूलकल्पमा इति तन्त्रान्तरे ताम्बूलकल्पः भनेर उल्लेख गर्नुबाहेक अन्य कुरा खुलाइएको छैन । पानको विषयमा लेखिएको यस ताम्बूलकल्पका लेखक र उनको देश र कालको बारेमा पनि केही उल्लेख गरिएको छैन । तर यस ताम्बूलकल्पको अध्ययनबाट पानको वितरण वा दानको प्रयोग र उपयोगिताबारे अथवा भनौं पानको शिष्टाचारबारे बताइएकोले यो रोचक चाहिं छ । पानका गुण र उपयोगबारे अन्य शास्त्र, संहिता र वनस्पतिविज्ञानको पनि आधार लिनसकिन्छ । तर, पानको बीडा लगाउने र सत्कारपूर्वक दिने विधिबारे भने यस ताम्बूलकल्पमा बयान गरिएको छ । हिजोआज हुने गरेका पानका मिथ्याप्रयोग अर्थात् सूर्ति या जर्दा लगाएर खाने र पान खाएर जथाभावी जहाँतहीं थुक्ने कुराको भने कुनै पनि संकेत गरिएको छैन । रक्सी पिएकाले आफ्नो दुर्व्यसन लुकाउन या रक्सीको दुर्गन्ध अरूले थाह नपाउन् भनेर पान सेवन गर्ने प्रचलन पनि यहाँ देखिन्छ । यस्ता कुरामा पनि यहाँ उल्लेख गरिएको छैन ।[१०] आयुर्वेदमा विरेचन कर्म अर्थात् शरीरको ऊर्ध्वभाग र अधोभागबाट दोष वा विकार हरण गर्ने क्रिया (वमन र विरेचन) गरिएको व्यक्ति, भोकाएको व्यक्तिले ज्यादा पान सेवन गर्नुहुँदैन, देह- दृष्टि- दन्त- अग्नि- श्रवण- बल-वर्णको क्षय, शोष अर्थात् जिउ सुक्ने रोग, रक्तपित्त र वातरक्त रोग ज्यादा ताम्बूलचर्वण गर्नाले हुने गर्दछन् । त्यसैगरी ताम्बूल दन्तदौर्वल्य, दृष्टिदौर्वल्य, विषविकार, मूर्च्छारोग, मद्यपानजन्य विकार, रक्तपित्त र क्षयरोग भएका व्यक्तिका लागि हितकारक नहुने कुराको वर्णन पनि आयुर्वेदमा गरिएको पाइन्छ । यी कुराको बारेमा यहाँ विस्तृत वर्णन नगरिएको भएता पनि तत्कालीन अवस्थामा हुने गरेको पानको शिष्ट र सदाचारयुक्त प्रयोग र प्रदानबारे यस ताम्बूलकल्पको अध्ययनबाट ज्ञान पाउन सकिन्छ ।

❑❑

१० ताम्बूलसेवनका लागि आयुर्वेदीय चेतावनी–
ताम्बूलं नातिसेवेत न विरिक्तो वुभूक्षितः ।
देहदृक्कोशदन्ताग्निश्रोत्रवर्णबलक्षयः ।
शोषः पित्तानिलास्रं स्यादतिताम्बूलचर्वणात् ।।
ताम्बूलं न हितं दन्तदुर्वलेक्षणरोगिणम् । विषमूर्च्छामदार्त्तानां क्षयिणां रक्तपित्तिनाम् ।। –भाव प्रकाश ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिवधर्मोत्तरमा अनुपम उपमाप्रयोग

- डा. रीता ज्ञवाली*

विषय प्रवेश

सामान्यतया पुराणहरूमा अलङ्कारको चर्चा सुन्दा कतिपयलाई आश्चर्य पनि लाग्न सक्दछ । वास्तवमा अलङ्कार वाङ्मयरूप हुन् र यिनको प्रयोग वेद, पुराण, दर्शनहरू देखि अशिक्षित अत्यन्त सामान्य व्यक्तिहरूका बोलचालको भाषामा समेत भएको भेटिन्छ । पाणिनीय व्याकरणका सूत्रहरू केलाउँदा पनि अलङ्कारहरूको प्रयोग भेटिन सक्छन् । फरक के हो भने सूत्रहरूमा परेका अलङ्कारहरू चमत्काराधायक हुँदैनन् तापनि वाक्यार्थ प्रतिपादनमा तिनको उपयोगिता रहेकै देखिन्छ । साहित्यमा कथनमा विचित्रता ल्याउन, वर्णनलाई प्रभावकारी बनाउन तथा प्रतिपाद्य विषयलाई बोधगम्य बनाउन अलङ्कारहरूको प्रयोग भएको देखिन्छ भने पुराण, स्मृति तथा दर्शनादिमा आफूले बुझाउन खोजेको अर्थलाई सहजतया बोधगम्य बनाउन अलङ्कारहरू प्रयुक्त हुन्छन् । त्यसमा पनि उपमा अलङ्कारको प्रयोजन नै समानवस्तुको वयानबाट आफूले भन्न खोजेको अर्थलाई छर्लङ्ग्याउन हुने गर्छ ।

विश्वकै सबभन्दा प्राचीन ग्रन्थ ऋग्वेद नै उपमाको प्रथम प्रयोग स्थल हो भने उपमाको शास्त्रीय विवेचन पनि वेदाङ्ग निरुक्तबाट प्रारम्भ भएको मानिन्छ । पुराणहरूमा स्वाभिलषित अर्थलाई पाठकहरूको मस्तिष्कमा सहजतया सम्प्रेषणका लागि उपमाको पर्याप्त प्रयोग भएको देखिन्छ । शिवधर्म पुराणको शिवधर्मोत्तर खण्डमा पनि अन्य अलङ्कारहरूका साथसाथै पर्याप्त मात्रामा उपमा अलङ्कारहरूको प्रयोग भएको छ । यो लेख शिवधर्मोत्तरमा उपमा अलङ्कारको प्रयोगले अर्थबोध के कति सहज बन्न गएको छ भन्ने समस्याका पृष्ठभूमिमा त्यसमा प्रयुक्त उपमा अलङ्कार हरूको विश्लेषण गर्ने उद्देश्यले संस्कृतको अलङ्कारशास्त्र र शिवधर्मोत्तरको परिधिमा प्रस्तुत गरिएको छ ।

शिवधर्मोत्तरको संक्षिप्त परिचय

शिवधर्मोत्तर शिवधर्म पुराणको द्वितीय खण्ड हो । पुराणहरूमा शिवधर्मलाई उपपुराणको कोटीमा उल्लेख गरिएको छ-

चतुर्थं शिवधर्माख्यं साक्षान्नन्दीशभाषितम् ।
दुर्वाससोक्तमाश्चर्यं नारदीयमतः परम् ।। (कूर्मपुराण पूर्वार्द्ध १।१८।)

राष्ट्रिय अभिलेखालयमा लगत संख्या ५-५३६७, विषय संख्या ३०६ ख, माइक्रोफिल्म रिल नं A २९६/१२ मा पञ्जीकृत, लगत संख्या ५-५३७०, विषय संख्या ३०७, माइक्रोफिल्म रिल नं. A १३६३/७, B २१९/२ अङ्कमा पञ्जीकृत र लगत संख्या ४-१५६७, विषय संख्या पुराण ३०८२५३, माइक्रोफिल्म रिल नं. B २१९/८ पञ्जीकृत रहेका तीनवटा नेवारी अक्षारका पाण्डुलिपि तथा लगत संख्या ४-२५३७, विषय संख्या पुराण ३१०, माइक्रोफिल्म रिल नं. B २१९/३ रहेको मैथिली अक्षारको पाण्डुलिपिका आधारमा सम्पादित यस शिवधर्मोत्तर ग्रन्थलाई अभिलेखालयले यसैवर्ष (२०७५ मा) नेपाली अनुवाद सहित प्रकाशित गरिसकेको छ । उक्त ग्रन्थमा शिवधर्मोत्तरलाई शिवधर्म उपपुराणको द्वितीय खण्ड मानिएको छ । (शिवधर्मोत्तर भूमिका, पृ.५-६)

*उपप्राध्यापक विश्वविद्यालय विद्यापीठ, ने.सं.विं बेलझुण्डी, दाङ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिवधर्म उपपुराण भित्रको शिवधर्मोत्तरमा बाह्र अध्याय र केही गद्यहरू सहित १७४० पद्यहरू रहेका छन् । यसको प्रथम अध्यायमा १०२ पद्यहरूमा शिवको षडङ्ग पूजाविधिको निरूपण रहेको छ । द्वितीय अध्यायमा १९७ पद्यहरूमा विद्यादानको महिमा र तृतीय अध्यायमा ९० पद्यहरूमा ज्ञानयोगको महत्ता बताइएको छ भने चतुर्थ अध्यायमा सत्पात्रमा दान गर्दा हुने पुण्यको महत्त्व ९९ पद्यहरू मार्फत् प्रस्तुत गरिएको छ । पञ्चम अध्यायमा शिवधर्मगतिको विवेचन ५५ पद्यहरूद्वारा गरिएको छ भने षष्ठ अध्यायमा १०३ पद्यहरूमा पापका भेदहरूको दिग्दर्शन गराइएको छ । सप्तम अध्यायमा पापका फलहरूको २५८ पद्यहरूमा विस्तारपूर्वक विवेचन गरिएको छ । अष्टम अध्यायमा संसारगतिको विवेचनका साथै शरीर विज्ञानको प्राचीन चिन्तनलाई २३४ पद्यहरूमा र नवम अध्यायमा स्वर्ग र नरकका चिह्नहरूको वर्णन गरिएको छ र यस अध्यायमा गद्य र पद्यको संख्या १५ रहेको छ । ज्ञानयोगको निरूपण गरेको दशम अध्यायमा २०१ पद्यहरू छन् भने प्रायश्चित्तका उपायहरूको वर्णन गरिएको एकादश अध्यायमा ८६ पद्य छन् र २९९ पद्यहरू भएको द्वादश अध्यायमा गोलोक र शिवलोकको माहात्म्यको वर्णन गरिएको छ । शिवधर्मोत्तर नितान्त शिवधर्मसँग सम्बद्ध छ र विषयवस्तुका दृष्टिले शिवमहापुराणको अनुसरण गर्नुका साथै कतिपय स्थलहरूमा शिवमहापुराणकै पद्यहरू जस्ताको त्यस्तै अध्याहृतसमेत भएका छन् । (शिवधर्मोत्तर भूमिका पृ.७-११) अन्य शास्त्रहरूमाझैं शिवधर्मोत्तरमा पनि अनेकौं अलङ्कारहरूको प्रयोग भएको देखिन्छ । जसमा उपमा अलङ्कारको प्रयोग सर्वाधिक रूपमा भएको छ ।

अलङ्कार परिचय

वाक्यसङ्घटन र अर्थयोजनामा अलङ्कारहरूको उपयोग हुने गर्दछ । वस्तुतः अलङ्कारहरूबाट नै शब्दार्थयोजनाद्वारा वाक्य र वाक्यार्थको सुन्दर स्वरूप निर्माण हुने गर्दछ । यिनको कुनै संख्या सुनिश्चित छैन तापनि मूल रूपमा यिनलाई दुई भागमा बाँडिएको छ - शब्दालङ्कार र अर्थालङ्कार । शब्दालङ्कार भनेको शब्द समायोजनमा हुने सुन्दरता हो । शब्दालङ्कारहरूको प्रयोग केवल श्रुतिमाधुर्यका लागि गरिन्छ भने यिनीहरूको अर्थसँग प्रत्यक्ष सम्बन्ध हुँदैन । त्यसैले यिनीहरूको वाक्यार्थमा खासै महत्त्व हुँदैन । शब्दपरिवृत्ति असहत्व नै शब्दालङ्कारको बीज हो । शब्दालङ्कारघटक शब्दयोजनामा त्यही अर्थ दिने अर्को शब्दको प्रयोग गर्दा अलङ्कार बन्न सक्दैन ।

शब्दपरिवृत्ति सहत्त्व नै अर्थालङ्कारको बीज हो अर्थात् त्यही अर्थ दिने अर्को शब्दको परिवर्तनले पनि वाक्यार्थमा र अलङ्कारयोजनामा कुनै प्रभाव गर्दैन भने त्यो अर्थालङ्कार हो । यी अर्थालङ्कारहरूको प्रयोग केवल काव्यार्थ सौन्दर्यका लागि मात्र नभएर भन्न खोजिएको अर्थलाई छर्लङ्ग्याउनका लागि भएको देखिन्छ । उपमा, रूपक, अतिशयोक्ति, अर्थान्तरन्यास, उत्प्रेक्षा, दीपक, तुल्ययोगिता आदि अर्थालङ्कारहरूको प्रयोग काव्यमा मात्र नभएर वेदादि शास्त्रहरूमा पनि पर्याप्तरूपमा भएको छ । जसमा उपमा नै प्राचीन कालदेखि सर्वाधिक रूपमा प्रयुक्त हुँदै आएको अलङ्कार हो ।

उपमाको परिचय र स्वरूप

पाणिनीय व्याकरण अनुसार सामीप्य अर्थ द्योतन गर्ने उप उपसर्ग र मान अर्थाद् नाप्नु र तौलनु अर्थ भएको माधातुबाट अङ् (अष्टाध्यायी ३।३।१०६।) प्रत्यय भई बनेको उपमा शब्दको सामान्य अर्थ नजिकको नाप तौल हुन्छ भने प्रकृत सन्दर्भमा नजिकमा रहेका वस्तुको गुण आदि तत्त्व विशेषद्वारा प्रस्तुत वस्तुको तुलना गर्नु हुन्छ । वाक्यार्थ संयोजन र अर्थ प्रस्फुटनका लागि उपमाको प्रयोग वाङ्मयको आविर्भावसँगै हुँदै आएको छ भन्नुमा अत्युक्ति हुने छैन । विश्वकै सर्वाधिक प्राचीन ऋग्वेददेखि नै निरन्तर रूपमा उपमाको प्रयोग हुदै आएको छ । उपमायोगका केही प्राचीन निदर्शनहरू यहाँ उद्धृत गरिएका छन् -

अभ्रातेव पुंस एति प्रतीची गर्तारुगिव सनये धनानाम् ।
जायेव पत्य उशती सुवासा उषा हस्रेव निरिणीते अप्सः ।।
(ऋग्वेद २।१।८।७)

अर्थात् दाजुभाइ नभएकी युवतिले निर्विघ्नताका साथ प्रेमी पाए झैं, दारिद्र्यको खाडलमा परेको मानिसले धनको भण्डार फेला पारे झैं,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चाहनाहरूले भरपुर सुवसना युवतिले आफ्नो पतिलाई पाए झैं, सुमुखि युवति झै सुन्दरताले भरिभराउ मनोहर ऊषाकाल प्राप्त भएको छ । यहाँ अनेक उपमानहरूको उपमेय ऊषाकालसँग सादृश्य प्रस्तुत गरिएकाले उपमा अलङ्कार विद्यमान छ ।

त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ।
उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् ।।
(शुक्लयजुर्वेदः ३।६०।)

यहाँ खरबुजा वा काक्रो आदि आफ्नो वृन्त यद्वा भेट्नोबाट पृथक् भएझैं मृत्युबाट पृथक् राख्न प्रार्थना गरिएको छ ।

व्यपगतकलनाकलङ्कशुद्धः स्वयममलात्मनि पावने पदेऽसौ ।
सलिलकण इवाम्बुधौ महात्मा विगलितवासनमेकतां जगाम ।।
(महोपनिषत् २।७७।)

उपर्युक्त उपनिषद्वाक्यमा मुक्ति हुँदा जीवात्माको परमात्मामा हुने विलयलाई सागरमा विलीन जलकणहरूसँगको तुलना अत्यन्त हृदयङ्गम र मनोहारी बन्न पुगेको छ। त्यसैगरी–

अखण्डनित्याद्वयबोधशक्त्या स्फुरन्तमात्मानमनन्तवैभवम् ।
समावृणोत्यावृतिशक्तिरेषा तमोमयी राहुरिवार्कबिम्बम् ।।
(विवेकचूडामणि १४१।)

यस दर्शनवचनमा अद्वैतज्ञानद्वारा अवभासमान आत्माको अज्ञानावरणद्वारा हुने आच्छादनलाई राहुद्वारा गरिएको सूर्याच्छादनसँग दाँजिएको छ । जसबाट दार्शनिक ग्रन्थि पनि सहजसंवेद्य र मनोरम बन्न पुगेको । त्यस्तै –

यथाऽब्दलेखा शशिनं सुधालेपं मसी यथा ।
दूषयत्येवम वाऽन्तर्नरमाशापिशाचिका ।।
(योगवासिष्ठ भाग २, उपशमप्रकरण २१।२१)

यहाँ पिशाचीका रूपमा निरूपित आशाद्वारा आच्छादित अन्तःकरणको तुलना मेघाछन्न चन्द्रमा र मसी पोतिएको सेतो भित्तासँग गरिएको छ । यी सबै उपमाहरू समलङ्कृत कोटीका काव्यहरूमा प्रयुक्त उपमाहरूभन्दा अर्थोपष्करण वा भावसंप्रेषणका दृष्टिले कुनै पनि अर्थमा कम छैनन् । शास्त्रीय दृष्टिकोणले पनि उपमाको विश्लेषण अत्यन्त प्राचीन कालदेखि नै हुँदै आएको छ । निरुक्तकार यास्कभन्दा पनि अघिनै उपमाको शास्त्रीय स्वरूप निर्धारित भैसकेको थियो । उनले आफूभन्दा प्राचीन उपमा निरूपक आचार्यको उपमा सम्बन्धि मतको उल्लेख गरेका छन् । उनका अनुसार भिन्न वस्तुमा त्यसको सादृश्य प्रतिपादन गर्नु उपमा हो र उपमामा अधिक गुण भएको अत्यन्त प्रख्यात वस्तुसँग न्यूनगुण भएका अप्रख्यात वस्तुको तुलना अथवा कम गुण भएका प्रख्यात वस्तुसँग अधिकगुण भएका प्रख्यात वस्तुको तुलना गरिन्छ-

"यद् अतत् तत्सदृशमिति गार्ग्यः । सदासां कर्म । ज्यायसा वा गुणेन प्रख्याततमेन वा कनीयांसं वा प्रख्यातैर्वोपमीयते । अथापि कनीयसा ज्यायांसम्" (निरुक्त ३।१४।)

लौकिक संस्कृत साहित्यमा महामुनि भरतदेखि हालसम्म सबै अलङ्कारशास्त्रीहरूले अर्थालङ्कारहरूमा पहिलो अलङ्कारका रूपमा नै उपमाको विस्तारपूर्वक विवेचन गरेका छन् । उनीहरूका अनुसार उपमा काव्यसम्पदामा रहेका सबै अलङ्कारहरूको मुकुट र काव्यसम्पदाको सर्वस्व तथा कविसम्प्रदायकी माता हुन् -

अलङ्कारशिरोरत्नं सर्वस्वं काव्यसम्पदाम् ।
उपमा कविवंशस्य मातैवेति मतिर्मम ।।
(केशवमिश्र, अलङ्कारशेखर पृ. ३४)

आचार्य मम्मटले आफ्नो ग्रन्थ काव्य प्रकाशमा उपमाको लक्षाण यसरी गरेका छन्- 'साधर्म्यमुपमा भेदे' (काव्यप्रकाश १०।८७) यसको अर्थ उपमान र उपमेयका रूपमा रहेका भिन्न दुई पदार्थमा साधारणधर्मलाई लिएर सम्बन्ध प्रतिपादन गर्नु उपमा हो । त्यस्तै आचार्य विश्वनाथले त्यसभन्दा स्पष्ट लक्षाण गरेका छन् -

साम्यं वाच्यमवैधर्म्यं वाक्यैक्य उपमा द्वयोः । (साहित्यदर्पण १०।१४)

अर्थात् यदि एउटै वाक्यमा दुईवटा पदार्थको वैधर्म्य नभएको सादृश्य प्रस्तुत गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ । आचार्य पण्डितराज जगन्नाथले उपमाको त्यो भन्दा पनि अझै सुस्पष्ट लक्षाण गर्दै भनेका छन् -

सादृश्यं सुन्दरं वाक्यार्थोपस्कारकमुपमालङ्कृतिः ।
(रसगङ्गाधर द्वितीय आनन, पृ.२११)

यसको अर्थ हो वाक्यार्थोपस्कारक सुन्दर सादृश्य नै उपमा हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उपमामा चारतत्त्वहरू हुन्छन् - उपमेय, उपमान, साधारणधर्म र उपमावाचक पद । जहाँ यी चार तत्त्वहरूको प्रयोग भएको हुन्छ त्यो पूर्णोपमा हो । उपमेय, उपमान, साधारणधर्म र उपमावाचक पद यी चारतत्त्व मध्ये कुनै एकको लोप भयो भने त्यसलाई लुप्तोपमा भनिन्छ । यो लोपप्रक्रिया कुनै एउटाको, दुइटाको अथवा तीनवटाको पनि हुन सक्छ । उपर्युक्त उपमा अलङ्कारको लक्षणको पविरधिमा शिवधर्मोत्तरगत उपमाको विवेचन भएको छ ।

शिवधर्मोत्तरमा उपमा अलङ्कार

उपमा अलङ्कार भएका शिवधर्मोत्तर ग्रन्थका केही पद्यहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

यथा शिवस्य नैवान्तः सम्पूर्णस्य महात्मनः ।
तथा विद्याप्रदानस्य नान्तः सर्वगुणात्मकः ।।
(शिवधर्मोत्तर २।४।)

यस पद्यमा पूर्णात्मा महान् शिवसँग विद्यादानको तुलना गरिएको छ । यहाँ विद्यादान उपमेय, शिव उपमान, यथा उपमाबोधक शब्द र अन्त नहुनु समान धर्म छन् । त्यसैले उपमा अलङ्कारमा आवश्यक चारवटै तत्त्व विद्यमान भएकाले यो पद्य पूर्णोपमा अलङ्कारले युक्त छ । यहाँ विद्यादानको महत्त्व बुझाउनका लागि शिवको कहिल्यै अन्त्य नभए झैं विद्यादानको पनि कहिल्यै अन्त नहुने कुरा बताइएको छ ।

ज्ञानं विकल्पबहुलं रागाद्यैः कलुषीकृतम् ।
नाज्ञानमलशुद्यर्थं कलुषोदकवद् भवेत् ।। (त्यहीं ३।२१।)

यस पद्यमा ज्ञान निर्मल हुनु पर्दछ भन्ने अर्थ बुझाउनका लागि जसरी धमिलो पानीले वस्तुलाई सफा गर्न सक्दैन त्यसैगरि रागादिले दुषित ज्ञानले अज्ञानलाई सफा गर्न सक्दैन अर्थात् नाश गर्न सक्दैन भनिएको छ । यहाँ रागादिले दुषित ज्ञानसँग धमिलो पानीको तुलना गरिएको छ । रागादिले दुषित ज्ञान उपमेय, कलुषित जल उपमान, शुद्ध गर्न नसक्नु समान धर्म र कलुषोदकवद्मा लागेको वतिप्रत्यय उपमा वाचक शब्द हो । अतः यो पद्यमा पनि पूर्णोपमा अलङ्कार रहेको छ ।

निःसारमतिकष्टञ्च भवं भावयतः शनैः ।
अम्भसीव शरत्काले तत्प्रसन्नं क्रमाद् भवेत् ।। (त्यहीं ३।२२।)

यहाँ संसारको असारताको बोधपछि हुने ज्ञानको स्वच्छताको तुलना शरद्ऋतुमा सङ्लेको पानीसँग गरिएको छ । यहाँ संसारको वास्तविक ज्ञान उपमेय, शरद्ऋतुको पानी उपमान, इव उपमाको प्रत्यायक शब्द र सङ्लिनु साधारणधर्मका रूपमा प्रस्तुत भएका छन् । अतः यसमा पनि पूर्णोपमा अलङ्कार रहेको छ ।

शुद्धस्फटिकसङ्काशं जटामुकुटधारिणम् ।
त्र्यक्षं चतुर्भुजं शान्तमक्षमालाधरं हरम् ।।
(त्यहीं ५।३७।)

भगवान् शिवको स्वरूपको वर्णनको क्रममा प्रस्तुत यस पद्यमा शिव उपमेय, शुद्धस्फटिक उपमान, शुद्धस्फटिकसङ्काशं यस समस्तपदमा विलीन भएको शुक्लत्व समानधर्म र सङ्काश पद उपमा वाचक हो । शुक्लत्व साधारणधर्म समासमा विलीन भएकाले धर्मलुप्ता उपमा अलङ्कार यहाँ रहेको छ ।**कुटुम्बचिन्ताकुलितस्य पुंसः श्रुतञ्च शीलञ्च गुणाश्च सर्वे ।**

अपक्वकुम्भे निहिता इवापः प्रयान्ति देहेन समं विनाशम् ।।
(त्यहीं ८।१७३।)

यस पद्यमा परिवारको लालनपालनमा चिन्तित मानिसका गुणहरूको तुलना नपकाएको काँचो माटाले बनेको घडामा राखिएको पानीसँग गरिएको छ । यहाँ मानिसका गुणहरू उपमेय, पानी उपमान, इव उपमा वाचक पद र विनाशित्व साधारण धर्म रहेका छन् । त्यसैले यस पद्यमा पूर्णोपमा अलङ्कार छ । यहाँ मानिसहरूले जति शास्त्रादिको ज्ञान हासिल गरे पनि यदि वारिवारिक मोहमा पर्दछन् भने उनीहरूका गुणहरू काँचो माटेले बनेको घैंटोमा राखिएको पानी समान विनाश भएर जान्छन् । त्यसैले पारिवारिक मोहमा पर्नु हुँदैन भन्ने अर्थ बुझाउन खोजिएको छ ।

वैद्यं विना निराक्रन्दाः क्लिश्यन्ते रोगिणो यथा ।
शिवं विना जगत्तद्वन्निराक्रन्दं भवेत् सदा ।।
(त्यहीं १०।१४।।

यहाँ शिवविनाको जगत्को सम्भावित निराश्रयतालाई वैद्यविनाका रोगीको क्लेशसँग दाँजिएको छ । प्रस्तुत पद्यमा जगत् उपमेय, रोगी उपमान, यथा र तद्वत् उपमा वाचक शब्द र क्लेश र आक्रन्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बिम्बप्रतिबिम्बका रूपमा समानताका प्रयोजकधर्मका रूपमा प्रस्तुत छन् ।

चौरेभ्यः स्वजनादग्नेः सलिलात् पार्थिवादपि ।
भयमर्थवतान्नित्यं मृत्योर्देहभृतामिव ।। (त्यहीं ८।१६४)

यहाँ चोर आदिद्वारा धनीहरूमा हुने डरको तुलना प्राणीहरूमा हुने मृत्युको डरसँग गरिएको छ । जहाँ धनी उपमेय, प्राणी उपमान, भय साधारण धर्म र इव उपमाको बोधक पदका रूपमा प्रस्तुत छ ।

तुष्यन्ति पितरस्तस्य सुवृष्टेनेव कर्षकाः ।
यः श्राद्धे पूजयेद् भक्त्या विशेषाच्छिवयोगिनः ।।
(त्यहीं ४।४०)

प्रस्तुत पद्यमा श्राद्धमा शिवयोगीको पूजनबाट हुने पितृहरूको तुष्टिलाई राम्रो वृष्टिबाट हुने कृषकहरूको प्रसन्नतासँग दाँजिएको छ । यसमा पितृ उपमेय, कृषक उपमान, इव उपमावाचक शब्द र सुवृष्टिबाट हुने तुष्टि र शिवयोगीहरूको भोजनबाट हुने तुष्टि बिम्बप्रतिबिम्बका रूपमा उपमाका प्रयोजक धर्म बनेका छन् ।

सद्बीजमुषरे यद्वद्वापितन्निष्फलं भवेत् ।
दानं तद्वदपात्रेषु विन्यस्तं निष्फलं भवेत् ।। (त्यहीं ४।५९।।

अर्थात् कुपात्रमा गरिएको दान त्यसैगरी विफल हुन्छ जसरी बाँझो भुइँमा छरेको राम्रो बीज पनि निष्फल हुने गर्दछ । यहाँ कुपात्रमा दान उपमेय, बाँझो भुइँमा बीज उपमान, यद्वत् तद्वत् उपमा वाचक शब्द र निष्फलता सादृश्यप्रयोजक धर्मको रूपमा प्रस्तुत गरिएको छ । अतः उपमा अलङ्कार छ ।

नीलोत्पलदलश्यामाः पद्मपत्रायतेक्षणाः ।
तप्तचामीकराकाराः शुद्धश्यामास्तथापराः ।। (त्यहीं १२।७९)

यहाँ शिवलोकका स्त्रीहरूको वर्णनप्रसङ्गमा कुनैको वर्ण नीलकमलको जस्तो, कुनैका आँखा कमलका पात जस्ता, कुनैको आकृति खारिएको सुनको जस्तो र कुनैको आकृति शुद्ध श्यामवर्णको बताइएको छ । यहाँ स्त्री उपमेय, नीलकमल उपमान, श्यामत्व साधारणधर्म, आँखा उपमेय, पद्मपत्र उपमान, आयतत्त्व साधारणधर्म र आकृति उपमेय, सुन उपमान र चमक साधारणधर्म रहेका छन् । अघिल्ला दुई उपमाहरूमा वाचक शब्द समासभित्र लुप्त हुन गएको छ भने अन्तिम उपमामा समासभित्र साधारणधर्म र वाचकशब्द दुबै लुप्त छन् । अतः अघिल्ला दुई अंशमा एकलुप्ता र तृतीयांशमा दुई लुप्ता उपमा अलङ्कार रहेका छन् ।

यी केही नमुना मात्र हुन्, शिवधर्मोत्तरमा सयकडौं स्थलहरूमा उपमा अलङ्कार विद्यमान छ । यसको अर्थ उपमा अलङ्कारको मात्र प्रयोग शिवधर्मोत्तरमा छ भन्ने कदापि होइन । अन्य अलङ्कारहरू पनि यसमा ठाऊँ ठाऊँमा भेटिन्छन् । उदाहरणार्थ -

अज्ञानवह्निसन्तप्तं निर्वापयति यः शनैः ।
ज्ञानामृतेन नृपतिं कस्तन्न प्रतिपूजयेत् ।।
(यहीं १।६१)

यहाँ अज्ञानमा अग्निको र ज्ञानमा अमृतको अभेद आरोप गरिएको छ । त्यसैले रूपकालङ्कार छ । काव्यशास्त्रमा उपमेयमा उपमानको अभेद आरोपलाई रूपकालङ्कार भनिन्छ । (काव्यप्रकाश १०।९४)

परमाष्टगुणैश्वर्यैरूपेतः सर्वतः प्रभुः ।
सर्वज्ञः परिपूर्णात्मा द्वितीय इव शङ्करः ।।
(शिवधर्मोत्तर २।८२)

अर्थात् शिवशास्त्रको दान गर्ने मानिस अणिमा गरिमा आदि आठ ऐश्वर्यहरूले युक्त सर्वसमर्थ र सर्वज्ञ भएर अर्को शङ्कर झैं शोभायमान हुन्छ । प्रस्तुत पद्यमा शिवशास्त्रको दानकर्तामा द्वितीय शङ्करको सम्भावना गरिएकाले उत्प्रेक्षा अलङ्कार बनेको छ । संस्कृत काव्यशास्त्रमा उपमेयमा उपमानको सम्भावनालाई उत्प्रेक्षा अलङ्कार मानिन्छ । (काव्यप्रकाश १०।९२)

आत्मस्थं तीर्थमुत्सृज्य बहिस्तीर्थानि यो जपेत् ।
करस्थं स महारत्नं त्यक्त्वा काचं हि मार्गति ।।
(शिवधर्मोत्तर ३।७०)

अर्थात् जसले आफूभित्रको तीर्थको उपेक्षा गरी बाहिरका तीर्थहरूको जपना गर्दछ ऊ हातमा रहेको महामणिको उपेक्षा गरी काचको खोजी गर्दछ । यहाँ पूर्वार्द्धको वाक्य र उत्तरार्द्धको वाक्य उपमामा पर्यवसित भएमात्र एक अर्कासँग अन्वित हुन्छन् किनभने भित्री तीर्थको उपेक्षा गरी बाह्य तीर्थको जपना गर्नु हातको मणिको उपेक्षा गरी काँचको खोजी गर्नु एकै चिज होइनन् । त्यसैले भित्री तीर्थको उपेक्षासाथ गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बाह्यतीर्थको जपना हातको मणि त्यागी गरिएको काँचको खोजी जस्तो हो भनी दुबै अर्थको उपमानोपमेयभाव पछि मात्र वाक्यार्थ सङ्गत हुन्छ । अतः यो निदर्शना अलङ्कार हो । संस्कृत काव्यशास्त्रमा अर्थको परस्पर अन्वय उपमामा पर्यवसान पछिमात्र सङ्गत भएमा निदर्शना अलङ्कार हुन्छ । (काव्यप्रकाश १०।९७) यो मात्र दिग्दर्शन हो । शिवधर्मोत्तरमा अत्यधिक रूपमा अलङ्कारहरूको प्रयोग भेटिन्छ ।

उपसंहार

सारांशमा भन्नुपर्दा अलङ्कारहरू वाङ्मयकै रूप हुन् । शब्दालङ्कारहरूको प्रयोग श्रवणीय हुन्छ र यसले वाक्यमा मिठास भर्दछ भने अर्थालङ्कारले वाक्यार्थ निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । फरक के हुन्छ भने साहित्यमा चमत्कार र सम्प्रेषण दुबैका लागि अलङ्कारप्रयुक्त हुन्छन् भने वेद, पुराण, दर्शन, आदि शास्त्रवाङ्मयमा केवल भावसम्प्रेषणका लागि अलङ्कार हरूको प्रयोग भएको देखिन्छ । शास्त्रार्थबोधका लागि पनि अलङ्कारहरूको विश्लेषण आवश्यक हुने गर्दछ। त्यसैले शास्त्रवाङ्मयमा संयोगतः कतै शब्दालङ्कार काकताली परेर अपवादमा भेटिए पनि तात्पर्यतः त्यसको प्रयोग भएको देखिदैन भने अर्थालङ्कारहरूको प्रयोग वेद, पुराण, दर्शन आदि शास्त्रहरूमा पनि प्रशस्त पाइने गर्दछ । त्यसमा पनि सर्वत्र सर्वाधिक प्रयोग हुने अलङ्कार उपमा हो किनभने यसको भाव सम्प्रेषणमा महत्त्वपूर्ण भूमिका हुन्छ । यस क्रममा शिवधर्मोत्तरमा पनि अर्थालङ्कार पर्याप्तरूपमा प्रयुक्त छन् । तिनमा पनि उपमालङ्कारको प्रयोग सर्वाधिकरूपमा भएको छ । उपमाको प्रयोग शिवधर्मोत्तरमा संख्यात्मक रूपमा मात्र हैन भावसम्प्रेषणका दृष्टिले गुणात्मक रूपमा पनि सर्वाधिक प्रभावकारी देखिन्छ ।

सन्दर्भ ग्रन्थ विवरण

खेमराज, श्रीकृष्णदास (सं.), कूर्मपुराण दिल्ली : नाग पब्लिशर्स्, २००२ ई. ।

गौडेन, दौलतराम(सं.), शुक्लयजुर्वेदसंहिता वाराणसी : चौखम्बा विद्याभवन २००६ ई. ।

जगन्नाथ , रसगङ्गाधर (द्वि.आ.) द्वि.सं., वाराणसी : चौखम्बा विद्याभवन, २००३ ई. ।

त्रिवेदी, रामगोविन्द (अनु.), ऋग्वेद वाराणसी : चौखम्बा विद्याभवन, ई. १९९७ ।

पाणिनि, अष्टध्यायी वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस, १९५० ई. ।

मम्मट, काव्यप्रकाश वाराणसी : ज्ञानमण्डललिमिटेड, २००४ ई. ।

मिश्र, केशव, अलङ्कारशेखर वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस, १९८४ ई. ।

यास्काचार्य, निरुक्त दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, १९८९ ई. ।

वाल्मीकि, योगवासिष्ठ (प्र.भा.) वाराणसी : तारा बुक एजेन्सी, १९८८ ई. ।

विश्वनाथ, साहित्यदर्पण, दिल्ली, मुम्बई कलकत्ता वंगलोर पटना : मोतीलाल वनारसीदास, २००० ई. । शङ्कराचार्य, विवेकचूडामणि कलकत्ता : मनोहरलाल शर्मा चित्तरञ्जन एवेन्यु, १९८३ ई. ।

शर्मा, भागवातप्रसाद, झवाली, रीता(सं.), शिवधर्मोत्तर काठमाडौ : राष्ट्रिय अभिलेखालय, २०७५ वि.सं. । शर्मा, श्रीराम (सं.), १०८ उपनिषद् (साधनाखण्डः), द्वि.सं., वरेली भारत : संस्कृति संस्थान वेदनगर, १९७६ ई. ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छाउनी सीलखानाबाट जाहेर भएका ऐतिहासिक कागजपत्र वारेमा

-प्रकाश दर्नाल*

यो ऐतिहासिक कागजपत्र राष्ट्रिय संग्रहालयमा रहेकोमा सुरक्षाको लागि हाल राष्ट्रिय अभिलेखालयमा राखिएको छ। नेपाली कागजमा लेखिएको धेरै मुचुल्काहरू जोडेर राखिएको यसको लम्वाई ३.८८ मि. र चौडाई २९ से. मि. छ। छाउनी सीलखानाबाट छाउनीमा रहेका सर्काीरी तहराहरूमा जागीरे, कामी, शिकारी, ढाक्रे, पराल झीजाहरू समेत रहेको र त्यस तहराहरू भत्की विग्रेमा सर्काीरी खर्च लगाई वनाउनु पर्ने बेहोरा जा हेर हुदा सो तहरामा पराल झीजा राखन र ढाक्रेहरूलाई बस्न दिनु हुदैन। वहालको वन्दोवस्त गर्दा कती घर कती कोठा कती कतीमा वन्दोबस्त हुन सक्छ । जागीरे वसेको कती रहेछ फाँट् खोली चाँडो जाहेर गर्नु भन्या यस अडाका नाउमा १९८८ साल श्रावण १२ गते ६ मा १ छापे पुर्जी भै आएकोले सो सर्षारीया तहराहरूको कोठाहरूमा वाहाल तिरी डेरा गरी वस्नमा कसैको मंसुवा भए मंसुवा हुनेले १९८८ साल श्रावण १९ गतेका दीन यस अडामा हाजीर भै वढावढ गर्न आउन सो दिन आएनौ भने पछी उजुर गर्न पाउने छैनौ भनी काष्टमाडौ, इन्द्रचौक र असंमा टाँस टाँसिएको। त्यसबेलाको प्रशासनिक काम वारे थाहा पाइने हुँदा यो ऐतिहासिक कागजपत्र यहाँ प्रस्तुत गरीएको छ।

छाउनी सीलखानाबाट जाहेर गरेको

उप्रान्त छाउनीमा रहेका सर्काीरी तहराहरूमा जागीरे कामी सीकारी ढाक्रे पराल झीजाहरू स्मेत रहेको र तेस तहराहरूमा भत्की वीग्रे सर्काीरी षर्च लगाई वनाउनु पर्ने बेहोरा जा हेर हुदा सो तहरामा पराल झीजा राखन र ढाक्रेहरूलाई बस्न दीन हुदैन वाहाल को वन्दोवस्त गर्दा कती घर कती कोठा कती कतीमा वन्दोबस्त हुन सक्छ जा गीरे वसेको कती रहेछ फाट् खोली चाडो जाहेर गर्नु भन्या यस अडाका नाउमा ८८ साल श्रावण १२ गते ६ मा १ छापे पुर्जी भै आयाको हुनाले सो वमोजीम ले खीयाका तहराहरूमा वाहाल वन्दोवस्त गर्दा के कती सम्म बन्दोवस्त हुन सकला तेसको १। ऽ को नीमीत्त ढाक्रे वसी रहेका र पराल झीजा राखनेहरू संग वुझेमा ढाक्रेहरूका र पराल झीजा राखेका जवानहरूले सो कोठा १ को साल १ को मोरु १। का दर्ले कती वहाल तीरी वस्न राखनमा कवुल गरेको हुनाले तेस तहराहरूमा वाहालमा वस्न राखन मंसुवा हुनेले ८८ साल श्रावण १९ ग ते हाजीर भै कवुल गर्न आउनु भनी ठाम पुर्जी गरी हेरेमा सो लेखीयाको दीन कसैले कवुल गर्न नआयाको हुनाले सो तहराहरूका कोठाहरूमा जागी रे वसेको र सो कोठा १ को साल १ को मोरु १ का दर्ले सम्म बाहाल तीरी पराल झीजा राखन र ढाक्रे बस्न कवुल गरेको औ अडा बसेको खाली नै रहेको फाट् स्मेत तपसीलमा लेखी जाहेर गरेको छु जो मर्जि हुकुम

*पूर्व प्रमुख राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपसील

साल १ को सोकोठा १ को मोरु १ का दरले वाहाल तीरी वस्न राखने क
बोल गरेको कोठा सन्त – – १७
७६ हात लामो भैतले झींगटीको छाना २ नाले लामो तहारामा - ८
७४ ऐ – – ऐ कामी बसेको तहरामा - ३
७३ ऐ– ऐ – बाजघरको तहरामा - ५
५९ ऐ – ऐ – तोपखाना नेराको तहरामा - १
– – – – –
जागीरे बसेको कोठा - १२
७६ हात लामो भैतले झीगटीको छाना २ नाले लामो तहरामा - २
७४ ऐ – ऐ – कामी बसेको तहरामा - ७
७३ ऐ – ऐ – वाजघरको तहरामा - १
२९ ऐ –ऐ –छाला घर नेराको तहरामा - २
– – – – –
अडा वसेको कोठा – – ९
७३ हाल लामो भैतले झीगटीको छाना २ नाले बाजघरको तहरामा २
२९ ऐ – ऐ – छाला घरको आरन घर - २
सर्कारीया माल रहेको ५९ हात लामोको तहरामा - ५
– – –
खाली भयाको कोठा – – ४
७३ हात लामो भैतले झीगटीको छाना २ नाले वाजघरमा - २
५९ ऐ – ऐ – तोपखाना नेराको तहरामा - २
– – –
हाकीम मु जनकलाल श्रेष्ठ ग्वाछेमुगल - १
मु अनंगमान ग्वाछेमुगल - १
इती सम्बत १९८८ साल भाद्र गते रोज – –

१

लीखीतम छाउनी वस्ने चतुरमान डंगोल आगे तीमीले छाउनी सर्कारी ७६ हातको लामो तहराको
कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेसमा भत्के बीग्रेमा सर्कारी खर्च लगाई वना
उनुपर्ने वेहोरा जाहेर हुदा पराल झीजा राखन हुदैन वाहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर
गर्नु भंने येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झींजा राषी आया
को कोठा १ को वाहाल तीरी वस्न राषनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज येस अडा
वाट सोधनी गर्दा मेरो चीत्त वुझेको सो कोठा १ मा षाली भै रही रहेको हुनाले हेरवीचार गरी राषन् भनी
भंदा पराल झीजा राषी हेर वीचार गरी आयाको थीय अवलाई वर्ष १ मा कोठा १ को वहाल मोरु १। य
कका दर्ले तीरी हेरवीचार स्मेत गरी राख्छु सर्कारीया काम परेको वषत यामकुयाम भंने छैन तुरं
त छाडी दीने छु भनी मेरा मनोमान षुसी राजी संग मुचुल्का लेखी छाउनी सीलषाना अडा मार्फत श्री
५ सर्कारमा चढाञ्युं सं १९८८ साल आषाड्
गते रोज.....

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लीषीतम छाउनी डेवकी बाहुनी आगे छाउनीमा सर्कारीया ७६ हातको लामो
तहराको कोठा १० मध्ये कोठा १ मा म वसी रहेको र तेस्मा भत्के बिग्रेमा सर्षारीया ष
र्च लगाई वनाउन पर्ने वेहोरा जाहेर हुंदा परालझीजा राषन दिनु हुदैन वहाल के
कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्ने यस अडालाई नीकासा भै आ
याको हुनाले स्व तहरामा तीमीले डेरा गरी बसेको कोठा १ को वाहाल तीरी वस्न
मा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज येस अडाबाट सोधनी हुदा
मेरो चीत्त बुझ्यो सो कोठा वस्न हेरवीचार गरी राषन भनी भंदा मेरो घरवार केही नभ
याकी हुनाले हेरवीचार गरी वसेकीयामा अवलाई वर्ष मासी कोठा १ को वाहाल मो
रु १। यक रूपैया दरले तीरी हेरवीचार स्मेत गरी राषछु सर्षारीया काम परेका बषत
मा यामकुयाम भन्ने छैन तुरंत छाडी दिने छु भनी मेरो मनोमान षुसी राजीसंग मुचुल्का
लेषी छाउनी सीलखाना अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यू सम्वत १९८८ साल
श्रावण २ गते रोज ६ शुभम

लीषितम छाउनी बस्ने नानी बाबु डंगोल आगे तीमीले छाउनी सर्कारी ७६ हातको लामो तहरा
को कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेसमा भत्के विग्रेमा सर्कारी षर्च लगाई वना
उनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन हुदैन वाहाल के कती वंदोवस्त हुन्छ फाँट् चाडो जा
हेर गर्नु भंने येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झीजा राषी आ
याको कोठा १ को वाहाल तीरी वस्ने राखनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज ये
स अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझो सो कोठा १ मा षाली भै रही रहेको हुनाले हेरवीचार गरी रा
षनु भनी भंदा पराल झीजा राषी हेरवीचार गरी आयाको ठीये अवलाई वर्ष १ मा कोठा १ को
वाहाल मोरु १। यकका दर्ले तीरी हेरवीचार स्मेत गरी राषछु सर्कारीया काम परेको बखतमा यामकु
याम भन्ने छैन तुंरत छाडी दीने छु भनी मेरा मनोमान षुसी राजी संग मुचुल्का लेषी छाउनी सील
षाना अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यू सं १९८८ साल आषाड २३ गते रोज ३ शुभ्....

२

लीषीतम छाउनी बस्ने ज्ञानमाया महर्जनी आगे तीमीले छाउनी सर्कारी ७६ हातको लामो
तहराको कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च ल
गाई बनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन हुदैन वाहाल के कति वन्दोवस्त हुन्छ फाट् चाडो
जाहेर गर्नु भन्ने येस अडालाई नीकासा भै आयाको हुनाले सो तहारामा तीमीले परालझीजा राषी आ
याको कोठा १ को वहाल तीरी वस्ने राषनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज ये
स अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझो सो कोठा १ मा षाली भै रहीरहेका हुनाले हेरवीचार गरी रा
षन भनी भन्दा पराल झीजा राषी हेरवीचार गरी आयाको थिये अवलाई वर्ष १ मा कोठा १ को वाहाल
मोरु १। यकका दर्ले तीरी हेरवीचार स्मेत गरी राष्छु सर्कारीया काम परेको वषतमा यामकुयां
म भन्ने छैन तुरंत छाडी दीनेछु भनी मेरा मनोमान षुसी राजीसंग मुचुल्का लेषी छाउनी सील
षाना अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यु सं १९८८ साल आषाड २३ गते रोज ३ शुभम्....

लीषीतम छाउनी सीलखानाको जागीरे पीपा जीत नारां दंगोल छाउनी आगे तीमीले छाउनी
सर्कारी ७६ हातको लामो तहराको कोठा १० मध्ये कोठा २ मा पराल झीजा राखी
आयाको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा
पराल झीजा राखन हुदैन वाहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अडालाई नीकासा भै आयाको हुनाले सो तहारामा तीमीले पराल झीजा राषी आ
याको कोठा २ को वाहाल तीरी वस्न राषनमा मंजुर छ छैन भया के कती दरमा
मंजुर छ भनी आज यस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझी सो कोठा २ मा खा
ली भै रही रहेको हुनाले हेरवीचार गरी राषनु भनी भन्दा पराल झीजा राखी हेर
वीचार गरी आयाको ठिये अवलाई वर्ष १ मा कोठा १ को वाहाल मोरु १। का दरले तीरी हेर
वीचार स्मेत गरी राषछु सर्कारीया काम परेका वषतमा यामकुयाम भन्ने छैन तुरं
त छोडी दीने छु भनी मेरा मनोमान षुसी राजीसंग मुचुल्का लेषी छाउनी सीलखाना
अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यूँ इती सम्बत १९८८ साल आषाड २३ गते ३ शु–

लीषीतम छाउनी वस्ने सीरीमान महर्जन आगे तीमीले छाउनीमा सर्कारीया ७६ हात
लामु तहराको तहराको कोठा १० मध्ये कोठा २ मा पराल झीजा राषी आयाको र तेस्मा भत्के वी
ग्रेमा सर्कारी षर्च लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन दीनु हुदैन वाहाल के क
ती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्ने येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरा
मा तीमीले पराल झीजा राषी आयाको कोठा २ को वाहाल तीरी वस्न राषनमा मंजुर छ छैन भया
के कती दरमा मंजुर छ भनी आज यस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझ्यो सो कोठा २ षाली
नै रहेको हुनाले हेरवीचार गरी राषनु भनी भंदा पराल झीजा राषी हेरवीचार गरी आयाको ठि
या अवलाई मैले चलं गरीको कोठा २ का वर्ष १ मा मोरु १। दर्ले मोरु २। वहाल तीरी हेरवी
चार स्मेत गरी राषछु सर्कारीया काम परेका वषतमा यामकुयाम भन्ने छैन तुरंत छाडी दिने छु भनी मे
रा मनोमान षुसी राजीसंग मुचुल्का लेषी छाउनी सीलषाना अडा मार्फत श्री ५ सर्षारमा चढाञ्यूं
इति सम्बत १९८८ साल आषाड २३ गते रोज ३ शुभम

३

लीषीतम छाउनी सीलको जागीरे पीपा पुनवीर दंगोल छाउनी आगे तीमीले छाउनीमा
सर्कारी ७४ हातको कामी वसेको कोठा १० मध्ये कोठा १ मा पराल झीजा राखी आयाका
र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झी
जा राखन दीन हुदैन वाहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्ने यस अ
डालाई नीकासा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झीजा राखी आया
को कोठा नं १ को वाहाल तीरी वस्न राखनमा मंजुर छ छैन भया के कति दरमा मंजुर
छ भनी आज यस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझी सो कोठा १ मा खाली षाल्सा
भै रहेको हुनाले हेरवीचार गरी राखनु भनी भन्दा पराल झीजा राखी हेरवीचार
गरी आयाको ठीय अवलाई वर्ष १ मा सो कोठा १ को बहाल मोरु १। मा दर्ले तीरी
हेरवीचार स्मेत गरी राखछु सर्कारीया काम परेका वखतमा यामकुयाम भन्ने
छैन तुरन्त छाडी दिने छु भनी मेरो मनोमान षुसी राजी संग मुचुल्का लेखी छाउनी
सीलखाना अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यूँ इति सम्बत १९८८ साल आषा
ड २३ गते रोज शु.....

लीषीतम छाउनी वस्ने सेती कमीनी आगे तीमीले छाउनी सर्कारी ७४ हातको लामो भएको
कोठा नं १० मध्ये को १ मा पराल झीजा राखी आयाको र तेस्मा भत्के वीग्रेकोमा सर्कारी षर्च
लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राखन हुदैन वहाल के कती वन्दोवस्त
हुन्छ फाट् चाडो जाहेर गर्नु भन्या येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तीमीले कोठा १ को वहाल तीरी वस्न राषनमा मंजुर छ छैन भन्दा के
कति दरमा मंजुर छ भनी आज यस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझी सो कोठा १ मा
घरघाट केही नभएकोले हेरवीचार गरी दीने गरी आयाको थीई अवलाई वर्ष १ मा सो
कोठा १ को वाहाल मोरु १ यकका दर्ले तीरी हेरवीचार स्मेत गरी राख्छु सर्कारीया काम
परेको बखतमा यामकुयाम भन्ने छैन तुंरत छाडी दीनेछु भनी मेरा मनोमान षुसी
राजीसंग मुचुल्का लेखी छाउनी सीलखाना अडा मार्फत श्री ५ सर्कारमा चढाञुँ इती
सम्बत १९८८ साल आषाड २३ गते रोज ८ शु.....

लीषीतम छाउनी वस्ने भेरुमान महरजं आगे तीमीले छाउनी मा सर्कारी ७४ हातको लामो भएको
कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई वनाउ
नु पर्ने वेहोरा जाहेर हुँदा पराल झीजा राखन दीनु हुदैन वहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर
गर्नु भन्या येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झीजा राषी आया
को कोठा १ को वाहाल तीरी वस्न राषनमा मंजुर छ छैन भयां के कति दरमा मंजुर छ भनी आज येस अडा
वाट सोधनी गर्दा मेरो चीत्त वुझो सो कोठा १ मा षाली षाल्सा भै रहेको हुनाले हेरवीचार ग
री राषनु भनी भन्दा पराल झीजा राषी हेरवीचार गरी आयाको ठीये अवलाई वर्ष १ मा सो कोठा १
को वाहाल मोरु १। यक का दर्ले तीरी हेरवीचार स्मेत गरी राषछु सर्कारीया काम परेको वषतमा याम
कुयाम भंने छैन तुरंत छाडी दीनेछु भनी मेरा मनोमान षुसी राजीसंग मुचुल्का लेषी छाउनी
सीलषाना अडा मार्फत श्री ५ सर्कारमा चढाञूं सं १९८८ साल आषाड २३ गते रोज ३ शुभम

४

लीषीतम छाउनी सीलखानाको जागीरे पीपा नारां दंगोल छाउनी आगे तीमीले छाउनीमा
सर्कारी ७३ हातको बाज घरको कोठा १० मध्ये कोठा २ मा पराल झीजा राखी आयाको र ते
स्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई वनाईनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राखन
दीन हुदैन वाहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्ने येस अडालाई नीका
सा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झीजा राषी आयाको कोठा २ को बाहाल
तीरी वस्न राखनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज यस अडाबाट
सोधनी गर्दा मेरो चीत्त वुझी सो कोठा २ मा खाली षाल्सा भै रहेको हुनाले हेरवीचार गरी रा
खनु भनी भन्दा पराल झीजा राखी हेरवीचार गरी आया को ठीये अवलाई वर्ष १ मा को
ठा १ को वहाल मोरु १। का दर्ले तीरी हेरवीचार स्मेत गरी राखछु सर्कारीया काम परे
का वखतमा यामकुयाम भन्ने छैन तुरन्त छाडी दीने छु भनी मेरा मनोमान खुसी राजी
संग मुचुल्का लेखी छाउनी सीलखाना अडा मार्फत श्री ५ सर्कारमा चढायुँ इति सम्बत
१९८८ साल आखाड २३ गते ३ रोज शु

लीषीतम छाउनी बस्ने आसामाया महर्जनी आगे तीमीले छाउनीमा सर्कारी ७३ हात लामो
को वाजघरको कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च
लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन दीनु हुदैन वहाल के कती वन्दोवस्त हुन्छ फा
ट् चाडो जाहेर गर्नु भंने येस अडालाई नीकासा भै आयाको हुनाले सो तहरामा तीमीले पराल झी
जा राषी आयाको कोठा १ को वाहाल तीरी वस्न राखनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी
आज येस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझी सो कोठा १ मा षाली षाल्सा भै रहेको हुनाले हेरवीचा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र गरी राषन भनेर भंदा घरघाट के कति दर गरी हेरवीचार गरी आयाको थीये अवलाई वर्ष १ मा सो कोठा १ को वाहाल मोरु १। यक का दर्ले तीरी हेरवीचार स्मेत गरी राष्छु सर्कारीया काम परेका बखतमा यामकुयाम भंने छैन तुरंत छाडी दीने छु भनी मेरा मनोमान षुसीराजीसंग मुचुल्का लेषी छा उनी सीलषाना अडामा फाद् श्री ५ सर्कारमा चढाञुँ इति सम्बत १९८८ साल आषाड २३ ग ते रोज ३ शु

लीषीतम छाउनी बस्ने मानबाहदुर मगार आगे तीमीले छाउनीमा सर्कारीया ७३ हात ला मो को बाजघरको कोठा १० मध्ये कोठा १ मा डेरागरी तीमी बसी आयाको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई बनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन दीनको हुदैन वाहाल वुझ् नी वदोवस्त हुन्छ फांट् जाहेर गर्न भन्ने यस अडालाई नीकासा भै आयाको हुनाले तीमी वस्ने का कोठा १ को वाहाल तीरी वसी राषन मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आ ज यस अडाबाट सोधनी गर्दा मेरा चीत्त वुझ्यो सो कोठा १ मा डेरा गरी वसी आयाको थीये अवलाई वर्ष १ मा सो कोठा १ को वहाल मोरु १। यक का दरले तीरी हेरवीचार स्मेत गरी रा षछु सर्कारीया काम परेका वषतमा यामकुयाम भन्ने छैन तुरंत छाडी दीनेछु भनी मेरा मनो मान षुसी राजीसंग मुचुल्का लेषी छाउनी सीलषाना मार्फत श्री ५ सर्षारमा चढाञूँ इति सम्बत १९८८ साल आषाड २ गते रोज ऽ शुभम

५

लीषीतम छाउनी बस्ने चन्द्रमान महर्जन आगे तीमीले छाउनी मा सर्षारी ७३ हात भयेको बाजघरको कोठा १० मध्ये कोठा १ मा पराल झीजा राषी आयाको र तेस्मा भ त्के वीग्रेमा सर्कारी षर्च लगाई वनाउन पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राषन दी नु हुदैन वाहाल के कती वन्दोवस्त हुन्छ फाट् चाडो जाहेर गर्नु भन्या यस अडालाई नीका सा भै आयाको हुनाले स्व तहरामा तीमीले पराल झीजा राषी आयाको कोठा १ को वाहाल तीरी वस्न राषनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज यस अ डावाट सोधनी गर्दा मेरो चीत्त वुझ्यो स्व कोठा १ मा षाली षाल्सा भै रहेको हुनाले हेरवीचार गरी राषन भनी भन्दा पराल झीजा राषी हेरवीचार गरी आयाको थीया अवलाई वर्ष १ मा सो कोठा १ को वाहाल मोह रु १। यक का दरले तीरी हेरवीचार स्मेत गरी राषछु, सर्कारीया काम परेका वषतमा यामकुयाम भन्ने छैन तुरंत छाडी दीने छु भनी मेरा मनोमान षुसी राजीसंग मुचुल्का लेषी छाउनी सीलषाना अडा मार्फत श्री ५ सर्षारमा चढाञूँ इती सम्बत १९८८ साल श्रावण २ गते रोज शु

लीषीतम छाउनी वस्ने मेहेरमान रंजीतकार आगे तीमीले छाउनी सर्कारीया ५९ हात लामोको तोपखानाको तहरा १ को कोठा ८ मध्ये कोठा ३ मा पराल झीजा राखी आयाको र तेस्मा भत्के वीग्रेकोमा सर्कारी षर्च लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा पराल झीजा राखन हुदैन वाहाल के कती वन्दोवस्त फाट् चाडो जाहेर गर्नु भन्या येस अडाला ई नीकासा भै आयाको हुनाले तीमी सो सो तहरामा तीमीले पराल झीजा राखीयाको कोठा ३ को वाहाल तीरी वस्न राखनमा मंजुर छ छैन भया के कती दरमा मंजुर छ भनी आज येस अडाबाट सोधनी गर्दा मेरो चीत्त वुझी सो मैले चलन गरेको कोठा ३ म ध्ये वहाल यही मीतीमा कोठा २ छाडी दीन्छु मैले चलन गर्ने छैन वाकी कोठा १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यक को अव देषी वर्ष १ को मोरु १। यक का दर्ले वाहाल तीरी हेरवीचार स्मेत गरी राखछु सर्कारीया काम परेका वखतमा यामकुयाम भन्ने छैन तुरंत छाडी दीने छु भनी मेरा मनोमान राजी खुसीसंग मुचुल्का लेखी छाउनी सीलखाना अडा मार्फत श्री ५ सर्कारमा चढाञ्यूं इती सम्बत १९८८ साल आखाड २३ गते ३ शु

६

लीषीतम वाज सीकारीका सुवेदार गुन वीक्रम साही नैकाफ आगे तीम्रा मारफतका सीकारीहरू छाउनीमा सर्कारी तहरा कोठामा देरा गरी वसेको र तेस्मा भत्के वीग्रेमा सर्कारी षर्च लगाई वनाउनु पर्ने वेहोरा जाहेर हुदा जागीरदार के कती वसेको छ फाट् चाडो जाहेर गर्नु भन्ने यस अडालाई नीकासा भै आयाको हुनाले सो तहरा हरूमा तीम्रा मारफत को जागीरे सीकारी के कति कोठामा के कती जवान वसेको छ षसोखास लेषी देउ भनी आज यस अडाबाट मलाई सोधनी गर्दा मेरो चीत्त वुझ्यो सो तहराहरूमा मेरा मार्फत को जागीरे सीकारी वसेको र वाज १ रोज राखे को स्मेत तपसीलका खसोखासले लीदीयाको छ फरक छैन फरक पारी लेखी दीयाको ठहऱ्यो भने अैन बमोजीम वुझाउला भनी मेरा मनोमान षुसीराजीसंग मुचुल्का लेषी छाउनी सीलखाना मार्फत श्री ५ सर्कार मा चढाञ्यू

तपसील

७४ हात लामो भैतले झीगटीको छाना २ नाले का मा वनेको तहरा १ को
कोठा १० मध्ये चोट्य.....४
कोठा १ मा हेर १ पट्टी २५ नं सी श्रीलाल दुरा लंजुं..... १
ऐ.....दोटे ८ पट्टी २२ नं. सी षडगबहादुर थापा.....१
ऐ.....तलको सो जीत बहादुर गुरुङ्ग १ ज.....१
ऐ.....तलको सो राम आले १
२९ लामो ऐ.....ऐ.....छालाघर नेराको तहरामा .....
कोठा १ मा वाज १ रोज राखेको छु.....१
ऐ.....मा पाले वस्ने षङ्गबहादुर १ का ऽ मोतीबाहादुर
स्मेत वसेको छ.....१
इती सम्बत १९८८ साल भाद्र ५ गते ६ रोज शुभम.....

श्री कमाडंर इन चिफबाट
छाउनी सिलषानाके येस्मा सो त
हरामा पराल राषन र ढाक्रेहरू
लाई वस्न दिनु हुदैन वाहालको
वन्दोवस्त गर्दा कति घर कति
कोठा कती कतीमा वन्दोवस्त हु
न ठान्छ अडा गरी वसेको क
ती रहेछ यस्मा तु षोली चाडो जाहेर गर्नु ८८ साल आषाड
१२ गते ६ शु.....

७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वींतीपत्र

उप्रांत गरीप्रवर दयासागर धर्मावतार प्रभु त्यस छाउनी मा रहेका सर्कारी
तहरा घरहरूमा सावीक वाला, नासु पृथ्वी वहादुरका पढना देखी कोठीमा
जागीरे, ढाक्रे हामीहरू र कटेरीमा सीकारीहरू कोही यस छाउनी आई अ
....हरूको पराल झीजा राखी छाडेको र तेस तहरा घरहरूमा भत्के
वीग्रे सवाल सनदले सर्कारी खर्च लगाइ वनाउनु फेर्न वनाइ
फेरी आइरहेको र सो तहरा घरहरूमा वसी रहने जागीरे ढाक्रेहरूसंग
र पराल झीजा राषने ज्यापुहरूसंग वाल दस्तुर लीनु भंने सवाल
सनद पनी केही नभै तेसै रहेकोले पाउमा जाहेर गरेको छु प्रभू
ओम सि
ईनसदा तावेदार छाउनी सीलखाना आगे जन लाखको कोटी कोटी कुर्णेस कुर्णेश
इति सम्बत १९८८ साल वैसाष १२ गते ६ शुभम

छाउनी सीलखाना अडावाट

उप्रांत छाउनी तर्फ सर्षारीया तहराहरूमा वाहालमा राख्दा के कती वाहाल वं
दोवस्त हुंछ फाट् चाडो जाहेर गर्न भन्या यस अडालाई आडर भै आएको हुना
ले स्व सर्षारीया तहराहरूको कोठाहरूमा वाहाल तीरी डेरा गरी वस्न राषना
मा कसैको मंसुवा भया मंसुवा हुनेले ८८ साल श्रावण १९ गतेका दीन यस
अडामा हाजीर भै वढावढ गर्न आउन स्व दीन आयनौ भने पछी उजर गर्न पा
उने छैनौ सम्बत १९८८ साल श्रावण १३ गते रोज ३ शुभम
छाउनी तर्फ सर्षारीयां तहराहरूमा वहालमा डेरा गरी वस्न राषना मा मंसुवा हुनेले ८८ साल
श्रावण १९ गते का दीन छाउनी सीलषानामा वढावढ गर्न आउनु भन्या टास टासीयाको दे
हायका ठाउ ठाउको भर्पाइ
छाउनी सीलषाना अडा
दे वी २ पट्टी २६ न सी भेस बाहादुर थापा छेत्री पछीं १ तेस कवीलास.....१
दे वी ७ पट्टी २३ नं सी अम्बर बहादुर कार्की पू ३.....
काष्टमाडौ
काठमाडौ ईलाका वस्ने कृष्णा चा राजवार.....१
ऐ.....ऐ.....कान्छा षर्गे.....१
इन्द्रचौक.....
मेघनाथ जैसी थुंमगाउ.....१
बम वहादुर दहचोक षत्री.....१
असं
पूर्व ४ नं भोजपुर बस्ने दलबहादुर गुरुं.....१
पुर्व २ नं. बस्ने मान बाहादुर मगर ...१
८८ साल श्रावण १३ गते ३ शुभम

८

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राचीनतम दशभूमिकसूत्रको पहिचान

- काशीनाथ तमोट*

१. प्रकीर्णपत्रको पोको

नेपालको दरबारमा शदियौंदेखि रहेको, ग्रन्थ पहिचान नभएको, शुरू-अन्त्य पनि नभएको, फुटकर पत्रहरू तथा टुक्रिएका प्रकीर्णपत्रहरूको एउटा पोकोमा पहिलो सहस्राब्दि (लिच्छविकाल)का आधा दर्जनभन्दा बढी प्राचीनतम ग्रन्थहरू रहेछन् । त्यसलाई ग्रन्थहरूका क्रममा महत्त्व नदिई एकातिर थन्क्याइएको थियो । नेपाल दरबारमा संसारमा सबभन्दा बढी संस्कृत ग्रन्थहरू छन् र अन्यत्र नपाइने दुर्लभ ग्रन्थहरू छन् भन्ने चाल पाएर बेलायत क्याम्ब्रिज विश्वविद्यालयका संस्कृत प्राध्यापक सेसिल बेण्डाल (१८५६-१९०६) र एशियाटिक सोसाइटी अफ बङ्गालका महामहोपाध्याय हरप्रसाद शास्त्री सहायक सहित ई. १८९८मा नेपाल दरबार पुस्तकालयको बृहत्सूचीपत्र तयार गर्न नेपाल आए ।

यसपालिको काम सकेर जान लाग्दा वर्षको अन्तिम सातामा पुस्तकालयका अध्यक्षले यस्तो एउटा पोको पनि छ भनी देखाए । त्यसमा प्राचीनतम ग्रन्थका प्रकीर्णपत्रहरू थिए । त्यसमा काम गर्ने समयले नभ्याएर त्यसलाई बेलायत लगेर अध्ययन गरी फर्काइने व्यवस्था नेपालस्थित बेलायती आवासीय दूत मार्फत् भयो । ती ग्रन्थहरू फर्काइए पछि ई. १९०० मा दरबार पुस्तकालयका अधिकारीले त्यसलाई "बेण्डालको पोको" (Bendall Puka) भनेर एक ठाउँ पोको पारी थन्काइयो । बेण्डालले भने अक्षर चिन्न गाह्रो कतिपय प्रकीर्णपत्रहरू देखी पोकोका सम्पूर्ण ग्रन्थहरू फोटो लिए र अत्यन्त मेहनत गरी केही ग्रन्थहरू पहिचान गरे । उनी अत्यन्त उत्साहित भए ।

*स्वतन्त्र अनुसन्धाता हुनुहुन्छ ।

सेसिल बेण्डालले किन नेपाल दरबारको ग्रन्थमा विशेष चासो लिए भन्ने कुरा जान्न लायक छ । ब्राइन हप्तन हजसन (१८००-१८९४) र डेनियल राइट (१८३३-१९०२)ले क्याम्ब्रिज विश्वविद्यालयमा प्रदान गरिएका प्राचीन ग्रन्थहरूको संगालोले उनलाई आकर्षित गर्‌यो । उनले ई. १८८३ मै क्याम्ब्रिज विश्वविद्यालय पुस्तकालयमा संग्रहित संस्कृत ग्रन्थहरूको बृहत्सूचीपत्र प्रकाशित गरे । ई. १८८४ अक्टोबर-१८८५ जनवरी चार महिना उनी नेपाल र उत्तर भारतको अभिलेखीय साहित्यको खोजी यात्रामा निस्के । उनी नेपाल, काठमाडौंमा नवेम्बर ९, ई. १८८४ मा आइपुगे र तीन हप्ता यहाँको अभिलेख र प्राचीन वाङ्मय अध्ययन गरे, सकेसम्म दुर्लभ प्रतिहरू सार्न लगाए । उनी यहाँ आउनु अघि भारतका प्रथम पुरातत्वविद् तथा नेपालको प्रथम अभिलेखीय इतिहासकार पण्डित भगवान्लाल इन्द्रजी (१८३९-१८८८) लाई भेट्न मालवार, गुजरात गई नेपालको अभिलेखीय इतिहासको ज्ञान हासिल गरे । भगवान्लालले ई. १८८० मा नेपाल आई चार महिना खोजी कार्य गरी त्यसै बेला इण्डियन एन्टिक्वेरीमा नेपालका तेइस उत्कीर्णलेख प्रकाशित गरेका थिए र प्रशस्त ग्रन्थ संकलन गरेका थिए । बेण्डालको मूल उद्देश्य दरबार पुस्तकालय हेर्नु थियो । उनले सोको अनुमति प्रधानमन्त्री रणोद्दीपसिंह (१८७७-८५) तथा जनरल खड्ग शमशेरबाट नवेम्बर १५ मा पाए । बेण्डालले २७ नवेम्बरलाई आफ्नो जीवनको स्मरणीय दिन मानेको छ, त्यस दिन उनलाई देखाउन दरबार (थापाथली ?) बाट प्राचीन ग्रन्थ दरबार स्कूलमा ल्याई थुपारिदिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थिए । (बेण्डाल, १८८६:१६) उनी अत्तालिए, केवल हेरे र केही टिपोट गरे र मनमा लिए - कुनै दिन यी ग्रन्थ विस्तृत रूपमा हेर्न फेरि आउनेछु । दरबार पुस्तकालय (१८४७-१९००) उनले दिएको नाम हो । यस अघि पुस्तक चिताइ तहबील (१८१२-४७) र पछि वीर पुस्तकालय (१९००-१९६७) भनिए र अहिले राष्ट्रिय अभिलेखालय (स्था. १९६७) भनिन्छ ।

साँच्चै नै बेण्डाल भारतीय पण्डितहरू सहित १४औं वर्षमा दरबार पुस्तकालयको विस्तृत ग्रन्थ सूची तयार गर्ने विशेषज्ञको रूपमा ई. १८९८मा नेपाल आए । त्यस बेला हरप्रसाद शास्त्री (१८५३-१९३०) पछि उनले प्रकाशित गरेको दरबार पुस्तकालयमा रहेका ताडपत्र र छानिएका कागजी अभिलेखग्रन्थको बृहत्सूचीपत्र (भाग १, १९०५) तयार गरे । फर्कने बेलातिर बेण्डालले पाएको प्रकीर्णपत्रको पोकाका ग्रन्थ सरसरी हेर्दा दशभूमिकसूत्रको सन्दर्भमा जनवरी १ को एउटा पत्राचार (१९९९ए) मा उनले लेखे -

मैले अनौठो अक्षरले लेखिएको ताडपत्रहरू भेट्टाएको छु, जुन किसिमको ग्रन्थ भारतमा पाइएको छैन, तर मध्य एशियाका ग्रन्थहरूमा पाइएका छन् । डा. हर्न्लेले त्यस्तो लिपिलाई उत्तर-पश्चिमी गुप्ता, वा सामान्यतः उत्तर भारतीय गुप्ता भनेका छन् र उनले र प्रा. बुहलरले त्यो पाँचौ शताब्दिको हुन् भनेका छन् । (मात्सुदा, १९९६:१७ परिचय)

उनले नेपालमा ८-९ शताब्दि ताकाको पालि ग्रन्थ पाइएको कुरा त्यसमा घोषणा गरे, जुन पालि भाषाको प्राचीनतम ग्रन्थ ठहरिएको छ । (हिनुवर, १९९१) ।

बेण्डालले शिक्षा समुच्चय नामको ग्रन्थ ई. १८९७-१९०२ सम्पादन गरेका थिए, जसको पहिलो खण्डमा दशभूमिकसूत्रको सीधा सम्बन्ध नभए पनि सो ग्रन्थको एक पृष्ठ (८ पश्च) आवरणमा छापेका थिए । (मात्सुदा, १९९६:१२, परिचय) बेण्डाललाई प्राचीनतम दशभूमिकप्रति अत्यन्त मोह थियो । तर उनले त्यसमा खास काम गर्न पाएन ।

बेण्डाल (१८५६-१९०६)को मृत्युपछि उनले ठूलो महत्त्व दिएका प्रकीर्णपत्रहरूको पोकोको फोटो ग्रन्थमा उनका साथी वेल्जियन बौद्ध अध्येता लुइ दे ला भेली-पोस्सिन (१८६९-१९३८)ले त्यो सङ्कलनलाई अभिलेखग्रन्थ सेसिल बेण्डाल नाम दिई काम गरे । उनले फुटकर अन्य एक पत्रको पहिचान गरे - संयुक्तागम (१९०७) । पोस्सिनले फोटो ग्रन्थमा काम गर्दै गए । उनले ई. १९१३मा पहिलो पटक प्राचीनतम दशभूमिकसूत्रको छैठौं अभिमुखीभूमिको अघिल्ला आधा अंश प्रकाशित गरे । (मात्सुदा, १९९६:१२, परिचय) पोस्सिनको मृत्यु पछि उनले साथी एटिएन्ने लामोईको हातमा ती फोटो ग्रन्थ गयो र त्यसपछि जर्मनीको गोटिन्गेन विश्वविद्यालयमा सो राखिए । त्यहाँ पुग्दा कतिपय फोटाहरू हराए र सो बेण्डालले खिचेका थिए भन्ने पनि बिर्सिए ।

२. सूचीकरण

यता हरप्रसाद शास्त्री ई. १९०७मा दरबार पुस्तकालयमा रहेका ताडपत्र र छानिएका कागजी अभिलेख ग्रन्थको बृहत्सूचीपत्र (भाग २, १९१५) तयार गर्न नेपाल आए । सो तयार गरी जान लाग्दा वीर पुस्तकालय अध्यक्षले बेण्डालको पोका भनी ती प्रकीर्णपत्रको पोको देखाए । शास्त्रीले त्यसमा ३३ ग्रन्थ भएको र ती क्याम्ब्रिजमा बेण्डालले जाँचेको भनी उल्लेख गर्नु भएको छ । (शास्त्री, १९१५:२४६-२४८) वास्तवमा "बेण्डालको पोको"मा सो सूचीको १८ देखि ३० संख्याका ग्रन्थ मात्र भएको बुझिन्छ, किनभने त्यो सूचीमा उल्लेखित ग्रन्थहरू बेण्डाल स्वयंले आफ्नो नेपाल यात्राबारे एक भाषणमा चर्चा गरेका छन् । (बेण्डाल १९९९ बी) अन्य ग्रन्थ बेण्डाललाई बेग्लै बेलायत पठाएको बुझिन्छ । शास्त्रीले ती प्रकीर्णपत्रको छोटो, छिटो सूची निम्नानुसार दिएका छन् ।

१८. व्याकरण किञ्चित्, ४ पत्र, संक्रमणकालीन गुप्ताक्षर
१९. भद्रचरीगाथा, ३ पत्र, गुप्ताक्षर
२०. अभिसमयालङ्कार-दिव्यावदान र दशभूमीश्वरटीका, एक मुठा, गुप्ताक्षर
२१. दशभूमीश्वर, ४९ पत्र, गुप्ताक्षर
२२. गण्डव्यूह, ५ पत्र, गुप्ताक्षर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२३. सद्धर्मपुण्डरीक, ४ पत्र, संक्रमणकालीन गुप्ताक्षर

२४. सारावली, ३ पत्र, नेवारी अक्षर

२५. ?, ६ पत्र, मध्यएशियाइ नागरी

२६. विनय, पाली, ४ पत्र, संक्रमणकालीन गुप्ताक्षर

२७. अष्टसाहस्रिका प्रज्ञापारमिता, ४७ पत्र, नेवारी अक्षर

२८. व्याकरण, ३६ पत्र

२९. कुलार्णवटीका, ३ पत्र

३०. व्याकरण सूत्राणि, १० पत्र

पछि यी सूचीमा सुधार गरिए ।

यहाँ २१ संख्याको दशभूमीश्वर हाम्रो चर्चाको विषय हो । दशभूमिकसूत्रलाई पछिल्लो समय दशभूमीश्वर भनियो । यो शायद-'कसूत्र' भन्न नेवार जिब्रोलाई असहज भएर '(ई)श्वर' भन्न पुगेको होला ।

हरप्रसाद शास्त्रीले आफ्नो ग्रन्थको बृहत्सूचीपत्र ई. १९०७मा बनाएको देखेर नेपाल सरकारले ई. १९१२ मा १५ विषय समावेश गरी लामो, वैज्ञानिक, मुद्रित सूचीपत्रमा विवरण भर्न शुरु गर्‌यो । पहिलो लगत त्यस बेला शुरु गरी दोस्रो लगतसम्म भरी ई. १९२३ (विसं १९८०)मा तेस्रो लगत तयार गरे, जसमा अप्रकाशित मात्र होइन प्रकाशित पुस्तकको पनि लगत विवरण समावेश गरिए । तेस्रो लगत बनाउँदै जाँदा ई. १९२० तिर वीर पुस्तकालयका सूची निर्माताहरूले "बेण्डालको पोका"लाई ३-७३७ संख्यामा एकै ठाउँ १३ ग्रन्थ नाममा सूचीकृत गरे । त्यसमा शास्त्रीको सूचीलाई आफ्नै ढंगले सुधार गरिएको छ । दशभूमिकसूत्र दशभूमीश्वर नाममा ३-७३७ (ञ) संख्यामा सूचीकृत छ । त्यसको कैफियतमा लेखिएको छ ।

यसमा धेरै पत्रको किनाराको अक्षर समेत पाइ टुक्रा भएको कोही पत्र आधा मात्र बाकी रहेको पत्रांक नभै ग्रंथ पनि खण्डित छ भन्न नसकिने भयाका फुटकर गिन्ती पत्र ४९ छन् ।

वीर पुस्तकालयका सूचीनिर्माताहरूले बेण्डाल पोकोको प्रकीर्णपत्रहरूलाई सकेसम्म अलग नाम दिई विवरण दिएको छ । त्यसमध्ये बौद्धशास्त्रीय प्रकीर्णपत्राणि (३-७३७ ठ) शीर्षक दिई ४ पत्रको एक अज्ञात बौद्धशास्त्रको ग्रन्थको कैफियतमा भनिएको छ - यसमा ठूलो लिपिको १ पत्र दशभूमीश्वरको जस्तो छ ।

बेण्डालको पोकोका प्रकीर्णपत्रहरूमा संसारका प्राचीनतम अज्ञात बौद्ध ग्रन्थका अवशेष उपलब्ध छ भन्ने ठानेर संसारका बौद्ध विद्वान्हरू नेपाल आउँदा वीर पुस्तकालय/राष्ट्रिय अभिलेखालयमा सो पोको छाम्न आउँदै गरे । ई. १९२२ मा फ्रान्सिसी पौरस्त्यविद् सिल्भान लेभी (१८६३-१९३५) वीर पुस्तकालय आएर सो पोको हेरे । त्यहाँ उनले प्रकीर्णपत्रमा मध्यमागमको उपालिसूत्र भेट्टाए । ई. १९५४ मा ताइशो विश्वविद्यालय, जापानका विद्यार्थी रिओताइ कानेको नेपाल आई ३१३ वटा "वीर पुस्तकालयका बौद्ध ग्रन्थहरू" को संक्षिप्त सूचीपत्र तयार गरे । उनले दशभूमीश्वर (दशभूमिकसूत्र) लाई कुनै टिप्पणी नदिई ताडपत्र, गुप्ताक्षर मात्र भने । अन्य प्रकीर्णपत्रका लिच्छवि लिपिका ग्रन्थलाई सूचीकृत गरी यस्तै भन्न नसकिने (confused) भन्ने टिप्पणी गरे । वीर पुस्तकालयले निकालेको बृहत्सूचीपत्रम् (सप्तमभाग, खण्ड १-३/ई. १९६४-६७) निकाल्दा यस प्राचीनतम "दशभूमीश्वरमहायानसूत्रम्" को लिपि नै उल्लेख गरेनन् । (नेपाल राजकीय, १:२०६) ई. १९६० दशकमा रिश्शो विश्ववद्यालय, टोकियोका प्राध्यापक जेड नाकामुरा नेपाल आउँदा वीर पुस्तकालयमा बेण्डाल पोकोका अभिलेखग्रन्थ प्रदर्शनीमा राखिएको देखे । उनले सो प्राप्त गरी चार पत्रको सद्धर्मपुण्डरीकसूत्र र ६ पत्रको महासन्निपात रत्नकेतुसूत्र प्रकाशित गरे । उनले यी दुवै ग्रन्थलाई आफ्नो लेखको शीर्षकमै "गिल्गिट अभिलेख ग्रन्थ" (Gilgit manuscript) भनिदिए । (नाकामुरा, १९७०/१९७५) यसले नेपालमा प्राप्त संस्कृतमा लिखित अज्ञात लिपिको तुलना गिल्गिट (पश्चिमोत्तर पाकिस्तान)मा प्राप्त ग्रन्थका लिपिसंग मिल्न जाँदा सो नाम भिराइदिए । त्यसले गर्दा नेपालका ती ग्रन्थ गिल्गिटतिरबाट आएको हो कि भन्ने भ्रम पर्‌यो । हेमराज शाक्यज्यूले त "मध्य एशिया लिपि"को परिचय दिने क्रममा महायानसूत्र रत्नकेतु र दशभूमिकसूत्रलाई यसै लिपिको मानी वर्णमाला, अभ्यास र फ्यास्सिमिलि समेत दिएका छन् । (१९७४:५ र २२-२४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमण्डलमा ईशापूर्व तेस्रो शताब्दिदेखि लेख्य परम्परा भएको कुरा "चारुवती थूप" अभिलिखित ब्राह्मी लिपि अंकित इष्टिका अभिलेख प्राप्तिबाट स्पष्ट भइसकेको छ । त्यसकारण प्रकीर्णपत्रहरूलाई प्राप्त ५-७ शताब्दिका लिपि गिल्गिट (पाकिस्तान) वा खोतान (मध्यएशिया) बाट आउनुपर्ने कारण देखिंदैन । यी लिपि नेपालमण्डलमै प्राप्त लिच्छवि उत्कीर्ण लेखसंग दाँजी हेरेमा स्पष्ट हुन्छ - यी पूर्वलिच्छवि लिपि हुन् । प्रथम सहस्राब्दिको मध्यकालमा भारतको गुप्त साम्राज्यको सांस्कृतिक प्रभाव टाढा टाढासम्म पर्‌यो र ती सबै विस्तारित क्षेत्रलाई गुप्तलिपिले जोडेको देखिन्छ । प्राचीन समयमा ब्राह्मीलिपिको दोस्रो भेदको रूपमा गुप्त लिपि टाढाटाढाकाले लेख्दा स्थानीय भेद निस्के । यसरी चीन-यूरोपको रेशम मार्गको मुकाम क्षेत्र खोतान (मध्यएशिया), गिल्गिट (पाकिस्तान), बामियान (मध्य अफगानिस्तान) र नेपालमण्डलमा गुप्त लिपि लेख्दा स्थानीयपन देखिए । यो क्षेत्रमा मुख्यतः बुद्धधर्मको प्रसार संगसंगै लेख्य परम्परापनि फैलिए ।

ई. १९७० मा नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (नेजहसंप) शुरु भयो । यसले शुरुकै वर्षमा र पछि राष्ट्रिय अभिलेखालयका हस्तलिखितग्रन्थ माइक्रोफिल्म गर्‌यो । यसले बेण्डाल पोकाको प्रकीर्णपत्रहरू पनि माइक्रोफिल्म गर्‌यो । ई. १९८९ सम्म माइक्रोफिल्म गर्दा रेनहोल्ड ग्रुनेन्दालले हरप्रसाद शास्त्रीका दरबार पुस्तकालयको सूचीपत्र (१९०५, १९१५)संग माइक्रोफिल्म गरिएका ग्रन्थको तुलना गरी संगति ग्रन्थ (Concordance) प्रकाशित गरे । यसबाट प्रकीर्णपत्रका ग्रन्थहरू माइक्रोफिल्म मार्फत् राम्ररी अध्ययन गर्न पाई ग्रन्थ पहिचान र विशेष अध्ययन गर्न ढोका खोल्यो । ग्रुनेन्दाल (१९८९ : ११३-११५) का सूचीमा सूचीनिर्माताहरूले दिएका नाम र तिनको माइक्रोफिल्म संख्या निम्नानुसार छ ।

१. भद्रचरीगाथा, ३ पत्र - ?
२. अभिसमयालङ्कार, ३ पत्र - बी २२/२९
३. दिव्यावदान, २ पत्र - बी २४/४९
४. दशभूमीश्वरटीका, ४ पत्र - ए ३९/१९
५. दशभूमीश्वर, ४९ पत्र - ए ३९/१३
६. गण्डव्यूह, ४ पत्र - ए ३७/३
७. सद्धर्मपुण्डरीक, ४ पत्र - ए ११६६/५ र ए ११६९/३
८. सारावली, ३ पत्र -(दशभूमीश्वरमा छ)
(अपरिमितायुधारणी, ४ पत्र - दशभूमीश्वरमा छ)
९. महायानसूत्र-रत्नकेतु, ६ पत्र - ए ३९/२० र ए ११६६/४
१०. विनय (पाली), ४ पत्र - ए ११३१/२

३. गम्भीर खोजी

अत्यन्त महत्त्वपूर्ण भएर पनि सेसिल बेण्डाल (१८९९) पछि अलिकति काम पोस्सिन (१९१३) बाट छैठौं अभिमुखीभूमिको आधी अंशको अध्ययन भएपछि कसैले प्रवेश गर्न नसकिरहेको दशभूमिकसूत्र अज्ञात नै रहिरहे । यस्तोमा प्रथम सहस्राब्दिका बौद्ध साहित्य र लिपिका ज्ञाता बुक्कियो विश्वविद्यालय, क्योतो, जापानका एशोसियट प्रोफेसर काजुनोबु मात्सुदाले यसमा लागिपर्ने निधो गरे । उनी ई. १९८९ मा नेपाल आए राष्ट्रिय अभिलेखालयको हाकिम बलरामदास डंगोलका सहयोगले अभिलेखालयमा भएका सबै दशभूमिकसूत्रका प्रतिलिपि र लगत ३-७३७ मा दर्ता भएका सबै प्रकीर्णपत्रका माइक्रोफिल्म प्रतिलिपि लिए । (मात्सुदा, १९९७:४३२ पा.टि. ७/मात्सुदा, १९९६:५) प्रकीर्णपत्रमा उनले नयाँ नयाँ ग्रन्थ पत्ता लगाए । दशभूमिकसूत्रका सम्बन्धमा पनि उनले आश्चर्यजनक रूपले अर्को ताडपत्र प्रति भेट्टाए, जसको तुलनाले प्राचीनतम प्रतिबारे स्पष्ट जानकारी पाए । उनले दुई प्रतिको पहिलो पाँचौ शताब्दितिरको प्रतिलाई 'ए' र दोस्रो १२-१३ शदीको प्रतिलाई 'बी' नाम दिइ तुलनात्मक अध्ययन गरे । तिनका सूची विवरण निम्नानुसार छन् ।

ग्रन्थ ए : (१) दशभूमीश्वरादि, रा.अ. लगत ३-७३७, विषय बौद्ध दर्शन ४२ स, नेजहसंप रील संख्या ए ३९/१३, ५४×५ सेन्टिमिटर, ४७ पत्र (४९ पत्र भन्ने गरेको), माइक्रोफिल्म १९७० सेप्टेम्बर २४, दशभूमिकसूत्र ३७ पत्र मात्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२) बौद्धशास्त्रस्य प्रकीर्णपत्राणि, रा.अ. लगत ३-७३७ विषय विविध २७ क, नेजहसंप रील संख्या ए ३८/५, ५४×४.५ सेन्टिमिटर, २२ पत्र, माइक्रोफिल्म १९७० सेप्टेम्बर २२, दशभूमिकसूत्र १२ पत्र मात्र, अन्य १० पत्र ।

दुई अंशमा विभाजित, संस्कृतभाषा, गुप्तलिपि ताडपत्रमा लिखित, प्राप्त पत्र ३७+१२, जम्मा ४९, अनुपलब्ध पत्र संख्या २७, ४३, ४६, ४९, ५०, ५५, जम्मा हुने पूर्ण पत्र ५५ ।

ग्रन्थ बी : दशभूमीश्वर, रा.अ. लगत ३-३५९, विषय बौद्ध दर्शन ४१, रील संख्या ए ३८/७, ५७×५.५ सेन्टिमिटर, उपलब्ध पत्र ४२, माइक्रोफिल्म १९७० सेप्टेम्बर २२, (अन्य ५ पत्र गाँसिएको), अनुपलब्ध पत्र १-१५, ३६, ४५-४८, ५९-६१, ६३-६५, ६९, जम्मा हुने पूर्ण पत्र ६९ । संस्कृत भाषा, वर्तुल नेवाली (भुजिंमोल) लिपि (१२-१३ शदी), ताडपत्रमा लिखित ।

ग्रन्थ ए र बीको प्राप्तिले ती दुई ग्रन्थ जम्मा कति पत्रका थिए, कुनमा के के अनुपलब्ध भए भन्ने र प्राचीनतम दशभूमिकसूत्र पढ्न मदत पुग्यो । यी ग्रन्थ शुरुमा एकै ठाउँ भएको हुन सक्ने कुरा सबैजसो अध्येताहरूले त्यसको पत्र ४९ उल्लेख गर्ने गरिएकोबाट बुझिन्छ । कुन बेला यो दुई अंशमा बाँडिए यसै भन्न सकिन्न । अंश २ को प्राप्ति मात्सुदा (१९९६:१५-१६)ले रील ३८/५ दिएको छ । केन्गो हारीमोतो (२०११:९२)ले आफ्नो प्राचीनतम नेपाली अभिलेखग्रन्थको खोजीमा भन्ने लेखमा दोस्रो अंश पटक पटक (Retake) माइक्रोफिल्म भएको बताएको छ - ए ९३४/३०, ए ११६६/५, ए ११६९/३, ए ११७०/३ । उनले प्राचीनतम दशभूमिकसूत्रको पहिलो अंश (ए ३९/१३)को प्रकाश-पत्र (exposure) २० र दोस्रो अंश (ए ३८/५) को प्रकाश-पत्र १७ को दुरुस्तप्रति (facsimile) पनि प्रकाशित गरेको छ। (हारीमोतो, २०११:९३-९४)

४. लेखन समय

दशभूमिकसूत्र प्राप्त गर्दा बेण्डालले उत्साहित भएर "अनौठो आक्षरिक रूपमा लेखिएको" (a peculiar form of character), मध्यएशियाइ ग्रन्थसंग मिल्दो मानी यो पाँचौ शदीको माने । यसको लागि उनले जर्मन-ब्रिटीश पौरस्त्यविद्, खोतानी लिपि व्याख्याता रुडोल्फ होर्न्ले (१८४१-१९१८) र भारतीय पुरालिपिविद् जर्मन जोहान जोर्ज बुहलर (१८३७-१८९८)को विचार लिए । तिनीहरूले यसलाई उत्तर-पश्चिम वा उत्तर भारतीय गुप्त लिपि भने । पछि उनले अर्को प्रसंगमा सातौं शदीको उत्तर-पूर्वी गुप्त लिपि माने र फेरि अंशुवर्माका अभिलेखसंग दाँजी छैठौं शदीमा हुनसक्ने माने । (मात्सुदा, १९९६:१६-१७)

नेपालको प्राचीन ग्रन्थको लिपि तुलना गर्न इटालियन पौरस्त्यविद् रेनिएरो नोली (ज. १९३०)द्वारा अभिलेख छापा सहित प्रकाशित गुप्ताक्षरमा लिखित नेपालका अभिलेख (१९५६) अत्यन्त उपयोगी रह्यो । काजुनोबो मात्सुदाले दशभूमिकसूत्रमा गम्भीर रूपले अध्ययन गर्ने भएपछि उनले बर्लिनमा भारत विषयक संग्रहालयमा कार्यरत भारतीय भाषाका लिपिविज्ञ श्रीमती डा. एल. सान्डरलाई दशभूमिकसूत्रको एक नमूना पठाई लिपिको समय पत्ता लगाउन अनुरोध गरे । उनले अंशुवर्माका अभिलेखसँग दाँजी सातौं शदी पूर्वार्ध अनुमान गरी यसलाई नोलीले भने जस्तो नेपाली गुप्ता शैली भन्न सकिने विचार दिए । तर उनले गुप्ता साम्राज्य यस बेला नहुनाले नाम उपयुक्त नहुन सक्ने कुरा पनि भने । (मात्सुदा, १९९६:१७) स्मरणीय छ गुप्ता लिपि भन्नाले भारतीय साम्राज्यकालीन नेपाल थियो कि भन्ने भान दिने हुनाले त्यसलाई ई. १९६० मे (विसं २०१७ साउन) मा मानदेव (अंशुवर्मा) संवत् शुरु (ई. ५७६) अघिकोलाई पूर्वलिच्छवि र पछिको नेपालसंवत् शुरु (ई. ८७९) सम्मलाई उत्तर लिच्छवि लिपि नेपाल सरकारले नामकरण गर्‌यो । नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजनाका सूचीनिर्माताहरूले अघिल्लो समयकालाई गुप्ता लिपि र पछिल्लो समय ई. १२०० सम्मलाई संक्रमणकालीन गुप्ता लिपि मानेका छन् । अचेल दोस्रो कालको लिपिलाई अक्षर स्वरूप अनुसार नेपाल, भारतमा कुटिला भन्ने गरेको छ । यसैलाई पूर्वी एशिया, चीन, जापानमा अक्षरको मात्रा पूर्ण भएको अर्थमा सिद्धमातृका भन्ने गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी दशभूमिकसूत्रको लिपि-काल ५, ६ वा ७ शदी अनुमान लगाइरहेकोले मात्सुदा आफैले पनि नोलीको सर्वप्राचीन चांगुनारायणको शकसंवत् ३८६ (ई. ४६४) को अभिलेख दाँजी हेरे । उनले पाँचौ शदी उत्तरार्धको चांगुको स्तम्भलेखको अक्षरसंग दशभूमिकसूत्रको अक्षर समान पाए र मध्य एशियाइ भन्दा गुप्ता लिपिको शैली भेद माने । उनले त्यसमा प्रयुक्त अक्षरको बाह्राखरी सहित वर्णमालाको अक्षरसूची पनि प्रस्तुत गरेका छन् । (पृ. १८-१९) उनले माथि उल्लिखित जुनसुकै शदीको भएपनि बेण्डालले सय वर्ष अघि भेट्टाएको राष्ट्रिय अभिलेखालमा रहेको दशभूमिकसूत्र उपलब्ध प्राचीनतम संस्कृत ग्रन्थ हो भनी ठोकुवा गरे ।

विदेशी विद्वान्हरूले यसरी उपलब्ध अभिलेख तुलनाबाट दशभूमिकसूत्र पाँचौ शदी उत्तरार्ध सम्म हुन सक्ने बताइरहँदा मात्सुदाले आफ्नो ग्रन्थको परिचयमा प्रस्तुत पत्र (५ अग्र) संग हालै प्राप्त शकसंवत् ४२१ (ई. ४९९)को चाबहिलको अभिलेखसमेतसंग दाँज्दा अक्षर समान भएको पाइयो । (हेर्नुहोस् तमोट,२०१९)

५. नव-सूत्रको प्राचीनता

महायान बौद्ध नव-सूत्रलाई नव-ग्रन्थ, नव-धर्म, नव-वैपुल्य सूत्र, नव-खण्ड, नव-व्याकरण पनि भनिन्छ। नव-सूत्र ग्रन्थहरू हुन् - प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिक, समाधिराज, लङ्कावतार, सद्धर्मपुण्डरीक, तथागतगुह्यक, ललितविस्तर र सुवर्णप्रभास । यीमध्ये राष्ट्रिय अभिलेखालयको प्रकीर्णपत्रको पोको (३-७३७)मा गुप्ताक्षरमा लिखित दशभूमिक (४९ पत्र), गण्डव्यूह (४ पत्र), सद्धर्मपुण्डरीक (३ पत्र) पाउनु अत्यन्त ठूलो उपलब्धी हो । त्यसमा दशभूमिकसूत्र पाँचौ शताब्दिको पुष्टी हुने स्थिति छ ।

महायान बौद्धग्रन्थको रचनाकाल ईशाको शुरु शताब्दितिर भएको अनुमान छ । दशभूमिकसूत्र चिनिया भाषामा धर्मरक्ष (ई. २७९), कुमारजीव (ई. ४०२), बुद्धभद्र (ई. ४१८), शिवानन्द (ई. ६९५) र शीलधर्म (ई. ७५३) द्वारा अनुवाद भएको पाइएको छ । यो तिब्बती भाषामा पनि अनूदित छ । मूल संस्कृत भाषामा भने पूर्ण पाठ जे. राहदर (१९२६), आर. कोन्दो (१९३६) र पी.एल. वैद्यद्वारा प्रकाशित छ । (मात्सुदा, १९९६:२२) प्रकाशित संस्कृत पाठ मूलतः नेपालमा प्राप्त पछिल्ला ग्रन्थबाट सम्पादित हुन्, मूल लिच्छवि ग्रन्थबाट अहिलेसम्म काम लिन सकेको छैन ।

महायान बौद्ध ग्रन्थमा बुद्धावतंसकसूत्रको चर्चा छ । यसभित्र दशभूमिक र गण्डव्यूह चीन, नेपाल, भारतमा स्वतन्त्र ग्रन्थको रूपमा विकास भएको र नवसूत्रमा आवद्ध हुन गएको छ । दशभूमिकसूत्रमा बोधिसत्वले बुद्धत्व प्राप्त गर्न हासिल गर्नुपर्ने दश भूमि (ज्ञानको तह)को क्रमिक विवरण दिइएको छ । तिनलाई निम्न नाम दिइएको छ :-

१. प्रमुदिता २. विमला ३. प्रभाकरी ४. अर्चिष्मती ५. सुदुर्जया ६. अभिमुखी ७. दुरंगमा ८. अचला ९. साधुमती १०. धर्ममेघा ।

यी सबैको अंश प्राप्त प्राचीनतम दशभूमिकसूत्रमा उपलब्ध छ । (मात्सुदा, १९९६:२४) हालै आधी अंश प्राप्त भई पूर्ण भएको चाबहिलको महामुनि मूर्तिलेखमा उल्लिखित "स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च" (स्त्रीजुनिबाट वैराग्य भएर पुरुष जुनि पाउन पनि) भन्ने सन्दर्भ महावस्तु, दशभूमिकसूत्रसंग मेल खाने र तिनमा शाक्यमुनि बुद्धलाई धेरै पटक महामुनि भनिएको प्रसंगले प्रस्तुत समकालिक दशभूमिकसूत्रको प्रभाव चाबहिल अभिलेखमा परेको छ कि भन्ने छनक दिन्छ । (आचार्य, २०१०:२६-२७, ३१, ३४)

पन्ध्र सय वर्षदेखि नवसूत्रमध्ये केही ग्रन्थको अध्ययन परम्परा नेपालमण्डलमा भएकोले यहाँको जनजीवनमा यसले ठाउँ लिएको छ । महायान बौद्ध स्तूपका त्रयोदश भुवन (तेह्र चक्का)का तल्लो दश भुवन (१-१०) यही दशभूमिको नाम दिइएको छ । त्यसमा अन्य तीन भुवन (समन्तप्रभा, अधिमुक्ति/निरूपमा, वज्र/ज्ञान-भूमि) थपिएको छ । बौद्धधर्ममा अष्टमीव्रत पूजा गर्दा, त्यस क्रममा त्रिरत्न (बुद्ध, धर्म, संघ)को मण्डल पूजामध्ये संघमण्डलमा यी नवग्रन्थको पूजा गरिन्छ । (वज्राचार्य, २०००:५३) नेपाली पाठकको लागि पं. दिव्यवज्र वज्राचार्य (१९१९-१९९९)ले नवसूत्र संग्रह (१९९०) सरल भाषामा लेखी प्रकाश गर्नुभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छ । यसको महत्त्व बुझाई लेखिएको भूमिकामा साहित्य-प्रेरक सत्यमोहन जोशी (ज. १९२०)ले स्वयम्भूपुराण अनुसारका द्वादशतीर्थ मध्ये नौ स्थानमा बौद्धधर्मानुयायीहरू तीर्थ सेवा जाँदा खास खास तीर्थमा यी नवसूत्रग्रन्थ पूजा र पाठ गर्ने परम्परा रहेको जानकारी दिनुभएको छ । (वज्राचार्य, १९९०:४३)

राष्ट्रिय अभिलेखालयमा रहेको प्रकीर्णपत्रको पोकोको एक ग्रन्थ दशभूमिकसूत्रको यहाँ चर्चा गरियो । सो लिच्छवि लिपिको सादृश्यले पाँचौं शताब्दिको हुने देखियो । त्यो पोकाको अन्य प्रकीर्ण पत्रहरूको पनि पहिचान हुँदै गएको छ । शुरुमा प्रस्तावित मध्यएशियाइ/गिल्गिट लिपि भनिआएको ग्रन्थ पनि वास्तवमा लिच्छवि लिपि हुन् तर यसलाई अझ स्पष्ट पार्न अरु काम हुनुपर्ने छ । प्रकीर्णपत्रका ग्रन्थ भनी शुरुमा दिएका नाममा सुधार हुँदै गएको छ । यो क्रम जारी छ । विश्वका विद्वान्हरू यसमा लागिपरेका छन् । अहिले दशभूमिकसूत्र प्राचीनतम मानिएको छ, भोलि खोज्दै जाँदा अन्य प्रकीर्णपत्रका अन्य ग्रन्थ अगाडि आउन सक्छ । अहिले ग्रन्थ पहिचानको कसरतमा विद्वान्हरू लागेका छन् । यी ग्रन्थहरूको व्याख्या विश्लेषण भविष्यमा हुँदै जानेछ ।

सन्दर्भ

तमोट, काशीनाथ, २०१९ । चाबहीया महामुनि मूर्तिलेख प्राप्तिया वृत्तान्त, www.medium.com/nepalmandal, posted in 17 jan. 2019.

तेवारी, रामजी र अरु, १९६२ । अभिलेख संग्रह (नवौं भाग) । काठमाडौं : संशोधन-मण्डल, विसं २०१८ माघ ।

नेपाल राजकीय वीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम्, सप्तमभाग (खण्ड १,२,३) (बौद्धविषयक) पूर्णरत्न वज्राचार्य सम्पादित । काठमाडौं : वीरपुस्तकालय, विसं २०२१ फाल्गुन (खण्ड १), २०२३ पौष (२), २०२३ फाल्गुन (३) [ई. १९६४-६७]

राजवंशी, शङ्करमान, १९६० । प्राचीन लिपि वर्णमाला । काठमाडौं : पुरातत्व र संस्कृति विभाग, विसं २०१७ आषाढ ।

वज्राचार्य, दिव्यवज्र, ई. १९९०/१९९९ । नव सूत्र संग्रह । ललितपुर : बोधि प्रकाशन केन्द्र, विसं २०४७ । पुनर्मुद्रण : द करपोरेट बदि अफ द बुद्ध एजुकेशन फाउण्डेशन, ताइपेइ, ताइवान, विसं २०५६ । दशभूमिकसूत्रम्, पृ. १९९-२२८ ।

वज्राचार्य, धनवज्र, १९७३ । लिच्छवीकालका अभिलेख । काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, विसं २०३० आषाढ ।

वज्राचार्य, रञ्जना, २००० । नेपालको बौद्धधर्ममा अष्टमीव्रत । ललितपुर : आशारत्न धाख्वाः, विसं २०५७ ।

शाक्य, हेमराज, ई. १९७४ । नेपाल लिपि-प्रकाश । काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, विसं २०३० ।

Acharya, Diwakar, 2008 (2010). Evidence for Mahāyāna Buddhism and Sukhāvatī cult in India in the middle period. Early fifth to late-sixth Century Nepalese inscriptions. Journal of the International Association of Buddhist Studies, 21:1-2, 23-75.

Bendall, Cecil, 1883/1992. Catalogue of the Buddhist Sanskrit Manuscripts in the University Library, Cambridge, Stuttgart : Franz Stiener Verlag (First ed. Cambridge University Press).

Bendall, Cecil, 1886/1974. A Journey of Literary and Archaeological Research in Nepal and Northern India During the winter 1884-85. Kathmandu : Ratna Pustak Bhandar. (First ed. 1886, Cambridge University Press).

Bendall, Cecil, 1897-1902. Śikṣāsamuccaya : Bibliotheca Buddhica I (St. Petersburg, Reprint Tokyo, 1977). (From Matsuda)

Bendall, Cecil, 1899 a. Correspondence : "Pāli MSS. In Nepal (Kathmandu, Jan. 1, 1899)", The journal of the Royal (Asiatic Society of Great Britain and Ireland. p. 422. (From Matsuda)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Bendall, Cecil, 1899 b. Speech. "Remarks on the Results of Bendall's Recent Journey to Nepal in Search of Sanskrit MSS. And Inscriptions, Proceedings of the Asiatic Society of Bengal, no. 2 (Feb. 1899), pp. 30-35. (From Matsuda)

Buddhist Manuscripts of the Bir Library, September 1954.(Compiled by Mr. Ryaotai Kaneko and Compared mss. Of Tokyo University Library by Mr. Kojyun Saito). (Tokyo): Sanskrit Seminar of Taisho University.

de La Vallee Poussin, L. 1907. MSS Cecil Bendall, JRAS, pp. 375-39. (From Matsuda)

de La Vallee Poussin, 1908. MSS Cecil Bendall : (II) Fragments en ecriture Gupta du Nord, JRAS, pp. 45-53 (From Matsuda)

de La Vallee Poussin, 1913. Bouddhism, Etudes et materiaux : Theoric des Douze Causes. (London), p. 115 ff. (From Matsuda)

Gnoli, Raniero, 1956. Nepalese Inscriptions in Gupta Characters, Serie Oriantale Roma, X-1 and 2, 2 pts.

Grunendahl, Reinhold, 1989. A Concordance of H. P. Śāstrī's Catalogue of the Dubar Library and the Microfilms of the Nepal-German Manuscript Preservation Project. Stuttgart : Franz Steiner Verlag

Harimoto, Kengo, 2011. In search of the oldest Nepalese manuscript, Rivista degli studi Orientali, Sapienza-Universita di Roma, 84:1/4, 85-106. www.jostor. ort/stable/43927259

Hinuber, Oskar V., 1991. The Oldest Pāli manuscript. Stuttgart : Franz Stainer, Verleg.

Matsuda, Kazunobu, 1996, Two Sanskrit Manuscripts of the Daśabhūmikasūtra Preserved at the National Archives, Kathmandu. Tokoy : The Centre for East Asian Cultural Studies for Unesco, The Toyo Bunko.

Matsuda, Kazunobu, 1997. A Vinaya Fragment of the Mūlasarvāstivādin from 'Bendall's Puka' in the National Archives, Kathmandu, Indica Et Tibetica 30: Bauddhavidyāsudhākāraḥ, pp. 431-437.

Nakamura, Z., 1970. On the four sheets of Gilgit Manuscripts of the Saddharmapundarikasūtra in the Bir Library. Anjali, pp. 63-74. (From Matsuda)

Nakamura, Z., 1975. Gilgit Manuscripts of the Mahāsannipāta-ratnaketusūtra, kept in the National Archives Kathmandu, (in Japanese) Hokke-Bunka Kankyū : Journal of Institute for the Comprehensive Study of Lotus Sūtra, no. 1, pp. 13-45.

Śāstrī, Hara Prasād, 1905/1915. A Catalogue of Palmleaf and Selected Paper MSS. Belonging to the Durbar Library, Nepal. vol. I (1905), vol. II (1915). Calcutta : The Baptist Mission Press. Reprinted in Grunendahl 1989.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



फोटो : राजितबहादुर श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चांगुको अभिलेख (दोस्रो पाये)

१. देवी राज्यवती तु तस्य नृपतेर्भार्य्यार्याभिधाना सती

२. श्रीरेवानुगता भविष्यति तदा लोकान्तरासङ्गिनी

३. यस्याञ्जात इहानवद्यचरितः श्रीमानदेवो नृपः

४. कान्त्या शारदचन्द्रमा इव जगत्प्रह्लादयन्सर्व्वदा ७

५. प्रत्यागत्य सगद्गदाक्षरमिदन्दीर्घं विनिश्वस्य च

६. प्रेम्ना पुत्रमुवाच साश्रुवदना यातः पिता ते दिवम्

७. हा पुत्रास्तमिते तवाद्य पितरि प्राणैर्व्वृथा किम्मम

८. राज्यम्पुत्रक कारयाहमनुयाम्यद्यैव भर्त्तुर्ग्गतिम् ८

९. किम्मे भोगविधानविस्तरकृतैराशामयैर्ब्बन्धनैः

१०. मायास्वप्ननिभे समागमविधौ भर्त्रा विना जीवितुम्

११. यामीत्येवमवस्थिता खलु तदा दीनात्मना सूनुना

१२. पादौ भक्तिवशान्निपीड्य शिरसा विज्ञापिता यत्नतः ९

१३. किम्भोगैर्म्ममं किं हि जीवितसुखैस्त्वद्विप्रयोगे सति

१४. प्राणान्पूर्वमहञ्जहामि परतस्त्वं यास्यसीतो दिवम्

१५. इत्येवम्मुखपङ्कजान्तरगतैर्नेत्राम्बुमिश्रैर्द्दृढम्

१६. वाक्पाशैर्व्विहगीव पाशवशगा बद्धा ततस्तस्थुषी १०

१७. सत्पुत्रेण सहौद्ध्र्वदेहिकविधिं भर्त्तुः प्रकृत्यात्मना

१८. शीलत्यागदमोपवासनियमैरेकान्तशुद्धाशया

परिशिष्ट २



डिजिटल फोटो : राष्ट्रिय अभिलेखालय

दशभूमिकसूत्र (५ अग्र)

(१) एवमुक्ते (विभु)क्तिचन्द्रो बोधिसत्व वज्रगर्भं बोधिसत्वमेतदवोचत् सुपरिशुद्धो वरायं भो जिनपुत्र बोधिसत्वपरिषत्सन्निपातः सुपरिशुद्धः सुपरिशुद्धाध्याशयानां बोधिसत्वानां सुपरिशोधित (संकल्पानां)

(२) सुचरितचरणानां बहुबुद्धकोटीनयुत शतसहस्रपर्य्युपासितानां सुसंभृतसंभारानां . अपरिमितगुणर्ज्ञानसमन्वागतानांम-पगतविमतिसंदेहानां अनङ्गाणानां सुप्रतिष्ठितविमुक्त्याध्याशयाना अपरप्रत्ययानामेषु बुद्धधर्म्मेषु . (तत्साधु)

(३) भो जिनपुत्र प्रभाषस्व प्रत्यक्षविहारिणो ह्येते बोधिसत्वाअत्र स्थाने . वज्रगर्भ आह किं चापि भो जिनपुत्रायं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बोधिसत्वपरिषत्सन्निपातः सुपरिशुद्धः सुपरिशोधिताध्याशयानां बोधिसत्वानां सुपरिशोधितसंकल्पानां सुचरितचरणानां बहु(बुद्धको-)

(४) टी शतसहस्रसुपर्युपासितानां सुसंभृतसंभारणामपरिमितगुणज्ञानसमन्वागतानाम्अपगतविमतिसन्देहा नामनंगणानां . सुपरिष्ठितविमुक्त्याध्याशयानामेषु बुद्धधर्म्मेषु. अथ च पुनर्यूयेन्ये इमान्येवं रूपान्यचिन्त्यानि स्थानामि श्रृ(णुयुः)

(५) श्रुत्वा च विमतिसंदेहमुत्पादयेयुः तेषान्तत्स्या दीर्घरात्रमहिताय दुःखाय इयं मे कारूण्यचित्तता येन तूष्णीम्भ्रावमेवारोचयामि .

दशभूमिकसूत्र (५अ)अग्रभाग



दशभूमिकसूत्र (५अ) मध्यभाग



दशभूमिकसूत्र (५अ) पश्चभाग



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दक्षिण एशियाली अन्तरराष्ट्रिय सम्वन्धको परिप्रेक्ष्यमा नेपाल र भुटानको सन्दर्भ

– देविचन्द्र श्रेष्ठ*

दक्षिण एशियामा चीनको उपस्थिति विश्व शान्तिको पक्षमा कोसेढुगां ठहरिने वातावरण वन्दै रहेको छ । चीनद्धारा प्रस्तावित BRI (Belt and Road Initiative) यस क्षेत्रमा रहेका ठूला साना राष्ट्रहरूलाई आर्थिक सम्वन्धनको (Connectivity) नयाँ सिद्धान्त चीनका राष्ट्रपति सी-जिन- पिङ द्वारा प्रस्ताव गरिएका छन् । यस प्रस्तावले दक्षिण एशियामा भारतको साम्राज्यवादी हैकमलाई चुनौती दिने हुनाले यसप्रति भारतले आफ्नो समर्थन जनाउन सक्ने अवस्था छैन, सायद यस्तो अवस्था कहिल्यै नआउन पनि सक्छ ।

परन्तु, नेपालले उपर्युक्त सम्वन्धमा आफू सरिक रहने प्रतिवद्धता जनाइसकेकाले यस प्रकरणलाई आफ्नो स्वतन्त्र परराष्ट्र नीतिको अंग बनाउने तर्फ पाइला चाल्नु दरकार पर्छ । त्यसका लागि एउटा द्वार ऐतिहासिक कालदेखि नेपालमा खुल्ला रहेको छ । त्यो हो भुटान नेपालको वौद्धधर्मसित गांसिएर आएको स्वतन्त्र वौद्ध राष्ट्र हो ।

अव, दक्षिण एशियाकै सवैभन्दा सानो राष्ट्र भुटानले आफ्नो अस्तित्व विस्तारका लागि नेपालसित सम्वन्ध जोड्ने जमर्काहरू गर्न थाले इतिहासको मध्यकालमै यसका लागि नेपाल एकीकरणभन्दा अगाडिदेखि नै भुटानले आफ्नो चाहना जनाउदै आएको पनि साक्ष्य पाइन्छ । त्यतिखेर नेपाल मण्डलकै चौथो अंग भएर मध्यकालमा बढ्न लागेको गोर्खा राज्यसित यसले हातेमालो गर्ने जमर्को प्रारम्भ गरेको पाइला गन्न सकिन्छ । तिव्वती वौद्ध धर्मको का-ग्युपा संप्रदाय अन्तरगत 'डुक्पा' उपसंप्रदायले तिव्वतकै सीमान्त क्षेत्रमा कसरी 'डूकयूल' स्थापित ग-यो त्यो पक्ष यसको इतिहासकै पहिलो प्रहर रहिआएको छ ।

नेपाल एकीकरण भएर यहाँ मध्यकाल समाप्त हुँदा फुकेको राजनीतिक अवस्थामा नेपालसित अर्को गाढा धार्मिक र आर्थिक सम्वन्धनको (Connectivity) प्रस्ताव लिएर भुटान नेपालको राजधानीमा देखापर्छ । यसपालि, नेपालको वौद्ध वृत्त (Circuit) मा यसले सहज प्रवेश पायो श्री ५ रणवहादुर शाहको राज्यकालमा त्यतिखेर, भुटानी प्रस्तावलाई अम्मल गर्ने यहाँ नायव वहादुरशाह देखापर्छन् । यस पटक सं. १८४३ मा गरिदिएको रणवहादुर शाहका पालाको लालमोहर निकै चर्चित पाइन्छ । तर, खूद लालमोहर भने अहिले सम्म प्रकाशित देखापर्दैन ।

उपर्युक्त लालमोहर पाएर भुटानले नेपालको स्वयम्भू क्षेत्रमा रहेको प्राचीन घ्याङ गूठीमा नै प्रवेश पाउँदा एउटा नयाँ आयाम नै थपियो । त्यसको फलस्वरूप स्वयंभू क्षेत्रमा नै भुटानी डूकपा गुम्बाको निर्माण भयो पहिलो पल्ट । त्यसका लागि भुटानदेखि नै मूल पुजारी लामा खटिएर आउने प्रवन्ध भयो । निजले नेपालमा तोकिएका धार्मिक भौगोलिक क्षेत्रहरूमा प्रशासनिक हैसियत राखेर आफ्नो अख्तियारी अनुसार नयां भुटानी गुम्बाको निम्ति नेपाली वौद्ध समाजबाटै भिन्न भिन्न तोकिएका दस्तुरहरू उठाउने अधिकार पाए । यस्तो अधिकार काठमाडौंमा मात्र सीमित नभई उत्तरको पहाडी इलाकामा समेत विस्तार रहेका छन् । तिनको चर्चा गर्नु यहाँ प्रासगिक हुँदैन ।

---

*आर्थिक इतिहासविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाल अंग्रेज युद्धको अवस्थामा पनि भुटानसितको विद्यमान सम्वन्धमा खासै फरक परेको देखा पर्दैन । तर यस युद्धपछि भने अंग्रेजहरूले तिव्वतसित जोडिएको भुटानराज्यसित सन्धि गरेर त्यहाँ आफ्नो प्रवेशको बाटो खुलाए । यस्तै तिव्वती वौद्धधर्म मान्ने छो-ग्याल-वंशले शासन गर्ने सिक्किम राज्यसित पनि अंग्रेजहरूले अर्को सन्धि गरेको पाइन्छ जसको उद्देश्य पनि तिव्वतमा अंग्रेजको प्रवेशलाई सहज पार्ने अभिप्राय राखेको पाइन्छ ।

अंग्रेजसित यसरी सम्वन्ध जोडिएपछि सिक्किम र भुटानमा आफ-आफ्ना धार्मिक संप्रदाय जोगाउन पनि नेपालसित सम्वन्ध विस्तार गर्नुपर्ने अवस्था देखापर्दै आयो । यस सिलसिलामा सिक्किमले वि.सं. १९१० मा नेपालसित व्यापार सन्धि समेत गरेको पाइन्छ । यसबाट नेपालले सिक्किमको वाटो तिव्वतसित व्यापार गर्न पाउँने हुँदा विशेष महत्त्वको अभिप्राय यसले राख्दछ ।

नेपालले भुटानलाई आफ्नो राज्यमा दिइराखेको धार्मिक सरसुविधा कायम राख्दाराख्दै श्री ३ जङ्ग वहादुर राणाको समयमा पुग्दा नेपालले तिव्वतमा आफ्नो वर्चस्वका लागि युद्धको अभियान गर्नु परेको अवस्थामा भुटानमाथि शंका गरेर नेपालमा भुटानले पाइराखेका वौद्धधर्मजन्य सुविधाहरू अवरुद्ध समेत गर्नुपऱ्यो । तर सं. १९१३ मा तिव्वत माथि आफ्नो राजनीतिक विजय स्थापित भएपछि उनै श्री ३ जङ्गबहादुर राणाले भुटानको अनुरोधमा पूर्वोक्त सम्वन्धलाई केही हेरफेरका साथ पुनः स्थापित गरिदिएको लालमोहर देखा परेको छ । नेपाल तिव्वत युद्धको वेला नेपालसित विग्रिएको सम्वन्ध सुधार्न भुटानलाई ५ वर्ष जति समय लाग्यो । नेपालले पनि यसरी भुटानमाथि आश्वास्त रहन सक्ने अवस्था देखिएपछि श्री ३ जङ्गबहादुर राणाले सं. १९१८ मा अर्को लालामोहर गरिदिएर नेपालमा भुटानको ड्रक्पा वौद्ध उप-संप्रदायलाई स्वयंभू घ्याङमा पुर्नस्थापित गरिदिएको पाइन्छ ।

अव स्वयंभू घ्याङ भन्नाले यसको इतिहास अलि लामो रहेको तथ्य अहिलेको परिप्रेक्ष्यमा विर्सिए जस्तो लाग्छ । नेपालको महायान वौद्ध संस्कृतिमा स्वयंभू चैत्यको निर्माणदेखि ठूलो महत्त्वका साथ राष्ट्रिय अन्तरराष्ट्रिय क्षेत्रमा हेरिदै आएको विषय हो । यसको सन्दर्भमा नेपाल वौद्ध परिपथ (Circuit) को अस्तित्व तिव्वत तथा चीनले समेत आफ्ना वौद्ध संस्कृति भित्र स्वीकार गर्दै आएका थिए । त्यसैले तिव्वती वौद्ध धर्मकै एउटा हांगा का-ग्युपा संप्रदाय अन्तरगत ड्रक उपसंप्रदायले तिव्वतकै सीमान्त क्षेत्रमा आफ्नो राज्य स्थापित गर्दै यसले पनि आफ्नो अस्तित्वका लागि नेपालसम्म गोडा पसार्दै आएको पाइन्छ । त्यसको पनि एउटा लामो इतिहास नै खडा हुन्छ जसलाई मध्यकालिक नेपालको इतिहासमा रत्न मल्लको प्रतापी शासनसम्म (ने.सं. ६०४-६४०) विस्तारका साथ अध्ययनको बाटो खुल्ला रहेको छ ।

अव जहाँसम्म श्री ३ जङ्गवहादुरले भुटानलाई आफ्नो वौद्ध संस्कृति जिउँदो रहेको नेपाली भूभागसम्म पहुँच दिएको प्रश्न छ त्यसलाई माथि चर्चित लालमोहरको प्रसंगमा आधुनिक व्याख्या समेत दिन सकिने भएको छ । यसलाई आजको दक्षिण एशियाली सम्वन्धन (Connectivity) मार्ग चित्रमा नै समावेश गर्न सकिने नौलो प्रसंग उठाउन सकिने छ । तसर्थ सो लालमोहरको उतार परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

प्रस्तुत दस्तावेजको आधारमा नेपालको वौद्ध संस्कृति एवं हिमाली आर्थिक जीवन समेत प्रभावित रहेको विश्लेषण यहाँ अझसम्म हुन सकेको छैन । त्यसैले नेपालमा भुटानी गुम्वा स्थापनार्थ स्वीकृति पाएको समय देखिकै इतिहासको कण्डिका जोड्ने जमर्को गर्नु आवश्यक देखिन्छ । त्यति परसम्म नगएतापनि नेपाल को स्वयंभू परिसरमा नै यसले आफ्नो अधिकार क्षेत्र (Jurisdiction) के कसरी अम्मल गरेको पाइछ, त्यतिको निम्ति पनि आधारभूत दस्तावेजको अभावमा खास अध्ययन हुन सकेको थिएन । तर उपयुक्त चर्चित लालमोहरका विविध प्रकरण मध्ये स्वयंभू क्षेत्रमा नै यसले घरैपिच्छे सेर्मा साउन्या फागु र चन्द्रायन भनिने रकमहरू उठाउन पाउने गरी दिएको अधिकारको व्यवस्थापन कसरी भएको छ त्यसको एकसरो अध्ययन अहिले प्रस्तुत गर्न सकिने भएको छ ।

स्वयंभू विहार अन्तरगत यस क्षेत्रमा निर्मित पुजारीहरूका घरवास नै उपर्युक्त लालमोहरको मोहडा तारो भन्न सकिन्छ । यस्ता घरैपिच्छे स्वयंभू घ्याङको नामले भुटानी ड्रक्पा लामाले 'घरगण्डी' उठाएर दिएको निस्सा अहिले पनि पुराना पुजारी बुद्धाचार्यहरूसित भेटिन्छन् । यसरी रकम उठाउने कामको व्यवस्थापन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्दा स्वयंभू विहारकै 'थकाली' चयन गरी निजमार्फत 'घरगण्डी' उठाउने गरेको प्रामाणिक दस्तावेज एउटा यहाँ प्रकाशित गरिएको छ । हालसम्म अप्रकाशित यस दस्तावेजले स्वयंभू घ्याङको मात्र होइन नेपालमा ड्रक्पा धर्माधिकार लामा रहने भुटानी गुम्बाकै इतिहासमा एकसरो नयाँ अध्याय जोडिने छ ।

उपर्युक्त चर्चित लालमोहरमा भुटानका ड्रक्पालामा, देवाधर्माका क्याम गुमलामा भनेर संवोधन गरी प्रसारित भएको देखिन्छ । सो दस्तावेज भुटानबाटै नियुक्त नेपाली डूक्पालामा कुस्योछेचू रिम्पोछे मार्फत नेपालमा ल्याएर प्रकाशित भएको हो । उनी त्यतिखेर नेपालकै राजसभा सदस्य थिए । निजको सम्पर्कमा रहेका डा. रमेश ढुंगेलद्धारा नेपाल-भुटान सम्वन्धमा प्रकाशपार्ने थप सामग्री शीर्षक दिएर एउटा ऐतिहासिक विश्लेषण 'आर्थिक नेपाल' त्रैमासिक पूर्णाकं २१ सं. २०४१ वैशाख -अषाढमा प्रकाशित भएको छ । परन्तु सो लालामोहरको व्यावहारिक पक्षमा अर्थात् त्यसको व्यवस्थापन पक्षमा प्रकाश पार्ने कुनै दस्तावेज उपलव्ध हुन सकेको थिएन । अहिले त्यसको व्यवस्थापन वारे प्रकाश पार्ने सं. १९२५ सालमा देवाधर्मा अर्थात् भुटानी गुम्बाका लामाले गरिदिएको निस्सा सहितको दस्तावेज उतार वुद्धाचार्य विहार अन्तरगत गृहस्थहरूसित घरगण्डीका नामले तिरो उठाएर भुटानी गुम्बाका लामा लोत्येगेछेले (ग्येस्ये पण्डित) गरि दिएको लिखत रहेछ ।यसबाट त्यतिखेर स्वयंभू विहारमा वुद्धाचार्य पुजारीहरूको घरधुरी संख्या ३१ खडा रहेको प्रमाणित हुन्छ । यस्ता घरैपिच्छे एक आनाको दरले सालवसाली घरगण्डी रकम भुटानी लामा लोत्ये ग्येस्ये हस्ते वुद्धाचार्यहरूका थकाली नन्दरपतिले दाखिल गरेको रहेछ । साथै, त्यतिखेर स्वयंभू विहारका वासिन्दा वुद्धाचार्यहरूको घरगन्ती ३१ पुगेकोमा सोही संख्यालाई सालवसाली दरवन्दी कायम गरी डुक्पा लामा लोत्ये ग्ये-स्येले गरिदिएको प्रस्तुत दस्तावेजले स्वयंभू विहारको पुजारी वुद्धाचार्यहरूको नृ-तत्वशास्त्रीय अध्ययनमा पनि यथेष्ट प्रकाश पार्ने देखिदा परिशिष्ट खण्डमा समावेश गरिएको छ । यसको छविचित्र (Facsimile) का साथ रुजुपाठ समेत संलग्न राखिएको छ ।

सो दस्तावेजमा उल्लेखित स्वयंभूका 'वांडाथकारि' मन्दरपतिको परिचयभने खुल्न सकेको छैन । उनी त्यतिखेर स्वयभूका पुजारी वुद्धाचार्यहरूका प्रमुख थकाली भनेरसम्म बुझ्न सकिन्छ । अव चर्चित लालमोहरको प्रावधान सं. १९१९ बैशाख देखि लागू हुने जनिएकाले त्यतिखेर स्वयंभू विहार निवासी बुद्धाचार्यहरूका घरधुरी संख्या ३१ को आधारमा 'घरगण्डी' उठाएको यो सातौं वर्षमा पुगेको रहेछ भन्ने पनि बुझ्न सकिन्छ । सो घरधुरी संख्या घ्याङले अपरिवर्तनीय मानेर आएको कुरा समेत यसै दस्तावेजबाट व्यक्त हुन्छ ।

साथै प्रस्तुत लालमोहर द्वारा त्यतिखेर नेपाली मोहर रूपैयाँको आन्तरिक मान २२ गण्डीको १ रूपैया हुने अवस्थाको वोध हुन्छ । अनि नेपाली रूपैयाको आन्तरिक मान अवमूल्यन हुदै गर्दा २५ गण्डीको अर्थात् २५ आनासम्म अवमूल्यन भएपछि सं. १९६० मा १०० पैसाको रु. १।- कायम गर्ने दसमलव प्रणालीमा राष्ट्रिय मौद्रिक मान नियत भएको पाइन्छ । यसरी नेपाली मौद्रिक मानको इतिहास बुझ्न पनि संलग्न दस्तावेजहरूबाट सघाउ पुग्नेछ ।

सन्दर्भ सामग्री

१. स्व्यंभू महाचैत्य : हेमराज शाक्य (स्वयंभू विकास मण्डल)

२. 'आर्थिक नेपाल' त्रैमासिक सं. देविचन्द्र श्रेष्ठ (पूर्णाकं २१- २०४१)

३. 'नेपाली' त्रैमासिक पूर्णाकं २२८ (मदन पुरस्कार पुस्तकालय स. २०७३)

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट- (क)

परिशिष्ट

(किनारामा लेखिएको:)

ओसहति प्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्री महाराज जङ्गबहादुर राणा जि. सि. बि. आर्. सिनिष्टर याण्ड कम्मांडर इनचीफ

२

श्री दुर्गाजि,

१. स्वस्ति श्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानो-
२. न्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह बहादुर समसेर जङ्ग
३. दंबानां सदा समर विजयीनाम्-
४. आगे देखा यहाँका सामा क्याम् गुम्दुं तिमीले खाइ आयाको र तिम्रा रुकबोहरुले खाइ
५. आयाको अगा जहाँ जहाँ छ यांच वुझ गरी १९१२ सालका बालिदेखि खेत पाखाको पंदावा-
६. र तयार पर्नु गाउँमा अरुबनि जो परिआयाको र गाउँमा रहता बहता बोछ त्यो समेत सेफ्-
७. टेन अरुचेल बतमित विष्ट माईत सदर फकदर खानामा बुझाउनु भन्या मे राईटर रुप-
८. माराजले जांदि त्याइ सरकार साथि रंकर मे रह्याको हो आयकाल तिमि नेपाल आई हा-
९. ग्रा हुजुरमा हाजिरमे तिमु नकबती ब्याइ हामु रूक्यारि किमडोल यति आगा फोइ यहा-
१०. स पराई वस्तुमा आशा पूजाको काम गरी हुजुरको जय मनाई बस्दा हुँ भनि . . . २
११. श्रीमद्राजकुमार कुमारादलब श्रीकम्पान्डर इनचीफ जनरल कृष्णबहादुर कुंवर राणा
१२. माईत तिमिले हाम्रा हुजुरमा विन्ति पार्दा १९१२ सालमा सेफ्टेन कर्णेल बलदीत सिंह
१३. माईत राईटर कप्तानसले जांदि त्याइ सरकार साथि रंकर मे रह्याका आगा मध्ये त-
१४. पसील बमोजिका उठति मोहर रुपैया ५१५।। = को आगा सम्वत् १९१९ साल बैशाख
१५. यदी १ रांचरेखि तिमिसाइ फोइ बहात गरि बस्त्यौ आएका खातीरआमाहंग तप-
१६. सील बमोजिमको आगा भोग पर-

तपसील

हामु गाउँको घर ९७ को उठती मोहर रु.		६६।≡
खाचिड रु.		१३।≡
सेर्मा रु.	१५।=	
खाउन्याडामु रु.	३।।।	
घर्पनी रु.	१०.	
फन्द्रायण रु.,	४।-	
फ्यूंचीर डिहि समेत रु.	१०.	
जम्मा रुपैयाँ		१६.

(१५)

नकबती गाउँको पाखा ठेक मोहर रु.		११।।=
हर्तांको रु.	१.	
सेर्मा रु.	६।।।	
खाउन्या फागु रु.	१=	
तिमु किम्डोलको मोहर रु.		२७।।=।।।
सेर्मा तिर्न्या घरको दर्तांको मोहर रु.	१५.	
बसतको बाल र खाउन्या फागु फन्द्रायन तिर्न्या घरको	११।।≡	
पुरांना पसलको	११।।।≡	
खाउन्या फागु रु.	।।	
फन्द्रायन	।।	
बसलको बाल	१०।।।≡	
नयाँ पसलको	१।।।	
खाउन्या फागु	=	
फन्द्रायन	=	
पसलको बाल	१।।	
बोंडा घरको		८।=।
सेर्मा पैसा रु. ८।।। के २२ पथ्दिका दरले मोहर रु.	६।- ।।।१	
खाउन्या फागु पैसा रु. २≡ के २२ पथ्दिका दरले मोहर रु.	१।।-।।	
फन्द्रायन पैसा रु. ।।= के २२ पथ्दिका दरले मोहर रु.	।=।।।३	
किमडोलको डोबा घरको		७६।।-।।
घाँसघारी १४६२ कं मोहर रुपैया	७६।।	
खाउन्या फागु पैसा रु. ४। के २२ पथ्दिका दरले मोहर रु.	३-।।	
तिमु ब्याम्को ठेक रु.	१११	
घाटिम रु.	४७	
पर ब्याउ	११४	
जुन पुरी ६।१० के घर ।१।४ ताके मोहर रु.		१२६।।=।।२

मिति सम्वत् १९१८ साल मिति माघ वदि ४ रोज २ शुभम्-

[खानाको ओर: संचमबीच कृष्ण लामा कुत्ती-के-नु लिए-को थे]

(१६)

परिशिष्ट- (ख)



सौजन्य:
श्री बालुराम बुद्धाचार्य
सम्पादक

लिप्यान्तर पाठ परिशिष्ट- (ग)

१) स्वस्तिश्री धर्माका लामा लोत्य गेर्छले सेंभुका वादा थकारिनंद्रपति समेत
२) ज्मा जना ३१ स्वघरलाइ सोहिलामाले यक्तिसघरको घरगंदि
३) लिइ मोहर वमोजिम लिज्नु यस मिति देखि पछि-३१ घर भंदा वधि
४) ई भयो भन्या पनि मईले वधिल्याउ भनि भंन्या छइन धतेभन्या पनि
५) तिमि वांदाहरूले द्यति तिरछु भंनपाउदईन, भनि लोत्यगेछेलामाले सेंभुकावां
६) दालाइ कागत् लेषिदिज्नु ईति संवत् १९२५ सार मिति ज्येस्त वदि.....
७) रोज ५ सुभंम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखमा दासप्रथा

– सौभाग्य प्रधानाङ्ग*

सारांश

विश्वका मानव सभ्यताको विकासक्रमसँगै सुरु भएको दासप्रथा प्राचीन कालदेखि नै नेपालमा पनि प्रचलन देखिन्छ । तर पनि लिच्छविकाल र मध्यकालका दासदासीहरू सम्बन्धी विवरण निकै कम प्राप्त भएका छन् भने आधुनिक कालका सुरुदेखि कही अभिलेखहरू प्राप्त भएका छन् । प्राप्त अभिलेखहरूबाट कमारा कमारीलाई देवदास देवदासीको रूपमा मन्दिरमा दान गर्ने, ऋण लिनका लागि आफ्नो कमारा कमारीको साथै आफ्नो छोरालाई समेत धितो बन्धक राख्ने, आफ्नो आवश्यकता पूर्तिको लागि कमारा कमारी किनबेच गरेको देखिन्छ । यसको साथै कमारा कमारीसँग खुसी भई तत्काल वा आफ्नो शेष पछि दासत्वबाट मुक्त गर्ने गरेको पनि पाइन्छ । विश्व परिवेशमा दासप्रतिको मानवीय भावनामा आएको परिवर्तनसँगै नेपालमा पनि दासत्वमोचनको प्रयास पटक पटक भएको देखिन्छ । अन्तमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले आवश्यक पूर्व तयारी गरी भाइ भारदारको साथै जनतासँग राय परामर्श लिएर वि. सं. १९८२ मा नेपाल मुलुकबाट नै दासप्रथा उन्मूलन गर्न सफल भएका थिए । त्यसबेलादेखि नेपालमा मानिस किनबेच र दास प्रथालाई पूर्ण रूपमा प्रतिबन्ध रहेको छ ।

परिचय

विश्वको इतिहास अध्ययन गर्ने हो भने मानव सभ्यताको विकासक्रमसँगै दासप्रथा सुरु भएको देखिन्छ । मेसोपोतामिया, बेविलोन, चीन, मिश्र, इजिप्ट जस्ता प्राचीन सभ्यताहरूमा पनि दासप्रथाको प्रचलन देखिन्छ । १८ औं ई.पू.को हामुरावीको अभिलेखमा दासप्रथा र त्यसको अवस्थावारे स्पष्ट उल्लेख पाईन्छ । हिन्दु समाजमा दासप्रथाको अध्ययन गर्न हिन्दुहरूको पहिलो वेद ऋग्वेदसम्म पुग्न सकिन्छ । ऋग्वेदको विभिन्न ऋचाहरूमा दासहरूको उल्लेख पाईन्छ । उदाहरणको रूपमा ऋग्वेदको एक ऋचामा "शतं मे गर्दभानां शतमूर्णावती नाम् । शतंदासाँ अति स्रज ।।" उल्लेख पाइन्छ । जसको भावार्थ हुन्छ मलाई सय गधा, सय ऊनयुक्त भेडा र सय दास उपहार स्वरूप दिनुभयो (ऋषेद: ८/५६/३, पृ. ४४७) । यसका साथै ऋग्वेदमा दासहरू सम्बन्धी धेरै प्रसङ्ग उल्लेख गरिएको छ जसबाट तत्कालीन समाजमा दास प्रथाको प्रचलन र अवस्थाबारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यसैगरी महाभारतको सभापर्व, वनपर्व, विराटपर्व, द्रोणपर्व लगायत विभिन्न पर्वहरूमा दास सम्बन्धी प्रसङ्गहरू उल्लेखहरू पाइन्छ । जस्तै महाभारतको प्रमुख पात्र मध्ये एक विद्वत् पात्र विदुर दासी पुत्रको रूपमा वर्णित छन् । त्यसैगरी युधिष्ठिरको राज्याभिषेकको यज्ञको अवसरमा परम्परा अनुसार दास दासीहरूको दान गरेको वर्णन पाइन्छ । यसैगरी विभिन्न प्राचीन ग्रन्थहरूमा विभिन्न प्रकारका दास दासीहरूको उल्लेख गरिएको छ । उदाहरणको रूपमा नारदस्मृतिमा पन्ध्र प्रकारका दासहरूको उल्लेख पाइन्छ भने पाली त्रिपिटकमा आठ प्रकारका, मनुस्मृतिमा सात प्रकारका, कौटिल्यको अर्थशास्त्रमा पाँच प्रकारका र विनय पिटकमा ३ प्रकारका दासहरूको उल्लेख गरिएको छ (जोशी: २०७२, पृ. ९५-११७) । यसबाट प्राचीन धार्मिक ग्रन्थहरूमा दासप्रथाले मान्यता पाएको देखिन्छ ।

*प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालको सन्दर्भमा प्राचीन नेपाली समाज प्राचीन धर्मशास्त्रहरूबाट निर्देशित देखिन्छ । त्यसैले दासप्रथाको प्रचलनको सम्वन्धमा लिच्छविकालको सुरुदेखिनै दासप्रथाको बारेमा तत्कालीन समाजमा जानकारी थियो भन्ने देखिन्छ । यस विषयलाई राजा मानदेवको चाबहिलको चैत्यमा रहेको संवत् ४२१ को शिलालेखले पुष्टि गर्दछ ।[1] यस शिलालेखमा उल्लेखित **"दासवत्तानि सन्धार्य"** शब्दलाई धनवज्र वज्राचार्यले **"इन्द्रियहरूलाई दासलाई जस्तो नियन्त्रणमा राखेर"** भन्ने अर्थ गर्नुभएको छ (वज्राचार्यः २०३०, पृ. २) । लिच्छविकालको अर्को शिलालेख भक्तपुर, अनन्तलिङ्गेश्वरको शिलालेखमा **"देवभृत्यानान्दशानामेकतो भुक्तिकाधान्यमानिका १४० दासीनां विंसती नामेकतो मानिकाश त्रयं ..... देवभृत्यानाम्पुराण १२० दासीनाम्पुराण ८०"** उल्लेख गरिएको छ (वज्राचार्यः २०३०, पृ.४८५-४८६) । यसबाट लिच्छविकालमा लोकपालस्वामीको मन्दिरको सरसफाई लगायत अन्य कार्यहरू गर्नका लागि १० जना देवदास र २० जना दासीहरूको व्यवस्था गरिएको थियो र तिनीहरूको जीविका चलाउन आयस्रोतको समेत व्यवस्था गरिएको प्रष्ट हुन्छ । मध्यकालमा पनि दासदासीसँग सम्बन्धित अभिलेखहरू ज्यादै कममात्र प्राप्त भएका छन् । जसमध्ये पाटनको कृष्णमन्दिरको संवत् ७५७ को शिलालेखमा **"दासीदासे"** र भक्तपुर दरबार, तलेजु चोकको संवत् ८१८ को सुन लेपन गरिएको ताम्रपत्रमा **"दासी"**को प्रसङ्ग उल्लेख छन् । यी दुवै अभिलेखहरूमा दास दासीको उल्लेख देवकार्यको प्रसङ्गसँगै सम्बन्धित भएका हुनाले यी दुवै देवदास देवदासी हुन् भन्ने देखिन्छ । यसका अतिरिक्त इश्वीको १५औं १६औं शताब्दीको तिरहुतबाट कमारा कमारी किनबेच सम्बन्धी ६ वटा ताडपत्रहरू प्राप्त भएका छन् (पन्तः सन् १९९७, पृ. १५९-१९४) । मल्लकाल पछि शाहकाल र राणाकालका कमारा कमारी सम्बन्धी धेरै अभिलेखहरू प्राप्त भएका छन् । प्राप्त अभिलेखहरूको आधारमा लिच्छविकाल र मल्लकालभन्दा शाहकाल र राणाकालमा दासप्रथा व्यापक रूपमा प्रचलनमा रहेको देखिन्छ । यससँग सम्बन्धित राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका १९–२० औं शताब्दीका केही अभिलेखहरूको मूल प्रतिको साथै देशका विभिन्न व्यक्ति तथा संस्थाको संकलनमा रहेका रेकर्डहरूको माइक्रोफिल्म तथा डिजिटल अभिलेखहरू राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका छन् । ती अभिलेखहरूमा प्राप्त जानकारीहरूलाई विभिन्न पक्षबाट अध्ययन गरी नेपालमा दासप्रथासँग सम्बन्धित विविध पक्षहरूको विश्लेषण गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

१ राष्ट्रिय अभिलेखालयको भूकम्प पछि अभिलेखको अवस्थाको अध्ययन संकलनको क्रममा यस अभिलेखको संवत सहितको आधाभाग चारुमति विहारमा भेटिएको छ । लिपि विशेषज्ञ श्री श्यामसुन्दर राजवंशीले त्यसको लिप्यन्तर र अनुवाद सहित तयार गरिएको लेख यसै अकंमा प्रकाशित रहेको छ ।

देवदास र देवदासी

देवदास र देवदासी भन्नाले मन्दिरहरूमा दैनिक पूजापाठमा सहयोग गर्न, भजनकीर्तन कार्यमा सहयोग गर्न, मन्दिर र परिसरहरू सरसफाई लगायत अन्य सेवा कार्यहरू गर्न मन्दिरहरूमा चढाउने गरिएका दासदासीलाई बुझाउँछ । लिच्छविकाल र मध्यकालमा मन्दिर बनाई तिनीहरूको संरक्षणको लागि आयस्रोत सहितको जग्गाहरू दान गर्ने परम्परा प्राचीनकाल देखि नै रहेको छ । दैनिक रूपमा नियमित पूजा व्यवस्थापनको लागि पूजारी नियुक्ति गरेको हुन्थे भने सरसफाई लगायत अन्य सहयोगको लागि देवदास र देवदासी पनि चढाएको देखिन्छ । शाह र राणाकालमा पनि देवदास र देवदासी सम्बन्धी व्यवस्थाले निरन्तरता पाएको देखिन्छ । यससँग सम्बन्धित अभिलेखहरू यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

ठाकुरगोशाईले श्री श्री श्री आदिवीसेश्वरको प्रीति गरी दुई रोपनी जग्गासँगै कमारी चढाएको उल्लेख छ ।[2] यसमा पुजारी महन्त समेत गरी ११ जना साक्षीको

२ यस लिखतमा "स्वस्ति शाके संवत् ।। ६८०" उल्लेख गरिएको छ तर यो लिखत नेपाली कागजमा देवनागरीलिपिमा लेखिएको छ । यसमा प्रयोग गरेको भाषा, लिपि हेर्ने हो भने आधुनिक कालको देखिन्छ तर प्रयोग गरिएको संवत् हेर्ने हो भने विक्रम संवत् ८२५ हुन्छ । तसर्थ यो लिखत लेख्दा लेखकले "१६८०" लेख्नुपर्नेमा "१" लेख्न छुटेर ६८० मात्र लेखेको हुनसक्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यवस्था गरिएको छ (K113/23) । त्यसैगरी शाके संवत् १६९५ को पशुपति भण्डारमा रहेको एक ताम्रपत्रमा भीरकोटवासी श्री बालकृष्ण उपाध्यायले नकु र गुणवती नाम गरेकी दुई नेवार्नी कमारीलाई देवदासीको रूपमा पशुपतिनाथ प्रीति गरी अर्पण गरेको वर्णन छ (श्रेष्ठ : १९७४, पृ. १०५) (PN 2/2) । यसको साथै संवत् १८३२ माघ वदि १३ को दिनमा जोगनारायण मल्लले श्री भगवती माईको हेरविचार र सरसफाईको लागि दुई जना कमारी चढाएको उल्लेख गरेको छ (K 579/63) । यसबाट देवदेवीको मन्दिरमा आवश्यक हेरविचार र सरसफाईको लागि कमारीलाई देवदासीको रूपमा अर्पण गरेको देखिन्छ ।

अनन्तलिङ्गेश्वर र पाटन कृष्ण मन्दिरको अभिलेखमा देवदास र देवदासी दुवैको उल्लेख पाइन्छ भने पछिल्लो कालका आदिविश्वेश्वरको पशुपति भण्डार र संवत् १८३२ को भगवतीमाईका तीनैवटा अभिलेखमा देवदासीको रूपमा कमारीमात्र चढाएको देखिन्छ । अनन्तलिङ्गेश्वरको अभिलेखमा देवदास र देवदासीलाई आयस्रोतको व्यवस्था गर्नु, भगवतीमाईलाई चढाएका कमारीहरूमाथि कसैको झैझगडा, टोकटाक नास्ति भनी उल्लेख हुनु, पशुपति भण्डारमा रहेको ताम्रपत्रमा कमारी माथि पूजारी र भट्टहरूको लाग नास्ति र यिनीहरूलाई हरण गरेमा पञ्चमहापाप लाग्ने उल्लेख गरिएबाट अरु सामान्य दासदासी भन्दा देवदास र देवदासीको अवस्था केही मात्रामा राम्रो भएको बुझिन्छ ।

धितो बन्धक

कमारा कमारी सम्बन्धी कागजात अध्ययन गर्ने क्रममा केही कागजात कमारा कमारीलाई धितोबन्धक राखी कारोवार गर्ने क्रममा सिर्जना भएका कागजात पनि प्राप्त भएको छ । यी कागजातमा कमारा कमारीहरू धितो राखी चाँदीको कं रु १०० देखि मोहरू ३०१ सम्म कर्जा लिएको पाइन्छ । जसमा एकजना वा एकजना भन्दा बढी धितो राख्ने गरेको देखिन्छ । लिएको कर्जा तोकिएको समयमा तिर्न नसकेमा त्यसबेला चलनचल्तीको मूल्यमा धितोमा रहेका कमारा कमारी दिई ऋण चुक्ता गरिएको देखिन्छ । तत्कालीन समाजमा ऋण लिँदा कमारा कमारी जस्तै आफै वा आफ्ना सन्तानलाई पनि धितो बन्धकी राख्ने चलन रहेको देखिन्छ (E 1544/20) । यसरी धितोमा रहेको व्यक्तिले कमारा कमारी सरह साहुको काम गर्नु पर्दथ्यो । यसरी ऋण लिँदा कतै १ महिनामा २ मोरु ब्याज लिएको उल्लेख गरिएको छ भने कतै धितोमा रहेको व्यक्तिको कामको निमेक नखोज्नू र साहुले पैसाको ब्याज नखोज्नू भनी उल्लेख गरिएको पाइन्छ (K 348/35, K 348/40) । यसबाट कमारा कमारी धितो राखी ऋण लिँदा निश्चित ब्याजदरको व्यवस्था भएको देखिँदैन । धितोमा रहेको कमारा कमारी भाग्यो वा भगायो भने हर्जाना तिर्ने, ऋण लिएको व्यक्ति आफै धितोको रूपमा साहुको घरमा काम गरी बस्ने प्रचलन रहेको देखिन्छ । उदाहरणको लागि संवत् १९५६ फागुनको एक कागजमा सागाचोक बस्ने वीक्मां भोटेले आफ्नो छोरा कमाने भोटेलाई धितो राखी ३७।५० कर्जा लिँदा **"नीज कमाने भागी नासी साहुको काममा हर्जा गरायो भने हर्जा भयाको दिनको ऐन बमोजीम् नीमेक समेत बुझाई नीजका बदलामा मेरै ज्यू भोगवाधा भै बसुला"** भनी कवुल सहित तमसुक गरिएको छ (K 348/40) । यसै सम्बन्धमा अर्को संवत् १९६३ वैसाखको कागजातमा कमाने भोटे सौतेनी दाजु बुद्धिमान भोटेले १९६० साल कार्तिक महिना देखि भगाइएको संवत् १९६३ साल बैसाष ६ गते पक्राउ भएकोले ऐन बमोजिम दिनको रु ।४ (१आना) को दरले २ वर्ष ५ महिनाको ३४।८० र सावा ३७।५० गरी ७२।३० मध्ये दाजुले तिरेको रु ५।- र तमसुक लेखिदिएको रु ७।- कट्टी गरी बाकी ६०।३० रूपैयामा साविक बमोजिम भोगवाधा भै बस्न राजी भै पुनः तमसुक लेखिएको पाइन्छ (K 348/39) । बाधाकमारा कमारीहरू भाग्ने र भगाउने सम्वन्धमा वि.सं. १९१० को ऐनमा केही प्रावधानहरू उल्लेख गरिएको छ । उक्त ऐनमा कसैको कमारा कमारी कसैले भगाई मोगलान पुऱ्याएको ठहरेमा भगाउनेलाई झिकाई निम्याक समेत कमारा कमारीको ज्यू धनीलाई सुम्पिदिने र कमारा कमारी भगाई लुकाई आफ्नो काममा लगायो भने जतिदिन भगाएको हो त्यतिदिनको विगो बमोजिम निम्याक तिराई दण्ड गर्नु, रूपैया नतिर्नेलाई ऐन बमोजिम कैद गर्नु भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यवस्था गरेबाट कमारा कमारी धितो बन्धकी राख्ने कार्यले कानुनी मान्यता पाएको देखिन्छ भने धितोमा रहेका बाधाहरू भगाउने र तिनीहरूको दुरूपयोग गर्ने विषयलाई पनि निरुत्साहित गरेको देखिन्छ (ऐन: १९१० पृ. ४४०) । सोही ऐनको संशोधनमा निम्याकको रकम एकदिनका १ आना दर तोकिएको छ । यसको साथै धितोमा रेहका कमारा कमारीले कामकाजमा टेढेनन्, भाग्यो भने त्यस्ता कमारा कमारीलाई अदालत्, ठाना र अमालमा लग्न नपर्ने र धनिले नेल ठिगरा चमौत् हाल्नु धनिलाई खत् बात् नलाग्ने गरी प्रावधान राखिएको छ (ऐन: १९१० पृ.४४१, ४४२) । यस प्रसंगमा पनि ऐनमा व्यवस्था गरे अनुसार निम्याक तिराई दण्ड गरिएको देखिन्छ ।

खरिद बिक्री

राष्ट्रिय अभिलेखालयमा प्राप्त अभिलेखहरूमा १९औं-२०औं शताब्दीतिर दासदासी खरिद बिक्रीसँग सम्बन्धित केही तमसुक पाइएका छन् । यी तमसुकको अध्ययन गर्दा तत्कालीन समाजमा दासदासी क्रय विक्रय सामान्य देखिन्छ । आफ्नो आवश्यकता हेरी पशु वा कुनै बस्तु सरह कमारा कमारी किनबेच गर्दथे । प्राप्त कागजहरू मध्ये एक कागजमा **"श्री सप्ताहाको यज्ञ गर्नु परेकोमा रिन् कर्जा लागेको मेरा साष गासले थामन नसक्दा"** कमारी बेचेको उल्लेख गरिएको छ (K 282 /7) भने अर्को कागजातमा **"मेरा साष् गास्ले र दुष दर्दले धांन नसक्नाले"** आफ्नो कमारी बेचेको उल्लेख गरिएको छ (K 282 /2) ।

कमारा कमारीको किनबेच कार्यलाई मान्यता दिएर वि.सं. १९१० को ऐनमा **"कमारा कमारी बेच्न्या"** छुट्टै शिर्षकमा केही प्रावधानहरूको उल्लेख गरिएको छ । खरिद बिक्री सम्बन्धी संवत् १८७५ देखि १९८९ सम्मका कागजातमा प्राय गरी प्यूठान र त्यस वरिपरिका तमसुक प्राप्त भएका छन् । प्राप्त कागजातमा प्रति १ कमाराको १०१ रूपैया देखि साढे ३३२ सम्ममा बिक्री गरिएको पाइन्छ भने प्रति १ कमारीको २५ रूपैया देखि ४१८ रूपैया सम्ममा खरिद बिक्री गरेको पाइन्छ । डेनियल राइटले नेपालमा २० हजार देखि ३० हजारको संख्यामा कमारा कमारी रहेको र कमाराको मूल्य १०० देखि १५० रूपैया र कमारीको मूल्य १५० देखि २०० रूपैयासम्म रहेको उल्लेख गरिएको छ (Wright: 1965 p.30) । कमारा कमारीको मूल्यको बारेमा वि.सं. १९१० को ऐनमा कमारा कमारीको स्पष्ट मूल्य तोकिएको पाइन्छ ।[३] तर समाजमा कमारा कमारीको उमेर, समय र स्थान अनुसार फरक फरक मूल्य राखिएको देखिन्छ । तुलनात्मक रूपमा कमाराको भन्दा कमारीको मूल्य १० प्रतिशत देखि २५ प्रतिशतसम्म बढि भएको देखिन्छ भने ४० बर्ष भन्दा माथिका कमारा र कमारीको मूल्य एउटै भएको रहेको देखिन्छ । सामान्यतया दासदासी खरिद बिक्री गर्दा दुईजना देखि पाँचजनासम्म साक्षी राखेका हुन्थे भन्ने केही कागजातमा ९ जनासम्म साक्षी राखी कारोवार भएको पनि देखिन्छ । साक्षी राख्दा किन्ने र बेच्ने दुवैको तर्फबाट कम्तिमा एक जना साक्षी राखीन्थ्यो । वि.सं. १९१० को ऐनमा कमारा कमारी खरिद बिक्री गर्दा अनिवार्य रूपमा साक्षी राखी परमभट्ट लेखिनु पर्ने प्रावधान राखिएको थियो । साक्षी नभएको परमभट्टलाई मान्यता नदिने कुरा उक्त ऐनमा उल्लेख गरिएको छ ।[४] यसरी साक्षी सहित परमभट्टको केही कागजमा सामान्यतया १ वटा छाप रहेको पाइन्छ

३ मुलुकी ऐन, १९१०, ज्यूमास्न्याको, नं ४ पृ ४४७
"कमारा कमारिका झगडामा अदालत् ठाना अमालबाट माल भराउनु पर्दा ३ बर्ष देषि उधोका कमाराको २० कमारिको २५ तिनवर्षदेषिमाथि ६ वर्ष सम्मका कमाराको ३० कमारिको ३५ छवर्ष देषि माथि १२ बर्ष सम्मका कमाराको ५० कमारिका ५५ बाह्रबर्ष देषि माथि ४० बर्ष सम्मका कमाराको १०० कमारिका १२० चालिस बर्ष देषि माथि ५० बर्ष सम्मका कमारा कमारिको ६०।६० रूपैया पचास बर्ष देषि माथि ६० वर्ष सम्मको ५० रूपैयाका हिसावले भर्नु भराउनु गर्नु कसैले मेरा कमारा कमारि हुन भनि समायो रोवकार गर्दा सावित गर्न सकेन भन्या यसै उमेरका दर बमोजिमले दंड गर्नु दण्डको चौथाई जितावरि लिनु ।।"

४ पाण्डे, १९२७:, पृ. १४८
"कसैको कमारा कमारी वेचदा किन्दा हाकिदेखि बाहेक अरु रैतिले राजिखुसि सगं अैन बमोजिम्का मोल्मा घटि वढि मोल पटक् गरि साछि स्रोता राखि परम्भट्ट लेखि दियाको रहेछ भन्या किंन्याको पाको कराउन आउन्याको फिराद नसुन्नु साछि स्रोता राखि परम्भट्ट लेखि दियाको रहेनछ भन्या जबर जस्ति ठहर्छ जबर्जस्तिका अैन बमोजिम दण्ड गर्नु ।।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भने कुनैमा ३ वटासम्म छुट्यछट्टै किसिमका छाप भएको पाइन्छ (K 282/8) । ती छापहरू साक्षीको रूपमा रहेका गाउँका मुखिया र लेखकको देखिन्छ । कमारा कमारीको खरिद बिक्री गर्ने क्रममा केही गरी कमारा कमारी रोगी, अपाङ्ग, खुन खत लागेको किचलो भएको वा अन्य कुनै समस्या रहेको भए परमभट्ट लेखिएको सात दिन भित्र उजुर गरेमा बेच्नेले किन्नेलाई पैसा फिर्ता दिनु पर्ने चलन रहेको देखिन्छ । त्यसैले सातदिन पछि बेच्नेको दाम पाको किनेको काम पाको भनी उल्लेख गरिएको छ ।

कमारा कमारी सम्बन्धी कार्यको नियमन प्रक्रिया

१९औं-२०औं शताब्दीमा कमारा कमारी प्रथा व्यापक प्रचलनमा रहेको थियो । कमारा कमारीको किनबेच मनपरि र अव्यवस्थित तरिकाले भएको र अत्यन्त भयावह अवस्था रहेको देखिन्छ । त्यसलाई नियन्त्रण र व्यवस्थित गर्न तत्कालीन सरकारको तर्फबाट विभिन्न समयमा विभिन्न प्रयास भएको देखिन्छ । कमारा कमारी किनबेच, धितो बन्धक सम्बन्धी कुनै पनि गतिविधि प्रक्रियागत होस् र त्यसमा वेथिति र विचलन नआओस् भन्ने दृष्टिकोणले सरकारले विभिन्न आदेश सहित रुक्का लालमोहर जाहेर गरेको पाइन्छ । यसै सन्दर्भमा संवत् १८८७ को एक पत्रमा **"आगे सातगाउँका सब दनुवार साहुप्रति, तिमीहरूले प्रजालाई रूपैया धान रीन् दिँदै दोवरिया तेवरियो भन्दै प्रजालाई छेकथुन गर्दै प्रजाका छोरा छोरीलाई बाधा पनि लिन्छौ । सकस गरी तेलमोल गरी कमारा कमारी तुल्याउँदा रह्याछौं तस्कारण प्रजाछेउ जस् जस्छेउ रीन दियाको छ सो रूपैयाको ब्याज कसैले लिन पाउँदैन । साठसाउमात्र लेउ.व्याज लिनु छैन । थिचो मिचो गरी बाधा लिन्या तेल हाली ह्मासी कमारा कमारी तुल्याठनलाई डंडाई पाउला भनी संवत् वि.सं. १८३० मा ज्यूज्यूबाज्याबाट मोहर गरी बक्सनुभयाको रहेछ सो बमाजीम अब उप्रान्त पनि थामी बक्स्यौं"** उल्लेख गरिएको छ (पन्तः २०२५, पृ. १०४१) । यस पत्रबाट सातगाउँमा तत्कालीन समाजमा ऋण लेनदेनमा व्याजदर, बाधा, कमारा कमारी सम्बन्धी कारोवार अव्यवस्थित रहेकाले राजा पृथ्वीनारायण शाहले ऋण दिंदा ब्याज लिन नपाउने साउँको साउँमात्र लिनुपर्ने, थिचो मिचोगरी बाधा लिने कमारा कमारी तुल्याउनेलाई दण्ड दिने गरी नियमन गरी व्यवस्था गरेको र त्यस व्यवस्थालाई थामी राजा राजेन्द्र वीर विक्रमले पनि निरन्तरता दिएको वुझिन्छ । यसैगरी ती मध्ये बझाङ, बाजुरा र अछामका लागि जारी गरेको संवत् १८९१ को दुईवटा रुक्का लालमोहर प्राप्त भएको छ ।[५] (सि. नं. १०/९) जस्मा रैतिका छोराछोरी बेच्दा किन्दा राजालाई नबक्साई बेच्ने र किन्ने नगर्नु मोल गरी अडामा रहेका भारदार मार्फत राजालाई बक्साईमात्र गर्नु पेर्ने आदेश जारी गरिएको थियो । राजाले जारी गरेको यी रुक्कामा कसैको नाम उल्लेख गरिएको छैन । तर मितिको आधारमा राजा राजेन्द्र वीर विक्रम शाहबाट जारी गरेको भमिसेन थापाको समयको देखिन्छ । यसबाट सन् १८३३ मा बेलायतमा दासप्रथा उन्मूलन सम्बन्धी ऐन जारी भए पछि नेपालमा पनि कमारा कमारी किनबेच कार्यलाई नियमन गर्नु पर्ने धारणा क्रमिक रूपमा विकास भएको देखिन्छ । यही क्रममा छोटा, बडा, प्रजा, प्राणी सवैलाई समान रूपमा एकै किसिमका सजाय होस् घटीबढी नपरोस् भन्ने उद्देश्य वि.सं. १९१० मा बनेको राजा सुरेन्द्र वीर विक्रम शाहदेवको हुकुमले जङ्गबहादुरले बनाएको ऐनमा कमारा कमारी सम्वन्धी विभिन्न प्रावधान संलग्न गरिएको छ । यसले कमारा कमारी धितो बन्धक, सट्टापट्टा, किनबेच कार्यलाई एकरूपता ल्याई व्यवस्थित गर्नुको साथै अजापुत्रलाई कमारा कमारी बनाउने, बालक तस्कर गर्ने, स्वास्नी बेच्ने, ज्यूमास्ने कार्यलाई नियन्त्रित गर्न खोजिएको देखिन्छ ।

कमारा कमारी मुक्ति

दासप्रथाको प्रचलन प्राचीनकालदेखि नै रहेको छ तर दासत्वबाट मुक्त गरिएको बारेमा वर्णन गरिएको प्रमाण भने अभाव रहेको छ । मध्यकालका राजा आनन्ददेवको लिखतमा पाटनको गाबहालका चार पात्रहरूमध्ये दुई पात्रहरूलाई मुक्ति दिएको उल्लेख गरिएको छ (पन्तः १९९७, पृ १३६) । त्यसपछि सवंत् १८२५को पृथ्वीनारायणशाहले जारी गरेको रुक्कामा **"धनदत्त नेवारकन हिजो हामिले पक्रिकन विश्वामित्र**

५ कुमारी चोक, लालमोहर, २८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मिश्रलाई वक्स्याको हो. आज विश्वामित्र मिश्रले पार गरि दियो" उल्लेख छ (वज्राचार्य : २०१४, पृ. २७) । यसबाट धनदत्त नेवारलाई विश्वामित्रले पार गरी दिएको कार्यलाई पृथ्वीनारायण शाहले कानुनी मान्यता दिएको बुझिन्छ । यसपछिको समयका कमारा कमारीहरूलाई दासत्वबाट मुक्त गरिएको सम्बन्धमा केही ताम्रपत्र तथा तमसुक प्राप्त भएका छन् । जसमध्ये संवत् १८५८ को एक लालमोहरमा पाटन धलाछे टोलको एक परिवारलाई पहिला नेपाल एकीकरणको क्रममा गुलामी बनाएको र राजा गिर्वाणयुद्ध विक्रमको समयमा तिनीहरूलाई गुलाम पदबाट मुक्त गरिएको उल्लेख छ (DNA 12/65) । यी लालमोहरबाट के कारणले दासत्वबाट मुक्त गरिएको खुल्दैन । तर यसमा उल्लेखित सन्दर्भहरू विश्लेषण गर्दा राजा वा राजपरिवारलाई प्रभावित हुने गरी खुशी पारी चित्त बुझाई काम गरेकोले दया गरी दासत्वबाट मुक्त गरी पूर्ववत् रूपमा सामाजिक जीवनमा फर्काएको बुझिन्छ । यसरी आफ्नो कमारा कमारीलाई मुक्त गरिएको सम्बन्धमा दुईवटा महत्त्वपूर्ण ताम्रपत्र पशुपति भण्डारबाट पाइएको छ । जसमध्ये संवत् १८६३ सालको ताम्रपत्रमा वद्धिरेरखा गोदारनीले पशुपतिनाथमा आफ्नो पेवाको धन मध्ये सुनका गहना, थाल, पन्यू आदि भांडाकुंडा, चढाई आफ्नो पेवा १५ रूपैयामा किनेकी धनावति कमारीलाई पार गरी दिएको उल्लेख छ (श्रेष्ठ: १९७४, पृ. १०५) (PN 2-30) । त्यसैगरी अर्को संवत् १८६९को ताम्रपत्रमा सूंदर गिरी र सुंन्दरगिरिकी स्वास्नीले लक्ष्मी, कोइली र ज्वाला तीनजना कमारीलाई पशुपतिको दक्षिण ढोकामा भाडा टासेको दिन डोकोनाम्ला काटी पार गरी दिएको उल्लेख गरिएको छ । (PN-4-65) यी दुवै ताम्रपत्रमा पशुपतिमा भाँडा चढाएर कमारा कमारीलाई दासत्वबाट मुक्त गरेको उल्लेख छ । जसले धार्मिक भावनाले दासत्वमोचन गर्दा मन्दिरमा भाँडाकुँडा चढाएर गर्ने परम्पराले संकेत गर्दछ । संवत् १८६९ को ताम्रपत्रमा डोकोनाम्लो काटेर पार गरिएको उल्लेख भएबाट दासत्वको बन्धनबाट मुक्त गरी समाजमा जीवन यापन गर्न स्वतन्त्र गरेको सांकेतिक अर्थ देखिन्छ । राष्ट्रिय अभिलेखालयमा रहेका तीनवटा लिखत करियामुक्ति सम्बन्धी अध्ययन गर्न महत्त्वपूर्ण देखिन्छ । पहिलो दुईवटा पारपत्र संवत् १९४३ माघमा नरदेवी टोल बस्ने कजेनी राजकुमारी पडेनीले हरिवदन र निजका छोरा गोपाल घर्तीलाई र संवत् १९४३ फाल्गुनमा हरवदं र निजका छोरा उजीर षवास्लाई आफ्नो शेषपछि मुक्त हुनेगरी पारपत्र लेखि दिएको उल्लेख छ । यी दुवै पारपत्र एउटै कागजमा लेखिएको देखिन्छ भने लेखक साक्षी र अन्य साक्षी पनि उही नै देखिन्छ । मुक्त भएका हरिवदन र हरवदं एकै हुनकी भन्ने अनुमान गर्न सकिन्छ तर हरिवदनका छोरा गोपालको नाम पछि घर्ति र हरवदंका छोरा उजीरेको नामपछि षवास लेखेका छन् भने दुवै लिखतमा साल एउटै महिनामात्र फरक फरक छन् । संवत् १९४३ माघमा लेखिएको पारपत्रमा हरिवदन मर्ने बेलामा आफ्नो र बालष छोरा गोपाललाई मुक्त गरिदिन अनुरोध गरेकोले दुवैलाई तत्कालै मुक्त गरिदिएको र गोपाल बालक नै रहेको हुँदा त्यही रहेकोले कजेनी राजकुमारी पंडेनीको शेषपछि मुक्त हुने गरी पुन: पारपत्र दिएको देखिन्छ । संवत् १९४३ फाल्गुनको पार पत्रमा हरवदं र निजका छोरा उजीर षवासले कजेनी राजकुमारी पंडेनीको जीवन छउन्जेल सेवा चाकरी गरौला भनी कवोलगरी खुशी बनाई शेषपछि मुक्तहुने गरी पारपत्र गरिएको देखिन्छ (K 118/32, K 118/33) । त्यसै गरी संवत् १९४९ जेठ महिनामा मोरु २५ मा १४ बर्षका लकादार पल्सां छिरिं २ जना लाई कपालमा तेल ठोकी कमारी तुल्याएको र १९४९ कार्तिक महिनामा ५ महिनामा नै आफ्नो शेष पछि मुक्त हुने गरी गरिएको एक लिखतमा उल्लेख गरिएको छ (E 346/32) । यी लिखतबाट करियाको मालिकलाई खुशी गरी उनको जीवन रहुँजेल सेवा गरी उनको मृत्यु पछि मुक्त हुने गरी जीवित अवस्थामा नै कागज गराइ राख्ने ब्यवस्था रहेको देखिन्छ ।

त्यसै गरी कमारा कमारीलाई अमलेख गर्ने विषयमा देव शमशेरको उल्लेखनीय भूमिका रहेको देखिन्छ । आफू प्रधानमन्त्री हुने बितिकै उनले लमजुङ र कास्कीमा करियामुक्तिको योजना बनाएका थिए । यसको साथै उनले भाइभारदार, सेना र निजामती कर्मचारीहरूलाई कमारा कमारी मुक्त गर्ने योजनामा सघाउन अनुरोध गरेका थिए । यसै सन्दर्भमा राष्ट्रिय अभिलेखालयको छैठौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लगत नं ६४० मा दर्ता भएको लगतमा प्रधानमन्त्री देवशम्शेरले आफ्नो राज्यभिषेकको उपलक्ष्यमा आफ्नी रानी कृष्णकुमारीबाट अमलेख गर्न भनी श्री ५, सल्यान, बझाङ, बाजुराका राजा लगायत अरु भाई भारदार तथा दुनियाँदारबाट राजी खुशीले ७६७ जना कमारा कमारी चढाएको उल्लेख छ । (अभिलेखः २०४१, पृ.१२०) कमारा कमारीलाई मुक्त गर्ने विषयमा देवशमशेर प्रधानमन्त्री हुनुअघि देखिनै सक्रिय रहेको देखिन्छ । यस सम्बन्धमा संवत् १९५५ का दुई लिखतमा लिलाम बिक्री गर्न लागिएका ७ जना कमारा कमारीलाई ज्यूमासिएका जातका १६ लंम्वरको ऐन बमोजिम मोहरू ४५२।५० मिनाहा गरी देवशमशेरले अमलेख गरिएको उल्लेख छ (K 614 /21, K 614 /23) ।

यसरी दासत्वबाट मुक्त गरिएका ब्यक्ति समाजमा अरु मानिसहरू जस्तै व्यवहार गरी जीवनयापन गर्न सकून भनी करिया मुक्ति गरेको पत्रमा हेप्न, दवाउन र दावा गर्न नपाउने उल्लेख गरिएको हुन्थे । पृथ्वीनारायण शाहले करिया मुक्ति गरेको पत्रमा विश्वामित्र मिश्रले धनदत्त नेवारलाई मुक्त गरेपछि काल कालान्तरमा जातिच्युत भएको, कमारो भनी कसैले दावा धक्का गर्न नपाइने उल्लेख छ । (वज्राचार्यः २०१४, पृ. २७) त्यसैगरी पशुपति भण्डारको ताम्रपत्रमा पनि पार गरिदिएको कमारी माथि लोभ र पाप गरेमा, झैझगडा गरेमा, श्री पशुपतिनाथको कुदृष्टि लाग्ने उल्लेख छ । यस्तै सवंत् १९४९ को एक धर्मपत्रमा पल्सां छिरिंलाई कमारीबाट मुक्त भएपछि कमारी हो भनेर कसैले दुःख दिएमा आफ्नो सराप लाग्ने, जात्भात् शुद्ध गरी जीवन यापन गर्नु भनी उल्लेख छ । यी सन्दर्भहरूबाट दासत्वबाट मुक्त भएपछि तुरन्तै समाजमा सम्मानजनक व्यवस्थित जीवन बिताउन सजिलो थिएन की भन्ने अनुमान गर्न सकिन्छ ।

दासप्रथा उन्मूलन

समाजमा रहेका दईवट्य कुप्रथा दासप्रथा र सतीप्रथालाई उन्मूलन गरेर राणा प्रधानमन्त्री चन्द्र शमशेरले नेपाली समाजमा ठूलो गुण लगाएको देखिन्छ । चन्द्र शमशेरले दासप्रथाको उन्मूलन गर्न सफल हुनुमा यस भन्दाअघि भएका दासप्रथा उन्मूलनका प्रयास पनि महत्त्वपूर्ण पृष्ठभूमिका रूपमा रहेका छन् । जसमध्ये बनेपा, धुलिखेल, खँड्पु, चौकोट, पनौती, साँगा, नाला प्रदेशका प्रजाको पीर मर्का हटाई उनीहरूलाई सन्तुष्ट राख्न पृथ्वीनारायण शाहले वि.सं. १८३० मा **"अवदेखि साहूमहाजनहरूले त्यहाँका प्रजालाई कमारा तुल्याउन पाईँदैन"** भन्ने आशयको व्यवस्था बाँधेका थिए (पन्तः २०२५, पृ. १०४१) । त्यसैगरी वि.सं. १८९२ मा भिमसेन थापाले राजेन्द्रविक्रम शाहको नाम दासप्रथा उन्मूलन सम्बन्धी आदेश जारी गरेको थियो (पन्तः १९९७, पृ. १४२) । त्यसपछि नेपाल राज्य भरिनै दासप्रथा उन्मूलन गर्ने उदेश्यले संवत् १८९६ सालमा कुनैपनि जनता वा जनताका छोरा छोरीलाई किनबेच गर्न नपाइने आशय सहितको सनद जारी भएको थियो ।[६] दासप्रथा उन्मूलनको लागि यी महत्त्वपूर्ण कदम थिए । यसपछि एकातिर जनताको छोराछोरीलाई कमारा कमारी बनाउने काममा नियन्त्रण आएको देखिन्छ भने अर्को तिर कमारा कमारी तुल्याएका जनताका छोराछोरीलाई अमलेख गर्ने कार्यले पनि गति पाएको देखिन्छ । यसै सन्दर्भमा राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको संवत् १९०८ सालको लगतको केहि अंश यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ । जसमा **"सम्वत् १९०८ साल पौष शुदी १५ गते रोज. लगायत जाँचदफदरषानाबाट ३ सालमा माघ शुदी ५ देखि वढो आजापुत्रका छोरीछोरा किनी ल्याएका, फिर्ता भयाका र आजापुत्रसंग विहावरि गर्न्या कमारा अमलेख भएका ज्यूस्मेत् ज्मा ९४७, फिर्ता भएका केटी – ८८ र आजापुत्रसंग वीहावीर गर्न्या कमाराहरू अमलेख ठहरि गएका – ८५९"** उल्लेख गरिएको छ (FM 1) । यसमा आजापुत्र तथा कमारा कमारीहरूका जिल्ला, स्थान, नाम, घर र संख्या, समेत उल्लेख गरिएको छ । यसलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

टेवल नं १: संवत् १९०८ मा अमलेख गरिएका कमारा कमारीको विवरण ।

६ गोर्खापत्र, १९८१।९।२९, पृ. २
"संवत् १८९६ सालमा चार वर्ण छतिशै जातले मर्दाना जनाना वा बालक कसैलाई मासी करिया तुल्याउन हुँदैन, नतुल्याउनू भने बेहोराको लालमोहर वहिराएको रहेछ. यतिगरेपछि मुहानै सुक्नगए जस्तो भई करिया आफै घट्दै गई नामेट हुन जानेछ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्थान	घर	कमारा कमारीको संख्या
अमलेख भएका		
थलारा	२६	१०९
अछाम	८८	३१९
डोटी	६८	२४२
डुल्लु	१	१
बझाङ	४६	१७८
बाजुरा	३	१०
जम्मा	१९२	८५९
फिर्ता भएका केटी		
डोटी		४८
बझाङ		३
बाजुरा		१४
थलारा		५
अछाम		१८
जम्मा		८८

यसका साथै वि.सं. १९१० को ऐनमा अजापुत्र (जनताको छोराछोरी) किनबेच गर्न नहुने प्रावधान नै राखेको छ। उक्त ऐनको **"कमारा कमारी बेच्न्या"** विषयको ६ नं. मा मासिने जातका छोराछोरीलाई कसैले ढाँटी छली बेच्यो भने त्यसलाई ३६० रूपैया दण्ड गर्नु नमासिन्या मतवालि जातकालाई कमारा कमारी भनी अजापुत्र वेच्यो भने ५४० रूपैया दण्ड गर्नु तागाधारी जातकालाई कमारा कमारी भनी वेच्यो भने ७२० रूपैया दण्ड गर्नू भन्ने व्यवस्था गरिको छ। साथै यस ऐनमा स्वास्नी बेच्न, बालकको तस्कर गर्न रोक लगाएको देखिन्छ (ऐनः १९१०)। दासप्रथाको उन्मूलनको वातावरण तयार गर्न लागि राणा प्रधानमन्त्री वीर शमशेर र देव शमशेरको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ। यसको साथै एकातिर नेपाली समाजमा कमारा कमारीलाई मुक्त गर्नु पर्ने विषयमा जागरण आई सकेको देखिन्छ भने अर्कोतिर राणा प्रधानमन्त्रीहरूलाई पनि नैतिकरूपमा आन्तरिक तथा बाह्य दबाव आएको देखिन्छ। राणा प्रधानमन्त्रीहरू अंग्रेज सरकार र बेलायतबाट प्रभावित थिए। बेलायतमा वि.सं. १८९० मा नै दासप्रथा उन्मूलन ऐन (The British Slavery Abolition Act 1833) बनिसकेको थियो। यसको संकेत वि.सं. १९८१ मार्ग १४ गते कमारा कमारी अमलेख गर्ने सम्वन्धमा राय लिन टुँडिखेलमा भएको सभामा दिएको स्पीचमा यसरी लेखिएकोछ : **"यो चलन पहिले २ जाजीवत्र, पेम्वा, मारिसस इ त्यपुहरूमा र अंग्रेजका अरु नत्रा मुलुकहरूमा पनी चलेकै थियो। वहाँका करियालाई जस्तो हामीले त्राहाका करियालाइ उस्तो दुःख दिएका छैनौ। यस्तो भएता पनि अन्यत्र यो चलन उडिशकेको र हाम्रो देशमा मात्र कायम रहिरहेकोले यो दासत्वको नराम्रो चलनले हाम्रो मुलुकलाई नराम्रो पारिरहेको छ।"** (गोर्खापत्रः १९८१।८।१७, पृ. २–८) चन्द्र शमशेरले यस सभा बोलाउनु भन्दा अगाडि दासप्रथाको इतिहास तथा परम्पराको अध्ययन गर्ने, करियाहरूको मनस्थिति बुझ्ने, १९८० मा जनगणना गरी देशभरीका जनता, करिया र मालिकको संख्या निर्धारण गर्ने जस्ता पूर्व तयारी प्रशस्त भएको देखिन्छ। त्यस बेलाको कमारा कमारीको अवस्था, दासत्वमोचन गर्नुपर्ने कारण आदि विषयमा जान्नको लागि टुँडिखेलमा भएको सभामा दिएको स्पीच महत्त्वपूर्ण श्रोतको रूपमा लिन सकिन्छ। यस सभामा दिएको स्पीचमा दासप्रथाको इतिहास, परम्परा, अन्तराष्ट्रिय परिवेश, देश भरीका जनसंख्या, कमारा कमारीको संख्या, मालिकहरूको संख्या समेत प्रस्तुत गरेका थिए। उक्त स्पीचमा उल्लेखित त्यस समयका देशभरको जनताको संख्या, करियाको संख्यालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ।

टेवल नं २: वि.स. १९८१ मा टुँडिखेलमा भएको सभामा प्रस्तुत भएको देशको जनसंख्या सम्बन्धी विवरण।

विवरण	संख्या	प्रतिशत
भर मुलुकका जनसंख्या	५५७३७८८	१००
न करिया, न करियाका मालिक (करिया र मालिक बाहेक)	५५०६५५०	९८.७९ (९९)
करिया	५१५१९	०.२८
मलिक	१५७१९	०.९२

त्यसैगरी त्यस स्पीचमा कमारा कमारीहरूको मनस्थिति, कमारा कमारी हुँदा र नहुँदाको फाइदा र बेफाइदाको विश्लेषणको साथै करियामोचनको लागि निम्न ३ वटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रस्ताव प्रस्तुत गरिएको थियो ।

- सबैका सल्लाहले सकेसम्म नगीचको तारीख तोकी त्यस दिन देखि सारा नेपाल राज्यभरका कमारा कमारीको चलन नामेट गराउन ऐन बनाउने ।
- करियाहरूको नामासी फिहरिस्त खडा भएकोमा दर्ता भई मालिकको दावा पुग्ने प्रमाण परिवन्धले ठहर्न आए जती गैह्र करियालाई ऐन बमोजीम लाग्ने मोल मालिकहरूलाई दिने बन्दोवस्त गर्ने ।
- तोकिएको दिनदेखी अमलेख भएका करियाहरूले आफ्ना आफ्ना मालिकसँग ७ वर्षसम्म रही काम दिने अर्थात करियाहरूले मालिकका निमित्त काम गर्न करै लाग्ने, त्यसको सट्टामा मालिकले तिनिहरूलाई साविक बमोजिम खान लाउन दिई राख्ने ।

एकै पटक सवै कमारा कमारी अमलेख गर्दा जनताले अप्ठ्यारो महशुस गरी विद्रोह गर्ने, मालिक तथा करिया बिच अन्योल र द्वन्द्व झैभगडा हुनसक्ने संभावनालाई ध्यानमा राखी यी प्रस्ताव तयार गरिएको देखिन्छ । यसले गर्दा एकातिर करियालाई पनि आत्मस्वमान र आत्मविश्वास बढ्न थाल्छ भने अर्कोतिर मालिकहरूको मनस्थिति करियाहरू प्रति हेर्ने दृष्टिकोणमा परिर्वतन आई समाजमा दासप्रथालाई निमिट्यान पार्न सकिने पक्षलाई पनि विचार गरिएको देखिन्छ । यस सभाको ५ महिना पछि एक काननु वनाई तत्कालिन राजा श्री ५ त्रिभुवनको स्वीकृतिमा प्रधानमन्त्री चन्द्र शमशेरले दासप्रथाको उन्मूलन गरेका थिए । यस कार्यका लागि १४ लाख रूपैया विनियोजन गरेका थिए । जसमध्ये कमारा कमारीहरू क्रमैसँग अमलेख गर्नालाई राखिएको जी.पी.नोट् रु ११,११,२०० मध्ये बाट अमलेखको काम् मुलुकभर एकैचोटी गर्ने गर्नका लागि जी.पी. नोट् रु ७,००,००० दीनोधार गुठी र ४११२०० सिंहदरबारबाट खरिद भएका देखिन्छ (परराष्ट्रः पोका नं. ६–१०८/८) ।

दासप्रथा उन्मूलनको घोषणा पछि ऐन बमोजिम मूल्य चुक्ता गरी ५१५१९ जना कमारा कमारीको अमलेख गर्ने काम निकै तीव्रताको साथ भएको देखिन्छ। करियाको मोल चुक्ता गर्ने कार्य दासत्वमोचन अड्डा र गुठी बन्दोबस्त अड्डाको समन्वयमा भएको देखिन्छ । यस सम्बन्धमा राष्ट्रिय अभिलेखालयमा दासत्वमोचन र प्यूठान गुठी बन्दोवस्त अड्डासँग सम्बन्धित केही कागजातलाई यहाँ प्रस्तुत गर्नु उपयुक्त हुन्छ । त्यसमध्ये मिति १९८२ पौष २६ गतेको पत्रमा मधेस पहाड गोस्वरा जिल्ला गौडा ईलाकाको करियाको मोल तिरी अमलेख गर्ने कामको वासलात बुझी फरफारक गर्ने कार्य जिल्ला गौडा गोस्वरा इलाकाको सम्बन्धित अड्डाबाट हेर्ने गरेको उल्लेख छ । सो सम्बन्धमा मिति २०८२ मार्ग ११ गतेको खड्ग निसानाबाट प्यूठान इलाकाको लगतमा भएका करियाको मोल धनीलाई तिरी कमारा कमारीको अमलेख गर्ने कामका लागि पाल्पा गौंडाको मे.क. वीरजंग शाहलाई खटाएको बुझिन्छ । साथै उक्त पत्रमा सो काम सम्पन्न भैसकेपछि सम्पूर्ण कामको कागजपत्र गुठी बन्दोबस्त अड्डाले दासत्वमोचन अड्डामा बुझाउनु पर्ने दासत्वमोचन अड्डाले काम भएको नभएको जाँचबुझ गरी सदर गर्न गराउन उल्लेख गरिएको छ (K 188 /61) । यसबाट दासत्वमोचन गर्ने कार्यलाई नियमित र शीघ्र सम्पन्न गर्न स्थानीय अड्डालाई जिम्मा लगाई काम भएको नभएको हेर्ने र सदर गर्ने कार्य जिम्मा दासत्वमोचन अड्डालाई दिएको बुझिन्छ । त्यसै गरी सं १९८२ साल माघ १९ गतेको अर्कोपत्रमा करियाको मोल दिने सम्बन्धमा सल्याना गौडाबाट उठेका सवालको विषयमा श्री ३ महाराजमा जाहेर हुँदा ८० सालको लगतमा जवानको अङ्कसम्म लेखिएकोमा सहीछाप नपरेका १६ वर्ष मुनिको करिया रहेछ र सकल लगत भित्रको ठहऱ्यो भने नावालख सरह कारवाई गरी सवाल सनदको रीत पुऱ्याई मोल दीनु, जवानको अंकसम्म लेखिएको नाम सही छाप नपरेको करीया १६ वर्ष माथि भए दिनु पर्दैन र लगत हुँदा देश परदेश गइ रहेका वा बिरामी भै कागजमा सही छाप पर्न नसकेका करीयाको पनि लगतमा नाम लेखीयाको रहेछ र लगत भीत्र कै करिया ठहऱ्यो भने मोल दिनु भनी उल्लेख गरिएको छ (K 188/60) । यस प्रसंगबाट दासत्वमोचन कार्यको पूर्व तयारीको कुशलता स्पष्ट हुन्छ । दासत्व मोचनको क्रममा करियाको संख्यामा थपघट हुन सक्ने समस्यालाई ध्यानमा राखी कस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

करियाको मोल दिने र कस्तो करियाको मोल नदिने भने विषयमा पहिले नै तयारी भएको देखिन्छ । त्यसैगरी मिति १९८३ साल जेष्ठ ४ गते श्री कमान्डर इन चीफले गुठी बन्दोबस्त अड्डालाई लेखेको एक पूर्जीमा प्युठान जिल्ला ईलाकाको मे.क.वीरजंगशाहले गरेको कामको वासलात चेकजाँच गरी पठाउन लागि १९८२ चैत २१ गते पठाएको पूर्जिको कुनै रिपोर्ट नआएकोले चेकजाँच गर्ने काम कति भएको, कति काम बाकी रहेको र काम नहुनाको कारण सहित खुलाई १० दिनको म्याद दिइ म्याद भित्र चेकजाँच गरी पठाउन ताकेताको लागि अर्को पत्र पठाएको थियो । यसमा म्याद भित्र कागज दाखिला भएन भने १०।१० को दरले जरिवाना भै आउनेछ भनी उल्लेख गरिएको छ (K 188/63) । यसबाट दासत्वमोचन सम्बन्धमा सरकार कति संवेदनशील थियो भन्ने विषयमा थाहा पाउन सकिन्छ । यहि सम्बन्धमा पाल्पा तानसेनबाट मे.क.वीरुजङ्गशाहले श्री ५ को सरकार गुठी बन्दोवस्त अड्डाको संवत् १०८३ मार्ग महिनाको पुर्जिको प्रतिउत्तरको रूपमा तयार गरेको रिपोर्ट अफ महत्त्वपूर्ण देखिन्छ । यस रिपोर्टमा १५७४ जना करिया मध्ये मोल नगएका[७] १२९ जना कट्टी गरी वाकी १४४५ जनाको मात्र मोल खर्च लेख्नु पर्नेमा १४४६ जनाको मोल खर्च लेखेको देखिएकोले १ जनाको मोल खर्च १२० र ऐन वमोजिम १२० समेत जम्मा २४० रूपैया दण्ड तिर्न भनी पाल्पा गौडा कौसलबाट पुर्जी लेखी आएको र प्यूठानबाट नक्कल कागजहरू झिकाइ हेर्दा करिया जवान १५७४ मध्ये श्रेष्टमा मोल नगएका १२८ जना र मोल दिलाउनु पर्ने १४४६ जना भएकाले प्रमाण पुगेका र लगत मध्ये कै खुद मोल दिलाउनुपर्नेलाई मोल दिलाएकोले दण्ड तिर्न नपर्ने र पक्राउ छाडी फरफारक गराई गुठी बन्दोबस्तको नाममा रिपोर्ट सदर गरी पाउँ भनी निवेदन गरेको छ । साथै यस रिपोर्टमा लगतको फेहरिस्त पनि राखिएको छ । यस सन्दर्भबाट विभिन्न ठाउँबाट करियाको मूल्य तिरी कमारा कमारीलाई अमलेख गरिए पछि त्यसको सम्पूर्ण फेहरिस्त दासत्वमोचन अड्डा पठाई खड्गनिसाना र ऐन वमोजिम काम भएको नभएको निरीक्षण गरिएको र रकम हिनामिना हुनेलाई ऐन बमोजिम दण्ड जरिवानाको प्रावधान रहेको देखिन्छ । प्यूठानसँग सम्बन्धित यी दस्तावेजहरूबाट दासत्वमोचनको कार्यलाई सरकारले अत्यन्त संवेदनशील भई व्यवस्थित र पारदर्शी रूपमा गरेको देखिन्छ ।

विविध

तत्कालीन समाजको इतिहासमा कमारा कमारीको प्रचलन, गतिविधि लगायत विविध पक्ष जोडिएको हुन्छ । त्यसले तत्कालीन समाजका महत्त्वपूर्ण पक्षहरूलाई दर्शाई रहेको हन्छ । यसै सन्दर्भमा विगतको समाजमा कमारा कमारीलाई मानवीय व्यवहार छाडेर पशु सरह व्यवहार गर्दथे यसै सन्दर्भमा संवत् १८२३ मा पृथ्वीनारायण शाहले श्री कृष्णपाठकलाई जारी गरेको रुक्कामा "भेमसेन कार्किको राँगो १ सर्कार लाग्योथ्यो.तेस्को सातो कमारा कमारी १ बक्स्यौं. तांहा वैरिका जानबच्चा पक्रीकन सौंपिदेउ". भनी उल्लेख भएको छ । (पन्तः २०४१, पृ. ३०) त्यसैगरी १९१० र त्यसपछिका राणाकालका ऐनहरूको विभिन्न सन्दर्भ वा प्रावधानहरूमा कमारा कमारीको उल्लेख पशु तथा वस्तुभाउसँगै एउटै समूहमा गरेको पाइन्छ । घरको सम्पतिको अंशबण्ठडा गर्दा कमारा कमारीको पनि भाग लगाई अन्य सम्पति सरह नै बाँडफाँड गरिन्थ्यो । यसको साथै संभ्रान्त परिवारले छोरीको विवाहमा दाइजो र पेवाको रूपमा पनि कमारा कमारी दिएको प्रशस्त उल्लेख पाइन्छ ।

समाजमा आर्थिक कारणले कमारा कमारीको किनबेच गर्ने सामान्य थियो । तर कमारा कमारी किन्नको लागि नै ऋण लिने अर्थात ऋण लिएर कमारा कमारी किनेको तमसुक पनि पाएको छ । संवत् १८९८ को एक तमसुकमा ३ जना कमारी किन्नको लागि १०१ रूपैया लिएको उल्लेख गरिएको छ । त्यसको ब्याजको रूपमा सयकडा धान मुरी ७ को हिसावले चुक्ता गर्ने उल्लेख

७ भागेका, मरेका, मोल नमिल्ने गरी राय लिने धनी करियाको लगत फाराममा मोल कट्टी नभएको पछि कट्टी गरेको, धनीको तर्फवाट त्यसै अमलेख गरी दिएको, करिया आफै निखनिएको, धनीको हक नपुगेको, हक पुग्ने धनी मरी अपुताली परेको सरकार लाग्ने भै त्यसै अमलेख भएको करिया ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिएको छ (E 1448/37) । यसवाट समाजमा घर, खेतको काम कमारा कमारी मार्फत गराउने प्रयोजनको लागि घरमा कमारा कमारी राख्नुपर्ने बाध्यता भएको देखिन्छ ।

राजा महाराजहरूको मृत्यु हुँदा रानीहरू सती गएको इतिहासमा धेरै सुन्न र पढ्न पाइन्छ । यसै सम्बन्धमा रणवहादुर शाहले दलमर्दन शाहलाई लेखेको एक पत्रमा आफ्नो बाबाको परलोक भएको ७ जना केटी सती गएको उल्लेख गरिएको छ (DNA14/41) । त्यस बेला कमारीलाई केटी भनेर संबोधन गरेको पाइन्छ ।

साधारणतया कमारा कमारी के कामको लागि खरिद बिक्री गरेको भन्ने उल्लेख पाइदैन तर धितो बन्धक सम्बन्धी एउटा लिखतमा ब्याजको रूपमा खेत जोत्ने, आली लाउने परिआएको काम गर्ने उल्लेख गरिएको छ । डेनियल राइटले साधारण तया कमारा कमारीले काठ चिरने, दाउरा तथा घाँसपातको कामहरू जस्ता घरका कामहरू लगाउने कुरा उल्लेख छ ।

उपसंहार

प्राचीन नेपाली समाज प्राचीन धर्मशास्त्रहरूबाट निर्देशित देखिन्छ । प्राचीन धार्मिक ग्रन्थहरूमा दासप्रथाले मान्यता पाएको देखिन्छ । त्यसैले पनि नेपालमा प्राचीन कालदेखि नै दासप्रथा प्रचलनमा रहेको देखिन्छ । तरपनि लिच्छविकाल र मध्यकालका दासदासीहरू सम्बन्धी प्रमाणहरू निकै कम प्राप्त भएका छन् भने आधुनिक कालका सुरुदेखि केही ताम्रपत्र, नेपाली कागजमा लेखिएका दस्तावेजहरू प्राप्त भएका छन् । प्राप्त दस्तावेजहरूको अध्ययन गर्दा प्राचीन ग्रन्थ नारदस्मृतिमा उल्लेख भएका १५ प्रकारका दासहरू मध्ये नेपालमा १. घरमा जन्मेका, २. किनेर ल्याएका, ३. दान या अन्य कुनैप्रकार बाट पाएका, ४. वसीयतमा प्राप्त, ५. अत्यधिक ऋणबाट थिचिएका, ६. युद्धबन्दी, ७. सीमित अवधिको लागि दास बन्ने, ८. कुनै अन्य स्वामीद्वारा प्रतिश्रुत ९. दासदासीको प्रेमले आकृष्ट दास वा दासी गरी जम्मा ९ किसिमका दासहरू रहेको देखिन्छ । समय समयमा धार्मिक भावनाले देवीदेवताको नाममा मन्दिर हरूमा दैनिक पूजापाठमा सहयोग गर्न, भजनकीर्तन कार्यमा सहयोग गर्न, मन्दिर र परिसरहरू सरसफाई लगायत अन्य सेवा कार्यहरू गर्न दासदासीलाई चढाएको देखिन्छ जसलाई देवदास र देवदासीको रूपमा उल्लेख गरिको छ । सामान्य दासदासी भन्दा यिनीहरूको अवस्था केही मात्रामा राम्रो भएको देखिन्छ । आधुनिककालको सुरुवातमा पनि पशु र वस्तु सरह कमारा कमारी धितो बन्धकमा राख्ने, किनबेच गर्ने तत्कालीन समाजमा कानुनी प्रावधान सहित मान्यता पाएको बुझिन्छ । समयको परिवर्तनसँगै मानवीय संवेदनाको दृष्टिले दासप्रथालाई कुप्रथाको रूपमा लिने धारणा विकास भएको देखिन्छ । यसैक्रममा विभिन्न क्षेत्रबाट विभिन्न चरणमा दासत्वबाट मुक्त गर्ने कार्य अगाडि बढेको देखिन्छ । यसै सन्दर्भमा पशुपतिमा भाँडाकुँडा चढाएर कमारी मुक्त गरेको, कसैको सिफारिसमा राजाबाट कमारालाई मुक्त गरेको, आफ्नो शेषपछि मुक्त हुने गरी तमसुक लेखिदिएको, धनजमानी बसेको तिर्न नसकी कमारी बेच्न खोज्दा रकम मिनाहा गरी कमारा कमारीलाई अमलेख गरेको त्यसैगरी देवशमशेरले आफ्नो राज्यभिषेकमा रानी कृष्णकुमारीबाट ७६७ करिया अमलेख गरिएको, संवत् १९०८ सालमा ९४७ करिया अमलेख भएका प्रसङ्गहरू महत्त्वपूर्ण देखिन्छ । कमारा कमारी सम्बन्धी अधिकांश कागजात पश्चिम नेपालसँग सम्बन्धित देखिन्छ । वि.सं १९८२ मा करिया उन्मूलनको घोषणाको क्रममा प्यूठान जिल्ला गौडा ईलाकाबाट मात्र १५७४ जना कमारा कमारी अमलेख भएको देखिन्छ । जसबाट त्यसक्षेत्रमा करिया प्रथा व्यापक प्रचलनमा थियो भन्ने बुझिन्छ । त्यसैले देवशमशेरले प्रधानमन्त्री हुने बित्तिकै पाल्पा, कास्की, लमजुङ क्षेत्रमा करियामोचन गर्ने योजना बनाएका थिए जुन सफल हुन् सकेको थिएन । यो भन्दा अगाडी पनि मुलुक भरको दासत्व उन्मूलनका धरै पटक भएको थियो तर सफल हुन् सकेका थिएन । पछि यी प्रयासहरू नै दासप्रथा उन्मूलनका पृष्ठभूमि बने र तत्कालीन राजा श्री ५ त्रिभुवनको स्वीकृतिमा भाइ भारदार र जनतासँग राय परार्मश लिई आवश्यक पूर्व तयारी गरी वि. सं. १९८२ मा नेपाल मुलुकबाट नै दासप्रथा उन्मूलन गर्न श्री ३ प्रधानमन्त्री चन्द्रशमशेर सफल भएको देखिन्छ । त्यसपछि बनेका सवै ऐन एवं संविधान मानव किनबेच

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कार्यलाई पूर्ण रूपमा बन्देज लगाएको छ । वर्तमान संविधानमा मौलिक हक अर्न्तगत धारा २९ को शोषण विरुद्धको हकले कसैलाई पनि बेचविखन गर्न दास वा बाँधा बनाउन पाइने छैन भनी मानिस किनबेच र दास प्रथालाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ ।

सन्दर्भ सामग्री

प्राथमिक स्रोत

- श्री ५ सुरेन्द्र वीर विक्रम शाहदेवबाट हुकुम भई श्री ३ जङ्ग बहादुर राणाले बनाएको ऐन, वि.सं. १९१०
- सिनं. १०/ ९ कुमारीचोक, लालमोहर, २८ अछाम क्षेत्रको लागि भएको रुक्का, संवत् १८९१
- सिनं. ९/ ८ कुमारीचोक, लालमोहर, भेरी पश्चिम महाकालीदेखि पूर्व बझां बाजुरा क्षेत्रको लागि जारी भएको रुक्का, संवत् १८९१
- परराष्ट्र, सि नं ६४, पो. नं. ६, १०८/८ कमारा कमारी अमलेख गर्नलाई जी. पी. नोट खरिद गर्नका लागि भएको लेखापढी सम्वन्धी कागजात
- सुशीलविक्रम थापाको संग्रहमा रहेको - कर्जा लिए वापत कमारा कमारि फार्छा गरि दिएको सम्वन्धमा लिखत

DNA 12/65: दास मुक्त गरिएको सम्बन्धमा राजा गीर्वाणयुद्धको लालमोहर, वि.सं. १८५८

DNA 14/41: राजा रणबहादुर शाहले दलमर्दन शाहलाई लेखेको लालमोहर, वि.सं. १८३४

E 1448/37: दरजीत पण्डितले ३ कमारी खरीद गर्न भाजुपतिसंग ऋण लिएको सम्बन्धी लिखत, वि.सं. १८९८

E 1544/20: छोरालाई जमानतमा राखी ऋण लिएको सम्बन्धी लिखत, वि.सं. १९४२

E 2824/44: बालसुन्दर थापाले भैरबसिंसंग दुई करिया खरीद गर्ने सम्बन्धी लिखत, वि.सं. १८८९

E 3446/32: कैसंखुनुले आफनो शेषपछि पाल्सांभुटीलाई मुक्ति दिने सम्बन्धी लिखत, वि.सं. १९४९

FM 1: फाइल नं ११, प.सं ९९, जाँचदफदर षानाबाट आजापुत्रका छोरीछोरा र कमारा कमारी अमलेख

K 113/23: ठाकुर गिर गोसाईले आदिविश्वेश्वरलाई एकजना करिया र जग्गा दान दिएको सम्बन्धी लिखत

K 118/32: राजकुमारी पडेनीले हरिवदं र उजीर खवासलाई आफनो शेषपछि मुक्ति दिने सम्बन्धी लिखत, वि.सं. १९४३

K 118/33: राजकुमारी पडेनीले आफ्नो करिया गोपालेलाई आफनो शेषपछि मुक्ति दिने सम्बन्धी लिखित, वि.सं. १९४३,

K 188/54: दासमोचन अड्डाद्वारा गुठी बन्दोबस्तलाई गरिएको निर्देशन सम्बन्धी कागजपत्रको लिखत, वि.सं. १९८४

K 188/57: वीरजंग साहद्वारा प्रस्तुत प्यूठानको तथ्याङ्क सहितको प्रतिवेदनको लिखत, वि.सं. १९८३

K 188/60: प्रधानसेनापतिले रूपबहादुर कुवंरलाई करिया मुक्ति गर्नेहरूलाई क्षतिपूर्ति दिने निर्देशन सम्बन्धी लिखत, वि.सं. १९८२

K 188/61: प्यूठानको खर्चको विवरण हेरी सरकारी प्रतिनिधि मार्फत चुक्ता गर्ने सम्बन्धी लिखत, वि.सं. १९८२

K 281/41: कमारा कमारीको तथ्याङ्क सहितको वीरजंग साहको रिपोर्ट, वि.सं. १९८३

K 281/44: प्यूठान क्षेत्रको कमारा किनबेच सम्बन्धी लिखत, वि.सं. १९७९

K 281/45: आफै जमानतमा बसी ऋण लिएको सम्बन्धी लिखत, वि.सं. १९७६

K 281/49: मदनपुर प्यूठानका ३ कमारीहरूको बिक्री सम्बन्धी लिखत, वि.सं. १९६७

K 281/51: प्यूठानको कमारो बिक्री सम्बन्धी लिखत, वि.सं. १९७१

K 281/58: पुरकोट क्षेत्रको कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७६

K 282/1: प्यूठानको कमारा कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७४

K 282/2: प्यूठानको कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७४

K 282/3: प्यूठानको दुईजना कमारा कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

K 282/4: बदिकोट, प्यूठानको कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९८०

K 282/20: तुसारा, प्यूठानको कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७५

K 282/37: चारजना कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९६५

K 282/7: प्यूठानको कमारी खरीद सम्बन्धी लिखत, वि.सं. १९७१

K 282/8: खैरागाऊं, प्यूठानको करियाको छोरा बिक्री सम्बन्धी लिखत, वि.सं. १९६६

K 282/47: कार्कीडांडाको कमारा कमारी बिक्री सम्बन्धी लिखत, वि.सं. १९७५

K 348/39: कमाने भोटेले हर्जाना तिर्न राजी गरेको करारनामा सम्बन्धी लिखत, वि.सं. १९६३

K 348/40: वीकमां भोटेले कुलमान गिरिसंग ऋण लिन छोरालाई चौकीदार राख्न गरेको करारनामा सम्बन्धी लिखत, वि.सं. १९५६

K 348/45: आफैलाई कमारोको रूपमा जमानतमा राखी ऋण लिएको करारनामा सम्बन्धी लिखत, वि.सं. १९०६

K 579/63: जेागनारांयण मल्लले पलांचोक भगवतीमा चढाएको कमारी सम्बन्धी लिखत, वि.सं. १८३२

K 614/21: देवशमशेर जबराले जारी गरेको कमारा कमारी मुक्ति सम्बन्धी लिखत, वि.सं. १९५५

K 614/23: देवशमशेर जबराको जारी गरेको कमारा कमारी मुक्ति सम्बन्धी लिखत, वि.सं. १९५५

PN 2/2: बालकृष्ण उपाध्यायले पशुपतिनाथमा दुई कमारी चढाएको सम्बन्धी ताम्रपत्र, वि.सं. १६९५

PN 2/30: बुद्धिरेखा गोदार्नीले पशुपतिमा चढाएका विभिन्न प्रकारका भेटी र कमारि मुक्ति सम्बन्धी ताम्रपत्र, वि.सं. १८६३

PN 2/65: सुन्दर गिरी र उनकी पत्निद्वारा तीनजना कमारीलाई मुक्त गरिएको सम्बन्धी ताम्रपत्र, वि.सं. १८६९

द्वैतीयिक स्रोत

१ **गोर्खापत्र**, भाग २४ संख्या ३२, १९८१।८।१७

२ **गोर्खापत्र**, भाग २४ संख्या ३८, १९८१।९।२९

३ डंगोल, बलरामदास (सम्पादक), २०४१: "अमलेख गरिएका कमारा कमारीको लगत", **अभिलेख**, अंक २, काठमाडौं: राष्ट्रिय अभिलेखालय, पृ. ११५-१२०

४ जोशी, हरिराम, २०७२: **पञ्च पल्लव**, भक्तपुर: विनोदराज शर्मा राजोपाध्याय

५ पन्त, दिनेशराज, २०४१: "श्री ५ पृथ्वीनारायण शाहले श्री कृष्ण पाठकलाई लेखेको अप्रकाशित पत्र" **पूर्णिमा** पूर्णाङ्क ६०, पृ. ३०

६ पन्त, नयराज, २०२५: **श्री ५ पृथ्वीनारायण शाहको उपदेश**, भाग ४, पाटन: जगदम्वा प्रकाशन

७ पाडे, विजय जङ्ग (संम्पादित), वि.सं. १९२७: श्री ३ जङ्ग बहादुर राणाले बनाएको ऐन,१९१० काठमाडौं: नेपाल मनोरञ्जना यन्त्रालय

८ वज्राचार्य, धनवज्र, २०३०: **लिच्छविकालका अभिलेख**, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.

९ वज्राचार्य, धनवज्र तथा टेकवहादुर श्रेष्ठ, २०३७: **शाहकालका अभिलेख**, पहिलो भाग, काठमाडौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.

१० वज्राचार्य, धनवज्र तथा ज्ञानमणि नेपाल, २०१४: **ऐतिहासिक पत्र संग्रह**, पहिलो भाग, काठमाडौं: नेपाल साँस्कृतिक परिषद्

११ श्रेष्ठ, टेकवहादुर, १९७४: "पशुपतिका दुई ताम्रपत्र: देवदासी प्रथामा नयां प्रकाश", **कन्ट्रिब्युशन टु नेपलीज स्टडिज**, भोलुम् १, नं २, पृ. १०३-१०६

१२ Pant, Dinesh Raj, 1997: "*The Institution of Slavery in Nepal and its Anlysis Based on the Dharmasastras*", **The state, Law, and Administration in Classical India**, R. Oldenbourg Verlag München, pp. 135-159

१३ Pant, Mahes Raj, 1996: "*A Late-Nineteenth-Century Deed from the Nepalese Part of Tirhut Recording the Purches of Slave*", **JNRC**, Vol X, pp. 105-120

१४ Pant, Mahes Raj: 1997, "*Six 15th*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

and 16th century Deeds from Tirhut Recording the Purchase of Slaves", **The State, the Law, and Administration in Classical India**, R. Oldenbourg Verlag München, page135-159 159 -194

१५ Wright, Daniel, 1965: **History of Nepal,** originally published in 1877, Reprinted by Sushil Gupta, Calcutta

परिशिष्ट १

श्री दूर्गा

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का -----

आगे अछाम भर अम्वलका चारवर्ण छतिसै जात प्रति लिन्या दिन्या मिलि. रैतिका छोरा छोरि बेचदा किन्दा बिथीतिले. कङ्गाल रैतिको उठ्ठालागेछ भनि जगाजगाका अमालिबाट लेषि आउदा हाम्रा हजूर जाहेर भयो. अव उप्रान्त जौनज (गा)मा रैतिका छोराछोरिलाई अघि देषि हाम्रा चलि आया (को) छ. भनि. बेचनु. किन्नु गर्न्या र साहु अमालिले कर्जा वापतमा आसामि रैतिलाइ कर लगाई गालि. लिन्याले हाम्रा हजूर नबक्साई बेचनु. किन्नु कसैले नगर्नू. मोलि गालि बेचन किन्न. पऱ्यो भन्या. अडा अडामा (रहन)या भारादार मार्फत् हाम्रा हजूर बक्साई बेचनु किन्नु भ(न्या वन्दे)ज गरि बक्स्यौं जसले हाम्रा हजूर नबक्साई आफ्ना मोनासि बले आजा पुत्र मोलि जिउ गालि बेचला किनला. तसलाई जाता बेसेपको सासनार भारि डंड होला. इति सम्वत १८९१ साल मिति श्रावण वदि ४ रोज ५ शुभम् ।।

परिशिष्ट २

श्री

श्रीपसुपति

स्वस्ति श्री साके १७३४ संम्वत १८६९ साल मिति फागुन मा से दिनगत २६ तदिने सूंदरगिरि र सूंन्दरगिरिकि स्वा स्निले: लष्मि १ कोइलि १ ज्वाला १ यो तिन जना कमारिला ई ------- का दषिन् दर्वाजामा भादा टास्याका दिन: दोको नाम्लो काटि पार गरि दिज्युं : कालकला कसैले झैझगडा गर्या ------- को कुदष्टि होला तेसवाटका साछि विष्णुनारान भवानि गिरि रामापूरि गोसाञि: रूपनारानगिरि : वषतवरगिरि शुभम् -------

आभार

- श्री काशीनाथ तमोट: सम्बन्धित लेख तथा पुस्तकहरू उपलब्ध गरिदिनुभएकोमा
- श्री श्यामसुन्दर राजवंशी: सम्बन्धित लेख तथा पुस्तकहरू उपलब्ध गरिदिनुभएकोमा
- श्री मानिक बज्राचार्य: सम्बन्धित लिखतहरूको सूचीहरू उपलब्ध गरिदिनुभएकोमा
- श्री सुशीलविक्रम थापा : आफ्नो संकलनमा रहेका लिखतहरूको उपलब्ध गरिदिनुभएकोमा
- श्री अमृता मर्हजन: लिखतको लिप्यन्तरको लागि सहयोग गर्नुभएकोमा

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख सन्दर्भ एक अध्ययन

-निरणकुमार राजवंशी*

अभिलेख भनेको अत्यन्त गहन विषय हो । कुनै वस्तु माथि लिखित लेख अभिलेख हो । सामान्यतः अभिलेख भन्नाले लिखित प्रमाणलाई बुझाउँछ । अभिलेख विभिन्न थरी रहेको पाइन्छ । अभिलेख ऐतिहासिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न महत्त्वका हुन्छन् । मानिस प्राक्मानव कालमा जीविका गर्दा उसले ओडारको भित्तामा खोपेर वा कुनै रङ्गले अङ्कित गरेको चित्र जसबाट पछि लिपिको प्रारम्भिक सांकेटिक चिन्ह बन्यो र यस्तै सांकेटिक चिन्हबाट पछि लिपि विकास भयो । लिपिवद्ध लेख लगायत दृश्य, चित्र आदि पछि सम्म प्रमाणको लागि सुरक्षित Record (रेकर्ड) राख्नु अभिलेख सृजनागर्ने कार्य हो । नेपाली भाषामा अभिलेख भन्ने शव्दको अर्थ अँग्रेजीमा रेकर्ड भन्ने हुन्छ । तर रेकर्ड भन्ने सबै कागजातहरूलाई अभिलेख भन्न नमिल्ने मान्यता पनि छ । अभिलेख भन्नलाई कागजातमा केहि यस्ता विशेषता निहित हुनुपर्ने मान्यता छ । "जसलाई दैनिक प्रयोगमा नचाहिने भनी अलग्ग छुट्याइन्छ । अभिलेखहरू जुन संस्था वा विभागले अभिलेखालयमा सुरक्षित राख्न जम्मा गरेको हुन्छ त्यसमा त्यो संस्था वा विभागको पूर्ण स्वामित्व हुन्छ । यसमा कसैले कुनै किसिमको केरमेट गर्न हुँदैन र आवश्यकता परेको खण्डमा यसको प्रामाणिकता बारे कुनैपनि अदालतमा प्रमाणित गर्न सक्नुपर्छ ।"[१] यसैगरी अभिलेख राखिएको ठाउँलाई नेपाली भाषामा अभिलेखालय भनिन्छ । अँग्रेजीमा अभिलेखालयलाई आर्काइभ्स् भनिन्छ । आर्काइभ्स् भन्नाले सरकारी कागजात, यस्ता कागजात राखिएको भवन तथा त्यस्तो कागजातलाई व्यवस्थित र सुरक्षित राख्ने व्यवस्था[२] लाई लिइन्छ । नेपालको सन्दर्भमा अभिलेख भनेपछि विभिन्न थरीका अभिलेखलाई बुझिने गर्दछ । अभिलेखलाई पछिसम्म प्रमाणको लागि सुरक्षित राख्नु अभिलेखालयको कार्य हो ।

प्राग्ऐतिहासिक कालमा गुफा, ओडारका भित्तामा अङ्कित चित्र वा सांकेटिक चिन्ह, ऐतिहासिक कालमा लिखित शिलापत्र, तामापत्र, ताडपत्र, भोजपत्र वा अन्य कपडा, कागज आदि लेख्य कुनैपनि सामग्रीमा लिखित लेख अभिलेखका प्रकार हुन् । अब आधुनिक प्रविधिको युग रहेको छ । लिखित सामग्री लगायत श्रव्यदृश्यका सामग्री, फिल्म, माइक्रोफिल्म लगायत कम्प्यूटरका हार्डडिस्क, मोबाइल फोनका मेमोरी कार्ड, सानो डाटा ट्राभल, ठूलो एक्स्टर्नल हार्डडिस्क जस्ता धेरै संख्यामा रेकर्ड सुरक्षित राख्न सकिने आधुनिक डिजिटल सामग्री अभिलेखका समसामयीक प्रविधि हुन् । लिखित सामग्री ठेली पोकामा बाँधेर च्याक, दराजमा क्रमबद्ध रूपमा राखेर अभिलेख सुरक्षित राखीने पद्धति ठाउँ धेरै ओगट्ने व्यवस्थापन विधि हो भने डिजिटल सामग्री थोरै ठाउँ भए पुग्ने आधुनिक प्रविधि हो ।

अभिलेखको प्रकृति चिनाउने सम्बन्धमा माथि संक्षेपमा उल्लेख भयो । अभिलेख भनेको गहन विषय हुनाले वास्तवमा अभिलेख भनेको एउटा निश्चित शव्दमा यस्तै किसिमको अभिलेख मात्र अभिलेख हो भनेर परिभाषित गर्न खोज्नु अभिलेखको महत्त्वलाई सङ्कुचित पार्ने कार्य मात्र हुन्छ । नेपालमा देशभरी छरिएर रहेका विभिन्न किसिमका राष्ट्रिय दृष्टिकोणले

१ डंगोल, २०४१, पृ.२३

२ ऐजन, २०४१, पृ. २२

*प्रमुख अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महत्त्वका अभिलेखहरू व्यवस्थित गर्ने, सुरक्षित राख्ने र संरक्षण गर्ने उद्देश्यले यस्ता किसिमका अभिलेखहरू प्राप्त गर्ने, संकलन गर्ने, हेर्न दिने र सोको प्रतिलिपि मागगर्नेलाई प्रतिलिपि समेत उपलब्ध गर्ने व्यवस्था गर्नलाई राष्ट्रिय अभिलेखालयको स्थापना[३] भएको छ । त्यस राष्ट्रिय अभिलेखालयको कानूनी व्यवस्थाको लागि 'अभिलेख संरक्षण ऐन, २०४६' रहेको छ । उक्त ऐनको दफा २.१.२ मा "अभिलेख" भन्नाले राष्ट्रिय अभिलेखालयमा अभिलेखको रूपमा सुरक्षित राखिएका कागजात र उपदफा ५.१.१ बमोजिम दर्ता भएका कागजात सम्झनु पर्छ भनी अभिलेखलाई परिभाषित गरिएको छ । अभिलेख भनेर चिनिनलाई विभिन्न थरी कागजातलाई "कागजात" भन्ने सोहि ऐनको परिभाषामा निर्दिश्त गरिएको छ ।

नेपालमा अभिलेख राख्ने व्यवस्थाको सर्वप्राचीन उदाहरण हेर्ने हो भने मौर्य सम्राट अशोकले राख्न लगाएको निग्लीहवामा प्राप्त शिलास्तम्भलेख र गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा प्राप्त शिलास्तम्भलेखलाई लिन सकिन्छ । निग्लिहवामा प्राप्त स्तम्भलेखमा सम्राट अशोक आफ्नो राज्याभिषेकको चौधौं वर्षमा त्यहाँ आई कनकमुनी बुद्धको स्तूपलाई दोब्बर ठूलो बनाएर एउटा शिलास्तम्भ राख्न लगाएको[४] भन्ने दर्शाइएको वाक्य पाइएबाट निग्लीहवाको कनकमुनि बुद्धको निर्वाण स्तूप पहिचान गर्न र त्यो स्तूपको संरक्षण गर्न लगाएको बारे पत्ता लाग्नको लागि महत्त्व रहेको छ । लुम्बिनीमा प्राप्त भएको स्तम्भलेखबाट शाक्यमुनि बुद्ध रूपन्देही लुम्बिनीमै जन्म भएको दर्शाइएको वाक्यले किटानी साबितगर्न प्रमाणस्वरूपको लागि महत्त्व रहेको छ । त्यसपछि प्राप्त भएका थुप्रै शिलालेखहरू लिच्छविकालका अभिलेख, मध्यकालका अभिलेख तथा शाहकालका अभिलेख रहेका छन् । ती शिलालेखहरू विभिन्न विषयसित सम्बन्धित छन् । हाडिगाउँमा प्राप्त राजा जयवर्माको इश्वी दोश्रो शताब्दीको शिला (प्रस्तर) मूर्ति[५]को पादपिठमा "सम्वत १०७ राजा जयवर्मा ..." आदि व्यहोरा दर्शाउने अभिलेख पाइएको छ । नेपालको इतिहासमा हालसम्म मिति सहितको यो पहिलो शिलाभिलेखको रूपमा महत्त्व रहेको छ । प्राचीनकालमा ढुङ्गामा लेख्नेलाई शिलापट्टक[६] यस्तै ताम्रपत्रमा लेख्नेलाई ताम्रशासनपट्ट[७] शब्दहरूले अभिलेख राख्ने प्रथाको प्राचीनता विदित हुन्छ ।

राष्ट्रिय अभिलेखालय नेपालको अभिलेख सम्पदा झल्काउने ऐना हो भन्ने यहाँ संकलित अभिलेख निधिलाई हेर्दा प्रष्ट हुन्छ । संकलनको दृष्टिले हस्तलिखित ग्रन्थ, विभिन्न कालका शिलालेखका उतारहरू, विभिन्न मितिका ताम्रपत्रहरू, ताडपत्रमा लेखिएका तमसूकहरू, ऐतिहासिक चिठीपत्रहरू, सन्धीपत्र, इच्छापत्र, दानपत्र, द्विछापे, रुक्का, इस्तिहार, निजामति किताब खानाका रेकर्डहरू, गोरखापत्र तथा राइजिङ नेपालका सुरुदेखिको प्रतिहरू, प्रथम जनमतका मतदाता नामावली, कुमारीचोकबाट ल्याइएका लालमोहरहरू, गुठीका लगत किताबहरू तथा कागजातहरू, कौशीतोषाखानाबाट ल्याइएका विभिन्न सालका लालमोहर, सनद, सवाल, स्याहाका नक्कलहरू, कानून मन्त्रालयबाट ल्याइएका कागजातहरू, हुलाक टीकट तथा फोल्डरहरू, परराष्ट्र मन्त्रालयबाट ल्याइएका कागजातहरू छन् । विभिन्न विधाका दृष्टिले ज्योतिषशास्त्र, दर्शनशास्त्र, तन्त्रशास्त्र, धर्मशास्त्र सम्बन्धी हस्तलिखित ग्रन्थहरू रहेका छन् । विषयका दृष्टिले ज्योतिषी, रामायण, काव्य, छन्द, महात्म्य, कोश, कथा, नीतिशास्त्र, कामशास्त्र, साहित्य, संगीत, पुराण, नाटक, इतिहास, न्याय दर्शन, वेदान्त दर्शन, सांख्य दर्शन, वैशेसिक दर्शन, योग दर्शन, मीमांशा दर्शन, लक्ष्मणशास्त्र, वैष्णव दर्शन, शैव दर्शन, बौद्ध दर्शन, बौद्ध अवदान, बौद्ध कर्मकाण्ड, बौद्ध धारिणी, बौद्ध स्तोत्रम्, बौद्ध सङ्गीत, बौद्ध तन्त्र, शैव तन्त्र, वैष्णव तन्त्र, तान्त्रिक कर्मकाण्ड, तान्त्रिक स्तोत्र, आयुर्वेद, वेद, व्याकरण सम्बन्धी ग्रन्थहरू छन् । सामग्रीका दृष्टिले ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागजमा लिखित विभिन्न विषयसंग सम्बन्धित लिखत एवं ग्रन्थहरू छन् । भाषाका दृष्टिले संस्कृत, पाली, प्राकृत, नेपाली, नेवारी, हिन्दी, मैथिली, तिव्वती भाषामा लिखित ग्रन्थहरू छन् ।

३ नेपालको राष्ट्रिय अभिलेखालय रामशाहपथ काठमाडौंमा वि.सं. २०२४ आश्विन १८ गते स्थापना भएको हो । (डंगोल, २०४०, पृ.१)

४ दाहाल, खतिवडा, २०५८, पृ. २७५

५ हाल यो मूर्ति काठमाडौं छाउनीस्थित राष्ट्रिय संग्रहालयको कलाशालामा प्रदर्शित छ ।

६ रेग्मी, २०६५, पृ. ३६

७ ऐजन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिपिका दृष्टिले ब्राह्मीलिपि, पूर्व लिच्छविलिपि, उत्तर लिच्छविलिपि, विभिन्न नेवारीलिपि, देवनागरीलिपि आदिमा लिखित ग्रन्थ, लिखत, लालमोहर, तमसूक तथा तिव्वतीलिपिमा लिखित बौद्धग्रन्थहरू छन् ।

राष्ट्रिय अभिलेखालयको निधि अध्येताको लागि एक प्रकारले श्रोतको सागर हो । विभिन्न अभिलेख मध्ये कुमारीचोकबाट ल्याइएका विभिन्न देवालय शिवालयका गुठीको लगत किताब पनि यहाँ संकलित छ । ती लगत किताबहरू रातो कपडामा बाँधेर संकेत नम्बर दिइ सुरक्षित किसिमले राखिएको अवस्थामा छ । अध्ययनको क्रममा पोकाको एक ठेलीमा प्राप्त विवरण नमूनास्वरूप यसै सन्दर्भमा प्रस्तुत छ । विगतमा कुमारीचोक अद्दा नेपाल सरकारको आम्दानी लेखा सम्बन्धी हेर्ने एक महत्त्वपूर्ण निकायको रूपमा थियो । प्रस्तुत सन्दर्भ गुठीको लगत किताबबाट देखिएको गुठीखेतहरू बापत असूल आम्दानी सम्बन्धी विवरण परेको देखिन्छ । राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण लिखित कागजातहरू सुरक्षित गरेर राख्नलाई अभिलेख संरक्षण ऐन, २०४६ को दफा ६.१.१ र ६.२ बमोजिम पच्चीस वर्ष वा सो भन्दा पुराना कागजातहरू कुनै कार्यालयले राष्ट्रिय अभिलेखालयमा पठाउन सक्ने व्यवस्था भए अनुसार कुमारीचोकबाट ल्याइएका उक्त लगत किताबका विवरण वि.सं. २००५ साल देखि वि.सं. २०१२ साल सम्मको रहेको देखिन्छ । आजभन्दा ६४ वर्ष अघिको विवरण हुनाले महत्त्वपूर्ण छ । राष्ट्रिय अभिलेखालयमा संकलित विभिन्न विषयका अभिलेखहरू हेर्ने व्यवस्था गर्नको लागि सूचीहरू बनाइएका छन् । विभिन्न सूचीहरू मध्ये कुमारीचोकका कागजातहरू र लालमोहरहरू भन्ने सूची[८] बाट विभिन्न देवालय तथा शिवालयका गुठीका लगत किताबहरू विषयको विवरण रहेको छ । विवरण हेर्दा देवालय, जात्रा, पूजा सम्बन्धी गुठीका विषय रहेको देखिन्छ । विभिन्न पोकाहरू मध्ये पोका नम्बर २७५ (क) को ४ नम्बर ठेलीमा प्राप्त विवरण यस अध्ययनको एक सन्दर्भ हो । सो ठेलीमा पहिलो पृष्ठ भनौं वा प्रारम्भमा एक तालिका राखिएको छ । जम्मा नौ खण्डका कोठा (कोलम) मा बायाँबाट क्रमशः विभिन्न गुठीहरूको नामावली र पृष्ठ संख्या दिइ उल्लेखेको पाईन्छ । उक्त तालिकाको पाठ उतार जस्ताको तस्तै निम्नानुसार छन् :

गुठी	नं देखि	नं सम्म	गुठी	नं देखि	नं सम्म	गुठी	नं देखि	नं सम्म
इन्द्र जा त्रालीं	१	३२	चोभार आदिनाठ			सुर्ज्ये घात नी	२६५	२६९
भदालखाल भगवती	३३	३४	अक्षता	२१४	२१५	त्यपुजा		
टं केश्वर	३५	४१	कावसं तपुर दूई माज्यू	२१६	२२६	गोकर्णसीपस्थाप	२७०	२७२
बीजु ली गुठी	४२	४७	पातं दी गुतले ज्यू	२२७	२३०	ना		
त्रीपुरेश्वर मुसाफीर	४८	६२	ललीते श्वर	२३१	२३३	महाराजगंज सत्य	२७३	२७७
गोकर्ण वायु देवता	६३	८३	चोभार गणेश	२३४	२३५	नारां यन		
नरदेवी	८४	१३१	दुर्गा मुक्ते श्वर	२३६	२४७	क.प.कु. संखभ	२७८	२८१
कीर्तिपुर वाग भैरव	१३२	१७८	साषु वज्र जोगीनी	२४८	२४८	ऐ का जगा	२८२	२९६
काली माती पुल	१७९	१९१	पातं तलेज्यू थापुजा	२४९	२५६	पृथेश्वर		
बलखु बलकेश्वर	१९२	२००	ऐ का नीत्य पुजा	२५७	२५८	हनुमां थानदेषी ते		
चोभार आदिनाठ	२०१	२०३	ऐ न्हु देवल दुईमाज्यू	२५९	२६०	षु दोभानसम्म	२९७	२९९
ऐका दी पमाला	२०४	२०४	चोक भीत्र नीत्य पुजा			वीजु ली	३००	३०३
काईन्द्र जात्रावि श्वरूप	२०५	२१३	धाई सदा नन्द कुमारी			वौ ध धारा		
			खरी द वीर्ता	२६१	२६३	नरदेवी कं न्याभो	३०४	३४१
			श्री ५ वदा माहारा नी ख	२६४		जन		
			री दवीर्ता			पा तं सोठ नाराय	३४२	३४४
						ण		

८ कुमारीचोकका कागजातहरू र लालमोहरहरू, पृष्ठ ४२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रस्तुत तालिकाको विषयहरूको पाठान्तर गर्दा विषयहरू यसप्रकार हुने देखिन्छ :-

गुठीको नाम	गुठीको नाम (पाठान्तर गरेपछी)
इन्द्र जा त्रालीं	इन्द्रजात्रा लिङ्ग
भदालखाल भगवती	भण्डारखाल भगवती
टं केश्वर	टङ्केश्वर
बीजु ली गुठी	बिजुली गुठी
त्रीपुरेश्वर मुसाफीर	त्रीपुरेश्वर मुसाफीर
गोकर्ण वायु देवता	गोकर्ण वायुदेवता
नरदेवी	नरदेवी
कीर्तिपुर वाग भैरव	कीर्तिपुर बागभैरव
काली माती पुल	कालीमाटी पुल
बलखु बलकेश्वर	बलखु बलकेश्वर
चोभार आदिनाठ	चोभारआदिनाथ
ऐका दी पमाला	ऐका दीपमाला
काईन्द्र जात्रावि श्वरूप	काठमाडौं ईन्द्रजात्रा विश्वरूप
चोभार आदिनाठ अक्षाता	चोभार आदिनाथ अक्षाता
कावसं तपुर दूई माज्यू	काठमाडौं बसन्तपुर दोयमाजु
पातं दी गुतले ज्यू	पाटन दीगुतलेजु
ललीते श्वर	ललितेश्वर
चोभार गणेश	चोभार गणेश
दुर्गा मुक्ते श्वर	दूर्गा मुक्तेश्वर
साषु वज्र जोगीनी	साँखु वज्रयोगीनी
पातं तलेज्यू थापुजा	पाटन तलेजु थापुजा
ऐ का नीत्य पुजा	ऐ का नीत्य पुजा
ऐ न्हु देवल दुईमाज्यू	ऐ न्हु देवल दोयमाजु
चोक भीत्र नीत्य पुजा	चोकभित्र नीत्यपूजा
धाई सदा नन्द कुमारी	धाई सदानन्द कुमारी
खरी द वीर्ता	खरीद वीर्ता
श्री ५ वदा माहारा नी ख री दवीर्ता	श्री ५ वडामहारानी खरीदवीर्ता
सुर्ज्ये घात नी त्यपुजा	सूर्यघात नीत्यपुजा
गोकर्णसीपस्थाप ना	गोकर्ण सीपस्थापना
महाराजगंज सत्य नारां यन	महाराजगञ्ज सत्यनारायण
क.प.कु. संखभ	क.प.कु. संखभ
ऐ का जगा	ऐ का जग्गा
पृथेश्वर	पृथेश्वर
हनुमां थानदेषी ते	हनुमानथानदेखि टेकु
षु दोभानसम्म	दोभानसम्म
वीजु ली	वीजुली
वौ ध धारा	बौद्धधारा
नरदेवी कं न्याभो जन	नरदेवी कन्याभोजन
पा तं सोठ नाराय ण	पाटन सोठनारायण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उपर्युक्त तालिकामा नं. देखि नं. सम्म भन्नाले यति पृष्ठ देखि यति पृष्ठ सम्म भनी पृष्ठ संख्याहरू भन्न खोजिएको भन्ने देखिन्छ । यसप्रकार उक्त तालिका पछि जम्मा ३४४ पृष्ठ सम्म गुठीका जग्गाहरूबाट उठेको बाली बापत धान, चामल, नगद आदि कुत तिरेको विवरण फाराम रहेको देखिन्छ । त्यस फाराममा पृष्ठ संख्या, अड्डाको नाम, सम्वत/साल, सम्बन्धित गुठीको नाम, जग्गा रहेको स्थान, जग्गाको परिमाण, कुत तिर्ने मोहीको नाम, लगत नम्बर, असूल गर्नुपर्ने नगद, असूली, मिन्हा, कुत तिरेको मिति, बाँकी जिम्मेवारी र कैफियत आदि विवरण खुल्दछन् । यी तमाम विवरणहरूबाट के कुरा स्पष्ट हुन्छन् भने संस्कृति र सम्पदाका धनी देश नेपालका यी पुराना लिखतहरूले संस्कृति, स्मारक र सम्पदाका नाममा रहेका गुठी र जायदाती श्रोत, मुलुकलाई उठ्ने राजस्व, संस्कृति, स्मारक र सम्पदाको स्याहार संभार वा संचालन सम्बन्धी गतिविधि र अवस्था बारे जानकारी दिने र विगतमा यस विषयमा हेर्ने अड्डाले राख्ने रेकर्ड व्यवस्था बारे जानकारी प्राप्त हुन्छ ।

सन्दर्भ सामाग्री :

- डंगोल बलरामदास, राष्ट्रिय अभिलेखालय एउटा छोटो चिनारी, अभिलेख, अंक १, राष्ट्रिय अभिलेखालय, काठमाडौं, २०४० ।
- डंगोल बलरामदास, अभिलेख, राष्ट्रिय अभिलेखालय र नेपाल, अभिलेख, अंक २, राष्ट्रिय अभिलेखालय, काठमाडौं, २०४१ ।
- रेग्मी दिनेशचन्द्र, अभिलेख अध्ययन, अभिलेख, अंक २६, राष्ट्रिय अभिलेखालय, काठमाडौं, २०६५ ।
- प्रधानाङ्ग सौभाग्य, राष्ट्रिय अभिलेखालयको संकलनमा संवत् १८६७ को सरकारी पुस्तकको सूचीपत्र, अभिलेख, अंक ३५, राष्ट्रिय अभिलेखालय काठमाडौं, २०७४ ।
- अभिलेख संरक्षण ऐन २०४६, राष्ट्रिय अभिलेखालय, नेपाल सरकार ।
- कुमारीचोकका कागजातहरू र लालमोहरहरू, सूचीपत्र, राष्ट्रिय अभिलेखालय, काठमाडौं, २०६४ ।
- दाहाल पेशल, खतिवडा सोमप्रसाद, पुरातत्व परिचय, काठमाडौं, २०५८ ।
- देवालय तथा शिवालयका गुठीका लगत किताव, पोका नम्बर २७५ (क) को ४ नम्बर ठेली, राष्ट्रिय अभिलेखालय, काठमाडौं ।
- राजवंशी श्यामसुन्दर, लुम्बिनी अशोक स्तम्भाभिलेखको अर्थ व्याख्या एक समिक्षा, प्राचीन नेपाल, संख्या १७३, पुरातत्व विभाग, काठमाडौं, २०६७ ।
- स्रोत पुस्तिका माला नं. ३, राष्ट्रिय इतिहास निर्देशन समिति (नेपाल), पुरातत्व विभाग, काठमाडौं, २०४५ ।

❑❑

परिशिष्ट



सम्वत् १०७ को जयवर्माको मूर्ति अभिलेख, राष्ट्रिय संग्रहालय

देवालयतथाशिवालयका गुठीका लगत किताबपोकानम्बर २७५ (क) को ४ नम्बर ठेलीमा रहेको गुठीहरूको सूचीका एक नमूना



श्री ५ को सरकार गुठीतहसिल दोस्राफाँट अड्डाको स्याहाफारामको एक नमूना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाटक प्रदर्शनमा इनाम

– रमेशजङ्ग सिजापति*

नेपालमा आदिकाल देखिनै राजा महाराजाले, शासकहरूलाई सेवक, प्रजा रैति, जनता, जागिरदार कामदारले रिझाए पछि समाजका विविध काम काजका क्षेत्रका विशिष्ट व्यक्तित्व वा विशिष्ट कार्यको प्रशंसा गर्दै उपहार वक्स,पुरस्कार, मान सम्मान, पदोन्नति इनाम दिने परम्परा भने नौलो, होइन । यसै क्रममा नेपाली भाषा साहित्य कला नाट्य संगीतको क्षेत्रमा उदारणीय कार्य गर्ने व्यक्तित्वहरूलाई नगद तथा जिन्सी द्वारा मान सम्मान ईनाम गर्ने, बक्स गर्ने, पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिएको ईतिहास पाइन्छ ।

यसै क्रममा नेपालको इतिहास कै कडा भन्दा कडा मानिएको जाहानियाँ राणा शासन कालको अन्त्यतिर तत्कालिन श्री ३ महाराज जुद्धशम्सेर जङ्गबहादुर राणाको शासन कालको अन्त्य तिर आधुनिक नेपाली वाङमय क्षेत्र कै विशिष्ट व्यक्तित्व नाट्य सम्राट मेजर कप्तान बालकृष्ण शम्सेर जङ्गबहादुर राणा (वि.सं. २०७ पछि वालकृष्ण सम) द्वारा लिखित निर्देशित, अभिवित आधुनिक नेपाली नाटक मुकुन्द इन्दिरा मञ्चन गरिएको थियो । त्यस नाटक हेरेपछि तत्कालिन सरकार प्रमुख श्री ३ महाराज बाट वि.सं. १९९५ साल भाद्र २ गते ५ मा सो मा नगद बक्स भएको थियो । त्यसै गरि सो नाटक अंग्रेजी ड्रामा अभिनय गर्ने कलेजका (त्रिचन्द्र कलेज) विद्यार्थीहरूलाई पछि नगद मोरु १०००।- (एक हजार) बक्स बक्सेको थियो । सो तथ्य कुरा १९९५ साल आश्विन २१ गते ६ रोजको पुर्जि ५६८ मा उल्लेख गरिएको छ ।

सोही नाटक जुद्ध सडक टाउन हलमा मुकुन्द इन्दिरा नाटक नजर गरी बक्सदा सो नाटकका लडकाहरूलाई बाडी (नगद) बक्सेको देखिन्छ । (अभिनय गर्ने पात्रहरूलाई) हेर्न मु.नं. ५६७

मेजर कप्तान बालकृष्ण शम्सेर जङ्गबहादुर राणाद्वारा लिखित निर्देशित प्रल्हाद (१९९५) नाटक खेल नजर गराए बापत मेजर कप्तान बालकृष्ण शम्सेर जङ्गबहादुर राणा र जीतेन्द्र बहादुर शाहलाई नगद बक्स बक्सेको छ हेर्न मु.न. ६७५

मेजर कप्तान बालकृष्ण शम्सेर जङ्गबहादुर राणाद्वारा लिखित निर्देशित ध्रुव (१९८६) नाटक खेल तत्कालिन श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणाबाट हेरी सकेपछि सो नाटकमा अभिनय गर्ने कलाकारहरूलाई नगद प्रदान गरिएको तथ्य कुरा श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणाको मु.नं. ६८४ बाट प्रष्ट हुन्छ ।

यसै गरी मेजर कप्तान वालकृष्ण शम्सेर जङ्ग वहादुर राणा द्धारा लिखित प्रल्हाद नाटक हेरी सकेपछि श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणा द्धारा लिखित प्रल्हाद नाटक हेरी सकेपछि श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणा बाट सो नाटकमा अभिनय गर्ने कलाकार हरूलाई नगद बक्स गरिएको तथ्य मु.नं. ६७० बाट पुष्टि हुन्छ ।

वि.सं. १९९९ सालमा नरसिंह भगतको नाच पटक पटक सिंहदरवारमा नाच नचाए बापत सो नाचका कलाकारहरूलाई पछि नगद दिएको तथ्य सम्वत १९९९ साल आश्वीन ६ गते रोज ३ को

मु.नं. ४२७ बाट पुष्टि हुन्छ ।

मुकुन्द इन्दिरा नाटकमा सहभागी नजर गराएकोमा दरबार हाईस्कुलका लडकाहरूलाई नानी श्री मेजर जनरल मृगेन्द्र शम्सेर जङ्गबहादुर राणाका तजवीजले पुरस्कार बाडी दिने गरी २०००।- दीन' भन्ने कौसीका नाउँमा ९५ साल भाद्र २५ मा सनद भै सकेको हुनाले सो नाटकमा अंग्रेजी ड्रामा गर्ने कलेजका लडकाहरूलाई श्री मे.ज. मृगेन्द्र ज.व.रा. का तजवीजले बाडी दीना निमित्त मोरु

*साहित्यकार/ अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१०००।- एक हजार बक्स बक्सेको छ । नीज वानीले तीन पठाएका मानिसहरूले स्रेस्तामा खर्च लेखी दिने काम गर सम्वत १९५ साल आश्विन २१ गते ६ रोज शुभम्------

जुद्ध सडक टाउन हलमा मुकुन्द इन्दिरा नाटक नजर गरी बक्सदा सो नाटकका लडकाहरूलाई वाडी वक्सेको भर्ना निमित्त मोहरू २५०।- दुई सय पचास सिंहदरवार नगदी तहसीलमा थीर सुब्बा सानु लाल प्रधान हस्ते स्रेस्तामा खर्च लेखी दीने काम गर इति सम्वत् १९९५ साल आश्विन २१ गते रोज ६

प्रल्हाद नाटक खेल नजर गराए बापत् तपसीलको मानिसलाई तपसील बमोजिम मोरु ७५०।- सात सय पचास रूपैया बक्स बक्सेको छ निजहरूले लिन पाएका मानिसहरूले स्रेस्तामा खर्च लेखी दिने काम गर

तपसील

मेजर कपतान बालकृष्ण शम्सेर जङ्ग बहादुर राणा के मोरु पच सय ५००।-

जीतेन्द्र बहादुर शाह के मोरु दुई सये पचास २५०।-

जम्मा- ७५०।-

इति सम्वत् १९९२ साल आश्वीन गते २६ रोज ४

'ध्रुव' नाटक खेल हामिबाट नजर गरी बक्सदा सो खेलका जवानहरूलाई बक्स बक्सेको मोरु ५००।- पाच सये गोरखापत्र ड्रामा खानाका पंडीत केशव डिल्लीबजार हस्ते स्रेस्तामा खर्च लेखी दिने काम गर इति सम्वत् १९९६ साल आश्वीन ३० गते रोज २

'प्रल्हाद' नाटक खेल नजर गरी बक्सदा सो नाटकमा खेल गर्नेहरूलाई नानी मेजर जनरल मृगेन्द्र सम्सेर जङ्ग बहादुर राणाका तजवीजले बाडी दीने गरी बक्स बक्सेको मोहरू १५००।- पन्ध्र सय निज नानीले लिन पठाएका मानिस हस्ते स्रेस्तामा खर्च लेखी दिने काम गर इति सम्वत् १९९५ साल आश्वीन २६ गते रोज ५

नर्सिङ भगतको नाच पटक पटक सिंहदरवारमा नचाए बापत सो नाचको नाचका मानिसहरूलाई बक्स बक्सेको मोहरू १४००।- चौध सय बक्सेको छ सो नाचका मानिसहरूलाई बाडी दिन क. गोपी सम्सेर जङ्ग बहादुर राणा हस्ते अैं सवालको रीत पुऱ्याई खर्च लेखी दिने काम गर । इति सम्वत् १९९९ साल आश्वीन ६ गते रोज३

यो अनुसन्धान परक लेष रामशाह पथ स्थित राष्ट्रिय अभिलेखालयमा संरक्षित राणा शासन कालीन कुमारी चोकका अभिलेखहरू अध्ययन अनुसन्धान गर्ने क्रममा केही लेख भेटिएका साहित्य सम्वन्धी लेखोट हो । तत्कालीन नेपालका जहानियाँ शासक श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणाको शासन कालको अन्त्य तिरका केही अभिलेखहरू पाइयो । ति अभिलेखहरू मध्ये थिए नेपाली नाट्य संगीत तर्फ विशिष्ट योगदान दिए बापत् नगद इनाम दिएको केही तथ्य लेखोट थियो ।

नेपालमा आदि काल देखी नै राजा महाराजा शासकहरू आफूलाई रिझाए बापत् आफ्ना सेवक, प्रजा रैति, जनता भारदारहरूलाई समाजको विविध क्षेत्रमा विशिष्ट योगदान पुऱ्याए बापत् विशिष्ट कार्यको प्रशंसा गर्दै उपहार नगद बक्स, पुरस्कार, मान सम्मान पदोन्नति नगद इनाम गर्ने परम्परा चलि आएको पाइन्छ । त्यसैलाई निन्तरता दिएको पाइन्छ ।

नेपालको इतिहास मै कडा भन्दा कडा मानिएको जहानियाँ राणा शासन कालको अन्त्य तिर नेपाली भाषा साहित्य कला नाट्य संगीतको क्षेत्रमा पनि उदाहरणीय कार्य गर्नेहरूलाई नगद तथा जिन्सीद्वारा मान सम्मान नगद वक्स गर्ने इनाम गर्ने दिने गरेको पाइन्छ ।

यसै क्रममा तत्कालीन नेपालका श्री ३ महाराज जुद्ध शम्सेर जङ्ग बहादुर राणाको शासन कालमा नेपाली वाङ्मय क्षेत्रका विशिष्ट व्यक्तित्व मेजर कप्तान बालकृष्ण शमसेर जङ्ग बहादुर राणा (वि.सं. २००७ साल पछि बालकृष्ण सम) द्वारा लिखित निर्देशित, अभिनित नेपाली नाटक प्रल्हाद, मुकुन्द इन्दिरा र ध्रुव नाटकका लेखक, निर्देशक, कलाकारहरूलाई श्री ३ महाराजबाट नगद वक्स गरी इनाम दिएका थिए । त्यसैगरी नर्सिङ भगतको नाच पटक पटक सिंहदरवारमा नचाए बापत् सो नाचको नाचका मानिसहरूलाई नगद वक्स इनाम दिएका थिए ।

सन्दर्भ सामग्री

१. नेपाली वृहत शव्दकोश- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान - २०४०

२. सम्वत १९९५ सालको कुमारी चोक अडाको पोका नं. १५/२२७ मु.नं. ५६८
पेज १९९/ऐजन मु.नं. ५६७

३. सम्वत १९९५ सालको कुमारी चोक अडाको पोका नं. १६(क) १६/२२८/मु.नं. ६७५/पेज२२१, मु.नं. ६८४/ पेज २२२, मु.नं. ६७०/ पेज २१, मु.नं. ४२७ पेज ९९
परिशिष्ट

४. स्रोत - राष्ट्रिय अभिलेखालय रामशाहपथ, काठमाडौं, नेपाल ❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.







CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

"वित्तलस् किराले असर गरेका तिब्बतीयन ग्रन्थहरूको मर्मत संरक्षण"

– गृहमान सिंह*

१. परिचयः

नेपालको राष्ट्रिय अभिलेखालयमा 708 वर्गफुट ओगटेको कोठामा तिब्बती शाखा रहेको छ । यसमा 26 वटा स्टील अभिलेख च्याकमा लगभग 1100-1200 तिव्वतीयन ग्रन्थका पोकाहरू सङ्कलन गरि राखिएका छन् । यसलाई भोटे शाखाको रूपमा पनि लिन सकिन्छ । यसलाई विभिन्न रङ्ग (रातो, सेतो, पहिलो, कलेजी, निलो र अन्य) कपडाले बाँधी राखिएका छन् । ग्रन्थका कागजहरू अवलोकन गर्दा हाते सेतो कागज, निल पत्र र मेसिनले बनाएका कागजमा सुनौला, चाँदी, कालो र रातो मसिले लेखिएको देखिन्छ । कुनै कुनै ब्लक प्रिन्ट मुद्रित पनि देखिन्छ । यस बाहेक अति सुन्दर विभिन्न रंगले चित्रण गरिएका बुद्ध र अन्य चित्रहरू देखिन्छ । कुनै कुनै ग्रन्थलाई काठको गाता भित्र बाँधि राखिएको देखिन्छ । यी ग्रन्थहरूमा Cellulose organic compound बाट बनेको हुँदा किराले छिटै खाने हुन्छ । यसैले ग्रन्थहरू प्वाल प्वाल पारी जाली जस्तो बनाईएको देखिन्छ । यस्तो अवस्थामा पानाहरू छुट्टाई पढ्न, प्रतिलिपि फोटे लिन र माइक्रो फिल्म गर्न कठिनाई हुन्छ । यस किसिमका ग्रन्थहरू राष्ट्रिय दृष्टिकोणबाट महत्त्वपूर्ण र दुर्लभ पनि हुन्छ । यसैले यसलाई उचित तरिकाबाट मर्मत गरी संरक्षण गर्न अति आवश्यक हुन्छ ।

२. कागज र मसिको परिकार र परिक्षणः

ग्रन्थहरू संरक्षणको क्रममा कागजहरू अवलोकन गर्दा निम्न किसिमका कागजहरू प्रयोग गरेको देखिन्छ । हातले बनाएको तीन चार पत्रहरू एउटै बनाएको देखिन्छ । कुनै कुनै मेसिनबाट बनाएको कागज पनि देखिन्छ । कागजको मोटाई परीक्षण गर्दा 0.10 देखि 0.40 एम एम सम्म देखियो । कागजको रसायन परीक्षण गर्दा PH 7-8 र Lignine देखिएन । यसले गर्दा कागज बलियो नै देखिन्छ । (5)

मसि अवलोकन गर्दा कालो र रातो देखिन्छ । कुनै कुनै मसि पानीमा घुलनशील देखिदैन । कुनै कुनै मसि पानीमा घुलनशील देखियो । थोरै घुलनशील भएको मसि रहेको ग्रन्थमा 1-2% Poly Vinyl acetate लगाई मसिलाई पानीमा अघुलन बनाईयो ।

३. ग्रन्थको भौतिक अवस्थाः

ग्रन्थ अवलोकन गर्दा ग्रन्थ अतिनै जीर्ण अवस्थामा देखिन्छ । यस किसिमको ग्रन्थ अध्ययन गर्न प्रतिलिपी लिन, फोटो खिच्न, माइक्रोफिल्म गर्न, स्क्यानिङ गर्न र अनुसन्धानकर्तालाई अध्ययन गर्न दिन पनि अति कठिनाई हुन्छ । प्रत्येक पानाका पत्रहरू जालि जालि भएको अवस्था देखिन्छ । ग्रन्थको पत्रको कुनै कुनै भाग च्यातिएर गएको देखिन्छ ।

उरगेन गुरू पदम् ध्याङ्ने ल. नं. 655 को ग्रन्थ अवलोकन गर्दा निम्न अवस्था देखिन्छ ।

---

*वरिष्ठ रसायनविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

- पाना पत्र संख्या 544
- साईज 53x13 सेमि^{2} (21X "5")
- कालो अक्षार पानीमा अघुलनशील देखिन्छ ।
- अगाडी पछाडी निलो छाप भएको देखिन्छ ।
- एउटा पत्रमा दुई तीन पत्रे हाते कागज देखिन्छ ।
- कोरा कपडाले वेरिएर राखीएको देखिन्छ ।
- वित्तलस् किराले असर गरेर जाली जाली बनाएको देखिन्छ । (फोटो चित्र नं. (1) (3) (5)
- अगाडी पछाडीको पानामा अति सुन्दर दुई सानो सानो चित्रहरू भएको देखिन्छ । फोटो चित्र नं. (7)
- उक्त पाना तीन तह भएकोलाई विशेष तरिकाबाट कागजले सिलाएको देखिन्छ ।फोटो चित्र नं. (5)

४. वित्तलस् किरा:

ग्रन्थमा लाग्ने किरा बारे अध्ययन गर्दा एउटा Anobium Species को वर्गमा पर्ने गर्दछ । यो Anobiidae को परिवारमा पर्दछ (8)। यसको अण्डाको आकार 3 एम एम जति लामो गाडा खैरो रंगको हुन्छ । यसको टाउको माथीबाट राम्रोसँग देखिदैन । मुख करौती जस्तो हुन्छ । यसले कागजलाई सजिलैसँग काट्ने गर्दछ । सेलुलोज भएको पदार्थ कागजमा भएको हुँदा किराले खाने गर्दछ (4) (6)। यसको खाने कुरा क्रममा नेपाली हाते कागज, मेसिनले वनाएको कागज, कटन कपडा, मलमल र सिल्क अध्ययन गर्दा नेपाली हाते कागजमा छिटै खाने र कटन कपडामा ढिलो खाने देखिन्छ (3)।

यो किरा एक ठाउँबाट अर्को ठाउँमा उडेर जान्छ । यसले Spindle आकारको अण्डा गर्मी समाप्त भएपछि पार्छ यो ग्रन्थ सार्दा हावाले एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याइ दिन्छ । जाडोको अन्ततिर अण्डाबाट लार्भा Larva निस्कन्छ । यो चामलको दानामा झुस झुस भएको हुन्छ । यो अवस्थामा कागजको Cellulose खाएर वस्दछ । यसपछि Pupa जाडोको अन्तपछि Summer मा Adult अवस्थामा किराको रूपमा निस्कने कार्य गर्दछ । यसरी नै यसको जीवन चक्र चलिरहन्छ ।

५. ग्रन्थको संरक्षण:

वित्तलसले असर पारेको ग्रन्थ संरक्षण विवरण तैयार गरि सकेपछि Para Dichloro Benzene बाट Fumigation Chamber भित्र राखी दिनको 2 घन्टा बत्ती बाली 15 दिनसम्म विधिपूर्वक Fumigation गरिन्छ (2)। यसमा भएको किरा, फुल र धुलोलाई नरम ब्रसले सफा गरिन्छ ।

जाली जस्तो कमजोर पत्रलाई बलियो बनाउनको लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ ।

१. ग्रन्थ पत्रलाई विचमा राखी तलमाथीबाट Archibond tissue राखी तातो गर्ने ।

२. ग्रन्थ पत्रलाई बिचमा राखी तलमाथीबाट Chromton tissue राखी तातो गर्ने।

३. ग्रन्थपत्रलाई विचमा राखी तलमाथीबाट Cellulose acetate foil र 2-3 ग्रामको Japanese tissues paper राखी Acetone लेपन गरी मिलाउने ।

४. Encapsulation को विधिबाट ग्रन्थ पत्रलाई संरक्षाण गर्ने ।

५. ग्रन्थपत्रलाई बिचमा राखी तलमाथीबाट 2-3 ग्रामको नेपाली हाते कागज र 2-3% carboxy methyl cellulose मा Thymol को माड लगाई मर्मत गरी संरक्षाण गर्ने ।

किराले जाली जाली पारी दिएको ग्रन्थका पत्रहरूलाई यी 5 वटा विधि मध्ये अन्तिम विधि नंम्वर (5) हाम्रो नेपालको लागि उपयुक्त हुन्छ । यस किसिमको विधि अन्य ठाउँमा (मलेसिया र अन्य) पनि प्रयोग गरेको देखिन्छ । त्यस ठाउँमा खास गरिकन 2-3 ग्रामको Japanese हाते कागज प्रयोग गरेको देखिन्छ । यस किसिमको पातलो कागज नेपालमा उत्पादन हुने हुँदा यो विधि प्रयोग गर्न उपयुक्त हुन्छ । उक्त कागजलाई ग्रन्थमा निम्न अनुसार प्रयोग गरि संरक्षाण गरिन्छ:

- Poly Acrylic Sheet मा उमालेको पानीमा Formaldehyde राखी सफा गर्ने ।
- आवश्यकता अनुसार पातलो 2-3 ग्रामको नेपाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हाते कागज विछ्याउने ।

- Formaldehyde पानीले भिजाउने ।
- 2-3% Carboxy methyl cellulose र Thymol को माड लगाउने (1)।
- त्यसमाथि वित्तलसको किराले प्वाल पारेको ग्रन्थको पाना राख्ने।
- त्यसमाथि 2-3% Carboxy methyl cellulose र Thymol को माड लगाउने ।
- त्यसमाथि पुनः 2-3 ग्रामको नेपाली हाते कागज राख्ने ।
- कोठाको तापक्रम सुकाउने ।
- आवश्यकता अनुसार चारै तिर धारिलो चक्कुले साइजअनुसार काट्ने र मिलाउने ।

यसप्रकार वित्तलसले प्वाल पारी जाली जाली बनाएको ग्रन्थको पत्रलाई मर्मत गरि संरक्षण गरिन्छ फोटो चित्र नं. (2) (4) । ग्रन्थको अगाडिको र अन्तिम पत्रमा किराले प्वाल पारेको चित्र भएको पत्रलाई कागजले सिलाएको पत्रलाई फुकाई पछाडीबाट आवश्यकता अनुसारको हाते कागजको Support दिई पहिलाको अवस्थामा नै कागजले सिलाई संरक्षण गरियो फोटो चित्र नं. (6) ।

६. उपसंहारः

नेपालको राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा रहेको केही हस्तलिखित ग्रन्थहरू वित्तलस् किराले असर गरी प्वाल प्वाल पारी जाली जस्तो बनाईएको देखिन्छ। यसलाई पढ्न, अध्ययन गर्न, प्रतिलिपी उतार्न कठिनाई देखिन्छ । यस किसिमको कागज, मसिको परीक्षण र किराबारे र ग्रन्थको अवस्थाबारे अध्ययन गरियो । यसको मर्मत संरक्षण गर्ने ५ वटा विभिन्न विधि मध्ये अन्तिम ५ नम्वरको विधि 2-3 ग्रामको नेपाली हाते कागज, Carboxy Methyl Cellulose मा Thymol को माड प्रयोग गरी संरक्षण मर्मत गर्ने उपयुक्त भएको हुँदा यसै अनुसार वित्तलस् किराले जीर्ण गरेका तिव्वतीयन ग्रन्थका पत्रहरू संरक्षण गरियो ।

सन्दर्भ सामाग्रीहरू

1. Agrawal O.P & Mandana Barkeshli "Conservation of Books, manuscripts and paper documents", INTACH Page, 41, 296 (1997)
2. Bhargava K.D. "Repair and Preservation of Record" Indian Archives, India. Page, 8 (1967)
3. Shakya Shubha Ratna. "Studies on the effect of food on the Development Lasioderma Serricorne (Beetles Insect) and Nature of Damage done on paper manuscripts at the national Archives" (1985)
4. Singh, G.M. "Study on Preservation of Infected Book by Anobium sps" Conservation of cultural property of Indian, Association for the study of Conservation of cultural Property. New Delhi Vol. xvi. & Xvii Page, 144 (1983-1984).
5. Singh G. M. "Archival Documents and its Conservation and Restoration" Ancient Nepal Journal of the Department of Archaeology. Vol 144, page, 20 (2000)
6. Singh, G.M. Conservation of Neel Patra Granthas, Abhilekha page, 98-102 Vol 19 -2058 B.S., The National Archives of Nepal.
7. Singh G.M. "राष्ट्रिय अभिलेखालयका तिब्बीयन ग्रन्थहरूको संरक्षण" अभिलेख, पेज 81-86 वर्ष 30 (2069 वि.सं) राष्ट्रिय अभिलेखालय नेपाल ।
8. Unesco "The Conservation of Cultural Property" page, 65 (1968)

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिब्तीयन ग्रन्थमा वित्तलस् किराले असर गरेको फोटो चित्र संरक्षण अघि संरक्षण पछि



फोटो नं. १ वित्तलस् किराले खाएको ग्रन्थ संरक्षण अघि



फोटो नं. २ वित्तलस् किराले खाएको ग्रन्थ संरक्षण पछि



फोटो नं. ३ वित्तलस् किराले खाएको ग्रन्थपत्र संरक्षण अघि



फोटो नं. ४ वित्तलस किराले खाएको ग्रन्थपत्र संरक्षण पछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



फोटो नं. ५ वित्तलस् किराले खाएको ग्रन्थ अगाडीको पत्र संरक्षण अघि

फोटो नं. ६ वित्तलस् किराले खाएको ग्रन्थ अगाडीको पत्र संरक्षण पछि

फोटो नं. ७ ग्रन्थको अगाडीको पत्रको दायाँ वायाँमा भएको सानो रङ्गिन चित्र - २ संरक्षण पछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेवार, पाल्पामा नेवारहरूको आगमन र पञ्च सना:गुठी

– निर्मल श्रेष्ठ*

आफ्नै मौलिक भाषा, मौलिक संस्कृति, मौलिक रीति-रिवाज र आफ्नै रहनसहनमा रमाएका मन्दिरका टुँडालमा, डाँफा भजनमा, हटियामा, बेलविवाह(ईही)मा, धिमे बाजाको नादमा अनि जात्रा पर्वमा भेटिने यी नेवारहरू मेहनति, जाँगरिला, मिजासिला र ठिक्कको कद, सदा हसिलो देखिने यी नेवारहरू जाति मात्र नभई, संस्कृति हो । काठमाडौं खाल्डो परापूर्वकालदेखि मेल्टिङ पटको रूपमा रहेको छ । बाहिरबाट यहाँ जो जो आए, तिनीहरू यहाँको रीति-रिवाज, रहनसहन, संस्कार र संस्कृतिलाई अपनाउँदै यहाँ कै बासिन्दाको रूपमा आफू परिचित हुँदै आए । मिथिलाबाट आएका ब्राह्मणहरू राजोपाध्यायको रूपमा, भारतको समतल भू-भाग पावाबाट आएका क्षत्रियहरू मल्लको रूपमा, मिश्र, जोशी जस्तै योगी, धोबी र झा आदि पनि नेवार जातिको रूपमा परिचित हुन् पुगे (Acharya, 2002:14) । नेवारहरू काठमाडौं उपत्यकाको विभिन्न ऐतिहासिक बस्ति लगायत वरपरका अन्य ईलाकाहरूमा प्राचीनकालदेखि नै बसोबास गर्दै आएका जाति हुन् । हुनत: अचेल कामका सिलसिलामा होस वा व्यापार व्यवसायका सिलसिलामा होस नेवारहरू नेपालका विभिन्न ठाउँहरूमा फिजिएर रही बसी आएका छन् । आधुनिककालको प्रारम्भसँगै 'नेवार' भन्ने चलन व्यापक रूपमा चल्न थालेको थियो । काठमाडौं खाल्डो बाहिरका मानिसहरूले तत्कालीन उपत्यकाबासीहरूलाई नेवार भन्ने गर्दथे । राज्यविस्तार अभियान पश्चात उपत्यकाको जाति तथा व्यक्तिका समूहलाई मात्र नभई यहाँका सामुहिक संस्कृतिलाई परम्परादेखि अपनाउँदै आएका जातजातिहरूको सिंगो समुदायलाई 'नेवार' भन्न थालियो ।

*स्वतन्त्र अनुसन्धानकर्ता

नेवारहरू को हुन् ? भन्ने सन्दर्भ प्राचीनकालदेखि जोडिदै आएको छ । खास गरेर पहेलो वर्ण र आँखा चिप्रो भएको पालियो-मंगोलियन जातिका यी जाति शताब्दीयौं पछि इण्डियन/निग्रोओइड्का लक्षणलाई अगाल्दै गएपछि पहाडमा बसोबास गर्ने जातिभन्दा समतल भू-भागमा बसोबास गर्ने जातिसँग नजिक हुँदै गएको देखिन्छ (Cameron, 1987:233) । नेवार जाति एउटा प्राचीन जाति हो । साँस्कृतिक रूपले धनि, यी नेवारहरको साँस्कृतिक-गन्तव्यका यात्रीको रूपमा परिचित छन् । नेवारहरू नेपालका पुराना बासिन्दा मात्र नभएर भारतमा पनि पहिलेदेखि नै रहीबसी आएका जातिहरूमध्ये पर्दछन् । नेवारहरू काठमाडौं खाल्डोमा कहिलदेखि बसोबास गर्दै आएका हुन ? भन्ने सवालमा जटिलता देखिन्छ । धेरै जसो उच्च जातिका नेवार हिन्दुहरूले आफ्नो सम्बन्ध भारतीय विचारसँग जोड्ने गरेका पाइन्छ भने केही नेवारहरूले आफूलाई उत्तरपूर्वबाट आएका हौं भन्ने गर्दछन् । हिन्दु नेवारहरूले आफू भारतको "नायर"भन्ने ठाउँ, हालको केरेलाबाट आएको भन्छन् । ती नेवारहरूले तिब्बेटो-बर्मिज् समुहका नेवारभन्दा आफूलाई उच्च जातको भनि भन्ने गर्दछन् । तिब्बेटो-बर्मिज् समुहका नेवारहरू खास गरेर बौद्धमार्गी हुन् तर तिनीहरू नेवार हिन्दु शासकहरूको शासनकालमा हिन्दुकरण भएको थियो । "नायर-विचार" मा विश्वास राख्ने नेवारहरूले आफ्नो जातिको नामाकरण 'नायर'बाट भएको मान्दछन् । तर जातिको नामाकरणको सम्बन्धमा अरु विचारमा सहमति राख्नेहरूले उक्त कुरामा विश्वास राख्दैनन् । तिनीहरूले नेवारहरू उत्तरतिरबाट आएका हुन् भन्ने मान्यता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राख्दछन् । नेवारहरूले बोल्ने नेवारी भाषाको उद्गम तिब्बेटो-बर्मिज् भाषा समुहका भएकोले नेवारहरू उत्तरतिरबाट आएको भन्ने मान्यता रहेको छ । तर नेवारी भाषाको ठूलो प्रतिशत संस्कृत भाषाबाट प्रभावित हुनुका साथै पुरानो नेवारी लिपि तिब्बेटियनभन्दा प्राचीन उत्तर भारतको "कुटिला लिपि" समुहसित नजिक रहेको छ (Haaland,1982: 15) । यस कुराले छलफलको विषय बनाएको छ साथै यस बहसले निरन्तरता पनि पाई रहेको छ । यति हुँदा हुँदै पनि नेवारहरू काठमाडौं खाल्डोका रैथाने हुन भन्ने कुराले बलियोसँग टेकेको छ । 'नेवार' शब्द 'नेपाल' शब्द कै पर्यायवाची शब्दको रूपमा विकसित भएको देखिन्छ । सत्रौं शताब्दीभन्दा पहिलेका लिखतहरूमा 'नेवार' शब्द लेखिएको पाइदैन् । अठारौं शताब्दीमा नेपाल आएका युरोपीयनहरूले नेपाल सम्बन्धि विवरणमा मात्र 'नेवार' शब्द प्रयोग गरेको पाइन्छ र यिनीहरूले बोल्ने भाषालाई 'नेपाल भाषा' भनिएको छ । नेवारहरूलाई 'नेवा', 'नेभाल' जस्ता पर्यायवाची शब्दको रूपमा प्राचीन साहित्यमा उल्लेख गरिएको पाइन्छ । नेवारीमा 'र' तथा 'ल' को उच्चारण स्पष्ट नहुने यी दुई वर्णपरम्परामा एक-अर्काको सट्टामा प्रयोग हुने हुनाले 'नेवार', 'नेपाल', नेभाल-नेपाल-नेपा आदि प्रयोग भएको देखिन्छ । यसले 'नेवार' भन्नाले नेपाल (उपत्यका) निवासी भन्ने बोध हुन्छ । यसरी भाषिक व्युत्पत्ति बाहेक नेवार जातिको रक्तसमूहका आधारमा वैज्ञानिक अध्ययन भएको भने पाइदैन (आचार्य,२०५४:६३) । शक सम्बत ८११ मा कर्नाटवंशी नान्यदेवले नेपाल उपत्यकामा आनन्दमल्लले राज्य गरी राखेको समयमा आक्रमण गर्दा मल्लावार जिल्लाका नायरहरू पनि सँगै आएका थिए र यिनीहरू नै पछि नेवार भई स्थानीय जातिसँग घुमिल गरी बसोबास गरेका हुन भन्ने गरिन्छ (श्रेष्ठ,२०७३:१७) ।

हाम्रो देश नेपाल विभिन्न भाषाभाषि, धर्म संस्कृति, जातजातिहरूले भरिएको देश हो । यो विशाल हृदय भएका माझमा नेपालमा पूर्वकालदेखि हिन्दुधर्मावलम्बीहरू रही बसी आएका छन् । यिनीहरू बीच अतुलनीय मेलमिलाप देखिन्छ । यही भावभूमिमा एउटा मजवुत भाषा र संस्कृति विकास हुन गयो । नेवार जातिका विभिन्न भाषा र संस्कृतिले नेपाल उपत्यका इन्द्रधनुषिय साँस्कृतिक केन्द्रको रूपमा विकास हुन गयो । जून भाषा र संस्कृतिलाई अपनाउनेहरू सबै 'नेवार' कहलिए । नेवार जाति एक प्राचीन जाति भएकोले काठमाडौं खाल्डोमा बसोबास गर्दै आएका नेवारहरू प्राचीनकालदेखि आधुनिककालसम्म व्यापार व्यवसायका लागि प्रख्यात जातिको रूपमा परिचित हुँदै आउका छन् । यी रैथाने नेवार जातिले कुशल व्यापारीको रूपमा आफ्नो पहिचान दिएका छन् । यी जाति व्यापारको सिलसिलामा मुलुकका विभिन्न हटिया, गाऊँ, बजार र नगरहरू साथै व्यापारिक बस्तिहरूमा फैलिन पुगेका छन् । यस परिदृश्यलाई फर्केर हेर्दा नेवार जाति एक भ्रमणशील जाति जस्तो देखिन्छ । यसले पनि नेवार जातिको मुख्य पेशा, व्यापार भएको देखिन्छ । तर जनसंख्याको आकडालाई निँयाल्दा नेवार समुदाय भित्र केही खास खास कैरनका नेवारहरूले मात्र व्यापार व्यवसायलाई आफ्नो मुख्य पेशाको रूपमा अपनाएको पाइन्छ ।

'नेवार' नामले जति व्यापक जातिसमूहबाट चिनिन्छ, नेपालका अन्य कुनै एक जातिसमूहसँग यी जाति नजिक भएको देखिदैन् । अरु जातिको शारीरिक बनौटभन्दा नेवार जातिको शारीरिक बनोट फरक देखिन्छ । यो विशाल समूह भित्र अनेक पृथक शारीरिक लक्षाण र साँस्कृतिक विशेषता भएका पृथकताको बीच एकता भएको जाति हो । मौलिक भाषा र बृहत मौलिक साँस्कृतिक विशेषताले नै विविधतायुक्त समाजलाई फरक ढङ्गले 'नेवार' भनेर चिनिन्छ । मल्लकालदेखि नेवारहरू काठमाडौं खाल्डोबाट बाहिर बसाइँ सरेको पाइन्छ । नेपाल संवत् ७८३ मा प्रताप मल्लको पालामा शत्रुद्वारा भक्तपुरलाई चारैतिरबाट घेरी नाकाबन्दी गरी दिएपछि भक्तपुरबासीले खाना खान नपाई बहुतै दुःख पाई धेरै मानिस मरे । सहरबासी खान नपाई सिङ्गार गर्न समर्थ नभई स्त्रीहरू कोही गर्भाधान भएनन् । मर्ने सिवाय जन्मने कोही भएनन् । कोही मानिस राती सहर छोडी जीउको माया मारी परदेश भागी गएका थिए (लम्साल,२०२३:६७,६८) । यसैगरी नेपाल संवत् ८३९ चैत्र महिनामा नेपाल खाल्डोमा महामारी फैलिन गई दिनमा सय/दुईसय मर्दाको भयले प्रजा त्राहि त्राहि भई सहर छोडी भागी गएका थिए (लम्साल,२०२३:१०२,१०३) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसरी रोग व्याध, बाहिरी आक्रमण, अनिकाल जस्ता विषम परिस्थितिले नेवारहरू काठमाडौं खाल्डोबाट बाहिरिएको देखिन्छ भने रामशाहको पालामा काठमाडौं जस्तै गोर्खालाई पनि गुल्जार गर्ने उद्देश्य राखी तत्कालीन नेवार राजासँग केही नेवार परिवारलाई मागी गोर्खामा लगी नेवार जातिमा भएको टिपिकल कला कौशल र व्यापारिक सीपलाई गोर्खामा भित्राएको पाइन्छ (पाँडे, २०४४:१४१) । यसैगरी चौबिसेराज्य कास्कीमा पनि १७५२ तिर काठमाडौंको छाटको इँटको घर बनाउन र व्यापारको लागि नेवारलाई कास्कीमा लगिएको र त्यसपछि नेवारहरू पाल्पा बुटवलतिर फैलिएको देखिन्छ (Blaikie, 1980 : 124) । सुगौली सन्धिपछि नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पिरुङ्गिएपछि नागबेली पर्दै शैलश्रृखलालाई छिचोल्दै हानिएको मूलबाटो र सो बाटोसँगै दक्षिणतिरबाट उत्तरतिर जोडिएका कच्ची बाटको नाका नाकामा काष्ठकलाको बेजोड नमुनाहरू खामिएको पाटी, पौवा, ठाँटी बन्न थालेको थियो । ती पाटी, पौवा, ठाँटी बनाउन काठमाडौं खाल्डोका नेवार कालीगढहरूको ठूलो योगदान रहेको थियो । त्यहीँ समयदेखि नेवारहरू पहाडतिर बढी फिजिएन पुगेको थियो । साथै उन्नाइसौं शताब्दीको आधा आधितिर इन्ट्रो पट ट्रेडको रूपमा विकास भएको बुटवल र पहाडी सहरको रूपमा रहेको तानसेन, पोखरा जस्ता ठाउँमा व्यापारी र साना उद्योग गर्ने सिलसिलामा काठमाडौं खाल्डोबाट नेवारहरू पाल्पा आएका थिए (क्षेत्री, २०७२:६४) ।

पाल्पामा नेवारहरूको आगकन सेनकालदेखि नै भएको थियो । नेपाल संवत ६२२ तिर रत्न मल्लको पालामा कुकु नामका भोटे देवान आदि भोटेहरूले धेरै आई दु:ख दिँदा सेनराजाका गुरु तिरौहतिया चार ब्राह्मणलाई पाल्पाका सेन राजासँग सैनिक सहयोग लिन पठाइ भोटेहरूलाई मारेको उल्लेख छ (लम्साल, २०२३:५२)। यी प्रसंगले काठमाडौं खाल्डोका मल्लराजाहरू र पाल्पाका सेनराजाहरूको सम्बन्ध राम्रो भएको देखिन्छ । त्यतिबेलादेखि नै नेवारहरू व्यापार र निर्माण कार्यको सिलसिलामा पाल्पा आएको देखिन्छ । वि.सं. १८४४ मा महादत्तसेनले श्रीनगर शहर बसाल्दाको बेहोरामा उत्कीर्ण गरिएको शिलालेखमा, रिब्दीकोट गाउँपालिका वडा नं.४ माझटोल हटियाको वि.सं. १८६४ अंकित भीमसेन मन्दिरको घण्टमा र मिति फसली सन् १२११ (वि.सं. १८६०) मा पाल्पा सामाकोट टक्सारका विष्णु महाजन र बौझगरी महाजनलाई टक्सार चलाउनु भनि काठमाण्डौंबाट पृथ्वीपालसेनले लेखेको पत्रमा नेवारहरूको नाम उल्लेख छ (नाथ,२०२२:६०८) । यस सन्दर्भले पाल्पामा नेवारको बसोबास सेनकालदेखि रहेको देखिन्छ ।

काठमाडौ खाल्डोबाट व्यापार व्यवसाय, जागिरे सेवाको सिलसिलामा तथा शिल्पीकारको रूपमा पाल्पामा आएका नेवारहरूमध्ये तानसेनको टुनिखेलको मुख (भीमसेनटोल) देखि नारायणटोल, असनटोल, भगवतीटोल, गोपीटोल(बसन्तपुर टोल) र चुत्राभञ्ज्याङ्ग (कैलाशनगर)को मुलबाटोमा बसोबास गरी आएको साहु, सिंमाङ्गैडा, न्हायता, किसी, टग, सिषछे आदी कैरन भएका श्रेष्ठ थरका सजातिय श्रेष्ठ नेवारहरूले मर्दा पर्दा सहयोग हुने गरी 'पञ्च सना:गुठी' नामक सना:गुठी वि.सं. १९१६ सालभन्दा अघिदेखि नै गुठी व्यवस्था गरेको गुठी वन्देजको सवाल अभिलेखमा दखिन्छ । गुठीको अभिलेख उपलब्धताको आधारमा तानसेनमा रहेका विभिन्न गुठीहरूमध्ये यस 'पञ्च सना:गुठी' सबैभन्दा पुरानो देखिन्छ । यी नेवारहरूको आफ्नै मौलिक रीति-रिवाज, रहनसहन, संस्कार र संस्कृति छन् । त्यसमध्ये सना:गुठी पनि एउटा मौलिक संस्कार र संस्कृति हो । सना:गुठी मृत्यु-संस्कार-गुठी हो । दायित्व नभएमा अनाथ हुन्छ । दायित्व भएमा सनाथ हुन्छ । मरेका मानिसको संस्कार गर्न जानेलाई सनाथ भएर जाने भनिन्छ । सनाथको अपभ्रंश 'सनाथ' हुँदै 'सनाय' भएको देखिन्छ भने अहिले सनाथ/सनाय गुठीलाई 'सना:गुठी' मात्र भन्ने गर्दछन् (पौड्याल,२०४४:२०) ।

पाल्पा तानसेनमा रहेको 'पञ्च सना:गुठी'को वि.सं. १९१६ सालको गुठी बन्देजको सवाल मुठा र तमसुक समेत रहेको नेपाली कागजमा एकसय साठीवर्षदेखि साल दर साल लेखिँदै आएको ढड्डा करिब नौ इञ्च चौडा र बाह्र/तेह्र मिटर लम्वाइको रहेको छ । उक्त सवालको पहिलो सन्दर्भ नेपाल तीन सहर काठमाण्डौं, पाटन र भक्तपुरबाट केही पुस्ता बोडे थीमि शहरमा गई बस्दै आएको र तिनीहरू हाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाल्पा, तानसेन, बुटवलमा गृहस्ताश्रम गरी बसेको भन्ने उल्लेख छ । गुठी वन्देजको सवालमा गुठीको व्यवस्था कसरी भएको थियो भन्ने सन्दर्भ बत्तिस हरफमा यसरी समेटिएको छ :

१. स्वस्तिश्री नेपाल भर्तापुर ३ सहर बाट कही पुस्ता वोडेथीमि सहर रही हाल

२. पाल्पा तान्सेन बुटवल मा गृहस्ताश्रम गरीबस्या हामि तपसिल ब

३. मोजीमका मानिसहरूले सनागुठीका आम्दानी षर्चको काम साल्साल

४. को सबैका सम्वत्ले ठहराई थीतिको कागज गरी स्ही छाप गर्‍यौं येस

५. थितिमा जसले वीबन्देज गरौला विबन्देज गर्‍यैलाई वंन्देजमा रहने ४

६. नायो ले अदल गरेमा मंजुर हुन् माया मोलाहीजामा लागी कसुरमा

७. आफ्नु भनि दया र बेकसुरमा पराई जानी रिस्खीस् पछि जो लागौला

८. सो नादानी नापाक होला.....

तपसिल्

९. आम्दानी श्रदावाला हरूले गुठ प्रीति गरी राषेको ज्मामोर्हरु २८०

१०. १९१६ साल्मा भाजु देव न्हाताहाखसि नीजकि परीयार सहगा

११. मि हुदा राषेको सुनको सिक्री स्मेत्का टुकीचा जोर १ के वीक्री ७२

१२. १९१७ साल्मा भाजुवीर सिमांगैडाका जेठी परीयार मानु

१३. देवीका अंत अवस्थामा राषेको मुगाको मालासुनको ढुंग्रीके ८

१४ १९२१ साल्मा जसवीर तगले आफ्नु दम छदै अर्पन गरी राषेको

१५. मोहरू ५०

१६. १९२३ सालमा तहविल्दार हर्षनारानका जेठी परीयार गंगादेवीका

१७. अत्ये अवस्थामा राषेको सुनका औठी १ के वीक्री ले मोहरू १८

१८. १९२९ सालमा जीत्मान ज्मीदारका जेठी परीयारधीछिमिका अंत्य

१९. अवस्थामा राषेको मोहरू५

२०. १९३० सालमा सुब्बा दलबहादुर सिं सिमांगैडाका अंत्ये अवस्थामा

२१. राषेको सुन सुर साही १ को विक्रीले मोहरू २१

२२. १९३० सालमा सिंगवीर न्हाताहाले भाईदीया गै अरु सरह मल्हाम्

२३. जान माफपाउँ भंदा राषेको मोहरू फीर्ता ५०

२४. १९३३ सालमा सीन सुदी ३ रोज ४ मा संषनारायेन सिमांगैडा का अं

२५. त्ये अवस्थामा राषेको कंमपनी २० के विक्री मोहरू २५

२६. सालसाल् का जगेरा फुटकर मोर्रु ३१

२७. संम्वत् १९५३ साल फागुन वदी ६ रोज २ मा कुलबहादेर सिं सिमांगैडा

२८. का सोर्गे हुँदा घाटबाट ल्यायेको सुनका सेर साहस्छाप १ के वीक्री ३०।।

२९. १९५१ साल्मा आषाड सुदी ६ रोज १ मा जेठा नायो षड्ग नारान सोर्गे हुँदा

३०. पंचगुठीमा प्रीति गरेको मोहरू १५

३१. १९५३ साल फागुण वदी ६ रोज २ मा सो रूपैयाको सुद २७५ के दसौल ले ३२।।

ल्हापत् गुठीयार २० के/ले १।

३२. ५५ साल श्रावण वदी ५ रोज ६ मा आफ्नो जेठी हीरालक्ष्मीले गुठप्रीती गरेको रु १०

उक्त गुठी वन्देज सवालमा अघि भक्तपुर, तीन सहरमा बस्ने नेवारहरू व्यापार र जीविकाउपार्जनको सिलसिला वोडे र थिमीमा आई बसोबास गरेका थिए । केही समयपछि त्यस ठाउँदेखि गृहस्थाश्रम गर्ने सिलसिलामा ती नेवारहरू पाल्पा तानसेन र बुटवलमा आएको भन्ने उल्लेख छ । तिनीहरूले आफ्नो साथमा आफ्ना रीति-रिवाज, रहन सहन, कला संस्कृति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कार पनि साथमा लिएर आएका थिए । तिनै संस्कार र संस्कृतिको संम्वर्द्धन र जगेर्ना गर्ने उद्देश्य राखी उनीहरूले समुहको निर्माण भनौ सना:गुठीको व्यवस्था गरेका थिए । त्यसताका काठमाडौ.छोडि गएका यी नेवारहरू पाल्पा आउँदा अल्पमतमा हुनु स्वभाविक नै थियो । त्यसताका मर्दापर्दा सघाउन सजातियहरूको खाँचो पर्दथ्यो । सजातिका नै चाहिन्थ्यो । खास गरेर घाट जाँदा आफ्नै सजातियहरूले लास बोक्नु पर्दथ्यो । यस आवश्यकतालाई मनन गरी यी नेवार हरूले तानसेनमा सजातिय 'पञ्चसना:गुठी'को व्यवस्था गरेको देखिन्छ । गुठी स्थापना गर्दा आर्थिक पक्षको व्यवस्थाको बारेमा उक्त गुठ वन्देज सवालमा सती जाँदा निजले लगाएको सुनको गहना विक्रि गरी आएको रकम, अन्त्य समयमा श्रीलाई प्रिति गरी चढाइएको रकम एवम् मल्हाम जानु नपर्ने सुविधाको लागि चढाइएको रकमबाट कोष निर्माण गरिएको उल्लेख छ ।

यस सना:गुठीले आफ्नो गुठीयारहरूको घरमा मर्दापर्दा सहयोग गर्नुका साथै पितृहरूको स्मृतिमा प्रत्येक वर्ष जेष्ठ वदी नौमीका दिन पूजा गर्ने गर्दछन् । पाल्पा तानसेन गोपीटोल(बसन्तपुरटोल) मा अवस्थित गुनमानसिंह साहु र गुनवन्तसिंह साहुका सन्तान गोपीनारायण साहुले निर्माण गरेको भीमसेन, गणेश मन्दिरमा पूजा गर्ने प्रचलन रही आएको छ । यस पूजालाई 'श्री को पूजा' भनिन्छ । घण्टी, चन्दन खोरी। किकम्पा र किकम्पा जडित मुकुट सहितको दुईवटा कोत्मा पूजा सामग्री राखेर पूजामा लैजाने गर्दछन् । " सम्वत् १९२५ साल मिती आषाड शुदी ५ रोज ५ मा पंच सना गुठि श्री ७ नवदुर्गा पृति गरि श्री गुनवीरले चढायाको कोटो चन्दन षोरि २ कसैले लोभानी पापानी गऱ्या पंच माहापातक लागला शुभम्" उत्कीर्ण गरिएको कोटो एक थान र "श्री सम्वत् १९४० साल मीती आषाड वदि ५ रोज ७ मा धीर्ज जारां न्आताहाले पंच गुठीमा प्रीती गरि चढायाको कोत् १" उत्कीर्ण गरिएको अर्को कोत् गरी दुईवटा कोत् पनि पूजासँगै लैजाने गरिन्छ । दुईवटा कोत्को उपस्थितिलाई हेर्दा सो 'पञ्च सना:गुठी' वि.सं. १९४० सालमा विभाजन भई 'पुरानो गुठ' र 'नयाँ गुठ'को नामबाट वि.सं. २०६० सालसम्म चलिआएको थियो । पुरानो गुठले जेष्ठ वदी पञ्चमीमा र नयाँ गुठले जेष्ठ वदी नवमीमा श्रीको पूजा गर्दै आएकोमा युवाहरूको पहलमा वि.सं. २०६१ सालमा करिब एकसय एक्काईस वर्षपछि एकै भएका छन् । वि.सं. १९१६ सालदेखि प्रत्येक वर्ष गुठको सञ्चालन र श्रीको पूजा चार नायो(प्रमुख व्यक्ति) र पालेहरू(सदस्यहरू)बाट हुँदै आएको छ । जेठा, माहिला, साहिला र कान्छा नायोहरूको माताहतमा अरु पाले(सदस्य)हरूको कार्य विभाजन गुठी वन्देजको सवालमा व्यवस्था गरिएको छ । मर्दापर्दा होस वा गुठी पूजामा होस नायोहरूको मातहतमा कार्य गर्नु पर्ने तिथि बन्देजको सवाल प्रकृति रहेको अभिलेख छ ।

यस श्रीको पूजामा चार नाया र प्रत्येक पालेहरूले बडो आकर्षक र सुन्दर पूजा लिएर पालो पर्ने पालेको घरमा पूजा सामेल गराइन्छ । सबै गुठीयारको पूजा सामेल भई सकेपछि त्यसवर्षको पालो पर्ने पालेको घरको मुलपूजा र दुईवटा कोत्मध्ये चाँदीको मुकुट, घण्टी, चन्दन खोरी लगायत किक्मपा राखिएको पुरानो कोत् र अर्को पूजा सामग्री सहित किक्मपा किक्मपाको मुकुट राखिएको अर्को नयाँ कोत् सहित चार नायो र पालेहरूको पूजाको लर्को मन्दिरतिर लाग्ने प्रचलन छ । पूजाको स्तर यस्तो हुनु पर्छ भन्ने निति वन्देजमा उल्लेख हुने हुँदा गुठीयारहरूले लिएर आउने पूजामा एकरूपता देखिने गर्छ । कुनै कारणले त्यसवर्षको पूजा लिएर आउन नसक्ने पालेहरूले 'किस्ली' (चावल, हाँसको अण्डा र निश्चित रकम राखिएको सानो पूजा)ल्याउन सक्ने व्यवस्था गरिएको छ । श्रीको पूजामा बोका र हाँसको मात्र वली दिने गरिन्छ । अरु वली श्रीको पूजामा चढ्दैन् । कुनै गुठीयारको परिवार सदस्यको मृत्यु भएको खण्डमा सो पालेको घरबाट 'श्रीको पूजा'मा पितृको स्मृतिमा फिनी रोटी (पञ्जाबी/पत्रेराटी) चढाउने गर्दछन् भने पुत बढाई (खास गरेर छोरा जन्मदा), विहेको खुसियालीमा र आफू खुसी स्वइच्छाले रकम 'श्री'मा प्रिति गरी चढाउने प्रचलन पनि छ । अहिले रोशन फेरिएको छ, आफू खुसी भोज फर्माउने चलन थपिँदै गएको छ । पालेहरू निति बन्देजमा बसेनन् भने नायोको तजबिजमा बम्(दण्ड) लगाउने चलन हुनुका साथै मलाम गएन भने मलाम नजाने पालेलाई निश्चित रकम दण्ड लाग्ने तिथि बन्देज गुठी वन्देजको सवालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बाँधिएको छ । समयको अन्तरालसँगै यस बम्(दण्ड) को रकम कति लगाउने निर्क्यौल भएको पाइन्छ । पहिले पहिले बैकको व्यवस्था नहुँदा गुठीमा जम्मा भएको रकम गुठीयार भाईहरूका बीच व्यापार व्यवसाय गर्न वर्षको दश प्रतिशत व्याजमा लगानी गर्ने गरिन्थ्यो । हाल सहकारी, फाइनान्स र बैकको व्यापकताले गुठीमा जम्मा भएको रकम बैकमा जम्मा गर्ने गरिन्छ । सो जम्मा रकमबाट आएको व्याजको रकमबाट भोज खाने चलन थियो । यदि व्याजको रकमले भोजको खर्च रकम पुगेन भने प्रत्येक पालेहरूबाट दामासाहीले नपुग रकम ल्हाप(निशिचात रकम) उठाउने गरिन्छ । अहिले उठेको सबै रकम बैक दाखिला गर्ने गरिन्छ भने भोजको व्यवस्था त्यसवर्षको पाले स्वयम्ले गर्ने चलन बसेको छ ।

गुठीयार भाईको घरमा मर्दापर्दा, पितृ पूजामा देखिने सामुहिकता र गुठीयार भाईलाई व्यापार व्यवसायमा सघाउने सत्कार्य यस 'पञ्च सना:गुठी'ले वर्षौं होइन एकसय साठीवर्षदेखि गर्दै आएको छ । यस ' पञ्च सना:गुठी'ले तर्जुमा गरेको सामुहिकता, एकता साथै संस्कार र संस्कृतिको सम्वर्द्धन एवम् जगेर्नालि व्यक्ति, परिवारलाई मात्र होइन समाज र राष्ट्रको उत्थानमा पनि ठूलो भूमिका खेलेको छ ।

सन्दर्भ पुस्तकहरू :

आचार्य, बाबुराम, नेपालको साँस्कृतिक परम्परा, प्र. श्रीकृष्ण आचार्य, वि.सं. २०५४ ।

नाथ, योगी नरहरि, इतिहास प्रकाशमा सन्धिपत्रसङ्ग्रह, भाग १, प्र. दाङ्का आध्यात्मिक सम्मेलन, वि.सं. २०२२ ।

पाँडे, भीमबहादुर, त्यस बखतको नेपाल-राणाकालीन आखिरी तीन दशक, भाग १, प्र. लेखक स्वयम्, वि.सं. २०४४) ।

पौड्याल, दामोदर, समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका, प्र. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि.सं. २०४४ ।

लम्साल देवीप्रसाद, भाषा वंशावली द्वितीय भाग, प्र. नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३ ।

श्रेष्ठ, श्रद्धा, नेवार जातिको इहि संस्कार, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको शोधपत्र, वि.सं. २०७३ ।

क्षेत्री, उषा, बौद्धधर्म र पाल्पामा यसको विकास, त्रिभुवन विश्वविद्यालय बौद्ध अध्ययन केन्द्रीय विभाग अन्तर्गत बौद्ध अध्ययन विषयको स्नातकोत्तर तहको दशौं पत्रको व्रयोजनको लागि प्रस्तुत शोधपत्र, वि.सं. २०७२ ।

Acharya, Madhu Raman, Nepal Culture Shift !, pub. Adroit Publishers, Delhi,2002A.D.

Blaikie, Piers et.al., Nepal in Crisis, Growth and Stagnation at the Periphery, pub. Clarendon Press Oxford, 1980 A.D.

Cameron, Ian, Mountains Of The Gods, pub. Tine Books International, New Delhi, 1987 A.D.

Haaland, Ane., Bhaktapur-A Town Changing, pub. Jim Goodman and Rodney Simmonds. 1982 A.D.

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ऐतिहासिक ४ अप्रकाशित न्यायपत्र

- प्रकाश खड्का*

१. विषय परिचय

पर्वत जिल्ला फलेवास लिमीठानाका श्री भेषराज पाण्डे (जन्म वि.सं. २००५) बाट राणाराज्यकालका ४ वटा न्यायसम्बन्धी लिखतहरू प्राप्त भएका छन् । न्याय विषयका यी ४ पत्रहरू वि.सं. १९०५, वि.सं. १९१४ र वि.सं. १९१८ समयका छन् । १९०५ को पत्र कर्नेल खड्गबहादुर कुँवर[१] राणाबाट, वि.सं. १९१७ र १९१८ का पत्रहरू कमाण्डर जनरल बद्रीनरसिंह राणा[२]बाट जारी भएका छन् । वि.सं. १९१४ को पत्र जज् विष्णुप्रसाद पंडित[३]का नाममा प्रसारण भएको छ । उपर्युक्त सबैजसो लिखतहरू पाल्पा गौडाबाट प्रसारित भएको देखिन्छ । पत्रहरू जज् विष्णुप्रसाद र उनको परिवारका सदस्यका नाममा प्रसारण भएका छन् । वि.सं. १९१४ पूर्व नै विष्णुप्रसादले काठमाडौं छोडी पर्वत बस्न सुरु गरिसकेका थिए । तिर मूलपत्रका छायाँप्रति मात्र प्राप्त भएका हुँदा तिनको नापो उल्लेख गर्न सकिएको छैन । यस लेखमा लिखतका मूलपाठ सहित तत्कालीन समाजको अवस्थाका बारेमा सामान्य चित्रण गर्ने अभ्यास गरिएको छ ।

---

१ वि.सं. १९१० पौष ७ विहीबारका दिन लेखिएको ऐन किताबमा श्री मद्राज कुमार कुमारात्माज श्री प्राइमिनिष्टर यान् कमाण्डर इन चिफ जनरल जङ्गबहादुर राणादेखि १२ औं स्थानको मयार्दाक्रममा श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल खड्गबहादु कुँवरराणा रहेका छन् । कर्णेल खड्गबहादुरभन्दा १ स्थानमाथि अर्थात् ११ औं स्थानमा श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल जीतजङ्ग कुँवरराणा र १ स्थान तल अर्थात् १३ स्थानमा श्री मद्राज कुमार कुमारात्मज श्री कर्णेल कृष्णध्वज कुँवरराणाको नाम छ (मुलुकी ऐन, १९१०)।

२ वि.सं. १९१० पौष ७ विहीबारका दिन लेखिएको ऐन किताबमा श्री मद्राज कुमार कुमारात्मज श्री बद्रीनरसिंह कुँवरराणाको नामोल्लेख छैन (मुलुकी ऐन, १९१०)। मुलुकी ऐन १९१० को अभिलेख विवरण अघिनै बद्रिनरसिंह कुवरराणालाई राजद्रोहको मुद्दा लागिसकेको देखिन्छ ।

३ वि.सं. १९१० पौष ७ विहीबारका दिन लेखिएको ऐन किताबमा श्री मद्राज कुमार कुमारात्माज श्री प्राइमिनिष्टर यान् कमाण्डर इन चिफ जनरल जङ्गबहादुर राणादेखि ६९ औं स्थानमा वकिल सुब्बा विष्णु प्रसाद पंडितको नाम छ (मुलुकी ऐन, १९१०)। वि.सं. १९११ को षान्गी षान्याभर भारदार निजामत अभिलेख अनुसार श्री मद्राज कुमार कुमारात्माज श्री प्राइमिनिष्टर यान् कमाण्डर इन चिफ जनरल जङ्गबहादुर राणाको रु. ८३००० तलबमान छ भने श्री जज् विष्णुप्रसाद पण्डितज्यूको रु. ५००१ (अघिल्लो पंक्तिमा नाम भएका षजांची शिवप्रसाद अर्यालज्यूको सरोबर) रहेको व्यहोरा उल्लेख छ । षजांची शिवप्रसाद अर्याल र श्री जज् विष्णुप्रसाद पण्डितभन्दा कम षान्गी श्री गुरु पण्डित्राज श्री विजयराज पण्डितज्यूको रु. ४५०० छ (बेला बखतका कुरा पृष्ठ : ४९, श्रोत मोहन प्रसाद खनाल, उद्तांश)। यस लेखका स्रोतकार श्री भेषराज पाण्डेको टिपोट अनुसार विष्णुप्रसाद पण्डितका पूर्खा गौरीशंकर पण्डित गोर्खाका राज नरभूपाल शाहका गुरु थिए । विष्णुप्रसादका पिता कुलप्रसाद पण्डित, पितामह नारायण प्रसाद पण्डित, प्रपितामह जगन्निवास पण्डित र बृद्ध प्रपितामह गौरीश्वर पण्डित हुन् । विष्णु प्रसाद र उनकी ब्राह्मणी खगेश्वरीबाट ४ छोरा भाई छोरा भए । जेठा लक्ष्मीदत्त काजी, माहिला नाराणदत्त जज्, साहिला कृष्णराज सर्दार र कान्छा हितराज कप्तान भए ।

---

*पुरातत्व अधिकृत, पुरातत्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२. मूलपाठ

न्यायपत्र १ संख्या

राज

१

स्वस्ति श्री मद्राजकुमारकुमारात्मज श्री कर्णेल खड्गवाहादूर कुंवरराणाजीकस्यपत्रम्

१. आगे पाल्पा वाग्लुङ् पोषरा अडा अडामा रहन्या. डिठा विचारीहरूके यथोचित्. उप्रा-

२. न्त. श्री नारायणदत्त पण्डितज्यूका छाप. लिमिठाना दुग्तान भरमा -१- अंक पंचषत्

३. वाहेक् अमालीले षान्या मर्ममिला फर्किन्या दी नसुंनु. छापैबाट अमाल गर्नु. छाप-

४. का करीयालाई -१- काज. जंगी षजाना वाहेक. अफ शरान लाठनु भंन्या वन्दोवस्त ग-

५. रि दीञौं. इति सम्वत् १९०५ साल मिति फाल्गुण वदी १२ रोज २ शुभम् --

न्यायपत्र २ संख्या

श्री जज् विश्नुप्रसाद गुरु घराना पंडितज्यू[४]

१. स्वस्ति श्री सकलमंगलामय कोटि कल्याण चिरंजीवि श्री नानि लक्ष्मीदत्त पंडित

२. नारायणदत्त पंडित कृष्णलाल पंडित हितराज पंडित सकल परियारके

३. इत स्वस्ति श्री गोर्षाराजमा मुलुक्को अैन वमोजीम्को ज्यू लिन्या धन लि-

४. न्या जमिन लिन्या नरजन जोहार चौपाइ जिनिसि लिन्याको चार अदालतवाट

५. सोध साधको न्याय दि इन्साफ हेर्न्या---- कस्य शुभ आशिषपूर्वक

६. पत्र मिंल्लुभयो कुशलं च आगे ञाहाको समाचार भलो छ. उप्रान्त कार्ति-

७. क वदि १३ रोज ५ का दिन तिमि षोसियौ भनि हुकुम् भयो. आज अदालत-

८. को काजकाम तिमिले छोड्नु हुँदैन भनि फेरि हुकुम् हुदा मार्ग वदि २ रो-

९ ज ४ का दिन थमौति भयो. ताहा तिमिहरूले लेषि पठायाको चिट्ठी आइ-

१०. पुग्यो हेरि अर्थ मालुम् भयो. वन् भिर सुवारा षरक् ध्युकर ले चर्च्याको

११. रैकर जगा. साध लाठनु भनि सदर कौसिबाट लेषियर आयाको छ सो व-

१२. मोजीम् गर्न्या काम गर. हाम्रो जगा हो भन्या मानिस् ञाहा हामि सित जो

१३. रिन आठनु इ छुल्याहाहरूसित हाम्रा पैसा रिन षायाको जस्जस्सित

१४. छ एक दाम् नछोडि वेस गरि ठल्याइ लि छोड्नु एति थियो एति लिज्यु भ-

१५. नि षसोषासले लेषि ञाहा पठाठनु अरु वेहोरा र पछि लेषि पठाउला र सो मा-

१६. फिक गरौला. इति सम्वत् १९१४ साल मिति मार्ग वदि २ रोज ४ शुभम्

न्यायपत्र ३ संख्या

श्री ५ सर्कार

---

४ जज् विष्णुप्रसादलाई ज्यू लिन्या, धन लिन्या, जमिन लिन्या र जिनिस लिन्या सम्बन्धी चार अदालतबाट न्याय निसाफ हेर्ने अधिकार दिइएकोमा वि.सं. १९१४ कार्तिक १३ बिहिबारका दिन उनको अधिकार खासिएको र खोसिएको २० दिन पछि मंसीर २ गते पुनः थमौति गरिएको व्यहोरा पत्रबाट खुल्दछ । यद्यपि यो पत्र कहाँबाट कसले जारी गऱ्यो भन्ने विषय भने खुल्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्वस्ति श्री मद्रराज कुमार कुमारात्मज श्री कम्याण्डिङ् जनरल वद्रीनरसिं-

ह कुवरराणावहादूरकस्यपत्रम्.....

१. आगे थंथापका छाया थरि मुषिया भला आदमि र लक्ष्मीदत्त पण्डि-

२. त के थयोचित्. उप्रांत. थंथाप सुम्सा गाउंमध्ये --१-वाट लालमो-

३. होर गरि थामि वक्स्याको नुन्थला निवुवापाटी वषल्याढुंगो ज्यामि-

४. विह्नौटो भन्याको हाम्रो किपट् जगामा वषत्या घर्तिले लालमोहो-

५. र गरि थानिले लेषिदियाको कागज मिचि रैकर हो भनी षिचोला ग-

६. रि दुष दियो भनी ज्यामिर घाट्का मिझार लुहाविर माझीले हाम्रा ह-

७. जुरमा विंति पार्दा जाहेर भयो तसर्थ वेहोरा यस्तै हो भन्या--१-बाट

८. लालमोहर गरि थामिवक्याको. लालमोहरभित्रका किपट् जगा

९. मा रैकर हो भनि षिचलो गर्न पाउदैन अैन वमोजीम निसाफ् पारि

१०. छिनि देउ. व्यहोरा अर्कै छ ताहा छिन्न सकेनौ भन्या २ थर जोरि जाहा

११. पठाइ देउ र अैन वमोजीम् निसाफ् होला. इति सम्वत् १९१७ साल मि-

१२. ति चैत्र शुदि १५ रोज ४ शुभम्.....

न्यायपत्र ४ संख्या

श्रीः १

स्वस्ति श्री मद्रराज कुमार कुमारात्मज श्री कम्यांडीङ् जनरल वद्रीनरसिंह कु-

वरराणा वहादूरकस्यपत्रम्[५].....

१. आगे लुवाकोट्लिमि का थरी भला आदमी श्रीधर पंत लक्ष्मीनाथं पाडे

२. जुद्धवीर षतृ क्षेतृ सिद्धिनारान् मिझार के येथोचित्. उप्रान्त चन्द्रविर घ-

३. र्त्तिका घरबाट मोल पटक गरी तलाई पार गरी स्वास्नि तुल्याउछु भनी

४. घर लगि स्वास्नि तुल्याई कागजपत्र् गर्‍यापछि आज नाठासंग गई-

५. स् भनी अत्तो लगाई कागज् षोसि मलाई वेच्या भनी पान्वतीले हाम्रा-

६. हजुरमा विंति पार्दा जाहेर भयो. तसर्थ तिमिहरूका नाउमा दस्कत् गरि

७. पठायांको छ. ई २ थर जोरि वेहोरा कुरा वुझ्दा यो वेहोरा साचो हो भन्या-

८. काजग्पत्र लेषि पार्गरी स्वास्नि तुल्याई राषेपछि वेची मोल षान पाइदैन

९. अैन वमोजिम निसाफ् पारी छिनी देउ. वहोरा अर्कै रहेछ र ताहा छि-

१०. न्न सक्यौन भन्या. ई २ थर जोरि जाहा पठाई देउ र अैन वमोजिम नि-

११. साफ् होला सम्वत् १९१८ साल मिति पौष वदी १२ रोज १ शुभम्

---

५ यो पत्र अर्कोको श्रीमती लिने अथवा किन्ने कुप्रथासँग सम्बद्ध छ। अर्काकी श्रीमतीलाई आफ्नो बनाउने वा कारोबार गर्ने जस्तो कुप्रथा विरुद्ध मुलुकी ऐन १९१० आकर्षित छ। स्वास्नी बेच्याको सम्बन्धी ५ प्रकृतिले दण्ड जरिवानाको प्रावधान छ (मुलुकी ऐन १९१०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उपसंहार

न्याय पत्र १ संख्याका अतिरिक्त ३ पत्रहरू मुलुकी ऐन १९१० लागु भएपछिका हुन् । उपर्युक्त लिखतहरूले वि.सं. १९०४ देखि १९१८ सम्मको तत्कालीन नेपाली सामाजिक अवस्थाका बारेमा दर्शाएका छन् । परम्परागत न्यायप्रणालीको सट्टा लिखित दस्तावेजमा आधारित वि.सं. १९१० मा मुलुकी ऐन लागु भएपछि नेपाली समाज पनि आधुनिक कानूनी शासन व्यवस्थामा अभ्यसतरत हुँदै गयो भने भन्न सकिन्छ ।

❑❑

न्यायपत्र १ संख्या



न्यायपत्र २ संख्या



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

न्यायपत्र ३ संख्या



न्यायपत्र ४ संख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काठमाडौं उपत्यकाका मृण्मय-लेखहरू

-अमृता महर्जन*

अभिलेखका श्रोतहरूमा शिलालेख, सिक्का, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, काष्ठकला, छाला, कपडा, कागज र मृण्मय/मृत्तिका/इष्टिका आदि हुन् । कडा वस्तुहरूमा अभिलेखहरू लेख्न परिश्रम र समय खर्च गर्नु पर्दछ । जुन लामो समय सम्म टिकाउ हुन्छ । त्यसैगरी नरम वस्तुमा लेख्न सजिलो हुन्छ तर चाँडै विग्रने सम्भावना हुन्छ । तसर्थ प्रस्तर लेखका तुलनामा मृण्मय लेख थोरै मात्र पाइएका छन् ।

कुनै पनि सभ्यताको विकासक्रममा पहिलो चरणमा माटाका सामाग्रीहरू निर्माण गरेका अवशेषहरू प्राप्त छन् । सबैभन्दा प्राचीनता माटो सहज उपलब्ध हुनुका साथै चाँडै बिग्रने नाशवान प्रवृतिको हो । त्यसैले प्राचीन नमूनाहरू धेरै प्राप्त नभएका हुन् । माटाका सामाग्री बनाउँदा घाममा सुकाएर वा आगोमा पोल्ने प्रविधिबाट निर्माण गर्ने गरिन्छ । मृण्मय, मृत्तिका र इष्टिका सबै शव्द संस्कृत भाषाका हुन् । इष्टक वा इष्टिका भनेको ईंट (माटो पोलेर बनाइएको) हो ।[१] मृत्तिका भनेको माटो र मृण्मय भनेको माटाबाट बनेका सामग्री भन्ने बुझिन्छ ।[२] यस प्रकार माटामा कुंदिएका दस्तावेजलाई मृण्मयलेख वा मृत्तिकालेख भन्न सकिन्छ । पोलेर बनाइएकालाई विशेष रूपमा इष्टिका वा इष्टिका लेख भन्न सकिन्छ ।

संवत ४९५ मा वाग्मती र मणिमतीको दोभानमा पहिले स्थापना गरिएका माटाका मूर्तिहरू कालक्रमले पुराना भएका हुनाले ज्यादै जीर्ण भइकाले ढुंगाका मातृका स्थापना गरिएको उल्लेख शंखमूलको सिकुबहिमा रहेका लिच्छविकालीन अभिलेखमा पाइएको छ ।[३] हाल काठमाडौं उपत्यकामा रहेका चार लोकेश्वरका मूर्तिहरू पनि माटोबाट बनाइएका हुन् । हनुमानढोकाको मोहनकाली चोकमा रहेका मूर्तीहरू पनि माटाका नै छन् । यसै गरी उपत्यकामा रहेका बिहार तथा बहिलहरूको गर्भगृहमा राखिने दिपंकर बुद्धका मूर्तिहरू पनि माटाले बनाइएका छन् । काठमाडौं उपत्यकाको टेकुस्थित मचलीका नवदुर्गा, कीर्तिपुरको बाघभैरव, टेबहालको संकटा, विजेश्वरीको मूल देवी तथा आगमघरमा राखिने विशेष देवी देवताहरूको मूर्तिहरू पनि माटाबाट नै बनाइएका छन् ।[४] यी माटाका मूर्तिहरू प्रत्येक बाह्र वर्षमा कलेवर हिलेगु भनेर संरक्षण गर्ने गरिन्छ । यसरी कलेवर फेर्न म्हय्पी मन्दिर रहेको थुम्कोबाट माटो लगेर बनाउने प्रचलन रहेको छ ।

नेपालको इतिहासमा भारतका सम्राट अशोकको ब्राह्मी लिपि पाली भाषामा लेखिएको आशोक स्तम्भ प्राचीन अभिलेख हुन् । ईसा पूर्व २४९

---

१ वामन शिवराम आप्टे, **संस्कृत-हिन्दीकोश**, दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा. लि., इ.सं. १९९३ पृ. १७७ । (दो.सं.)

२ वसन्त कुमार शर्म्मा 'नेपाल', **नेपाली शव्द सागर (सोपत्तिक कोश)**, काठमाडौं : भाभा पुस्तक भण्डार, वि.सं. २०७३, पृ. १०८७ ।(प्र.सं.)

३ धनवज्र वज्राचार्य, **लिच्छविकालिन अभिलेख**, कीर्तिपुर; नेपाल र एशियालि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय , वि.सं.२०३०, पृ. २११-२१२ ।

४ अमृता महर्जन, **म्हय्पि अजिमा**, ललितपुर : न्हू हिसु पुचः , वि.सं. २०६८, पृ. २०, ६१ ।

*पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को लुम्विनी र ईसा पूर्व २६९ निग्लीहवाको स्तम्भ लेख हुन् ।[५] जुन तेस्रो शताब्दीका हुन् । काठमाडौं उपत्यकामा सवैभन्दा प्राचीन अभिलेख शक संवत १०७ को राजा जयवर्माको मूर्तिमा रहेको पादपीठको अभिलेख हो । यस अभिलेखमा लिच्छवि लिपि कुंदिएको छ ।[६]

प्राचीन मृण्मय वस्तुहरू नेपालको तराई क्षेत्र तिलौराकोटको उत्खननमा पाइएका छन् । जस मध्ये माटाका मूर्तिहरू, खेलौनाहरू, छापका साथै मालाका दानाहरू पनि पाइएका थिए । काठमाडौं उपत्यकामा इष्टिका लेखहरू पनि पाइएका छन् । वि.सं. २०५९ सालमा धन्दो चैत्यको जीर्णोद्धार गर्दा चैत्यको गर्भगृहमा ब्राह्मी लिपिमा लेखिएका माटाका छापहरू तथा ईंटाहरू पनि पाइएका थिए ।[७] हाल ती सामाग्रीहरू राष्ट्रिय संग्रहालयको भण्डारमा राखिएका छन् । यहाँ पाइएका ईंटामा **चारुवति थुप** लेखिएको छ । **चारुवति थुप** लेखिएको हुँदा यस चैत्यको सम्बन्ध चारुमतिसँग रहेको बुझाउँदछ ।[८] यसको आकार ३५x२३x६.५ से.मी. रहेको छ । यस मृण्मय लेखलाई राष्ट्रिय संग्रहालय, छाउनीको बुद्धिष्ट ग्यालरीको प्रर्दशनी कक्षमा राखिएको छ ।

यस प्रकारका मृण्मय लेखहरू मध्ये सबै भन्दा प्राचीन मृण्मय लेख चावहिलको धन्दो चैत्यबाट प्राप्त भएको हो । यस धन्दो चैत्यबाट धेरै परिमाणमा मृण्मय लेखहरू पनि प्राप्त भएको छन् । जसमा लिच्छवि लिपि, भुजिंमोल लिपिका साथै प्रचलित लिपिमा लेखिएका ईंटाहरू पनि प्राप्त भएका छन् । यी ईंटाहरूमा लेखिएका विवरण यस प्रकार छन् ।

१. ब्राह्मी लिपिमा "चारुवती थुप" र "चारुवती"

२. भुजिंमोल लिपिमा "चारुवती धन्दे"

३. प्रचलित लिपिमा "धन्देयाना"

यी माटाका छापहरूमा लिच्छवि लिपिमा **"यै धर्मा हेतुं प्रभचा हेतुं तेषां तथागते ह्यवदत् । तेषांच यो निरोध एवं वादी महाश्रवणः"** संस्कृत भाषमा लेखिएका छन् । यस प्रकारको माटाका छापहरू १७ वटा भेट्टाइएका छन् । यसैगरी चाबहिलमा बच्चाहरू खेल्दा खेल्दै भेट्टाएको दुई माटाका छापहरू भेट्टाइएका थिए । जुन शरदराज नेपालीले पुरातत्व विभागमा दिएका थिए । जसमध्ये एउटा फुटेको र अर्को सग्लो थियो । यी छापहरूमा पनि माथि उल्लेखित छापमा रहेका विवरण नै लेखिएका छन् । जुन लिपि विशेषज्ञ श्री शंकरमान राजवंशीले पढ्नु भएको थियो ।[९]

त्यसैगरी ई.सं. १९८४ देखि १९८९ सम्म पुरातत्व विभाग र इटालीको इस्मियोको सहकार्यमा काठमाडौंको हाडीगाउँमा गरिएको उत्खननको क्रममा भेटिएको ईंटा पनि महत्त्वपूर्ण रहेको छ ।[१०] सन् १९६५/१९६६ मा लाजिम्पाट, हाडीगाउँ र धुम्बाराहीको उत्खननले लिच्छविकालको पुष्टि गरेको थियो ।[११] धुम्बाराहीमा भएको उत्खननमा पनि माटाका आकृतिहरूका साथै शिलछापहरू पनि पाइएका छन् ।[१२] हाडीगाउँमा ईंटामा लिपि विशेषज्ञ श्यामसुन्दर राजवंशीका अनुसार **(श्री) महासामन्तांशुवर्मणः** लिच्छवि लिपिमा लेखिएको छ ।[१३] जुन लिच्छविकालका महत्त्वपूर्ण शासक अंशुवर्माको समयको भन्ने प्रमाणित हुन्छ । पुरातत्व विभागका पूर्व प्रमुख डा. साफल्य अमात्यका अनुसार वि.सं.

५ Basanta Bidari, **Kapilvastu the World of Siddhartha**, Lumbini: Basanta Bidari, 2007 A.D., p. 88. (second edition)

६ लैनसिं वाङ्गदेल, **जय वर्माको मूर्ति र नेपालको वर्मा वंश**, कान्तिपथ : मण्डला प्रकाशन (वि.सं. २०६२) पृ. १२ ।

७ प्रकाश दर्नाल, चावहिल स्थित धन्दो चैत्य जीर्णोद्धारबारे केही चर्चा, **प्राचीन नेपाल**, २००५(वि.सं. २०६२) अंक १५९ असार (पृ.सं ३५-७८) ।

८ विस्तृत जानकारीको लागी पाद टिप्पणी संख्या ५ को लेख हेर्नुहोला ।

९ बाबुकृष्ण रिजाल, लिच्छविकालीन दुई माटाका छाप , **प्राचीन नेपाल**, १९७१ (वि.सं. २०२७) अंक १४ माघ (पृ.सं ५५-५६) ।

१० साफल्य अमात्य, **पुरातत्व इतिहास र संस्कृति**, काठमाडौं भृकुटी एकेडेमिक पब्लिकेसन्स, (वि.सं. २०६८), पृ. १८ ।

११ प्रकाश दर्नाल, **हाम्रो सांस्कृतिक धरोहरहरू**, काठमाडौं : शकुन्तला सेवा, वि.सं. २०७३, पृ. २२० ।

१२ D.R. Regmi, Ancient Nepal, Calcutta: Firma K.L. Mukhopadyay, 1969, p. 46. (third edition)

१३ लिपि विशेषज्ञ श्यामसुन्दर राजवंशीसँगको छलफलको आधारमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०३० सालमा सिंहदरवारमा भएको आगलागीमा धेरै सामाग्रीहरू नष्ट भयो । यसै आगलागीमा सो ईंटा पनि नष्ट भयो ।[१४] यसै आगलागीमा यो अभिलेख पनि नष्ट हुन गयो । तर यसको फोटोको आधारमा भने यो कुराको प्रमाण हामी समक्ष रहेको छ । पुरातत्व विभागका पूर्व प्रमुख डा. साफल्य अमात्यको "बागमती सभ्यता (उद्भव व विकास)" पुस्तकको गाताचित्रको रूपमा यहि मृण्मय लेखको फोटो छापिएको छ ।[१५]

प्रा.सुदर्शनराज तिवारीले वि.सं.२०६० बैशाष १२ देखि १४ गते सम्म गर्नुभएको थियो । यस प्रदर्शनीमा प्रदर्शीत मालिगाउँबाट प्राप्त टुक्रिएको वर्माकालिक ईंटामा **र(ज्ञा)स** (---) लेखिएको छ । [१६] जसमा लगभग ६०-६५ वटा ईंटाहरू प्रदर्शित थिए । दोस्रो शताव्दी देखि राणाकालिन ईंटाहरूमा मितिका साथै बुट्टाहरू छन् । लिपिविज्ञ श्यामसुन्दर राजवंशीका अनुसार सो ईंटामा **रज्ञामरदेव** लेखिएको हो । जसको अर्थ राजा अमरदेव भन्ने बुझिन्छ ।

१. पाटन, मंगलबजारस्थित चारनारायण मन्दिरको पेटिको भित्ताको ईंटा (दांचि अपा)मा अभिलेख रहेको छ । पूर्वाभिमुख यस मृण्मय लेख प्रचलित नेवारी लिपिमा लेखिएको छ । यस ईंटामा **'सम्वत ७९४'** लेखिएको छ । यस विशाल मन्दिरको एउटा ईंटामा मात्र लेखिएको छ । मिति मात्र लेखिएको यस अभिलेखमा राजाको नाम वा कुनै विवरण लेखिएको छैन । ५.७X१४ से.मी. आकारको ईंटा रहेको छ ।

ने.सं. ७९४ को पाटन, चारनारायण मन्दिरको पेटिमा रहेको मृण्मयलेख

पाटन, मंगलबजार सुन्दरीचोकको पश्चिमी लङ्गको मूल सडकतर्फ भित्तामा ईंटामा अभिलेख रहेको छ । को ईंटामा १ पंक्ति मात्र लेखिएको छ । प्रचलित नेवारी लिपिमा लेखिएको अभिलेखमा राजाको नाम मात्र अंकित गरिएको छ ।

२. ? सम्वत ८०० मार्गशिर

अनुवादः नेपाल सम्वत ८०० (वि.सं. १७३७) मंसिर ।

यस अभिलेखले ने.सं. ८०० मा मन्दिरको जीर्णोद्धार गरेको अनुमान गर्न सकिन्छ । यो अभिलेख पहिले पर्खालमा लगाइएको वज्र(प्लाष्टर) ले छोपिएको थियो । वि.सं. २०७२ साल बैशाष १२ गतेको भुकम्पमा यो मन्दिरमा क्षति भएको थियो । सोही क्रममा वज्र उप्काउँदा यो लेख देखिएको हो । [१७]

पाटन, तापाहिटिको धाराको पेटिमा मृण्मय लेख राखिएको छ ।[१८] ने.सं. ८१५ को लेख २४X४० से.मी. आकारमा ६ पंक्ति लेख रहेको छ ।

२. ने.सं. ८०० को पाटन, भिमसेन मन्दिर भित्र रहेको मृण्मयलेख

३. ? सम्वत ८१५ चैत्र मासे शुक्ल पक्ष दिन
चतुर्द्दश्या तिथौ कुजे दिने, अस्मिन
अमाते, सिद्धिरामेंण लिषित्वा, हरि-
राम नामे, जदुराम नामे, ऐतेकत्रय
भारो प्रमूखन चिन्ता याक जुरो ।।
शुभ ।। रामेश्वर भारो शह ।।

अनुवादः ने.सं. ८१५ (वि.सं. १७५२) चैत्र महिनाको शुक्लपक्षको चतुर्दशी तिथिका दिन अमात्य सिद्धिराम,

---

१४ डा. साफल्य अमात्यसँगको छलफलको आधारमा ।

१५ साफल्य अमात्य, **बागमती सभ्यता (उद्भव व विकास)**, कीर्तिपुर : नेपालभाषा एकेडेमी, २०७५ पृ. ५९ ।

१६ medium.com/nepal.mandal (हाडीगाउँ इष्टिका सम्पदा प्रदर्शनी)

१७ यो अभिलेख मन्दिरका पुजारी श्री शुसन कपालीले देखाउनु भएको हो ।

१८ धनवज्र वज्राचार्य, **मध्यकालका अभिलेख**, कीर्तिपुर; नेपाल र एशियालि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं.२०५६, पृ. २८९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हरिराम र जदुराम यी तीन जनाले चिताएको हो । साथै रामेश्वर भारोले मिलेर बनाएको हो । शुभ ।

ढुङ्गेधारा सँगै राखिएको यस अभिलेख धाराको संरक्षण गरी राखेको हुन सक्दछ । धाराको माथिल्लो भागमा कुल्चने स्थानमा राखिएको यो अभिलेख चाँडै बिग्रने अवस्थामा रहेको छ । जमिनमा राखिएकोले सर्वसाधारणले टेक्ने साथै घाम र पानीले पनि छिट्टै असर गर्ने हुँदा यस मृण्मय लेखको संरक्षण हुनु आवश्यक देखिन्छ ।



ने.सं. ८१५ पाटन, तापाहिटिमा रहेको मृण्मयलेख

४. पाटन, सुन्धाराको बाटो छेवैमा रहेको पाटीको गारोमा रहेको दाँचि अपामा ने.सं. ८१५ को दुई वटा ईंटहरू रहेका छन् । पहिलो लेखको आकार १९X५ से.मी. र दोस्रो लेखको आकार १९X५ से.मी. रहेको छ ।

१ ? सम्वत ८१५ जेष्ठ शुक्ल दशमि स्व

मवास, थ्व कुन्हु, चैल्कं अत, छिङा दिन जुरो ।

२ ? सम्वत ८१५ जेष्ठ शुक्ल दशमि

स्वमवाल, थ्व कुन्हु, थ्व अत छिङा ।

अनुवाद : ने.सं. ८१५ (वि.सं. १७३६) जेष्ठ शुक्ल दशमी सोमबारका दिन तैलिय ईंटा राखियो ।

यि दुवै अभिलेखको आशय एकै प्रकारका छन् ।



ने.सं. ८१५ को पाटन, सुनधारा स्थित पाटिमा रहेको मृण्मयलेख

५/६. पाटन, ओल्खु टोलको गणेश मन्दिर बाट अलिभित्र गल्लीमा चैत्य रहेको छ । जसलाई ओल्खु चिभा भन्ने गरिन्छ । यो चैत्य अष्टकोणाकार (च्यासिं) ईंटाको तीन तह आधारपेटि माथि बनाइएको छ । यसै चैत्यको पहिलो आधारमा चार कोणमा इलोहं जस्तै अष्टपत्रदल अंकित बर्गाकारका मृण्मय चारवटा चिकं अपा (तैलिय ईंटा)हरू राखिएका छन् । जसको बिच भागमा खोपिल्टा बनाइएका छन् । जसमा खम्बा गाडेर पूजा गर्ने गरिन्छ । यस मृण्मय वर्गाकार ईंटामा बनाइएको अष्टपत्रदलमा भित्री तह ठूला पत्रहरू र बाहिरी तह साना पत्रहरू बनाइएका छन् । जसमा अभिलेख कुँदिएको छ । ३५X३५ से.मी.का चारवटा मण्डल मध्ये दुईवटामा मात्र अभिलेख कुंदाइएका छन् । जुन यस प्रकार रहेको छ । तापाहिटिको जस्तै जमिनमा राखिएको हुनाले आकाशतर्फ नै फर्किएको छ ।

१. पहिलो अभिलेख

क) **श्री भ ग वा न स ल न**

ख) **शु स म्व त ८ २ ९ पो**

२. दोस्रो अभिलेख



ने.सं. ८२९ को पाटन, ओल्खु स्थित मृण्मयलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

क) **सं ८ २ ९ चै त्र कृ ष्ण**

ख) **थ्व वां अ त या ङा दि न**

अनुवाद : श्री भगवान सलन सं ८२९ चैत्र कृष्ण, शु(भ) सम्वत ८२९ पो थ्व वां अत याङा दिन ।

श्री बुद्ध भगवानको शरण नेपाल सम्वत ८२९ (वि.सं. १७६६) चैत्र कृष्ण (अमावश्या) यहाँ ईंटा राखि प्रतिष्ठा गरेको दिन हो । यस दिन चैत्य स्थापनाको कार्य सम्पन्न भएको अनुमान गर्न सकिन्छ । जसको स्मरणको लागि यो अभिलेख राखिएको हो ।

७. ? श्रीश्रीजोगनलृदम्रराजा

अनुवाद : श्रीश्री जोगनलृद म्र राजा

यस अभिलेखमा राजा योगनरेन्द्र मल्लको नाम उल्लेख गरिएको छ । नेपालभाषामा 'ज' र 'य' मा 'ल' र 'र' भेद रहन्दैन । त्यसैले यहाँ 'योग' को स्थानमा 'जोग', 'नरेन्द्र' को स्थानमा 'नलृद', 'मल्ल' को स्थानमा 'म्र' मात्र लेखिएको छ ।

पाटन, मंगलबजार भिमसेन मन्दिरको गर्भगृहको बाँयातर्फ भित्तामा ईंटामा अभिलेख रहेको छ । ५.७X१४ से.मी. को ईंटामा उत्तराभिमुख रहेको सो मृण्मय लेखमा १ पंक्ति मात्र लेखिएको छ । राजा योगनरेन्द्र मल्लको राज्यकाल ने.सं. ८०५-८२५ सम्म रहेको छ ।



पाटन स्थित मंगलबजार सुन्दरीचोकको बाहिरी पर्खालमा रहेको मृण्मयलेख

८/९. काठमाडौं, लगनटोल नजिकै दलाछिमा ओम कमाचार्यको घरसँगै टाँसिएको पानी ट्याङ्कीमाथि मूर्ति रहेको छ । प्रस्तर मूर्तिको माथिल्लो भागमा रहेको इस्टिका लेख २०७२ को भुकम्प भन्दा पहिले नै टुक्रिएको थियो । २०७५ सालमा घर निर्माणका लागि भत्काउने क्रममा सो मृण्मय लेखको केहि भाग पाप्रा उप्किएको छ । स्थानिय वासिन्दालाई सो ढुङ्गामा अभिलेख रहेको जानकारी नहुँदा त्यत्तिकै छोडिएको थियो । लम्बाई १९ से.मी र चौडाई ९ से.मी. रहेको छ । विचमा पातलिएको आकार भएकोले ५ से.मी. रहेको छ । यसमा ३ पंक्ति लेख रहेको छ ।

१. ...(न)मबुधाय ।। श्री ३ हराहर नमतु ।। शुर्यभु संव्वत ८४० भाद्र व(दि)... तुथातिं थ्व : भद्रप्ररेवति नक्षत्र ....

२. ... । : वृहपतिवारशेसिंहरासिगतेशवित्रे : मिनराशि ... से: थ्वदिन कुन्हु: श्वपिता रद्ल्यनारायन : दिवंगत

३. जुयाव : हरिनारायन प्र(मु)खन भोछि समूचत्य दयका: श्री३ हराहर रा.....: प्रतिमा दयका: सम्पूर्ण प्रतिथा याङओ थापना याङा

४. जुरो :थ्व देव सुनानं सेनकरसा पंचमहापात राजुरो : सुनां नेदान(या)तसा सूखाओति प्रानुवतु: शुभमंगरं भवतु ।। शुभ ।।

अनुवाद : नम: बुधाय । श्री ३ हराहरलाई नमस्ते । नेपाल संवत ८४० (वि.सं. १७७६) भाद्र वदि... तुथातिं थ्व भाद्रप्रद रेवति नक्षत्र । बिहिवार सिंहरासि गते मिन राशिका दिन आफ्ना पिता रद्ल्य नारायन दिवंगत भएकाले, हरिनारायन प्रमुख सहित सपरिवारले श्री ३ हराहर रा.....को प्रतिमा बनाउन सकेर प्रतिष्ठा गरे । यो देवप्रतिमा कसैले बिगारेमा पंचमहापाप लाग्नेछ र बिग्रेको बनाउन सुखावति भुवनमा बास हुनेछ । शुभ मंगल होस् । शुभ ।

ने.सं. ८४० मा हरि नारायण र उनको सम्पूर्ण परिवारले दिवंगत पिता रद्ल्य नारायणको पूण्य कामना गरेर श्री ३ हराहरको मूर्ति बनाई पूजा पाठ गरी प्रतिस्था गरेको विवरण रहेको छ ।



ने.सं. ८४० को काठमाडौं लगन, दलाछिमा रहेको मृण्मयलेख



ने.सं. ८४० को काठमाडौं लगन, दलाछिमा रहेको मृण्मयलेख (पहिलेको अवस्थामा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१०. पाटन, चोछें (शंखधरबहाः)मा रहेको पाटीमा मृण्मय महांकालको मूर्ति साथै तोरण र स्तम्भ पनि बनाइएको छ । स्तम्भ र तोरणमा अभिलेख लेखिएको छ । पश्चिमाभिमुख मूर्तिफलक १११ x ७९ से.मी. आकारको छ ।

१. **? संवत ९०२ भाद्रप्रद पुर्न्नमास्या, तिथौ सचवार न्याम्ह न्हुचोया भागीदेवजु** (तोरणको तल्लो भागमा)

२. **भागदेओ सिंहया पुत्र भागीनरसिं सिंह फर रक्ष संघ** ... (स्तम्भ सँगै)

३. **पुत्र भागी(न)रसिं सिंह ... रक्ष्मीसंघ सिंह** (तोरणको गरुडको दाँया बाँया)

अनुवाद : ने.सं. ९०२ (वि.सं. १८३८) भाद्र पुर्णिमा, तिथि सनिवारका दिन न्याम्ह न्हुचोका भागीदेव र भागीदेव सिंहका छोरा भगीनरसिं सिंह फल्चा(पाटी) रक्ष संघ ... छोरा भागीनरसिं सिह ... लक्ष्मीसंघ सिंह ।

ने.सं. ९०२ भाद्रमा न्याखाचुकको न्हूचोकका भागीदेव सिंह र उनका छोराहरू भगीनरसिं सिंह र लक्ष्मीसंघ सिंहले पाटी बनाएको (वा जीर्ण पाटीको पुनः निर्माण गरेको) विवरण रहेको छ ।



ने.सं. ९०२ को पाटन चोछे स्थित मृण्मयलेख

यस लेखमा अभिलेख भएका मध्यकालिन मृण्मय लेखहरू समावेश गरिएको छ । लिच्छविकाल देखि शुरु भएको मृण्मयलेख शाहकाल सम्म निरन्तर चलि रहेको छ । राणाकालिन ईंटाहरूमा श्री ३ महाराजहरूको नामका साथै मिति पनि अंकित गर्ने प्रचलन रहेको छ । विभिन्न समयमा निर्माण गरिएका ईंटाहरूमा श्री ३ हरूको नाम वा चिन्हहरूका साथै मिति अंकित भएका छन् । आजभालि अभिलेख नभइ ईंटाहरूमा बनाउने कंपनीको लोगो वा अंग्रेजी वर्णहरू मात्र प्रयोग बनाइन्छ । ❑❑

सन्दर्भ ग्रन्थ :

Bidari, Basanta, **Kapilvastu the Word of Siddhartha**, Lumbini: Basanta Bidari, 2007 A.D. , p. 88. (second edition)

Regmi, D.R. , Ancient Nepal, Calcutta: Firma K.L. Mukhopadyay, 1969, p. 46. (third edition)

अमात्य, साफल्य, पुरातत्व इतिहास र संस्कृति, काठमाडौं भृकुटी एकेडेमिक पब्लिकेसन्स, (वि.सं. २०६८), पृ. १८ ।

अमात्य, साफल्य, बागमती सभ्यता (उद्भव व विकास), कीर्तिपुर : नेपालभाषा एकेडेमी, २०७५ पृ. ५९ ।

आप्टे, वामन शिवराम, संस्कृत-हिन्दी कोश, दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा. लि., इ.सं. १९९३ पृ. १७७ । (दो.सं.)

शर्म्मा, वसन्त कुमार 'नेपाल', नेपाली शव्द सागर (सोपत्तिक कोश), काठमाडौं : भाभा पुस्तक भण्डार, वि.सं. २०७३, पृ. १०८७ । (प्र.सं.)

वज्राचार्य, धनवज्र, लिच्छविकालिन अभिलेख, कीर्तिपुर; नेपाल र एशियालि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय , वि.सं.२०३०, पृ. २११-२१२ ।

धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, कीर्तिपुर; नेपाल र एशियालि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं.२०५६, पृ. २८९ ।

महर्जन, अमृता, म्हय्पि अजिमा, ललितपुर : न्हू हिसु पुचः , वि.सं. २०६८, पृ. २०, ६१ ।

वाङ्गदेल, लैनसिं, जय वर्माको मूर्ति र नेपालको वर्मा वंश, कान्तिपथ : मण्डला प्रकाशन (वि.सं. २०६२) पृ. १२ ।

दर्नाल, प्रकाश, चावहिल स्थित धन्दो चैत्य जीर्णोद्धारबारे केही चर्चा, प्राचीन नेपाल, २००५(वि.सं. २०६२) अंक १५९ असार (पृ.सं ३५-७८) ।

दर्नाल, प्रकाश, हाम्रो सांस्कृतिक धरोहरहरू, काठमाडौं : शकुन्तला सेवा, वि.सं. २०७३, पृ. २२० ।

रिजाल, बाबुकृष्ण, लिच्छविकालीन दुई माटाका छाप , प्राचीन नेपाल, १९७१ (वि.सं. २०२७) अंक १४ माघ (पृ.सं ५५-५६) ।

Medium.com/nepal.mandal(हाडीगाउँ इष्टिका सम्पदा प्रदर्शनी)

यो अभिलेख मन्दिरका पुजारी श्री शुसन कपालीले देखाउनु भएको हो ।

भेटवार्ता :

डा. साफल्य अमात्य, पूर्व महानिर्देशक छाउनी ।

श्याम सुन्दर राजवंशी, लिपि विशेषज्ञ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तिब्बती भाषामा अनुदित दोहाको चर्चा

-कल्पना पराजुली*

राष्ट्रिय अभिलेखालयमा रहेका तिब्बती भाषाका ग्रन्थहरूमा दोहासम्बन्धी थुप्रै ग्रन्थहरू उपलब्ध भएकाले तिनीहरूको बारेमा यहाँ चर्चा गरिन्छ । दोहाको रचना भारतवर्षका बौद्ध तथा अन्य परम्पराका सिद्धहरूले गरेको पाइन्छ । ती मध्ये बौद्ध सिद्धहरूका तिब्बती भाषामा अनुदित दोहाहरूको बारेमा मात्र अनुसन्धान गरिएको छ ।

दोहाको परिभाषा

नालन्दा विशाल शब्द सागर अनुसार दोहा भनेको मात्रिक छन्दमा लेखिने रचना हो जसमा चार चार चरण वा पाउहरू हुन्छन् । यसलाई दुई पङ्तिहरूमा लेखिन्छ । यसको पहिलो र तेस्रो चरणहरू मा १३,१३ मात्राहरू हुन्छन् भने दोस्रो र चौथो चरणहरूमा ११,११ मात्राहरू हुन्छन् । दोस्रो र चौथो चरणमा तुकान्त मिल्नु पर्दछ । त्यस्तै संकीर्ण रागको एक भेदलाई पनि दोहा भनिन्छ ।[१] सामान्यतया बौद्ध धर्ममा सहजयानका सिद्धहरूका अनुभूतिजन्य काव्यात्मक अभिव्यक्तिलाई दोहा, सोरठा, पादकुलक, अडिल्लवदनक, गाथा (आर्या), रोला, उल्लाला, महानुभाव र मरहट आदि छन्दहरूमा व्यक्त गर्ने गरेको पाइन्छ भने यसमा पनि दोहा छन्द नै मुख्य रूपमा प्रयोग भएको पाइन्छ ।[२] सामान्यतया बौद्ध वाङ्मयमा वज्रयानका सिद्धहरूका बोधका स्वतः स्फुर्त गीतहरूलाई दोहा वा चर्या गीति र चर्या पद भनिन्छ । जसमा प्रकृति र ग्रामीण जीवनका दृष्टान्तहरू प्रयोग गरिएको हुन्छ ।[३] यसै क्रममा सरहपाद, तिल्लिपाद, नडपाद, कण्हपाद आदि महासिद्धहरूका थुप्रै दोहाहरू भारतवर्षमा उपलब्ध छन् ।

दोहा शब्द भारतवर्षको प्रचलित शब्द भएता पनि यसलाई तिब्बती भाषमा अनुवाद नगरिकन दोहा नै राखिएको पाइन्छ । दोहालाई दक्षिण भारतको प्राकृत भाषा अनुसार र संस्कृत भाषा अनुसारको दुई परिप्रेक्ष्य प्रयोग भएको पाइन्छ । प्राकृत भाषा अनुसार भन्ने हो भने दुई अन्तहरू त्यागेको हुनाले दोहा, अद्वय भएकाले दोहा, दुईमा सक्षम भएको हुनाले दोहा, युगनद्ध भएकाले दोहा, दुईलाई हत गरेको हुनाले दोहा र द्वैत ग्राहका विकल्पहरूलाई अद्वयमा काट्ने भएकाले दोहा भन्ने गरिन्छ ।

त्यस्तै गरी प्राकृतिक अकृत्रिम, खुल्ला, परमार्थ, तत्व, अवस्थिति, अक्षय, ताजा आदिमा अर्थ लाग्छ भनी कर्माठिन्लेले व्याख्या गरेका छन् ।[४]

भारतवर्षमा दोहा

भारतवर्षमा संगीतमा विभिन्न छन्दको प्रयोग वैदिक कालदेखि नै भएको पाइन्छ । बौद्ध धर्ममा पनि यसलाई स्थान दिइएको पाइन्छ । दोहालाई निरन्तरता दिने क्रममा धेरै बौद्ध महासिद्धहरूले आफ्ना ध्यान र साधना पश्चात प्राप्त भएका बोधि ज्ञानका अनुभूतिहरूलाई दोहाका माध्यमबाट अभिव्यक्त गरेको पाइन्छ । केही छन्दहरू यस्ता छन् जुन प्राकृत परम्पराबाट आएका जसलाई बौद्ध सिद्धहरूले पनि प्रयोगमा ल्याएको र सोही अनुसार गाउने गरेको पनि पाएन्छ । डा. व्यासका अनुसार यस्तो छन्द आर्य परम्पराको नभएर द्रविड परम्पराको देन हो ।[५] पिंगल ग्रन्थमा दोहाको २३ भेद बताइएको छ तर सर्वाधिक प्रचलित शहीदुल्लाले

*तिब्बती भाषा सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दोहाकोशमा दोहाको पादकुलक, गाथा छन्दको प्रयोग देखेर त्यसको लक्षाण परीक्षा पनि गरिएको तर कहीँ कहीँ छन्दको पहिचान हुन नसकेको वताएका छन् ।[६] भारतका बौद्ध महासिद्ध सरहपादका दोहाकोशमा सर्वाधिक प्रयोग दोहाछन्द कै भएको पाइन्छ । २३९ वटा पादकुलको र १३ वटा अडिल्लोको प्रयोग भएको पाइन्छ । यसका अलवा २-२,१-१ छन्द गाथा, महानुभाव, सोरठा, रोला, मरहठा र उल्लावामा रहेका छन् । ८ छन्दको मात्रै भोट भाषमा अनुवाद भएको पाइन्छ । पाँच छन्दको छन्द निर्णय भएको छैन । यसैगरी कृष्णपादको दोहाकोशमा २० दोहा, २ सोरठे, ४ पादकुलक र १-१ द्विपदी र अडिल्ल छन्दमा भएको पाइन्छ । अन्य तीन छन्दको निर्णय हुन सकेको छैन ।[७]

बौद्ध परम्पराका सिद्धहरूले दोहाको नियम भन्दा बाहिर गएर अपभ्रंश र संन्ध्या भाषामा लेखिने प्रचलन रहेको पाइन्छ । लोक प्रचलनमा रहेको यस दोहा गीतिको छन्दको शास्त्रीयताको विषयमा कुनै एक निश्चित रूपबाट ठ्याक्कै बताउन सकिदैन । अन्य दोहा या छन्दमा जुन मात्राको घट्-बढ् शास्त्राचार्यले देखाए र त्यसप्रति रुष्ट भएर अपभ्रंशको रचना भएको मानिन्छ । बौद्ध सिद्धहरूको अपभ्रंश रचनाहरूमा समचतुष्पदिको निश्चित संख्याको पछाडि एक घत्ता दिने कुनै निश्चित नियमको पालना गरेको देखिदैन । बौद्ध सिद्ध तिलोपा, सरहपा, कण्हपा आदि सिद्धहरूले पनि शास्त्रीय नियमको पालना गरेको देखिदैन ।[८]

आध्यात्मिक अभ्यास पश्चात् साधकमा हुने स्वतः स्फुर्त अनुभूति नै दोहा हो र यो स्वछन्द हुने भएकाले छन्दका नियमहरू पालना नहुन सक्छन् ।

सरहपदका दोहा यस प्रकार छन् ।

राहुलभद्र तथा सरहपादको नामले प्रसिद्ध भारतीय महासिद्धले आफ्ना ध्यानका अनुभूतिहरूलाई दोहामार्फत व्यक्त गरेका छन् । केही अपभ्रंश भाषामा उपलब्ध छन् भने धेरैजसो भोट भाषामा मात्र उपलब्ध छन् ।

तिब्बती तेन्ग्युर संग्रहमा संकलित सरहपाका रचनाहरूको विवरण

सरहपाद्वारा गाइएका दोहाहरू -

१. दोहा कोश गीति
२. दोहा कोशनाम चर्या गीति २२६३ शि (२ प.)
३. दोहाकोशोपदेश गीति २२६४ शि (५ प.)
४. दोहानाम
५. दोहाटिपण
६. कायकोशामृत वज्रगीति २२६९ शि (७ प.)
७. वाककोश रुचिर-स्वरवज्रगीति शि (२ प.) २२७०
८. चित्तकोशवज्र - वज्रगीति शि (२ प.) २२७१
९. कायवाक्चित्ता मनसिकारनाम शि (५ प.) २२७२
१०. दोहाकोश महामुद्रोपदेश शि (२ प.) २२७३
११. द्वादशोपदेश गाथा शि (१ प.) २२७४
१२. स्वाधिष्ठानक्रम शि (१ प.) २२७५
१३. तत्वोपदेशशिखरदोहा गीतिनाम २२७६
१४. भावना दृष्टिचर्याफल दोहागीति
१५. वसन्ततिलक दोहाकोश गीतिका
१६. महामुद्रोपदेशवज्रगुह्यगीति
१७. चित्तगुह्य दोहा
१८. सरह के पद

उनका बाहेक अरु सिद्धहरूका सबै दोहाका संख्या लगभग ८५० जति रहेका छन् । बौद्ध तन्त्र वाङ्मय अनुसार चर्या गीत र नृत्यको साधनामा धेरै ठूलो महत्त्व देखाइएको छ । हेवज्र तन्त्रको चर्या पटलमा गीत र नृत्य मोक्ष हेतुका लागि गर्नुपर्छ भनिएको छ ।

यदि गीतं गीयत आनन्दात तर्हि वज्रन्वित परम् ।
यद्यानन्दे समुत्पन्ने नृत्यते मोक्षहेतुना ।
तर्हि वज्र पदै नाट्यंकुर्याद् योगी समाहित ।। (६:१०)

अर्थात :- यदि आनन्दपूर्वक गीत गाउने हो भने वज्रगीत गाउनु उत्तम हो, यदि आनन्दपूर्वक नृत्य गर्ने हो भने मोक्षको निम्ति हुनु पर्दछ,

यसकारण साधक र योगीले वज्रपदको नृत्य गर्नु पर्दछ ।

यसरी वज्रयानको प्रमुख ग्रन्थमा चर्या गीतलाई वज्रगीतको रूपमा प्रस्तुत गरिएको छ । गणचक्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लगायतका गुह्य पूजाहरूमा बोध साक्षात्कार गरेका साधक साधिकाहरूले आफ्ना अभिव्यक्तिहरू विभिन्न गीत मार्फत व्यक्त गरेको पाइन्छ । यस्ता गीतहरू प्रायः संस्कृत भाषामा नभईकन अपभ्रंश , प्राकृत जस्ता भाषहरूमा गाइएका पाइन्छन् । लोक लयका दोहा छन्दमा गाएको पाइन्छ । सरहपाद, कण्हपाद, तिल्लिपाद, नडपाद आदि बौद्ध महासिद्धहरका दोहा छन्दमा गाइएका चर्या गीतहरू संकलित छन् । यिनीहरूलाई नेपाल मण्डलमा अपभ्रंश भाषामै गाइन्छ भने हिमाली क्षेत्रमा यिनीहरूका अनुदित अंशहरूलाई ध्यान विधिको रूपमा प्रयोग गरेको पाइन्छ ।

भोटमा दोहाको शुरुवात

उत्तर भारत र बंगालतिर गाइने दोहाहरू हालसम्म पनि नेपाल मण्डलमा अभिछिन्न रूपमा गाउने गरेको पाइन्छ । एघारौँ शताब्दीमा मार्पा छोक्यी लोड्रो नामक अनुवादक (लोचावा) नेपाल र भारतमा आउँदा यहाँका वज्राचार्य गुरुहरूले गाएको र नाचेको शैली देखेर भोट भाषामा पनि ती गीतहरूलाई अनुवाद गरेका थिए र पछि तिब्बत फर्केर आफ्ना चेलाहरूसँग तेस्तै प्रकृतिका वज्रगीतहरू भोट भाषाको लोक लयमा गाउन थाले त्यसको अनुशरण गर्दै उनका चेला मिलारेपा लगायतका चेलाहरूले गाउन सुरु गरे ।

भारतवर्षमा चर्या गीतका धेरै भेद मध्ये दोहा एक भेद थियो तर भोटमा पुग्दा ती सबै चर्या गीतिलाई दोहाको नामले चिन्न थालियो । भारतीय मूलको दोहा शब्द जस्ताको तस्तै रूपमा भोट भाषामा राखियो र दोहालाई सिद्धहरूको अनुभूति गीत भन्ने नाम दिइयो । यसै क्रममा नेपाली विद्वान् अनुत्पाद महासुख (केमे देछेन्) ले दोहाहरूको व्याख्या गरेका थिए । यसलाई भोटका लोचावाहरूले अनुवाद गरी त्यसैको आधारमा नयाँ ग्रन्थहरू लेखे । महामुद्र साधनाका लागि अपरिहार्य वज्रगीतहरू भनेर भारत वर्षका दोहा लगायतका चर्या गीतहरूलाई प्रयोग गर्न थालियो ।

सबैभन्दा महत्त्व दिइएका दोहाहरूमा सरहपाका दोहाहरू पर्छन् । उनका धेरै दोहाहरू भए पनि राज दोहा, रानी दोहा र प्रजा दोहाहरूलाई दोहा त्रयी (दोहा कोर सुम) नाम दिइयो यसको विषयमा लिङरे, लोड्रो सेङ्गे, कर्मपा राङ्जुङ् दोर्जे र कर्मा ठिन्लेपाका व्याख्याहरू हिमाली क्षेत्रमा प्रचलित छन् ।

भोट भाषामा अनुदित काग्युर र तेन्युर मध्ये काग्युर भन्नाले भगवान बुद्धको वचनको अनुवाद भनेर बुझ्नुपर्छ भने तेन्युर भन्नाले बुद्ध वचनमा आधारित सिद्ध विद्वान्हरूका रचनाहरूको अनुवाद भनेर बुझ्नु पर्छ । दोहाहरू सिद्धका बोध साक्षात्कारका अनुभूतिहरू भएकाले शास्त्र (तेन्ग्यो) अन्तर्गत पर्दछन् । यिनै शास्त्रहरूको अनुवाद नै तेन्युर भएकाले दोहाहरू तेन्युर ग्रन्थमालाको ग्युडेल शीर्षकमा थुप्रै दोहाहरूको अनुवाद पाइन्छ । त्यस्तै फुटकर दोहा र यसको व्याख्या पनि यहाँ रहेका छन् ।

दोहा विषयमा अनुसन्धान थालनी

सबैभन्दा पहिले दोहाको संकलन गरेर लेख्ने व्यक्ति हरप्रसाद शास्त्री हुन् । उनी अध्ययनका लागि सन् १९०७ मा नेपाल आएका थिए र वीरपुस्तकालयमा भएका दोहा सम्बन्धी ग्रन्थहरू प्रशस्तमात्रामा अध्ययन गरेका थिए । ती वीर पुस्तकालयका ग्रन्थहरू राष्ट्रिय अभिलेखालय स्थापना भएपछि त्यहाँ राखिएको थियो । त्यसैले राष्ट्रिय अभिलेखालयलाई दोहा अध्ययनको उर्वर क्षेत्र मान्न सकिन्छ । सन् १९१६ मा प्रकाशित हरप्रसाद शास्त्रीको ग्रन्थ "बौद्ध गान औ दोहा" काठमाडौँको वीर पुस्तकालयमा रहेका चर्या गीतिहरूको अध्ययनमा आधारित थियो । यसपछि चर्या गीतिहरूको व्यापक अनुसन्धान शुरु भयो । सन् १९०७ मा तत्कालिन नेपाल राजकीय पुस्तकालयमा उक्त सामग्री संकलन गरी प्राप्त गरेको भनिएको छ । विभिन्न रचनाकारले अपभ्रंशमा लेखेका दोहाहरूलाई हरप्रसाद शास्त्रीद्वारा लिखित ग्रन्थ "हाजार वछरेर पुराना बाङ्गाला भाषय बौद्ध गान ओ दोहा" भन्ने ग्रन्थमा उल्लेख गरिएको पाइन्छ ।[९]

पाद टिप्पणी

१. श्री नवल जी., नालन्दा विशाल शब्दसागर पृ.६२४

२. प्रो. भागचन्द्र जैन 'भास्कर',. सिद्ध सरहपादकृत बौद्ध दोहाकोश-गीति.पृ.३३

३. Loseries.Andrea:.*Sahaja The Role of*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Doha & Carya Giti in the Cultural Indo Tibetan Interface पृ.२

४. कर्मा ठिन्ले डुव्थोप लिङरे : ढुव्छेन सरह हि दोहा कोर्सुम घ्यी भोद डेल ढाग्छेवा सुम छोग्डीग: वाना वज्रविद्या पेजो खाङ सारनाथ २०११ पृ. *xiv*

५. उपाध्याय, नागेन्द्रनाथ बौद्ध अपभ्रंश साहित्य पृ. २२४

६. ऐजन पृ. २४२

७. ऐजन पृ.२४३

८. ऐजन पृ. २४४, २४५

९. हरप्रसाद शास्त्री हाजार वछरेर पुराना बाङ्गाला भाषाय बौद्ध गान ओ दोहा पृ. २४२

सन्दर्भ ग्रन्थ सूची-

१. श्री नवल जी.: नालन्दा विशाल शब्दसागर. आदीश बुक डिपो. नई दिल्ली. २०१३

२. जैन 'भास्कर'., प्रो. भागचन्द्र : सिद्ध सरहपादकृत बौद्ध दोहाकोश-गीति. सन्मति. प्राच्य शोध संस्थान. नागपुर. २००७

३. Loseries.Andrea:.*Sahaja The Role of Doha & Carya Giti in the Cultural Indo Tibetan Interface.* Buddhist World Press Delhi – 110052

४. उपाध्याय, नागेन्द्रनाथ : बौद्ध अपभ्रंश साहित्य. केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान. सारनाथ. वराणसी. २००१

५. शास्त्री, हरप्रसाद: हाजार वछरेर पुराना बाङ्गाला भाषाय बौद्ध गान ओ दोहा बंगीय साहित्य परिषत कलकत्ता १९१६

